नेपाल आर्थिक पत्रकार समाज

Society of Economic Journalists-Nepal

ई-पुस्तिका

लेखनबृत्तिका कथा

हाम्रो भनाई

भिम गौतम
अध्यक्ष,
नेपाल आर्थिक पत्रकार समाज

विश्वव्यापी कोरोना भाईरस महामारी (कोभिड-१९)बाट धेरै प्रभावित देशमध्ये नेपाल पनि हो । नोभेम्बर २०१९मा चीनको वुहानबाट शुरू भएको कोभिड-१९ नेपालमा पहिलो पटक माघ १० मा देखिएको थियो । कोरोना संक्रमणको जोखिम बढेपछि नेपाल सरकारले कोरोना रोकथाम तथा नियन्त्रणका लागि भन्दै ११ चैतदेखि देशभर लक डाउन (बन्दाबन्दी) घोषणा गर्‍यो । झण्डै चार महिना अर्थात सउन ६ गतेसम्म गरिएको लक डाउनले जनजीवन नराम्ररी प्रभावित भयो । उत्पादनदेखि आयात निर्यात, ढुवानी, आपूर्तीसम्मको चक्र तोडियो । आर्थिक गतविधि सुस्त भयो । कोरोना संक्रमणको जोखिम र त्यसको रोकथाम तथा नियान्त्रणका लागि गरिएको गतिविधिले अर्थतन्त्रका सम्पूर्ण क्षेत्र प्रभावित भए ।

कोभिड-१९को प्रभावबाट नेपालको मिडिया क्षेत्र पनि अछुतो रहेन । लक डाउनसँगै थुप्रै पत्रकारको रोजीरोटी गुम्यो । धेरै पत्रकारले जागिर गुमाउनुपर्‍यो ।

एकातर्फ पत्रकारिता पत्रकारले फ्रण्टलाईनमा रहेर काम गर्नुपर्दा कोरोना संक्रमणको जोखिम बढी बेहोर्नु पर्‍यो भने अर्कातर्फ मिडियाको व्यावसाय खस्किदा थुप्रैले रोजगारी नै गुमाउनुपर्‍यो । यहि अवस्थालाई ध्यानमा राखेर नेपाल आर्थिक पत्रकार समाज (सेजन)ले कोभिडबाट प्रभावित आर्थिक पत्रकारलाई लक्षित गर्दै 'लेखनवृद्धि' (फेलोसिप) दिने निर्णय गर्‍यो । सेजनले खासगरी कोभिडकै कारण रोजगारी गुमाएका, तलब नपाएका, आंशिक मात्रै तलब पाएकालगायत आर्थिक पत्रकारलाई तत्काल राहत दिने उद्देश्यका साथ प्रति व्यक्ति २० हजार राशीको फेलोसिप प्रदान गरेको थियो । यो मोडेललाई सेजनपछि अन्य पत्रकारितासँग सम्बन्धित संघसंस्थाले पनि पछ्याए । कोरोनाको कारण संकटमा परेका पत्रकारहरूलाई यसले ठूलो राहत पुर्‍यायो । फेलोशिपले राहत मात्र पुर्‍याएबन, यसको कारण कोभिडको कारणले नेपालको विभिन्न क्षेत्रमा पुर्‍याएको असर र प्रभावबारे पनि धेरै सुचनाहरू तयार भए । सेजनले मात्र ४२ जनालाई प्रत्यक्ष रूपमा फेलोशिप दिएको थियो । त्यो मध्ये १० जनालाई स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था (इप्पान) ले फेलोशिपका लागि आर्थिक सहायता गरेको थियो भने फेलोशिपका लागि आवेदन गरेकामध्ये र सम्बन्धित विद्यामा समाचार संकलन गरिरहेका पत्रकारलाई हामीले अध्ययनमा सहभागी गराएका थियौ । यसरी हामीले ५२ जनालाई प्रत्यक्ष, अप्रत्यक्ष रूपमा अध्ययन सहभागी गरायौ ।

फेलोशिप आह्वान गर्नु अघि सेजनले कोभिडको कारणले आर्थिक पत्रकारहरूलाई परेको असरबारे सर्भे समेत गरेका थियो । सर्भेको आधारमा सेजनले फेलोशिप दिने घोषणा गर्दै आह्वान गरेको थियो । यस ई बुक/बुलेटिनमा हामीले सोहि फेलोसिप कार्यक्रम अन्तर्गत आर्थिक पत्रकारले तयार पारेको खोजमूलक रिपोर्टलाई प्रकाशन गरेका छौं । आर्थिक पत्रकार साथिहरूले तयार गरेर आ-आफ्ना मिडियामा प्रकाशन गरेका रिपोर्टहरूलाई हामीले भाषा मात्रै सम्पादन गरेर यहाँ समाविष्ट गरेका छौं । पहिलो लक डाउनकै बेला तयार भएका सामग्री भएकाले रिपोर्टमा उल्लेख गरिएका तथ्यांक, वस्तुस्थिती, विज्ञका विश्लेषण तथा सम्बन्धीत सरोकारावालाको भनाई/विचार अहिलेको परिस्थतीअनुसार परिवर्तन भएको हुन सक्छ । यद्यपी, आर्थिक पत्रकारले सेजनको फेलोसिप अन्तर्गत तयार पारेर आफू संलग्न मिडियामा प्रकाशन गरेको रिपोर्टले तत्कालिन अवस्थाको यथार्थ चित्रन, विश्लेषण, भविष्यको आंकलन गर्दै तत्कालिन समयमा सम्बन्धीत क्षेत्र तथा निकायलाई नीति निर्माण र निर्णय गर्न सहयोग पुर्‍याएको सेजनले आशा गरेको छ ।

१५ मंसीर २०७७

सम्पादन समूह
कृष्ण रिजाल, राजन पौडेल, सुन्दर दाहाल, नन्दलाल अम्गाई

पर्यटनमा मासिक १० अर्ब क्षति ?

उत्तम काप्री

विश्वभर महामारी फैलाएको कोभिड-१९ ले नेपालमा सबैभन्दा बढी प्रभाव पर्यटन क्षेत्रलाई पारेको छ ।

पछिल्लो सरकारी तथ्यांकहरूका अनुसार यो क्षेत्रमा करिब १६ खर्ब लगानी रहेको अनुमान छ । गत चैत ११ को मुलुक बन्दाबन्दीपछि आर्थिक गतिविधि सून्य प्रायः बनेको यो क्षेत्रले मासिक १० अर्ब रूपैयाँभन्दा बढी नोक्सानी बेहोर्दै आएको अनुमान गरिएको छ ।संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्रालयले साउनअघि नै यो क्षेत्रमा ४१ अर्बको नोक्सानी हुने आँकलन गरेको थियो । यो क्षेत्रमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा जोडिएका कामदारमध्ये ५० प्रतिशत बेरोजगार बनेका छन् भने बाँकीले केही प्रतिशत तलबमा काम गरिरहेका छन् ।

कोभिड-१९ का कारण चैत ११ पछि हवाई र पर्यटन क्षेत्रसँग जोडिने सबै गतिविधिपूर्ण रूपमा बन्द छन् । तारे होटलदेखि स-साना पर्यटकीय होटल, पदयात्रा, जलयात्रा र हिमाल आरोहण सबै बन्द छन् । नागरिक उड्डयन क्षेत्र पनि ठप्प छ । आन्तरिक तथा अन्तर्राष्ट्रिय उडान पनि बन्द छन् । केही चार्टडर उद्धार र कार्गोका लागि उडान भएका छन् । सरकारले कोरोना संक्रमणको अवस्थालाई हेरेर निर्णय गर्ने हुँदा पर्यटन तथा नागरिक उड्डयन क्षेत्र चलायमान हुन सक्ने अवस्था तत्काल देखिँदैन ।

उड्डयन क्षेत्रतर्फ सबैभन्दा ठूलो मारमा हेलिकोप्टर कम्पनी परेका छन् । हेलिकोप्टर व्यवसायीका लागि सबैभन्दा राम्रो सिजनकै बेला बन्द भएको छ ।

नेपालको अर्थतन्त्रमा पर्यटन क्षेत्रको स्थान बढ्दै गएको छ । आर्थिक वर्ष २०७४/७५ मा नेपालमा पर्यटन क्षेत्रबाट ६७ अर्ब ९ करोड बराबरको विदेशी मुद्रा आर्जन भएको थियो । यस क्षेत्रको आय नेपालबाट हुने कुल वस्तु निर्यातबाट प्राप्त हुने विदेशी मुद्राको अनुपातमा करिब ७२ प्रतिशत छ । कुलगार्हस्थ्य उत्पादनमा यस क्षेत्रले हिस्सा करिब ७ प्रतिशत पुगेको छ ।

उद्योग विभागको तथ्यांकअनुसार नेपालको पर्यटन क्षेत्रमा आर्थिक वर्ष २०७६/७७ सम्म १५ खर्ब ९५ अर्ब लगानी भएको छ । पर्यटन क्षेत्रबाट करिब ७ लाख २० हजार रोजगारी सिर्जना भएको अनुमान छ । जसमध्ये होटलमा करिब २ लाख, पदयात्रातर्फ करिब १ लाख ५० हजार र बाँकी पर्यटन सम्बद्ध अन्य क्षेत्रमा कार्यरत छन् ।

कोभिडकै कारण सरकारले पर्यटक भिसाबन्द गरेको छ । पर्यटन आगमन तत्काल सुरू हुने अवस्था छैन । यसले यो क्षेत्रमार्फत आर्जन हुने विदेशी मुद्रा आर्जन शून्य भएको छ ।

पर्यटन आगमनको अवस्था

सन् २०१९ मा करिब १२ लाख पर्यटक नेपाल आएका थिए । सन् २०१९ को जनवरी, फ्रेबुअरी र मार्चमा गरी ३ लाख ६ हजारभन्दा बढी पर्यटक नेपाल आएका थिए । कोरोनाको सन्त्रास पछि यो वर्षको संख्या २ लाख हाराहारीमा छ । गत २२ मार्च पछि अन्तर्राष्ट्रिय हवाई उडानमा प्रतिबन्ध लगाएकाले विदेशी पर्यटक आगमनको संख्या शून्यमा झरेको छ । प्रतिबन्ध कहिलेबाट खुल्ने निश्चित छैन ।

सरकारले यो वर्ष २० लाख पर्यटक ल्याउने लक्ष्यसहित नेपाल भ्रमण वर्ष २०२० अभियान प्राथमिकताका साथ सुरूवात गरेको थियो । कोभिडपछि यो स्थगित भएको छ ।

यो क्षेत्रमा परेको असर र त्यसको न्यूनीकरण गर्न सम्बद्ध निजी संस्थाहरूले सरकारसँग राहत र पुनर्स्थापनाको माग राखेका छन् । सरकारले यो क्षेत्रको पुनरूउत्थानका लागि सहुलियत दरको ऋण उपलब्ध गराउने, ऋणको साँवा ब्याज भुक्तानी गर्ने समय पर सारेर व्यवसायीलाई केही राहत पुऱ्याएको छ ।

होटलको अवस्था

नेपालमा तारेस्तरका १ सय ३८ र पर्यटकस्तरीय १ हजार १ सय ५१ गरी १ हजार २ सय ८९ होटल संचालनमा छन् । होटलमा रहेको बेड संख्या ४४ हजारभन्दा बढी छ ।

नेपाल होटल संघका अनुसार मुलुकका होटलमा करिब १४ खर्ब ३० अर्ब लगानी छ । यसमध्ये वाणिज्य बैंकहरूको ऋण लगानी १३ अर्ब ८७ करोडछ । अघिल्लो आव २०१९ मा होटलको अकुपेन्सी ७५ प्रतिशत (पहिलो ८ महिनामा ७२ प्रतिशत, पछिल्लो ४ महिनामा ८० प्रतिशत) रहेको थियो ।

पर्वतारोहण तथा पदयात्राको अवस्था

पदयात्रा तथा पर्वतारोहणका लागि सबैभन्दा राम्रो सिजन अप्रिल, मे तथा जुन हो । कोरोनाका कारण यो सिजनका लागि पर्वतारोहण तथा पदयात्राको अनुमतिपूर्ण रूपमा खारेज भएको छ । यो क्षेत्रमा संलग्न मजदुरको रोजगारी गुमेको छ भने सरकारले पनि राजस्व गुमाएको छ ।

आर्थिक ०७५/०७६ मा पर्वतारोहणबाट ५५ करोड ५५ लाख राजस्व संकलन भएको थियो । गत आर्थिक वर्षको पहिलो ८ महिनामा ७ करोड १६ लाख राजस्व असुली भएको छ ।

यस्तै आर्थिक वर्ष ०७५/७६ मा नेपाल पर्यटन बोर्डमार्फत टिम्स कार्डबाट पदयात्राबापत १९ करोड ७१ लाख संकलन भएको थियो । गत आर्थिक वर्ष २०७६/०७७ को पहिलो ८ महिनामा ९ करोड ६६ लाख असुली भएको छ । गत फागुन ७ देखि पदयात्रा अनुमतिसमेत जारी गरिएको छैन ।

बोर्डका अनुसार नेपालको पर्वतारोहण तथा पदयात्रामा करिब ९० हजार मजदुर कार्यरत छन् ।

पर्यटक यातायातको अवस्था

पर्यटक यातायाततर्फ करिब १ अर्ब ५७ करोड लगानी रहेको आँकलन सरकारको छ । यसैगरी च्याफ्टिङतर्फ करिब १० करोड ९६ लाख लगानी गरिएको छ । बोर्डका अनुसार ट्राभल र टुर व्यवसायमा करिब ५० करोड लगानी छ । यी तीनै क्षेत्रमा बैंकहरूले पनि प्रशस्त लगानी गरेका छन् । यसा क्षेत्रसँग जोडिएका एक लाखभन्दा बढी मजदुरले रोजगारी गुमाएका छन् ।

नागरिक उड्डयन क्षेत्रको अवस्था

नेपालको नागरिक उड्डयन क्षेत्रमा निजी क्षेत्रको मात्र करिब १ खर्ब लगानी छ । कोभिडका कारण नेपालको आन्तरिक उड्डयन क्षेत्रमा मात्र मासिक करिब ४ अर्ब घाटा भइरहेको व्यवसायीको अनुमान छ । आन्तरिक उड्डयन गर्ने ९ वटा हवाई सेवा कम्पनी र ९ वटा हेलिकोप्टर सेवा कम्पनी छन् । अन्तर्राष्ट्रिय उडानतर्फ ३ वटा हवाई सेवा कम्पनी संचालनमा छन् ।

नागरिक उड्डयन क्षेत्रको आन्तरिकतर्फ करिब १६ प्रतिशत र अन्तर्राष्ट्रियतर्फ ५ प्रतिशत औसत यात्रु वृद्धिदर भइरहेको थियो । सन् २०१९ मा अन्तर्राष्ट्रिय उडानतर्फ करिब ४१ लाख ३८ हजार ४ सय ८२ संख्याले आवत जावत गरेका थिए । यस्तै आन्तरिकतर्फ सन् २०१९ मा ३१ लाख ८८ हजार ४ सय ८९ संख्याले आवत जावत गरेका थिए ।

पुनरूउत्थानमा सरकारी नीति ?

कोभिड-१९ काकारण सबैभन्दा बढी प्रभावित भएको क्षेत्रको पुनरूउत्थानका लागि सरकारले ठूला राहत कार्यक्रम ल्याउन सकेको छैन । सरकारले सहुलियत दरमा ऋण उपलब्ध गराउने र कर्जाको किस्ता तिर्ने समय पर सारेको छ । सरकारले क्षेत्रगत अन्य विभिन्न सुविधा पनि दिएको छ । अर्कोतिर यो क्षेत्रको नोक्सानीको अध्ययन गर्न सरकारले एउटा समिति बनाएको छ ।

के भन्छन् विज्ञ ?

नेपाल नागरिक उड्डयन प्राधिकरणका पूर्वमहानिर्देशक सन्जीव गौतमले

अन्तर्राष्ट्रिय हवाई यातायात संगठनले गरेको अध्ययनले कोरोनापछि वायुयान कम्पनीको ६३ अर्ब अमेरिकी डलर बराबरको राजस्व नोक्सानी हुन सक्ने प्रक्षेपण गरेको बताए । महामारी नियन्त्रण हुनै नसक्ने गरी फैलँदै गएमा वायुयान कम्पनीहरूले करिब २ खर्ब अमेरिकी डलर बराबरको राजस्व नोक्सानी हुन सक्ने विश्लेषण गरिएको छ । नेपालको उड्डयन क्षेत्रमा पनि अहिलेसम्म २५ अर्बभन्दा बढी नोक्सानी भइसकेको छ भने यो अझै बढ्नेछ ।

नेपाल पर्यटनबोर्डका पूर्व सिईओ दीपकराज जोशीले सबभन्दौ बढी प्रभावित पर्यटन क्षेत्रका होटल, रिसोर्ट, ट्राभल, ट्रेकिङ, च्याफ्टिङ, एयरलाइन्स, रेस्टुरेन्टमा करिब १ खर्ब ६० अर्ब जतिको आय गुमाउने अनुमान गरिएको जानकारी दिए । यिनै क्षेत्रमा सेवा दिइरहेका १० लाखभन्दा बढी जनशक्तिको रोजगारीमा पनि संकट आएको उनले बताए ।

जोशीले यो वर्ष २० लाख पर्यटन ल्याउने लक्ष्यसहित अघि बढेको र बढ्दो पूर्वाधार निर्माणको अवस्थाले यस क्षेत्रलाई निकै उत्साहित बनाएका बेला अनपेक्षित कोरोना भाइरसको महामारीले सबै तहस नहस पारेको बताए । उनकाअनुसार समन्वय, सहकार्य, सक्रियता र संचार गरी संकटबाट छिट्टै पुनरूउत्थान गर्न यी चार 'स' को मन्त्र प्रयोमा ल्याए प्रभावकारिता हुनेछ ।

तारे होटलको लगानी जोखिममा

उत्तम काप्री

काठमाडौं । सरकारले सन् २०२० लाई नेपाल भ्रमण वर्ष घोषणा गरी २० लाख पर्यटक ल्याउने लक्ष्यसहितको कार्यक्रम सार्वजनिक गरेपछि होटल व्यवसायीमा खुसीको सीमा रहेन । विगत केही वर्षदेखि नयाँ-नयाँ होटल निर्माणमा लगानी गरिरहेका व्यवसायीहरूले सरकारको यो घोषणा पछि भनै लगानी थप्ने काम गरे । अहिले सयौंको संख्यामा होटल निर्माणाधीन अवस्थामा छन् । तर, यसैबीच विश्वभर फैलिएको कोभिड-१९ को असर नेपालमा पनि परेपछि उत्साहित सरकार र व्यवसायी दुवै जटिल समस्यामा परेका छन् ।

अघिल्लो वर्षको अन्ततिर चीनको बुहानमा देखिएको कोभिड-१९ क्रमशः संसारभर फैलिँदा पर्यटक आवागमन पनि सेलाउँदै गयो । फलस्वरूप देशभर सञ्चालनमा रहेका तारे होटलको अकुपेन्सी क्रमशः घट्दै गएको थियो। कोरोनाको संक्रमणको महामारी चीन हुँदै युरोप, अमेरिका तथा छिमेकी राष्ट्र भारतमा समेत सुरू भएपछि सरकारलेनेपाल आउने पर्यटन भिसामा प्रतिबन्ध लगायो । यससँगै तारे होटलको व्यापार शून्य जस्तै भयो ।

सरकारले सन् २०२० लाई भ्रमण वर्षको रूपमा मनाउने र २० लाख पर्यटक ल्याउने लक्ष्य राख्दै निजी क्षेत्रलाई लगानी गर्न दुई वर्ष अगाडि नै आह्वान गरेको थियो । सोहीअनुसार साना र ठूला लगानीकर्ताले होटल क्षेत्रमा लगानी गरेका थिए । काठमाडौंसहित पोखरा, चितवन, भैरहवा, विराटनगर, नेपालगञ्ज क्षेत्रमा समेत सयौंको संख्यामा होटल निर्माणका चरणमा रहेका छन् । काठमाडौंमा अन्तिम चरणमा रहेको हायात प्लेस गत अप्रिल महिनाबाटै सञ्चालनमा ल्याउने योजना थियो । तर, कोभिड-१९ को असरबाट आगामी अक्टोबरसम्मका लागि लम्बिएको छ ।

चार अर्बभन्दा बढी लगानी रहेको पाँच तारे होटल हायात सबै सुविधा सम्पन्न बनाउने तयारी रहेको लगानीकर्ता पवल गोल्यान बताउँछन् । '१ सय ५३ वटा रूम रहने होटल अब अक्टोबरमा उद्घाटन गर्ने गरी समय सारेका छौं,' गोल्यानले भने ।

निर्माणका चरणमा भएका पाँचतारे, चारतारेसहित डिलक्स रिसोर्टहरु सन् २०२० लाई केन्द्रित गरेर लगानी भएका थिए । अधिकांश होटलहरु सन् २०२१ को सुरूवात र सन् २०२० को मध्यसम्म ल्याउने तयारीमा थिए । नयाँ होटलहरूमा बैंकहरूको लगानीनै ४० अर्बभन्दा बढिरहेको छ ।

चालू आर्थिक वर्षको चैत मसान्तसम्ममा उद्योग विभागमा ४६ वटा होटल तथा रेष्टुराँ दर्ता भएका छन् । दर्ता भएका होटलको कुल लगानी ११ अर्ब ५६ करोड रूपैयाँ रहेको छ । यी होटलले कुल १९ सय ९३ जनालाई रोजगारी दिने उल्लेख गरेका छन् । दर्ता भएका होटलमध्ये ६ वटा ठूला आकार छन्, मझौला ३० वटा र साना १० वटा रहेका छन् । कुल होटलमध्ये ३८ वटा होटल शतप्रतिशत विदेशी लगानीका छन् ।

चालू आर्थिक वर्षको ८ महिनासम्ममा होटलमा बैंकिङ क्षेत्रको लगानी (कर्जा प्रवाह) १ खर्ब ६ अर्ब ९५ करोड रूपैयाँ पुगेको राष्ट्र बैंकको तथ्यांक छ। यो अघिल्लो आवको सोही अवधिको तुलनामा १७ दशमलव १ प्रतिशत अर्थात १५ अर्ब ६५ करोड १६ लाख रूपैयाँले बढी हो ।

यो अघिल्लो आवको सोही अवधिको तुलनामा १७ दशमलव १ प्रतिशतले बढी हो । गत आर्थिक वर्ष २०७५/७६ सम्मा होटलमा बैंकको लगानी ९१ अर्ब ३० करोड रूपैयाँ रहेको थियो । जुन आव २०७४/७५को भन्दा ३५ दशमलव १ प्रतिशत अर्थात २३ अर्ब ७१ करोडले बढी भएको राष्ट्र बैंकको तथ्यांक छ ।

होटल व्यवसायीले पछिल्ला वर्षहरूमा पर्यटक आगमन ह्वात्तै बढ्ने आशा गर्दै नेपालको आतिथ्य सेवामा ठूलो लगानी थपेका

थिए । सरकारले हालै सार्वजनिक गरेको तथ्यांकअनुसार सन् २०१९ मा मात्रै तारे र पर्यटकीय स्तरीय होटेलमा ३ हजार १ सय ४३ वटा बेड थप भएका छन् । नेपालमा सन् २०१८ मा तारे होटलको संख्या कुल १२९ रहेकोमा २०१९ मा यो बढेर १३८ पुगेको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले जनाएको छ ।

सन् २०२० को भ्रमण वर्षलाई लक्षित गरी व्यवसायीले लगानी बढाएका थिए । त्यसैको प्रतिफल स्वरूप सन् २०१९ मा धेरै होटल बनेका हुन् । सन् २०१८ मा पर्यटकस्तरीय होटलको संख्या ११२५ रहेकोमा सन् २०१९ मा बढेर ११ सय ५१ पुगेको छ । यसरी एक वर्षको अवधिमा थपिएका होटलमा कुल ३ हजारभन्दा बढी बेड भएका हुन् ।

मन्त्रालयको तथ्यांकअनुसार अब मुलुकले एक रातमा एक साथ ४३ हजार ९ सय ९९ जना पाहुनालाई स्तरीय होटलमा राख्न सक्ने क्षमता बनेको छ । यसअघि सन् २०१८ मा बेड संख्या ४० हजार ८ सय ५६ रहेको थियो । होटलमा दैनिक औसत ५० प्रतिशत कोठा भरिँदामात्र सञ्चालन खर्च उठ्छ ।

नेपालको होटल उद्योगमा पछिल्लो समय करिब ८१ अर्बको नयाँ लगानी आएको छ । केही समय अगाडि नेपाल पर्यटन बोर्डले गरेको एक अध्ययनअनुसार नयाँ आएका २ सय ७१ वटा होटलमा मात्र ८१ अर्ब ३ करोड रूपैयाँको लगानी देखिएको थियो । यो रकम बोर्डले होटलले सर्वेमा उपलब्ध गराएको विवरणका आधारमा निकालेको हो । भ्रमण वर्षलाई लक्षित गरी १ खर्बभन्दा माथिको नयाँ लगानी आएको व्यवसायीहरु बताउँछन् । त्यसमध्ये कतिपय होटल अहिले पनि निर्माणाधीन छन् । जसको काम कोरोना महामारीसँगै रोकिएको छ । व्यवसायीहरूका अनुसार अहिले होटेलले मात्र करिब ११ लाख प्रत्यक्ष रोजगारी सिर्जना गरेको अनुमान छ । उनीहरूमा ठूलो परिवार आश्रित छ ।

कस्तो छ अवस्था ?

हालसम्म नेपालमा तारेस्तरका १३८ र पर्यटक स्तरका १ हजार १५१ गरी जम्मा १ हजार २ सय ८९ होटल छन् । उक्त होटलहरूमा रहेको बेड संख्या ४४ हजारभन्दा बढी छ ।

नेपाल होटल संघका अनुसार नेपालमा यस व्यवसायमा करिब १४ खर्ब ३० अर्ब लगानी छ । होटल व्यवसायमा विभिन्न वाणिज्य बैंकहरूको ऋण लगानी १३ अर्ब ८७ करोड, होटलले तिर्ने मासिक ब्याज ५४ करोड ४४ लाख रूपैयाँ छ ।

यस व्यवसायमा कार्यरत मजदुरको मासिक रूपमा तलब सुविधाबापत ८५ करोड २२ लाख खर्च हुने गरेको तथ्यांक छ । नेपालमा घरबहालमा लिएर सञ्चालित भएका होटलहरूले मासिक रूपमा १९ करोड ५७ लाख घरभाडा तिर्ने गरेका छन् ।

नेपालका होटलहरूको सन् २०१९ मा अकुपेन्सी ७५ प्रतिशत (पहिलो ८ महिनामा ७२ प्रतिशत, पछिल्लो ४ महिनामा ८० प्रतिशत) रहेको थियो। यस्तो अकुपेन्सी सन् २०१९ को जनवरीमा ५८ प्रतिशत, फेब्रुअरीमा २० प्रतिशत र मार्चमा ८२ प्रतिशत थियो । सन् २०२० को अवस्था हेर्दा जनवरीमा ५० प्रतिशत, फेब्रुअरीमा २० प्रतिशत र मार्च १५ सम्म २० प्रतिशत मात्र रहेको थियो । होटल क्षेत्रअहिले पूर्ण रूपमा बन्द छ ।

होटलमा बैंकको १ खर्ब लगानी

सन् २०२१ सम्म पर्यटक आगमन नहुने भएपछि होटलको ९० प्रतिशत आम्दानी गुम्ने भएको छ । आम्दानी गुमेपछि कर्मचारी व्यवस्थान र अन्य खर्च कटौती गर्न नसके धेरै होटल बन्द गर्नुपर्ने अवस्था आउन सक्ने चेतावनी व्यवसायीले दिएका छन् । होटलमा बैंकहरूले गरेको लगानीसमेत जोखिममा पर्न सक्ने देखिएको छ ।

पूर्णरूपमा रिभाइभ हुन २ वर्ष लाग्छ

शशिकान्त अग्रवाल, सञ्चालक, मारियट होटल

कोरोना महामारीले सबैभन्दा बढी प्रभावित भएको क्षेत्र पर्यटन हो । यसमा पनि एयरलाइन्स, होटललगायत क्षेत्रमा धेरै क्षति भएको छ । अझ लामो समय यी क्षेत्रहरु प्रभावित हुने भएकाले क्षतिको यकिन गर्न सकिँदैन । यी क्षेत्रहरु पूर्णरूपमा रिभाइभ हुन २ वर्ष लाग्नेछ । विश्वव्यापी कोरोना महामारी पूर्णरूपमा नियन्त्रण तथा रोकथाम नभएसम्म पर्यटन आगमन हुने छैन । यसले गर्दा होटल क्षेत्र अझ धेरै समय प्रभावित भइरहनेछ । हामीलाई बैंकको ऋण तथा ब्याज तिर्नसमेत समस्या छ ।

होटललाई सहयोग गर्ने छौं

भुवन दाहाल अध्यक्ष, नेपाल बैंकर्स संघ

कोरोना महामारीका कारण मुलुकको पर्यटन क्षेत्र सबैभन्दा बढी प्रभावित भएको छ, अन्य उद्योग व्यवसाय पनि प्रभावित भएका छन् । अहिले बैंकबाट धेरैले अपेक्षा गरेका छन् तर बैंक आफैं पनि समस्यामा छन्, बैंकलाई पनि जोखिम बढेको छ । चैतमा आउनुपर्ने ब्याज किस्ता असारमा आउने छन्, असारमा आउनुपर्ने साँवा ब्याजको टुंगो छैन । बैंकमा खराब कर्जा (एनपीए) बढ्ने देखिन्छ । तर, यो सबै समस्याहरु हामीले मिलेर समाधान गर्नुपर्ने छ । राष्ट्र बैंकले अध्ययन गरिहेको छ, हामी पनि त्यसमा सहभागी छौं, त्यसले समस्या समाधानको उपाय खोज्ने छ । होटललगायत क्षेत्रको रिभाइभ हुन एक-डेढ वर्ष लाग्ने नै छ । यस क्षेत्रलाई सकेसम्म कम ब्याजदरमा पुनरकर्जा उपलब्ध गराउनुपर्ने हुन्छ । अहिले होटललगायत अति प्रभावित क्षेत्रलाई बैंकले ब्याजको पुँजीकरण तथा साँवाको पुनर्संरचना र पूर्नतालिकिकरण गरिदिएर मद्दत गर्ने हो । हामी यस क्षेत्रको कर्जा, त्यसको जोखिम र रिभाइभका विषयमा सचेत छौं ।

अवसर डिजिटलाइजेसनको

ममता थापा

काठमाडौं । सधैं नगद तथा चेकबाट वित्तीय कारोबार गर्दै आएकी कविता गौतमलाई अहिले विद्युतीय माध्यमबाट कारोबार गर्न बानी परेको छ । काठमाडौं सिनामंगलकी गौतमले बन्दाबन्दीका बेला बिजुली, खानेपानी, इन्टरनेटको बिल पहिलो पटक मोबाइल बैंकिङमार्फत भुक्तानी गरिन् । यसअघि डिजिटल प्रविधिबाट भुक्तानी गर्न झन्झटिलो ठानेकी गौतमले मोबाइलमा एप डाउनलोड गरेर अरूको सहायताबाट मोबाइल बैंकिङमार्फत विलको रकम भुक्तानी गरेकी हुन् ।

'कोरोना महामारीको बेला दुबईमा रहेका श्रीमान्सँग दैनिक कुरा गर्न इन्टरनेटको विल भुक्तानी अनिवार्य भएको बेला डेबिट कार्डको पिन नम्बर चेञ्ज गर्न पनि नजिकैको बैंक खुलेको थिएन । यसैले बाध्य भएर डिजिटल बैंकिङ सुरू गरेँ,' उनी भन्छिन्, '३ महिना भयो मोबाइल बैंकिङको बानी परेको छ ।'

चन्द्रागिरी नगरपालिकाका राजु कार्कीले बन्दाबन्दीका बेला बिमाको प्रिमियम शुल्क तिर्न पहिलो पटक मोबाइल बैंकिङबाट भुक्तानी गरेको अनुभव सुनाए । मोबाइल रिचार्ज गर्ने, साथीभाइको पैसा तिर्ने र आवश्यक खाद्यान्न अर्डर गर्न विद्युतीय माध्यमको प्रयोग गर्न आफू अभ्यस्त भइसकेको उनले जानकारी दिए ।

मुलुक बन्दाबन्दीको असहज बेलामा गौतम र कार्कीले मात्र भुक्तानीका लागि विद्युतीय माध्यमको सहारा लिएनन् । यसबीच डिजिटल प्रयोगबाट वित्तीय कारोबार गर्नेको संख्या बढेको छ । ३ महिनायता मोबाइल बैंकिङ, इन्टरनेट बैंकिङ, एटीएम, आरटीजीएस, ईसीसी, आईपीएस, कनेक्ट आईपीएस, ई-कमर्स, पीओएस, क्युआर कोड, वालेटलगायत प्रविधिबाट ३ करोड ८२ लाख ४९ हजारको संख्यामा कारोबार भएको राष्ट्र बैंकको तथ्यांकले देखाएको छ ।

गत वैशाख, जेठ र असारमा बैंक तथा वित्तीय संस्थाबाट ४२ खर्ब ४४ अर्ब ५४ करोड रूपैयाँ कारोबार गरिएको छ । यो कारोबारमध्ये मोबाइल बैंकिङबाट मात्रै आम सर्वसाधारणले ३ महिनामा २७ अर्ब ३७ करोड ४७ लाख रूपैयाँ बराबरको कारोबार गरेका छन् । बचत खाता खोल्ने सबैले भने यो प्रविधि प्रयोग गरेका छैनन् ।

राष्ट्र बैंकका अनुसार गत वैशाखसम्ममा वाणिज्य, विकास

बैंक र वित्त कम्पनीबाट ३ करोड १८ लाख ८५ हजार ७ सय ७९ वटा निक्षेप खाता खोलिएको छ । तर, चैत ११ देखि कोरोना महामारीका कारण लकडाउन सुरू भएपछि बैंक तथा वित्तीय संस्थाले अनलाइन खाता खोल्ने सुविधा ल्याएका कारण यस्तो संख्या बढ्न गएको हो ।

लकडाउन अवधिमा पहिलो पटक मोबाइल बैंकिङ कारोबार गर्ने ग्राहकलाई एनएमबी बैंकले प्रोत्साहन स्वरूप मनी ब्याक अफर दिएको थियो । बैंकका मन्दीप भट्टराईले लकडाउनमा करिब १७ हजार ग्राहकले मोबाइल बैंकिङ कारोबार गरेको जानकारी दिए । यो अहिलेसम्मकै मोबाइल बैंकिङ कारोबार गर्नेको सबैभन्दा बढी कारोबार हो ।

कृषि विकास बैंकका प्रवक्ता हिमलाल पौड्यालले पनि लकडाउनको ३ महिनामा मोबाइल बैंकिङबाट कारोबार बढेको जानकारी दिए । यो अवधिमा १ अर्ब ३८ करोड ५१ हजार रूपैयाँको कारोबार भएको छ । कनेक्ट आईपीएस तथा आरटीजीएसबाट १ खर्ब २९ अर्ब ९० करोडबराबर कारोबार भएको पौड्यालले बताए ।

'कोभिडले सबैले सम्भव भएसम्म डिजिटलाइजेसनलाई प्राथमिकता दिनुपर्छ भन्ने सिकायो । बैंकहरूले खाता खोल्नदेखि अधिकांश कारोबारलाई अनलाइनमार्फत हुने व्यवस्था गरेका छन्,' उनले भने, 'सम्भव भएसम्म बैंकहरूले डिजिटलाइजेसनलाई सहज गर्ने संयन्त्रको विकास गर्दै जानुपर्छ र ग्राहकले यसमा बानी पार्नुपर्छ,' पौडेलले भने ।

लकडाउनमा अधिकांश व्यवसाय ठप्प रहँदा वित्तीय कारोबार पनि धेरै हुन नसकेको बताउँदै राष्ट्र बैंकका प्रवक्ता डा. गुणाकर भट्ट महामारीका यो बेला डिजिटलाइजेसन नभएको भए वित्तीय समस्या सिर्जना हुने औंल्याउँछन् । डिजिटल कारोबारले धेरै हदसम्म जनजीवन सहज बनाएकाले यो अबको मुख्य छनोट भएको उनको भनाइ छ । बैंक तथा वित्तीय संस्थालाई आधुनिक प्रविधिमा लगानी गरी सुरक्षित डिजिटल कारोबार गर्न राष्ट्र बैंकले पटक-पटक ध्यानाकर्षण गराउँदै आएको छ ।

राष्ट्र बैंकका डेपुटी गभर्नर चिन्तामणि शिवाकोटी पछिल्लो पुस्ता प्रविधिसँग परिचित हुने भएकाले यसको प्रयोग बढाउँदै जानुपर्ने बताउँछन् । 'ग्राहकलाई अनलाइन कारोबारमा बानी पार्न बैंकहरूले सहजीकरण गर्नुपर्छ । तर, अनलाइनलाई अनिवार्य गरेर अहिल्यै कागजरहित बैंकिङ बनाइहाल्न सकिँदैन,' शिवाकोटीले भने ।

नेपाल बैंकर्स संघका अध्यक्ष भुवनकुमार दाहाल आगामी दिनमा बैंकहरूले क्रमशः कागजरहित कारोबारमा फड्को मार्नुपर्ने बताउँछन् । सबै कारोबार डिजिटलाइजेसन गरेर कागजरहित बैंकिङको थालनी गर्ने यो अवसर भएको अध्यक्ष दाहालको भनाई छ । 'अबको युग डिजिटलाइजेसन हो । नगद कारोबार जोखिम बनेको छ,' उनले भने ।

राष्ट्र बैंकका पूर्वउपनिर्देशक कृष्णप्रसाद शर्माका अनुसार कोरोना हरेक वस्तु स्पर्शबाट सर्छ भने हामीले प्रयोग गर्ने नगद पनि जोखिमयुक्त छैन । यसैले नगदरहित तथा कागजरहित कारोबारलाई विद्युतीय अर्थात् डिजिटलाइजेसनमा बानी पार्न, त्यही अनुसारका पूर्वाधार निर्माण गर्न कोभिड अवसर भएको बताउँछन् ।

'लकडाउन पछि कारोबार बढ्यो तर यो सर्वसाधारणको बाध्यताले हो । अब यसलाई टिकाइ राख्न बैंक तथा वित्तीय संस्थाहरूले नयाँ तथा आधुनिक पूर्वाधारको विकास गर्न जरूरी छ, शर्माले भने, 'अहिले बैंकहरूले अनलाइन कारोबारलाई निःशुल्क गरेकाले पनि सर्वसाधारण लाभान्वित भएका हुन् । अनलाइन कारोबारलाई धेरै महँगो बनाइनु हुँदैन ।'

अहिले बैंकिङ क्षेत्रमा थुप्रै प्रविधि भित्रिएको र ग्राहकले खाता खोलेको केही दिनमै एटीएम कार्ड, मोबाइल बैंकिङ प्रयोग गर्ने सुविधाले प्रविधिमा गरेको लगानी देखिन थालेको छ । पछिल्लो परिस्थितिले बैंकिङ प्रणालीलाई डिजिटलाइजेसनमा परिणत गर्ने अवसर दिएको छ ।

यो अवसरलाई बैंक तथा वित्तीय संस्थाले अनलाइनमा केन्द्रित भएर सबै प्रकारका निक्षेप खाता घरबाटै खोल्न मिल्ने सुविधाको बढी प्रयोग गर्न थालेका छन् । यससँगै ग्राहकलाई अनलाइन कारोबारमा जोड्न परिस्थितिले बाध्य बनाएकाले ग्राहक क्रमशः अनलाइनमा आकर्षित हुन थालेपछि बैंकहरु पनि त्यहीअनुसार डिजिटाइजेसन तिर मोडिएका हुन् ।

अर्कोतिर कोरोनाका कारण अहिले नोटको कारोबार पनि जोखिमयुक्त बनेको छ । नोटबाटै पनि कोरोनाका किटाणु सर्ने डर छ । यस्तो डरका कारण चीनले करोडौं रूपैयाँ जलाएको थियो । यही कारण पनि अहिले विद्युतीय माध्यमबाट हुने कारोबार बढ्न सहयोग गरेको हो । विद्युतीय कारोबार बढ्दै गए राष्ट्र बैंकले बर्सेनि करोडौं रूपैयाँ खर्चेर नयाँ नोट छाप्ने बाध्यता कम हुनेछ ।

लकडाउनको अवधिमा डिजिटल कारोबारको बानी बसाल्न बैंक तथा वित्तीय संस्थाका साथै विद्युतीय सेवा प्रदायक संस्थाले समेत विभिन्न योजना ल्याएका थिए । भौतिक रूपमा उपस्थित हुनु नपर्ने तर विद्युतीय माध्यमबाट आफ्नो खातामा भएको रकम भुक्तानी गरी आवश्यकता पूरा गर्न सहज हुने भएकाले सेवाग्राहीलाई डिजिटल कारोबारमा बानी बसाल्नतर्फ सरोकारवाला संस्था उन्मुख भएका छन् ।

पछिल्लो समय बैंक तथा वित्तीय संस्थाहरूले डिजिटल कारोबार गर्दा शुल्क छुट गरेका छन् भने राष्ट्र बैंकले यस्तो कारोबारको सीमा बढाएको छ । यसैगरी बैंक तथा विद्युतीय कारोबार गर्ने संस्थाले यस्तो कारोबार गर्नेलाई उल्टै नगद फिर्ता गर्ने योजना ल्याएका छन् । डिजिटल कारोबारमा बानी बसाल्न प्रोत्साहन स्वरूप यस्तो योजना ल्याइएको एनआईसी एसिया बैंकका प्रमुख सूचना अधिकारी सुधीरनाथ पाण्डे बताउँछन् । विश्वव्यापी रूपमा फैलिएको कोरोना भाइरसको जोखिमबाट जोगिन सरकारले भीडभाड कम गर्न आह्वान गरिरहेको अवस्थामा डिजिटल बैंकिङ

प्रयोग गरी घरबाटै सामान खरिद गर्ने प्रोत्साहन गर्न यस्तो सुविधा ल्याएको उनले बताए ।

नेपाल टेलिकमका प्रवक्ता कृष्णप्रसाद भण्डारी प्रतिदिन १० करोडदेखि १२ करोड रूपैयाँको रिचार्जमध्ये ३० प्रतिशत कारोबार डिजिटल माध्यमबाट हुने गरेको बताउँछन् । ' ग्राहकमा विद्युतीय माध्यमबाट भुक्तानी गर्ने बानी बस्न थालेको छ । हामीले पनि विद्युतीयलाई प्रोत्साहन गरेका छौं । बैंकिङ प्रविधिलाई ई-सेवा, ई खल्तीजस्ता वैकल्पिक भुक्तानीमाध्यम र मोबाइल बैंकिङ, भिसा मास्टर्ड कार्डबाट कारोबार गर्ने प्रचलन क्रमशः बढ्न थालेको छ,' उनले भने ।

रिचार्ज कार्ड छपाई, आपूर्तिमा महँगो पर्ने भएकाले पनि विद्युतीय कारोबारलाई प्रोत्साहन गरेको उनले बताए । आगामी वर्ष कुल कारोबारको ४० प्रतिशतभन्दा बढी कारोबार विद्युतीय माध्यमबाट गर्ने लक्ष्य लिएको उनले जानकारी दिए ।

पछिल्लो समय बत्तीको बील तिर्ने करिब ६ लाख ग्राहकमध्ये ई-सेवाबाट मात्रै ४ लाख ८ हजार ग्राहकले बिजुलीको बिल भुक्तानी गरेको ई-सेवाका सिओओ (प्रमुख अधिकृत) रोशन लामिछानेले जानकारी दिए । उनका अनुसार ई-सेवाका करिब २९ लाख ग्राहक छन् । एप प्रयोग कर्ता २५ लाख छन् भने एजेन्ट ९० हजार छन् ।

इन्टरनेटका माध्यमबाट वस्तु तथा सेवा किन्न बिल बमोजिमको रकम प्रणालीगत स्प्रमा दोस्रो पक्षलाई विद्युतीय माध्यमबाट भुक्तानी गर्ने प्रक्रियालाई अनलाइन कारोबार भनिन्छ ।

नेपाल शतप्रतिशत डिजिटलाइजेसनमा जान अझै धेरै समय लाग्ने विज्ञ बताउँछन् । राष्ट्र बैंकका पूर्वकर्मचारी कृष्णप्रसाद भट्टराई डिजिटलाइजेसनमा नेपाल प्रारम्भिक चरणमा रहेको बताउँछन् । उनका अनुसार अमेरिका र बेलायतलगायतका युरोपियन मुलुक एसियाका सिंगापुर, चीन, दक्षिण कोरिया लगायतका मुलुकमा विद्युतीय कारोबार गर्ने सबै पूर्वाधार हुँदा पनि करिब ८० प्रतिशतमात्र डिजिटलाइजेसन हुने गरेको छ ।

विकसित मुलुकमा समेत शतप्रतिशत कारोबार हुन सकेको छैन । तर, होटल, विगहाउस, सपिङ मल, यातायात लगायतमा भुक्तानी गर्न नगद चाहिँदैन । यस्ता हरेक क्षेत्रमा भुक्तानी गर्ने डिजिटलाइजेसन माध्यमले जनजीवन सहज बनाएको छ ।

तलको तालिकालाई इन्फोग्राफीमा प्रस्तुत गर्न सकिन्छ

लकडाउन अवधिमा विद्युतीय भुक्तानी कारोबारको अवस्था

भुक्तानी उपकरण	कारोबार रकम (रू दश लाख)		कारोबार संख्या					
	चैत	वैशाख	जेठ	जम्मा	चैत	वैशाख	जेठ	जम्मा
एटीएम	९०४६.१	२३१५७.३	२२०७०.४	५४२७३.८	१०३७९०१	३०२०५५६	२५२०५१७	६५७८९७४
मोबाइल बैंकिङ	५३९६.६	९६९८.२	१२२७९.९	२७३७४.७	३२८२३१८	४९६०२७७	४२५१५८७	१२४९४१८२
इन्टरनेट बैंकिङ	९५३२.४	१६६२	१९९१.३	१३१८५.७	४१२५२२	१०६७१९	९६३८९	६१५६३०
आरटीजएस.	७७२५८५.३	१०६८९१९	११७७६०३.५	३०१९१०७.८	४१२५२२	१४८६३	२०७५५	४४८१४०
इसीसी	३४५३७३	२६०२५६.२	१९११९५.५	७९६८२४.७	५७३८९६	३४७९१५	२७५८८५	११९७६९६
आइपीएस	९०६०४.१	१११५१८.८	६८७१२.२	२७०८३५.१	२०९७७०	२०२५८९	१२९९०९	५४२२६८
कनेक्ट आइपीएस	१३८१५.४	२३१५३.८	१७४४८.४	५४४१७.६	२३५९९३	३०९६४७	२२७८२३	७७३४६३
ई-कमर्स	१४३.१	३०९.९	१७३.२	६२६.२	६२२२७	५५२३५	३२४४२	१४९९०४
पिओएस	४२२.५	११७२.९	९७३.२	२५६८.६	९७७४९	२९९६९०	२८५५५८	६८२९९७
क्युआर कोड	७४.१	१७५.९	८४.७	३३४.७	३४९४८	८०७६७	३२३१९	१४८०३४
वालेट	१२६२.३	२३९५.४	१३३६.५	४९९४.२	४४७९५७९	६८२९४७२	३३०८९९०	१४६१८०४१
जम्मा	१२४८२५४.९	१५०२४१९.४	१४९३८६८.८	४२४४५४३.१	१०८३९४२५	१६२२७७३०	१११८२१७४	३८२४९३२९

स्रोत : नेपाल राष्ट्र बैंक

लघुवित्तलाई दोहोरो असर

ममता थापा

काठमाडौं । लामो समयदेखि चर्को ब्याजदरमा कर्जा प्रवाह गरेको आरोप खेप्दै आएको लघुवित्त वित्तीय संस्थालाई अहिले दुई तिरबाट मार परेको छ । कोभिड-१९ का कारण व्यवसाय थला परेको छ भने अर्कोतिर राष्ट्र बैंकको यही बेला ब्याजदरमा सीमा लगाएको छ ।

यीनै कारण साना तथा मझौला वर्गमा लक्षित अधिकांश लघुवित्तको व्यवसाय धरापमा छन् । बन्दाबन्दीले ग्राहकको व्यवसाय ठप्प भएकाले साँवा, व्याज उठ्न नसक्दा संस्थाको खराब कर्जा बढ्ने खतरा बढेको छ । चालू आर्थिक वर्षको मौद्रिक नीतिले लघुवित्तलाई ग्राहकबाट लिने व्याजदर १५ प्रतिशतभन्दा बढी हुन नहुने सीमा तोकिदिएको छ । यसले संस्था टिकाउन अबको विकल्प मर्जर तथा प्राप्ति हो भन्ने देखिएको छ ।

यसअघि लघुवित्तबीच मर्जर तथा प्राप्ति नभएका होइनन्, तर अब कोरोनाले यसका लागि थप दबाब दिएको लघुवित्त बैंकर्सहरूको भनाइ छ । आर्थिक वर्ष २०७६/७७ को चैतमसान्त सम्ममा सबैभन्दा बढी घाटा व्यहोरेको गुनासो गर्दै नाडेप लघुवित्त वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत उपेन्द्रबहादुर कार्कीले भने, 'वर्षभरिकै सबैभन्दा बढी आम्दानी हुने समय आवको अन्तिम चौमास भएपनि यसअवधिमा भएको बन्दाबन्दीले संस्था धरापमा परेको छ । आम्दानी ठप्प, नाफामा संकुचन आउँदा कर्मचारी कटौती गर्ने स्थिति आयो ।' उनकाअनुसार यसैले जोखिम मोलेर सानो संस्थामात्र चलाउनुभन्दा मर्जर तथा प्राप्ति गर्नुबाहेक अरू विकल्प छैन ।

हाल ७७ जिल्लामा पुगेका ९० लघुवित्त संस्थाका ४ हजार २२ शाखाअन्तर्गत करिब ५० लाख सदस्य आबद्ध छन् । पछिल्लो समय दर्जनौं लघुवित्तहरूको नाफामा संकुचन आएको छ । आव २०७६/७७ फागुन मसान्तदेखि १२ वटा लघुवित्त कम्पनीको नाफा नकारात्मक देखिएको छ ।

यसअघि नकारात्मक नाफा भएका कम्पनी अहिले झन बन्दाबन्दीले थप धरापमा रहेको राष्ट्र बैंकका लघुवित्त वित्तीय संस्था सुपरिवेक्षणका कार्यकारी निर्देशक डा. प्रकाशकुमार श्रेष्ठ बताउँछन् ।

मर्जर तथा प्राप्तिलाई जोड दिइरहेको केन्द्रिय बैंकले अब लकडाउनपछिको अवस्थामा मर्जर तथा प्राप्तिलाई मौद्रिक नीतिले थप प्रोत्साहन गरेको छ । कमजोर संस्थाहरू बलियो तथा टिकाउ हुने एउटै विकल्प मर्जर भएको डा. श्रेष्ठले बताए ।

'लकडाउनका बेला लगानीयोग्य पुँजी दिएर पनि काम छैन । राष्ट्र बैंकले प्रत्येकलाई राहात दिने अवस्था छैन । प्रभाव पर्ने संस्थाहरू तत्काललाई मर्जर नै एक उपाय हो,' उनले भने, ' यतिबेला भर्खर सञ्चालनमा आएकालाई गाह्रो छ । लघुवित्तको २० अर्ब रूपैयाँ तरलता छ । केहि लघुवित्तको ९ अर्बको निक्षेप छ । तर, कर्जा लिएका सर्वसाधारणको व्यवसाय ठप्प छ । कृषि तथा ग्रामिण भेगमा गरेको लगानी पछि उठ्छ ।बढी मार शहरी क्षेत्रमा परेको छ ।'

नेपाल लघुवित्त बैंकर्स संघका अनुसार साना तथा मझौला वर्ग, अझ गरिव तथा विपन्न वर्ग अत्यधिक रूपमा प्रभावित भएका छन् । यो यस्तो वर्ग हो, जसले अप्रत्याशित रूपमा सिर्जित हालको जस्तो जोखिम वहन गर्न सक्दैन । उचित नीतिगत ब्यवस्था सहित समयमै भरथेग गरिएन भने धेरैको ब्यवसाय बन्द हुने स्थिति छ । लकडाउनको प्रभाव हरेकक्षेत्रमा परिरहँदा पछिल्लो समयसम्मका ८९ वटा लघुवित्तको एउटै स्रोत व्याज आम्दानी ठप्प हुँदा लघुवित्त कम्पनी धरापमा पर्न गएका हुन् ।

लकडाउनका कारण कारोबारका लागि कर्मचारी फिल्डमा जान र सदस्य ग्राहक कार्यालयमा पुग्न पनि सहज बनेको छैन । नियामक निकायले पनि असहज परिस्थितिमा कर्जा किस्ता तथा ब्याज भुक्तानीका लागि असार मसान्तसम्म समयावधि तोकिदियो । यसले गर्दा केही सक्षम ग्राहकबाट पनि व्याज प्राप्त नभएको नेपाल लघुवित्त बैंकर्स संघका कार्यकारी निर्देशक प्रेमकृष्ण मानन्धर बताउँछन् ।

बन्दाबन्दी र लघुवित्त

आम्दानी घटेको अवस्थामा राष्ट्र बैंकले तोकेको ८ प्रतिशत पुँजी पर्याप्तताको सीमा पुऱ्याउन नसके लघुवित्त संस्था कारबाहीमा पर्ने चुनौती छ ।

बैंकको आम्दानी घटेपछि लघुवित्त कम्पनीले ८ प्रतिशत पुऱ्याउनु पर्ने पुँजी पर्याप्तता खुम्चिएको नेपाल लघुवित्त बैंकर्स संघका अध्यक्ष बसन्तराज लम्साल गुनासो गर्छन् । उनकाअनुसार लघुवित्त वित्तीय संस्थाले आफ्नो जोखिम भारित सम्पत्तिको आधारमा प्राथमिक पुँजी र पुँजीकोष न्यूनतम क्रमशः ४ प्रतिशत र ८ प्रतिशत कायम गर्नुपर्ने बैधानिक व्यवस्था छ ।

२०७६ पुस मसान्तमा लघुवित्त वित्तीय संस्थाको जोखिम भारित सम्पत्तिको अनुपातमा प्राथमिक पुँजी र पुँजीकोष क्रमशः १२ दशमलव १६ प्रतिशत र १३ दशमलव ०२ प्रतिशत थियो । उनका अनुसार एकातिर संस्थाको सञ्चालन खर्च घटाउन नमिल्ने अर्कोतर्फ आम्दानीको स्रोत ठप्प हुँदा धरापको स्थिति आएको छ । यसको बढी मार पछिल्ला १-डेढ वर्ष यताबाट सुरू गरेका नयाँ लघुवित्त कम्पनीलाई परेको छ ।

राष्ट्र बैंकले चौथो त्रैमासमा लघुवित्तका ऋणीलाई ३ प्रतिशत विन्दुले व्याज छुट दिन निर्देशन दिएको बताउँदै उनले आगामी त्रैमासमा लघुवित्त कम्पनी जोखिममा रहेको ठहर गरे । ' लघुवित्तहरूको मुख्य आम्दानी ब्याज हो, जुन उठ्न सकेको छैन । त्यसैले आम्दानी स्वतः घटेको छ । जोखिममा छौं,' उनले भने । संघले गरेको एक अध्ययनले लकडाउन अघि र पछिको तीन महिनामा समग्रमा नाफा १७ प्रतिशतले घटेको देखाएको छ । यस्तै सञ्चालन स्वक्षमता ६ प्रतिशतले घटेको र खराब कर्जा ३७ प्रतिशतले बढेको देखाएको छ ।

सदस्य संख्या १० हजार भन्दा कम भएका नयाँ तथा साना लघुवित्तको अवस्था अझै भयावह देखिएको छ । त्यस समूहको लघुवित्तहरूको औसत नाफा २७ प्रतिशतले घटेको, संचालन स्वक्षमता १४ प्रतिशतले घटेको र खराब कर्जा १२.५ प्रतिशतले बढेको देखिएको छ । यो समग्र क्षेत्रको औषत भन्दा निकै विषम हो ।

लघुवित्त संस्थाहरूको समग्रमा नाफा र संचालन स्वक्षमता घटेको र खराब कर्जा बढेको छ । संघका कार्यकारी निर्देशक प्रेमकृष्ण मानन्धर संस्थाहरूको कर्जा नोक्सानी ब्यवस्था तथा ब्याज मुल्तवी खातामा बढोत्तरी भएको र कर्जा लगानी घटेको देखिएको बताउछन् ।

'यो स्थिति कति हदसम्म बिग्रन्छ भन्ने कुरा आर्थिक कृयाकलाप कहिलेसम्म बन्द रहन्छ भन्ने कुराले निर्धारण गर्छ । त्यसैले कमजोर भएका संस्थालाई उकास्ने अन्य उपायहरू नभए, बन्द हुन दिनुको विकल्प सवल संस्थासंगको मर्जर नै हो,' उनले भने । उनका अनुसार बन्दाबन्दीले निम्त्याएको लघुवित्तको समस्या समाधानको विकल्प मर्जर तथा प्राप्तीसँगै कर्मचारीको मनोबल बढाउने, सदस्य ग्राहकको विश्वास जित्ने, केन्द्र बैठकमार्फत भइरहेको कारोबारका लागि बैकल्पिक उपायहरू अवलम्बन गर्नु हो ।

संघका निवर्तमान अध्यक्ष रामचन्द्र जोशी नयाँ संस्थाले राम्रोसँग काम सुरू गर्न नपाउँदै यो अवस्था झेल्नु परेकाले साना लघुवित्तलाई टिक्न चुनौती हुने बताउँछन् ।

राष्ट्र बैंककी पूर्व उपनिर्देशक उमा जोशी बोहोरा गरीबी न्यूनीकरणका लागि लघुवित्त क्षेत्रमा अवलम्बन गरिएको उदार इजाजत नीतिका कारण यी संस्थाको उल्लेख्य उपस्थितिले अस्वस्थ्य प्रतिस्पर्धा बढ्दै गएको तर्क गर्छिन । उनकाअनुसार लघुवित्त संस्थाको सञ्चालन खर्च बढेको, कर्मचारीहरु छोटो समयमा माथिल्लो पदमा अन्य संस्थाहरूमा जाने प्रवृत्ति बढेको, कर्जामा दोहोरोपना बढ्दै गएकोलगायत कारण गुणात्मक वृद्धिका लागि लघुवित्त वित्तीय संस्थाहरूको मर्जर तथा प्राप्ति आवश्यक देखिएको हो ।

'यसका लागि विगतदेखि नै नेपाल राष्ट्र बैंकले नीतिगत व्यवस्था गरी लघुवित्त संस्थाहरूलाई उत्प्रेरित गर्दै आएको छ, जसअनुरूप केही संस्था एकआपसमा गाभिइसकेका छन् भने केही हुने क्रममा छन् । मर्जर तथा प्राप्तिले यस क्षेत्रमा प्रभाव पर्नेछ,' उनले भनिन् ।

संस्थाको नाफामा संकुचन

लघुवित्त वित्तीय संस्थाको गत तेस्रो त्रैमासको विवरणअनुसार झण्डै २ दर्जनको नाफामा संकुचन आएको छ । आव २०७६,७७को पुसमसान्तसम्ममा ४९ लघुवित्त कम्पनीले ३ अर्ब ८५ करोड नाफा कमाएका छन् । यी ४९ कम्पनीमध्ये २२ कम्पनीको नाफा घटेको छ भने अरूको बढेको छ ।

मौद्रिक नीतिमा लघुवित्त

कोभिडले मर्जर तथा प्राप्तिमा जान बाध्य बनाएको लघुवित्तलाई चालू आवको मौद्रिक नीतिले पुँजीको आधार सुदृढ तुल्याउन एक आपसमा गाभ्ने, गाभिने तथा प्राप्ति प्रक्रियालाई प्रोत्साहन गरेको छ । नीतिका अनुसार लघु वित्त वित्तीय संस्थाहरूले अब कर्जाको व्याजदर अधिकतम १५ प्रतिशतमात्र कायम गर्नुपर्ने भएको छ । लघुवित्त संस्थाहरूले ग्राहकको घरदैलोसम्म पुग्दा सञ्चालन खर्च धेरै लाग्ने भन्दै करिब १८ प्रतिशतसम्म ब्याजदर असुल्ने गुनासो बढेपछि मौद्रिक नीतिले यसको सीमा घटाएको हो ।'तर कोभिडको प्रभावले लघुवित्तको खर्चमा कमी नआएको तर आम्दानी बढ्न नसकेको अवस्थामा ब्याजदर घटाउँदा संस्था धरापमा पर्ने लघुवित्त बैंकर्स संघ नेपालका अध्यक्ष बसन्तराज लम्सालको गुनासो छ ।

'यो व्यवस्थाले ग्राहकहरु खुशी छन् । हामी पनि अवस्था सहज भए र बैंकबाट कम व्याजमा कर्जा पाए ग्राहकलाई दिन कुनै आपत्ति छैन । तर, हामीले बैंकबाट १०-११प्रतिशत व्याजमा लिएर १५मा दिन सम्भव छैन,' उनले भने, 'हामीले लिने व्याज ८ प्रतिशत हुनुपर्छ । ,'यो सीमामा रहन राष्ट्र बैंकले लघुवित्त वित्तीय संस्थामा आधार दर गणना विधि तय गरी ब्याजदर निर्धारण गर्ने भएकाले यसले थप पारदर्शी बनाउने उनको भनाइ छ । अहिले १६ प्रतिशतको आधारदर भएको अवस्थामा १५ प्रतिशतमा कर्जा दिन गाह्रो हुने उनको भनाइ छ ।तर आधारदर घटेमा दिन सहज हुने उनले बताए ।

राष्ट्र बैंकले लघुवित्तबाट प्रवाहित हुने कर्जाको सीमा बढाएको छ । अब लघुवित्तले १५ लाखसम्म कर्जा दिन सक्छन् । यसअघि सीमा ७ लाख थियो ।

लघुवित्तको प्रभाव अर्थतन्त्रमा

मुलुकको ग्रामीण अर्थतन्त्रलाई चलायमान गर्न थोरै पुँजी भएका संस्थाले टेवा नपुग्ने लघुवित्त बैंकर्स संघका अध्यक्ष लम्सालको भनाइ छ ।' ग्रामीण उपभोगमाबृद्धि भयो भने त्यसले शहरी उत्पादनको पनि माग सिर्जना गर्छ । त्यसैले संस्थागत सक्षमता समग्र मुलुकको अर्थतन्त्रसंग जोडिएको हुन्छ र रूग्ण लघुवित्त संस्थाहरूको उपस्थितिले मुलुक सामाजिक र आर्थिक रूपमा कमजोर हुँदै जानेछ, यसर्थ अब मर्जरमा जानै पर्ने बाध्यता छ । लघुवित्तहरू ठूलो लागतमा चल्नुपर्छ भन्ने राष्ट् बैंकको आशय भएकाले साना संस्थाहरू मर्जर तथा प्राप्ति हुनु औचित्यपूर्ण भएको उनको ठहर छ ।

वैदेशिक रोजगारको विकल्प खै ?

शरद ओझा

काठमाडौं । डोटीको शिखर नगरपालिका-४ कोटाञ्जरका विष्णु साउद जागिरको आशमा गत पुसमा भारतको जोधपुर गए । कोरोना महामारीले भारतमा लकडाउन नभएको भए अहिले उनी होटलमै काम गरिरहेका हुन्थे ।

"लकडाउन भएपछि होटल बन्द भयो । गाउँका दाइको रूममा एक महिना बसैं" नेपाल फर्किएपछि बसेको क्वारेन्टाइनबाट उनले भने, "काम कहिले सुरू हुन्छ यकिन थिएन । त्यसैले, भारतमा लकडाउन खुकुलो भएपछि महँगै भाडा तिरेर घर फर्किए ।" १३ जेठमा भारतबाट फर्किएका उनलाई अब के काम गर्ने, कसरी आर्जन गर्ने भन्ने चिन्ताले सताएको छ ।

गत ११ चैतमा सरकारले लकडाउन घोषणा गरेपछि २५ असारसम्म साउद जस्तै सुदूरपश्चिम प्रदेशका २ लाख ५७ हजार भारतबाट स्वदेश आएका छन् । सुदूरपश्चिम प्रदेशका सामाजिक विकासमन्त्री कृष्णराज सुवेदी भारतमा काम गर्ने २ लाखभन्दा बढी परिवारले आर्थिक संकट बेहोर्ने बताउँछन् ।

तर, भारतलगायत विभिन्न देशबाट रोजगारी गुमाएर स्वदेश फर्किएका र फर्कन सक्ने नागरिकलाई कसरी रोजगारी दिने भन्नेमा संघ जस्तै प्रदेश सरकारले पनि ठोस योजना बनाउन सकेको छैन । बजेटमार्फत संघ र प्रदेश सरकारले कोरोना महामारीले रोजगार गुमाएका व्यक्तिलाई कृषि क्षेत्रमा स्वरोजगार बनाउन सहयोग गर्ने

घोषणा गरे पनि कार्यान्वयनमा अलमल देखिएको छ ।

सामाजिक विकासमन्त्री सुवेदी आगामी आर्थिक वर्ष मन्त्रालयअन्तर्गत सञ्चालन हुने आयोजनाबाट करिब ५० हजारले रोजगार पाउने दाबी गर्छन् । "हाम्रो मन्त्रालय अन्तर्गतका सबै आयोजना उपभोक्ता समितिमार्फत कार्यान्वयन हुन्छन्," उनी भन्छन्, "त्यसले गाउँ-गाउँमा रोजगारी सिर्जना गर्नेछ ।" तर, पछिल्लो समय नामका उपभोक्ता समिति बनाएर स्थानीय ठेकेदारले काम लिने प्रचलन बढ्दो छ ।

गुजारा चलाउन कठिन

लकडाउनको समयमा भारतको पञ्जावबाट घर आएका डडेलधुरा गन्यापधुरा गाउँपालिका ५ रेलका टेकराज फुलाराकोरोना महामारीको प्रकोप समाप्त हुने दिनको प्रतीक्षामा छन् । तीन महिनादेखि बेरोजगार उनी दैनिक खर्च चलाउन समस्या भएको बताउँछन् । उनलाई कृषि क्षेत्रमा स्वरोजगार सिर्जना गर्ने सरकारको नीतिमा विश्वास छैन । "तरकारी/फलफूल उत्पादन गरेर मात्रै भएन । बिक्री गर्ने ठाउँको अभाव छ," उनी भन्छन्, "त्यसैले कोरोना महामारीको असर कम भए फेरि भारत नै जाने थिएँ ।"

कैलालीको टीकापुर नगरपालिका-११ का गम्बबहादुर रावल २० वर्षदेखि मुम्बईमा काम गर्छन् । मुम्बई जान थालेदेखि लगातार ५ महिना घर बसेको उनलाई सम्झना छैन । एकातर्फ कोरोना महामारीले परिवारसँग समय बिताउने अवसर दिएको छ । अर्कातर्फ, काठमाडौंमा पढिरहेका छोराहरूको खर्च कसरी व्यवस्थापन गर्ने भन्ने चिन्ता छ । "महामारी अन्त्य हुने छाँट देखिँदैन," उनी भन्छन्, "बचत सकिन लागेको छ ।"

कोरोनाले विश्वभर त्रास उत्पन्न गरे पनि सरकारले सीमानाका बन्न नगर्दासम्म रोजगारीका लागि भारत जाने क्रम रोकिएको थिएन । कृष्णपुर नगरपालिका-९ का राजेश रानाभारत सरकारले लकडाउन गर्नुभन्दा एक साता पहिले मात्रै भारतको पुना पुगेका थिए ।

होटलमा काम सुरू गरेको साता नपुग्दै रोजगार गुमाएका उनी लकडाउन खुकुलो भएपछि घरबाट बुबाले पैसा पठाएपछि स्वदेश फर्किए । नवज्योति आधारभूत विद्यालयको क्वारेन्टाइनमा भेटिएका उनी घर नजिकै पुग्दा प्रफुल्ल थिए । "होटल बन्द भएपछि एउटै रूममा १० जनासम्म बसेका थियौँ," उनी भन्छन्, "साथीहरूले एक महिना बस्न र खाना नदिएको भए बाँच्नै कठिन हुन्थ्यो ।"

यशोदा ओझा तीन वर्षदेखि भारतको बैंग्लोरमा थिइन् । स्वदेशमा खान बस्न पुग्ने थियो । तर, परिवारका अन्य आवश्यकता पूरा गर्ने आयस्रोत नभएपछि बिदेसिनु उनको बाध्यता थियो । कोरोनाको कहर सुरू हुनु पूर्वआम्दानी राम्रै थियो । श्रीमान्-श्रीमतीले काम गर्दा मासिक ४० देखि ५० हजार रूपैयाँसम्म बचत गर्ने उनिहरूका विभिन्न सपना कोरोना महामारीले थन्काएको छ । चार दिनमा घर पुग्ने बाटोमा४ गुणा बढी भाडा तिर्दै ६ दिनमा उनीहरू कैलालीकोसीमा नाका गौरीफण्टा पुगेका थिए । "घर नजिकै पुग्दाको खुसी थियौँ । तर, कोरोना संक्रमण भयो कि भन्ने डर छ ।" क्वारेन्टाइनमा उनले भनेकी थिइन् । अहिले उनिहरूको मनमा कोरोना संक्रमणको भय त छैन । तर, रोजगार कहाँ पाइन्छ र तीन जना सन्ततिको पढाइलगायत खर्चको जोहो कसरी गर्ने भन्ने पिरलो छ ।

बाध्यकारी गन्तव्य

भारत किन गएको भन्ने प्रश्नमा क्वारेन्टाइनमा भेटिएका प्रायः युवाको एउटै जवाफ थियो, "नेपालमा काम पाइएन । घर चलाउन अप्ठ्यारो भयो । कामको खोजीमा भारत गयौँ ।"

नेपालका कुनै पनि सरकारी निकायसँग भारतमा रहेका नेपालीको औपचारिक तथ्यांक छैन । त्यसैले भारतमा कति नेपाली छन् भन्न सकिँदैन् । कोरोना महामारीका कारण भारतबाट फर्कनेको संख्या बढेको छ ।

धनगढी उपमहानगरपालिका, कृष्णपुर नगरपालिकार अत्तरीया नगरपालिकाको क्वारेन्टाइनमा पुग्दा त्यहाँ भेटिएका अधिकांश व्यक्तिहरूले भारतमा कोरोनाका बिरामीको संख्यामा भएको वृद्धिसँगै त्रास समेत बढ्न थालेकाले स्वदेश फर्किएको बताएका थिए । उनीहरूमा नेपाल फर्किन पाउँदाको हर्ष त थियो । अर्कातर्फ महामारी लम्बिदा दैनिक गुजरा कसरी चलाउने भन्ने चिन्ता पनि देखिन्थ्यो ।

सामाजिक विकासमन्त्री सुवेदी स्वदेशमा कामलाई सानो ठूलो भन्ने प्रवृत्तिले वैदेशिक रोजगारमा निर्भर हुनेको संख्या बढेको बताउँछन् । "गत वर्ष हामीले ६ हजार ५ सयलाई सिकर्मी, डकर्मी, पलम्बिङ, मार्बल टाइल लगाउने, विद्युत् वाइरिङ गर्ने लगायतका तालिम दिएका थियौँ", उनी भन्छन्, "तर, एउटा विद्यालयमा फर्निचर बनाउनु पर्‍यो, मार्बल टाइल लगाउनु पर्‍यो भने भारतीय नागरिकलाई काम दिनुपर्ने अवस्था छ ।"

क्वारेन्टाइनका दुःख

क्वारेन्टाइनमा बस्ने सबैका आफ्नै पिरमर्का थिए । क्वारेन्टाइनमा भेटिएका प्रायः व्यक्तिका स्थानीय सरकारभन्दा प्रदेश र संघ सरकारप्रति धरै गुनासा थिए । सीमा नाकाबाट उद्धार र १४ दिन क्वारेन्टाइन व्यवस्थापनमा क्रममा स्थानीय सरकार अग्रभागमा देखिएकाले स्थानीय सरकारले काम देखिएको थियो । तर, प्रदेश र संघ सरकारप्रति क्वारेन्टाइनमा बस्नेहरूमा

पर्याप्त गुनासा छन् । सामाजिक विकासमन्त्री सुवेदी प्रदेश सरकारले काम गरेन भन्ने पूर्वाग्रही सोच भएको बताउँछन् ।

प्रदेश सरकारले गरेको भनेको कामको परिणाम जनताले पाउन सकेका छैनन् । कृष्णपुर नगरपालिकाको क्वारेन्टाइनमा बसेकी यशोदा ओझालाई क्वारेन्टाइनमा बस्दा तीनवटा फरक-फरक स्कुलमा सारियो । २० दिन बस्दा पनि पीसीआर परीक्षण नगरी घर फर्काएको थियो । चिकित्सकले नै आरडीटी परीक्षणको विश्वसनीयता माथि प्रश्न उठाएकाले गाउँ समाजमा आरडीटी परीक्षणमा नेगेटीभ देखिएका व्यक्तिहरूलाई पनि कोरोना संक्रमित झैँ व्यभार गरिन्छ ।

ओझालाई पनि आरडीटी परीक्षण गरेर घर फर्किएको दुई सातासम्म एकतर्फ संक्रमणको भय थियो । अर्कोतर्फ उनले घर परिवार र समाजबाट विभिन्न परिबन्दको सामाना गर्नु परेको थियो ।

भारतबाट स्वदेश फर्किएका व्यक्तिको संख्या नै तीन लाख पुग्दा सुदूपश्चिम प्रदेशमा २८ असारसम्म २६ हजार ३ सय ९७ जनाको मात्रै पीसीआर परीक्षण गरिएको छ ।

यस्तै, क्वारेन्टाइनमा दिने गरिएको खानाको गुणस्तरमा प्रायः मानिसहरु असन्तुष्ट छन् । "खाना सधैं दिन्छन् ।" अछामको मंगलसेन नगरपालिकाका प्रेम बोगटी (३२) भन्छन्, "तर, कुनै दिन खान सकिन्छ । कुनै सकिँदैन । गुनासो कति गर्ने भन्ने भइसकेको छ ।" १४ दिन क्वारेन्टाइनमा बसेर एक टोली घर फर्किएपछि विद्यालयका कोठाहरु पर्याप्त सफा नगरी प्रयोग गर्न लगाएकोमा पनि क्वारेन्टाइनमा बस्ने असन्तुष्ट छन् । कञ्चनपुरको विणा माध्यमिक विद्यालयको क्वारेन्टाइनमा बसेका योगेन्द्र साउदले सरसफाई नगरी क्वारेन्टाइनमा बस्न लगाएको आक्रोश व्यक्त गरेका छन् । स्थानीय तहका अधिकारीहरु पीपीइ नलगाई कोठा सफा गर्न कोही जान नमान्दा पूर्ण सरसफाइ गर्न नसकिएको स्वीकार गर्छन् ।

यस्तै क्वारेन्टाइनमा बस्नेको सबैभन्दा ठूलो दुःख, सक्रमण सर्छ कि भन्ने हुने गरेको छ । विश्व स्वास्थ्य संगठनले तोकेका कुनै पनि मापदण्ड पूरा नगरी क्वारेन्टाइन स्थल बनाइएकाले ती ठाउँहरु कोरोना सक्रमण फैलने हटस्पट सेन्टर पनि बनेका छन् ।

महँगो यात्रा

कृष्णपुर नगरपालिका ८ का दीपक घर्ती गत फागुनमा भारतको चेन्नई सहर गएका थिए । तर, कोरोना महामारीले गर्दा तीन महिना नपुग्दै स्वदेश फर्किए । "अपार्टमेन्टमा सेक्युरिटी गार्डको काम गर्थे । काम चालु नै थियो," उनी भन्छन्, "तर, रोग लाग्ने डरले घर फर्किएको हुँ ।" १२ चैतबाट भारत सरकारले लकडाउन घोषणा गर्दा घर्तीले सेक्युरिटी गार्डको काम गर्न थालेको एक महिना मात्र पुगेको थियो । "लकडाउनको समयमा सबै व्यक्ति अपार्टमेन्टमा भएकाले संक्रमणको जोखिम थिएन," उनी भन्छन्, "तर, लकडाउन खुकुलो भएसँगै हरेक दिन सयौँ व्यक्तिको तापक्रम नापेर रेकर्ड राख्दै अपार्टमेन्ट प्रवेश अनुमति दिन पर्थ्यो । कोरोना संक्रमण बढीरहेको समयमा डरको वातावरणमा काम गर्नुभन्दा घर फर्किएको हुँ ।"

बाध्यताले बिदेसिएका सबै व्यक्तिलाई घर फर्कने निर्णय गर्न सजिलो थियो । तर, सार्वजनिक यातायाता सहज नभएकाले घर फर्कन निकै सकसपूर्ण थियो । चेन्नईसम्म २ हजार रूपैयाँमा पुगेका घर्तीले चेन्नईबाट नेपालको सीमानाका गौरीफण्टा पुग्न ८ हजार रूपैयाँ खर्च गर्नु परेको थियो ।

लकडाउनका कारण सार्वजनिक यातायात सहज नहुँदा गाडी रिर्जब गरेर आउँदा यात्रा महँगो भएको साउँद बताउँछन् । "गाडीले दुई जनाको सिटमा एक जना मात्रा राखेका थिए," उनी भन्छन्, "यस्तै दुईतर्फी भाडा पनि लिएकाले यात्रा महँगो भएको हो ।"

पञ्जाबबाट फर्किएका फुलारा चण्डीगढबाट २५ हजार रूपैयाँ तिरेर ५ जनागौरीफण्टा नाकासम्म पुगेको बताउँछन् । "विगतमा एक जना १ हजार रूपैयाँमा आउने गरेका थियौँ । कोरोनाभन्दै बढी पैसा तिर्नुपर्‍यो," उनी भन्छन् ।

गुमनाम दूतावास

भारतमा रोजगारी गुमाएपछि अलपत्र परेका अधिकांश व्यक्तिहरूलाई त्यहाँ नेपाली समुदायले सहयोग गरेको थियो । यस स्टोरीमा उल्लेख भएका दीपक घर्ती, राजेश राना, विष्णु साउदले नेपालीबाट समुदायबाट सहयोग नपाएका भए बाँच्न नै कठिन हुन्थ्यो ।

'अतिथि देवो भवः' भन्ने मान्यतालाई नेपालीले विदेशमा हुँदा पनि निभाएका हुन् । बैतडीका नरेश बिष्टसहित १५ जना व्यक्ति बैंग्लोरबाट घर फर्कंदै थिए । तर, दिल्ली पुगेकै दिनबाट भारत सरकारले लकडाउन घोषणा गरेपछि अलपत्र परेक थिए । उनीहरु एक महिना दिल्लीमा रहेका गाउँले साथीहरूको डेरामा बसेका थिए ।

"एउटा रूममा ८ जना बसेका छौं," दिल्लीबाट ह्वाट्स एपमा भनेका थिए, "दिल्लीको राजदूतावासलाई सयौं पटक फोन गर्दा पनि कुनै रेस्पोन्स गरेन ।" "बरू गाउँका साथीहरूले बस्ने व्यवस्था गरौं ।" क्वारेन्टाइनमा बसेर घर फर्किएका उनी भन्छन्, "अब पनि सरकारले केही सहयोग गर्ला र केही काम पाइएला भन्ने आशै छैन । अलपत्र परेका व्यक्तिलाई सहयोग नगर्ने सरकारबाट कुनै अपेक्षा गर्नु गल्ती हो ।"

ट्रेकिङमा भविष्य अनिश्चित

शरद ओझा

काठमाडौं । खुम्बु पासाङ ल्हामु गाउँपालिका-५ थामेका माउन्टेन गाइड पासाङ ग्याल्जेन शेर्पाले सगरमाथा क्षेत्र पर्यटकविहीन होला भन्ने कहिल्यै कल्पना गरेका थिएनन् । बच्चैदेखि विदेशीसँग रमाउने बानी परेका उनी नेपाल र तिब्बत तर्फबाट दुई पटक माउन्टेन गाइडका रूपमा सगरमाथाको चुचुरोमा पुगिसकेका छन् । खुम्बु क्षेत्रका होटल बन्द होलान् र आम्दानी सुक्ला भन्ने उनको मनमा कहिल्यै लागेको थिएन । तर, चीनको वुहान सहरबाट गत डिसेम्बरमा सुरू भएको कोरोना भाइरस (कोभिड-१९)को विश्वव्यापी महामारीले शेर्पालगायत संसारका धेरै मानिसले कल्पना नगरेका परिणाम भोग्दै छन् ।

महामारीको सबैभन्दा ठूलो असर पर्यटन क्षेत्रमा परेको छ । संयुक्त राष्ट्र विश्व पर्यटन संगठनले कोरोनाका कारण २०२० मा अन्तर्राष्ट्रिय पर्यटकको संख्या कम्तीमा १ अर्बले घट्ने र पर्यटन क्षेत्रमा कार्यरत १० करोड श्रमिकले रोजगार गुमाउने प्रक्षेपण गरेको छ ।

हरेक वर्ष मार्च, अप्रिल, मे र सेप्टेम्बर, अक्टुबर र नोभेम्बरलाई नेपालको पर्यटकीय सिजन मानिने गर्छ । विश्वको सर्वोच्च शिखर सगरमाथा, अन्नपूर्ण, लोत्सेलगायतका हिमाल स्पिरिङ (मार्च-मे) र मनास्लु, अमादब्लम लगायतका हिमाल एटम (सेप्टेम्बर-नोभेम्बर) सिजनमा चढ्ने गरिन्छ । पर्यटन क्षेत्रमा श्रमिकलाई यी ६ महिना निकै महत्वपूर्ण हुन्छन् । उनीहरूले वर्षभरि धान्ने खर्चको जोहो यही ६ महिनामा गर्नुपर्छ । यो वर्ष पर्यटकीय मौसम सुरू हुने बित्तिकै(२५ मार्चबाट) सरकारले लकडाउन घोषणा गरेपछि पर्यटन क्षेत्रका श्रमिकको आयस्रोत सुकेको

छ ।

जीवन धान्नै कठिन

सगरमाथा आरोही पासाङ ग्याल्जेन शेर्पा विगतको बचतबाट खर्च चलाइरहेका छन् । "पर्यटक आएनन् । आम्दानीको अरु स्रोत पनि केही छैन," उनी भन्छन्, " बचत सीमित छ । आगामी सिजन पनि पर्यटक नआउने र सरकारबाट सहयोग नहुने हो भने बाँच्नै गाह्रो हुन्छ ।" शेर्पा जस्तै खुम्बुपासाङ ल्हामु गाउँपालिकाको थामे, फोर्से र पाङबोचे क्षेत्रका सगरमाथा आरोहण गरिसकेका ३ सयभन्दा बढी माउन्टेन गाइड कोरोना महामारीले बेरोजगार भएका छन् । जसले वर्षमा ८ देखि १२ लाखसम्म कमाउने गरेका थिए ।

कर्ण घले विगत ३० वर्षदेखि पर्यटन क्षेत्रमा काम गरिरहेका छन् । उनी ११ चैतमा लकडाउन घोषणा हुनुपूर्व पनि पर्यटकसँग पदयात्रामा जाने तयारीमा थिए । तर, अनपेक्षित लकडाउनको निरन्तरताले आम्दानीको स्रोत मात्रै सुकेको छैन, खर्च चलाउनै मुस्किल हुँदै गएको उनी बताउँछन् । ट्रेकिङ गाइड एसोसिएसन अफ नेपालका अध्यक्षसमेत रहेका घलेले कोरोना महामारीपछि ट्रेकिङ क्षेत्रमा मात्रै ३५ हजार व्यक्तिले रोजगार गुमाएको जानकारी दिए । घलेका अनुसार ट्रेकिङ गाइडले दुई सिजन काम गर्दा एकै जनाले ४ देखि ७ लाखसम्म कमाउने गरेका थिए ।

उच्च हिमाली क्षेत्रमा बिरामी हुने पर्यटकलाई हेलिकप्टरबाट उद्धार गर्ने काम गर्दै आइरहेका छिरिङ शेर्पा पनि पर्यटकीय सिजनमा पर्यटक आवागमन अनिश्चितकालका लागि रोकिँदा रोजगारी सुचारू हुने दिन कुरेर बसेका छन् । 'आफूले जानेको काम कहिलेबाट गर्न पाइने हो थाहा छैन,' उनी भन्छन्, 'अब के काम गरेर गुजरा चलाउने हो, त्यो पनि थाहा छैन ।' उनले अनिश्चितता बढ्दै गएकोमा चिन्ता जनाए ।

लकडाउने राष्ट्रिय निकुञ्जबाट अनुमति लिएका नेचर गाइड, नेपाल ऱ्याफ्टिङ एसोसिएसनबाट अनुमति लिएका ऱ्याफ्टिङ गाईड, पर्यटन विभागबाट अनुमति लिएका टुरिष्ट गाइड र पर्यटकका सहयोगिका रूपमा काम गर्ने हजारौं व्यक्तिको रोजिरोटी खोसिएको छ । नेपाल पर्यटन बोर्डका पूर्वप्रमुख कार्यकारी अधिकृत दीपकराज जोशीका अनुसार कोरोना महामारीका कारण पर्यटन क्षेत्रमा करिब ४ लाख व्यक्तिले रोजगार गुमाएका छन् ।

नेपाल माउन्टेनियरिङ एसोसिएसन (एनएमए)का पूर्वअध्यक्ष आङछिरिङ शेर्पा अहिलेको संकटमा ट्रेकिङ र ट्राभल एजेन्सीले पनि आफ्ना लागि काम गरेका व्यक्तिलाई सहयोग गर्नुपर्ने बताउँछन् । "संकटको समयका हामीले हाम्रा लागि काम गरेका व्यक्तिलाई सहयोग गरेनौं भने भविष्यमा पर्यटन क्षेत्रमै कर्मचारीको अभाव हुनसक्छ", उनी भन्छन्, "त्यसैले व्यवसायीले सम्भव भएसम्म आफ्ना कर्मचारीलाई सहयोग गर्न मैले आग्रह गर्दै आएको छु ।" उनी आफूले भने त्यस्ता श्रमिकलाई सहयोग गर्न सुरू गरिसकेको बताउँछन् ।

हिमाली क्षेत्रमा बढी प्रभाव

गत ८ जेठ २०७६ मा कीर्तिमानी हिमाल आरोही निर्मल पुर्जाले सगरमाथाको चुचुरोमा पुगेर फर्कन लगेका आरोहीको लामो लस्कर देखिने तस्बिर खिचैं । उनको त्यो तस्बिर सामाजिक सञ्जालमा पोष्ट भएको केही समयमै 'सगरमाथामा ट्राफिक जाम' भन्दै संसारभर चर्चित बन्यो । उक्त फोटोलाई आधार बनाउँदै अन्तर्राष्ट्रिय सञ्चार माध्यमले '११ हजार अमेरिकी डलर राजस्वको लोभमा' नेपाल सरकारले सबैलाई सगरमाथा आरोहणको अनुमति दिँदा हिमाल फोहर हुँदै गएको भन्दै सरकारको आलोचना गरेका थिए ।

हुन पनि गत वर्ष, एकै सिजनमा पहिलोपटक ८ सय १९ जनाले सगरमाथा आरोहणको अनुमति पाएकोमा ५ सय ५८ जनाले सफल आरोहण गरेका थिए । तर, यस वर्ष भने कोरोना महामारीले प्रकृतिलाई विश्रामको अवसर दिएको छ ।

मानवीय स्वार्थले दोहनमा परेको प्रकृतिलाई महामारीले सुविस्ता प्रदान गर्दा जीवन निर्वाहका लागि त्यसै क्षेत्रमा आश्रित समुदाय भने समस्यामा परेको छ । गतवर्षको स्पिरिङ सिजनमा सगरमाथा, लोत्से र मकालु हिमाल आरोहण हुँदा मात्रै ५४ हजारले रोजगार पाएको नेपाल माउन्टेनियरिङ एसोसियसनका पूर्वअध्यक्ष तथा एसियन ट्रेकिङका प्रबन्ध निर्देशक आङ छिरिङ शेर्पाको भनाइ छ । यो वर्ष भने गत चैत ११ बाट लकडाउन सुरू भएपछि रोजगारी गुमाउनेको संख्या बढ्दो छ ।

नेपालमा रहेका ५ हजार ८ सय मिटरभन्दा अग्ला १ हजार ७ सय ५२ हिमालमध्ये ४०३ हिमाल आरोहणका लागि खुला गरिएको छ । जसमा हुने आरोहणबाट हरेक वर्ष ३ लाखभन्दा बढीले रोजगारी पाउने गरेको शेर्पा बताउँछन् । तर, यस वर्ष पोटर, कुक, वेटर, हेल्पर, माउन्टेन गाइडलगायत सबैको रोजगार गुमेको छ ।

सन् १९६३ देखि पर्यटन क्षेत्रमा काम गरिरहेका शेर्पा नेपालमा पहिलो पटक स्पिरिङ र एटम सिजनमा हिमाल आरोहणसहित सम्पूर्ण पर्यटकीय गतिविधि ठप्प भएको बताउँछन् । विगतमा भूकम्प, हिमपहिरो जाँदा एक सिजन हिमाल आरोहण बन्द भए पनि अर्को सिजनमा भने सुचारू हुने गरेको थियो । सरकारले लकडाउन घोषणा गरेदेखि पर्यटनमा आश्रित व्यक्ति तथा समुदायलाई सहयोगको स्पष्ट नीति तर्जुमा गर्न नसक्दा हिमाली क्षेत्रमा नराम्रो असर पर्दै गएको छ । यातायातको सुविधा नहुँदा हिमाली क्षेत्रको जीवनस्तर असाध्यै महँगो हुन्छ ।

बाक्लो लुगाको आवश्यकता, बढी खपत हुने ग्यास

र बिजुली, एउटा मात्र बाली मात्र उब्जाउ हुने जमिनले गर्दा हिमाली क्षेत्रको बसाई महँगो हुन्छ । नेपाल पर्यटन बोर्डका पूर्वप्रमुख कार्यकारी अधिकृत जोशी सरकारले हिमाली क्षेत्रमा केन्द्रित गरी राहत प्याकेज ल्याउन नसके त्यहाँका व्यक्तिलाई बाच्न नै कठिन हुने बताउँछन् । "हिमाली क्षेत्रका जनतालाई तत्कालै पर्यटन क्षेत्रबाट हुने आम्दानीको विकल्प दिन नसकिए विभिन्न सामाजिक समस्याहरु आउन सक्छन्", उनी भन्छन् ।

फेरिएको आय स्रोत

सन् १९५३ मा सगरमाथाको सफल आरोहणपछि कृषिमा निर्भर हिमाली क्षेत्रका जनताको आम्दानीको मूल फेरिएको थियो । एनएमएका पूर्वअध्यक्ष शेर्पा सम्झन्छन्, "हाम्रो घरमा एक सयभन्दा बढी याक, भेडाबाख्रा र गाई थिए । आलु खेती गरिन्थ्यो । तर, पर्यटन क्षेत्रमा बढी आर्जन हुन थालेपछि पुरानो काम छोड्यौं ।"

हिमालमा माउन्टेन गाइडको रूपमा काम गर्नु जोखिमपूर्ण भए पनि आर्जनका हिसाबले आकर्षक मानिन्छ । पदयात्रामा पनि उच्च हिमाली क्षेत्रमा जाने पथप्रदर्शकले बढी आर्जन गर्छन् । यस्तै, उच्च हिमाली क्षेत्रमा कुक, वेटर पोटर सबैले लिने पारिश्रमिक पहाडी वा समथर क्षेत्रभन्दा निकै बढी हुन्छ ।

सगरमाथाको शिखरमा पहिलो पटक सफलतापूर्वक पुगेको आरोहण दलका एक मात्र जीवित सदस्य ८८ वर्षीय कान्छा शेर्पा भन्छन्, "तिब्बतमा ३ दिन लगाएर भारी बोक्दा ५ रूपैयाँ कमाई हुन्थ्यो । एभरेष्टमा काम गर्दा एकै दिनमा ८ रूपैयाँ कमाएको थिएँ ।" उनको यो अनुभवबाट नै हिमालमा काम गर्ने पर्यटन श्रमिकको आर्जन कति आकर्षक थियो भन्ने प्रष्ट हुन्छ ।

तेन्जिङ नोर्गे शेर्पा र एडमण्ड हिलारीलाई सगरमाथाको चुचुरोमा पुऱ्याउँदा ७ हजार ५ सय मिटरको उचाइसम्म पुगेका शेर्पा खुम्बु क्षेत्रका मानिसलाई पेटभर खान पनि नपुग्ने अवस्थालाई पर्यटन क्षेत्रले परिवर्तन गरेको बताउँछन् । त्यसैले त शेर्पाहरु ज्यानको बाजी लगाएरै भए पनि देश-विदेशका हिमालमा काम गर्दै आएका छन् । तर, यो वर्ष कोरोनाले शेर्पाको आम्दानीको मुख्य स्रोत नै बन्द गरेको छ ।

यो वर्ष कारोना महामारीले पर्यटकीय गतिविधि ठप्प हुँदा हिमाली क्षेत्रमा निकै खराब असर परेको पर्यटन विभागका महानिर्देशक डण्डुराज घिमिरे बताउँछन् । अन्नपूर्ण, खुम्बु, लाङटाङ, मनास्लु, सिमिकोट लगायतका क्षेत्रका जनता कृषिभन्दा पनि पर्यटनमा बढी निर्भर हुँदै गएका छन् । खेतीयोग्य जमिन लामो समयदेखि बाँझो भएकाले तत्कालै कृषिमा फर्कन कठिन भएको खुम्बुपासाङ ल्हामु गाउँपालिका ५ थामेका मिङ्मातेम्बा शेर्पा बताउँछन् ।

यस्तै भनाइ छ, हुम्ला सदरमुकाम सिमिकोटका, कुनजोक लामाको । उनी भन्छन्, "विगतमा कृषिको विकल्प थिएन । त्यसैले सबै मानिसहरु कृषिमा निर्भर थिए । तर, सिमिकोटमा पर्यटकको संख्या बढेदेखि पर्यटन क्षेत्रमा काम गर्नेको संख्या बढेको छ । बाँझो खेतमा तत्कालै खेती गर्न पनि सम्भव हुँदैन् ।" हुम्ला सदरमुकाम सिमिकोट हुँदै हिल्सा नाका भएर चीनको मानसरोबर जाने पर्यटकको संख्या बढेपछि पर्यटन क्षेत्रमा निर्भर हुम्लीको संख्या बढ्दो छ ।

अलमलमा सरकार

ट्रेकिङ गाइड एसोसिएसनका अध्यक्ष कर्मा घले केही व्यवसायीले व्यक्तिगत पहलमा सहयोग गरे पनि पर्यटन क्षेत्रमा काम गर्ने ठूलो संख्यामा रहेका श्रमिकले कुनै सहयोग नपाएको बताउँछन् । "हामीले सरकारलाई पनि सहयोग गर्न आग्रह गरेका छौं," उनी भन्छन्, "तर, लकडाउन सुरू भएको साढे तीन महिना हुँदा पनि सरकारबाट कुनै सहयोग पाएका छैनौं ।"

सरकारले नयाँ पर्यटकीय गन्तव्य विकास, पुराना पर्यटकीय गन्तव्यको सुदृढीकरण, पदमार्ग व्यवस्थापन लगायतका क्षेत्रमा रोजगारी दिने प्रतिबद्धता व्यक्त गरे पनि कार्यान्वयन हुन नसकेको घलेको भनाइ छ । संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय पनि पर्यटन क्षेत्रमा कार्यरत श्रमिकलाई कसरी सहयोग गर्ने भन्नेमा अलमलमै देखिएको छ ।

मन्त्रालयका प्रवक्ता रूद्रसिंह तामाङ राष्ट्रिय योजना आयोगले बनाइरहेको 'पोष्ट कोभिड एसिस्टमेन्ट प्लान (पीसीएनए)' का आधारमा मन्त्रालयले पर्यटन क्षेत्रलाई सम्बोधन गर्ने बताउँछन् । "कोरोना महामारी निरन्तर रहेकाले योजना आयोगको प्रतिवेदन कहिले बन्छ एकिन छैन," उनी भन्छन्, "हाललाई संयुक्त राष्ट्र विकास कार्यक्रम (यूएनडीपी) सँगको सहकार्यमा नेपाल पर्यटन बोर्डले केही राहत कार्यक्रम ल्याउन लागेको छ ।"

बोर्डले यूएनडीपीसँगको सहकार्यका करिब २ करोड रूपैयाँ बराबरको राहत प्याकेज ल्याउन लागेको प्रवक्ता तामाङले जानकारी दिए । ट्रेकिङ गाइड एसोसियसनका अध्यक्ष घले २ करोडको राहत प्याकेज पर्यटन क्षेत्रमा काम गरिरहेका श्रमिकका लागि पर्याप्त नहुने बताउँछन् । "अहिले हाम्रो आम्दानीको स्रोत छैन । पर्यटन क्षेत्रमा भन्दा अन्यत्र काम पनि गरेका छैनौं । नयाँ क्षेत्रमा गयौं भने सन्यबाट सुरू गर्नुपर्छ," घले भन्छन्, "यस्तो अवस्थामा सरकारले गर्ने सहयोग नाम मात्रको भयो भने झनै अप्ठ्यारो हुन्छ ।"

ज्यालादारी श्रमिकको कन्तविजोग

मधुजंग पाण्डे

काठमाडौं । कोरोनाका कारण सरकारले लागू गेरको लकडाउनले अहिले सबैभन्दा बढी मर्कामा दैनिक ज्यालादारीको परमा जीवीको चलाउँदै आएका श्रमिक/कामदार परेका छन् ।

बिहान कमाएर बेलुका चुलो बाल्नुपर्ने यी श्रमिक कामदारसँग अहिले न काम छ नत बचत नै । विश्व कोरोना रोगसँग डराएका बेला यीनीहरूमा भोकले मरिन्छ भन्ने डरा छ ।

सरकारले ११ चैतदेखि गरेको लकडाउनको अवधि थप्दै असार १ देखि आंशिक खुला गरेको छ । लकडाउन केही खुकुलो भए पनि आर्थिक क्रियाकलापले गति लिन सकेको छैन । लकडाउन जति लम्बिँदै छ, संक्रमितको संख्या झनै धेरै थपिएको अवस्था छ । आम नागरिकमा कोरोनाको डर छँदैछ, लकडाउन लम्बिँदै जाँदा सबै आर्थिक-सामाजिक गतिविधिमा परेको बाधा/अवरोधले दैनिक काम गरेर जिविको चलाउँदै आएका मजदुरमा थप चिन्ता बढाएको छ ।

भोकले मरिन्छ की भन्ने चिन्ताले छटपटाइरहेका मजदुर मात्र नभएर अहिले आम मुलुकवासी उकुसमुकुस भइसके पनि लामो समयदेखि जारी लकडाउनको विकल्प सरकारले पहिल्याउन सकेको छैन । जसका कारण

अहिले सर्वसाधारणबीच जोखिमको क्षेत्रमा विशेष ध्यान दिएर सुरक्षित विधि अपनाउँदै लकडाउन खोल्नुपर्छ भन्ने आवाज घनीभूत हुँदैछ । लकडाउनले काम गर्न नपाएका कामदारलाई कहिले लकडाउन पूर्ण रूपमा खुला र काम गर्न पाइएला भन्ने लागिरहेको छ ।

अहिले उद्योग/व्यवसाय न्युन मात्रामा मात्र सञ्चालित छन् । उद्योग प्रतिष्ठान बन्द भएको बेलामा उद्योगीले कामदारलाई पारिश्रमिक दिएका छैनन् । करिब ८० प्रतिशत उद्योग/प्रतिष्ठानका कार्यरत कामदारले लकडाउन सुरू भए याताको पारिश्रमिक नपाएको नेपाल ट्रेडयुनियन महासंघ (जिफन्ट) ले जनाएको छ । जिफन्टका अध्यक्ष विनोद श्रेष्ठका अनुसार अहिलेसम्म गरिएको सर्वेक्षणमा अझै करिब ८५ प्रतिशत उद्योग/प्रतिष्ठानमा कार्यरत कामदारले लकडाउन सुरू भए याताको पारिश्रमिक नपाएको जानकारी गराएका छन्।

जिफन्टले कोरोना भाइरस (कोभिड-१९) का कारण श्रमिकलाई परेको समस्याको सम्बन्धमा छोटो सर्भेक्षण गरेको थियो । त्यसले नेपाली श्रमिकको अवस्था निकै दयनीय एवं नाजुक रहेको देखाएको छ ।

उनले जिफन्टले गरेको सर्वेक्षणमा विराटनगरदेखि कैलालीसम्मका उद्योग, होटल, निर्माण कम्पनी, निजी विद्यालय, टेक्सटाइल तथा गार्मेन्टदेखि स्वास्थ्य संस्थासम्म गरी ३ सय २३ प्रतिष्ठान समेटिएको जानकारी दिए ।

सत्तापक्ष दल नेकपाको भ्रातृसंस्था जिफन्टले गरेको सर्वेक्षणअनुसार गत चैतमा ३१ दशमलव ५७ प्रतिशत प्रतिष्ठानले श्रमिकलाई पूरा पारिश्रमिक दिएको देखिएको छ । सोही अवधीमा ७ दशमलव ४३ प्रतिशतले आंशिक भुक्तानी गरेका छन् भने १८ दशमलव ८८ प्रतिशतले पेश्कीको रूपमा पारिश्रमिक उपलब्ध गराएका छन् । सर्वेक्षणमा संलग्न उद्योग, प्रतिष्ठानमध्ये अधिकाश प्रतिष्ठान सामाजिक सुरक्षा कोषमा सूचीकरण नभएको देखिएको छ । यसले गर्दा कोरोना संकटको बेला विभिन्न उद्योग/प्रतिष्ठानमा कार्यरत श्रमिकको जीवन थप जोखिम छ ।

उनीहरूका अनुसार 'श्रम र रोजगार'अर्थतन्त्रको महत्वपूर्ण पाटो हो । त्यसैले कोरोना कहरले थलिएको मुलुकको अर्थतन्त्रलाई पहिलेकै अवस्थामा चलायमान बनाउन सरकारले विगतका आर्थिक वर्षहरूमा जस्तो सामान्य तरिकाले काम गर्नु हुँदैन । आर्थिक र रोजगारी क्षेत्रमा पुऱ्याएका क्षतिमा केन्द्रित भएर काम गर्नुपर्ने हुन्छ ।

सरकारको अबको ध्यान आत्म निर्भरता बनाउनेतर्फ गएको देखिन्छ । चालू आवको बजेटमार्फत सरकारले नयाँ व्यवसाय सञ्चालन गर्न चाहनेलाई २ प्रतिशत ब्याजदरमा ऋण उपलब्ध गराउने भएको छ । यस्तो ब्याजमा अनुदान दिन आगामी आवको बजेटमा ५० करोड रूपैयाँ विनियोजन गरिएको अर्थमन्त्री युवराज खतिवडाले जानकारी गराएका थिए ।

खतिवडाले रोजगारी सिर्जना गर्नु अहिलेको बजेटको पहिलो दायित्व भएको बताएका छन् । मजदुरको जीवन सुरक्षा गर्दै श्रमलाई काममा जोड्ने र जनसांख्यिक लाभको मुलुकले फाइदा लिनसक्ने गरी आन्तरिक श्रम परिचालन हुने गरी नयाँ बजेट ल्याएको उनको दाबी छ ।

अर्कोतिर विदेशबाट आउने पनि अहिले कामविहीन भएका छन् । आगामी दिनमा लाखौंको संख्यामा फर्कने नेपालीलाई स्वदेशमै रोजगारीको वातावरण बनाउन पुरानो नीतिले काम नगर्ने विज्ञहरूको सुझाव छ ।

वैदेशिक रोजगारीबाट फर्किएका जनशक्तिलाई आन्तरिक रोजगारीमा जोड्नका लागि सरकारले विभिन्न योजना सार्वजनिक गरेको छ । यो वर्ष कम्तीमा ८ लाख नागरिकलाई नयाँ रोजगारी सिर्जना गर्ने सरकारको घोषणा छ ।

यसका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम, युवा स्वरोजगार, गरिबका लागि लघुउद्यम, वन पैदावारमा आधारित रोजगार, गरिबी निवारण कोषलगायतबाट रोजगारी सिर्जना गरिनेछ । साना किसान कर्जा कार्यक्रम मार्फत पनि रोजगारी र उत्पादनमा वृद्धि गर्न साना किसान विकास बैंकमार्फत ३ अर्ब ६० करोड बजेट विनियोजन गरिएको छ । गरिबका लागि लघुउद्यम कार्यक्रमबाट १ लाख ३० हजार रोजगार सिर्जना गर्ने आँकलन गरिएको छ ।

सरकारले कृषिमार्फत बेरोजगारी दर अन्त्य गर्ने योजना अघि सारेको छ । आगामी वर्षको बजेटमा सरकारले प्रधानमन्त्री रोजगार कार्यक्रम र प्रधानमन्त्री आधुनिकीरण कृषि परियोजन मुख्य आधार बनाएर यो क्षेत्रको बजेट निर्माण गरेको र बजेटमा आएअनुसारका योजना कार्यान्वयन गर्ने लक्ष्य लिएको छ । जसका लागि सरकारले आगामी आर्थिक वर्षदेखि देशभित्र श्रम र रोजगार तथा कृषिलाई प्रथामिकता राखेर बजेट छुट्याएर मात्र नहुने समग्र वेरोजगारी समस्या समाधानका लागि केन्द्रित हुनुपर्ने सम्बन्धित विज्ञहरूको भनाइ छ ।

श्रम विज्ञ एवं राष्ट्रिय योजना आयोगका पूर्वसदस्य डा. गणेश गुरूङले युवालाई रोजगारीसँगै उद्यमी बनाउन विषेश कार्यक्रम सञ्चालन गरिनुपने बताए । नेपाल कृषिमा अझ धेरै पछाडि रहेकाले अब प्रविधियुक्त कृषिमा युवाको आकषण बढाउनुपर्ने भन्दै उनले जीडीपी बढाउनका लागि योजनामा केन्द्रित भएर काम गर्नुपर्ने धारणा राखे ।

उनका अनुसार सरकारले रोजगारीको दायरा बढाउन अहिले कृषिलाई जोड दिएपनि कृषिमा कस्ता सम्भावना छन् भन्नेमा पहिला अध्ययन गर्नुपर्छ । कृषिमा कस्ता रोजगारी सिर्जना हुन्छन् । त्यसको पहिचान गर्नुपर्छ । कृषिमा रोजगारीका सम्भावना छ भनेर मात्र हुँदैन काम गर्नुपर्छ । कोरोनापछि सरकारले कृषिबाटै रोजगारी र

आर्थिक भार बेहोर्ने लक्ष्य लिएको छ । तर, सम्भावनाबारे राम्रो अध्ययन गरेको छैन । यसअघि यस्तै हचुवाको भरमा गरिएका लक्ष्यले सरकारले अपेक्षाकृत रूपमा सफलता पाएको छैन ।

यस्तो छ श्रममा सरकारले गर्दै आएको खर्चको अवस्था

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमार्फत सरकारले विगत ३ वर्षको अवधिमा प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि १९ अर्ब ७१ करोड खर्च गरेको छ । सरकारले आर्थिक वर्ष २०७५/०७६ मा ३ अर्ब १० करोड, चालू आव २०७६/७७ मा ५ अर्ब १ करोड बजेट विनियोजन गरेको थियो । आगामी आवका लागि २ लाख रोजगारी दिने भन्दै सरकारले ११ अर्ब ६० करोड रूपैयाँ बजेट विनियोजन गरेको छ ।

श्रम मन्त्रालयले चालू आवभित्र देशभर युवालाई ६० हजार रोजगारीका लागि ५ अर्ब १ करोड रूपैयाँ खर्च गर्न लागेको कार्य योजना सार्वजानिक गरेको छ । तर, कोरोना भाइरसका कारण यो कार्यक्रमले पूर्णता पाउन सकेन ।

गत वर्ष प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि देशभरबाट १७ लाख बेरोजगार युवाको आवेदन परेको थियो । जसमा १ लाख ८७ हजार युवाले मौसमी रोजगारी पाएका थिए । यति रोजगारीका लागि ३ अर्ब १० करोड बजेट खर्च भएको हो ।

आगामी बजेटमार्फत सरकारले प्रधानमन्त्री रोजगार कार्यक्रममा २ लाख रोजगारी उपलब्ध गराउन ११ अर्ब ६० करोड, सीपमूलक तालिममार्फत ५० हजार जनालाई रोजगारी दिन १ अर्ब विनियोजन गरेको छ ।

प्रदेश र स्थानीय तहलाई १ खर्ब ४५ अर्ब २२ करोड समानीकरण अनुदान दिने, श्रम स्वीकृति नलिए विदेशी कामदारले रोजगारी नपाउने, साना किसान कर्जाबाट ४० हजार रोजगारी सिर्जना गर्ने लक्ष्य लिएको छ । आगामी वर्ष ७५ हजारलाई सीपमूलक तालिम दिन ४ अर्ब ३४ करोड रूपैयाँ बजेट विनयोजन गरेको छ । यस्तै, सीपमूलक तालिममार्फत ५० हजार जनालाई रोजगारी दिन १ अर्ब रूपैयाँ विनियोजन गरेको छ । सामाजिक सुरक्षा भत्ताका लागि ६७ अर्ब ५० करोड रूपैयाँ विनियोजन गरेको सरकारले वैदेशिक रोजगारीबाट फर्किएका कामदारलाई सीपको पहिचान गरेर रोजगारी र अनुदान दिने नीति लिएको छ ।

यसैगरी, कृषि क्षेत्रमा आगामी वर्ष मुलुकलाई तरकारी र मासुमा आत्मनिर्भर बनाउने, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनका लागि ३ अर्ब २२ करोड सरकारले प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रमलाई थप प्रभावकारी बनाएर अघि बढाउने बजेटमा उल्लेख गरेको छ ।

अझै घटेन श्रमिकका समस्या

२००७ सालपछि नेपालमा राजनीतिक परिवर्तनका लागि ठूला-ठूला आन्दोलन भए । हरेक ३ दशकका बीचमा भएको यस्ता परिवर्तनकारी आन्दोलनमा मजदुर वर्गको ठूलो योगदान छ । उनीहरूले आन्दोलनमा होमिँदा आफ्ना माग राजनीतिक स्वार्थका लागि होइन । मजदुरको हकहितका लागि आन्दोलनमा राजनीतिक दललाई सहयोग गरेका थिए । अहिले ति राजनीतिक दलहरूले समेत मजदुरलाई अन्दोलनका लागि मात्र प्रयोग गरेको सम्बन्धित सरोकारवालाहरूले आरोप लगाएका छन । नेपालमा अन्दोलनको सुरूवात मजदुरकै नामबाट भएको थियो अहिले कोरोना कहरको समस्यामा परेका श्रमिकलाई ति राजनीतिक दलका नेताहरु लगायत सबैतिरबाट उपेक्षा भएको अधिकांश मजदुरको दुःखेसो छ ।

वर्तमान प्रधानमन्त्री केपी शर्मा ओली र रक्षामन्त्री ईश्वर पोखरेलले पनि त्यतिबेला किसान, मजदुर आन्दोलनको नेतृत्व गरेका थिए । अहिले सरकार सर्वहारा वर्गको आवाज उठाउने नेपाल कम्युनिस्ट पार्टीको हातमा छ । २ दशकअघि मजदुर आन्दोलनको नेतृत्व गरेका उनै नेताहरु अहिले सरकार चलाउने सत्तामा छन् ।

तर, कोरोनाको महामारीकाबीच काठमाडौंका विभिन्न क्षेत्रमा काम गर्ने श्रमिक हप्तौंसम्म भोकै हिँडेर आफ्नो गाउँ घर फर्कन बाध्य भए भने अहिले लाखौं कामदारको रोजगारी समेत गुमेको अवस्था छ ।

यस्तो समस्याका बेला सरकारले अझै श्रमिक/कामदारका लागि आधिकारिक रूपमा कुनै राहत कार्यक्रम ल्याउन नसकेको अधिकाँश श्रमिक अधिकारकर्मीहरूको गुनासो छ ।

सरकारले गत आवदेखि श्रमिकका लागि भनेर योगदानमा आधारित सामाजिक सुरक्षा कोष कार्यक्रम ल्याएको थियो । तर, कोषमा सहभागी हुन सरकारकै कारण श्रमिक बञ्चित छन् । सरकारले रोजगारदाता कम्पनीलाई अनिवार्य कोषमा सूचीकरण हुन निर्देशन दिए पनि अझै धेरै उद्योग, कलकारखाना र प्रतिष्ठानले टेरेका छैनन् । सरकारकै आडमा रोजगारदाता कम्पनीले आफ्ना कामदारको सुरक्षाका लागि खडा भएको कोषमा जान नमानेको उनीहरूको आरोप छ ।

सरकारले श्रम ऐन-२०७४ र श्रम नियमावली- २०७५ ले श्रमिकका समस्या समाधान गर्ने दाबी गर्दै आएको छ । तर, देशभित्र काम गर्ने श्रमिकका पक्षमा श्रम ऐन र नियमावली बनाइए पनि न्यूनतम पारिश्रमिकको समस्या अझै उस्तै छ । कतिपय ज्यालादारी/करार श्रमिकले सरकारले तोकेको न्यूनतम पारिश्रमिक पनि नपाएको गुनासो श्रम अदालतमा छ । अहिलेसम्म श्रम अदालत चुपचाप बसेको उनीहरूको गुनासो छ ।

हवाई सेवाको ५ अर्ब नोक्सानी

टीपी भुसाल

काठमाडौं । कोरोना महामारीको कारण साढे चार महिना व्यावसायिक उडान बन्द रहँदा नेपालको निजी क्षेत्रका हवाई सेवा कम्पनीले ५ अर्बभन्दा बढी नोक्सानी बेहोर्नु पर्ने अनुमान गरिएको छ । मुलुकमा खुला बजार नीति आएपछि फष्टाएका धेरै क्षेत्रमध्ये यो पनि एक हो ।

सिजनकै समयमा चार महिनाभन्दा बढी व्यावसायिक उडान बन्द हुँदा ठूलो नोक्सानी बेहोर्नु पर्ने अनुमान हवाई सेवा सञ्चालक संघ (आवोन) को छ । गत वर्ष चैत ११ बाट जारी गरिएको लकडाउन साउन ७ गतेबाट खुला गरिए पनि हवाई उडान अझै बन्द छन् ।

सरकारले उडान खुलामा मिति सार्दै लगेको छ । पहिले भदौ १ बाट उडान सेवा खुला गर्ने बताएको सरकारले अहिले यसलाई भदौ १६ मा पुऱ्याएको छ ।

लकडाउनको समयमा केही राहत तथा चार्टर उडानबाहेक कुनै उडान हुन नसक्दा उड्डयन क्षेत्रले ठूलो नोक्सानी बेहोर्नु परेको आवोनका प्रवक्ता महासचिव मनोज कार्कीले जानकारी दिए ।

उनले कोरोनाले सबैभन्दा बढी प्रभावित पर्यटन क्षेत्र अन्तर्गत उड्डयन क्षेत्र परेकाले यसलाई पहिलेकै अवस्थामा ल्याउन डेढदेखि दुई वर्षको समय लाग्न सक्ने बताए ।

लकडाउनले गर्दा प्रायः उडान ठप्प भएकाले यो अवधिमा निजी क्षेत्रका हवाई सेवा प्रदायकहरूले करिब ५ अर्ब बराबरको नोक्सानी बेहोरेको महासचिव कार्कीले बताए ।

'हवाई सेवा कम्पनीहरूले दैनिक ४ लाख ५० हजार डलर अर्थात् दैनिक ५ करोडभन्दा बढी आम्दानी गर्दै आएका थिए । चैतदेखि भदौ १ सम्मको यो बीचमा अन्तर्राष्ट्रिय उडानमा हिमालय एयरलाइन्सका केही राहत तथा मेडिकल उडानहरु, अन्य वायुसेवा कम्पनीका केही राहत उडानबाहेकका उडान भएको छैन । यस्तो अवस्थामा करिब ५ अर्बको नोक्सानी हुने हाम्रो अनुमान छ', उनले भने ।

अन्तर्राष्ट्रिय उद्धार तथा मेडिकल उडानमा नेपाल वायुसेवा निगम र हिमालय एयरलायन्सले केही उडान गरे पनि आन्तरिकमा ज्यादै न्यून उडान भएको र सिजनमै भएको लकडाउनले उड्डयन क्षेत्र नराम्ररी प्रभावित भएको छ ।

वायु सेवाको ५ अर्ब रकम निजी क्षेत्रको मात्र हो । यो रकममा नेपाल वायुसेवा निगमको नोक्सान भने जोडिएको छैन । यसअघि निजी क्षेत्रका हवाई सेवा प्रदायकले पर्यटन मन्त्रालयमा करीब १० अर्ब नोक्सानी बेहोर्नु पर्ने आंकलनसहितको विवरण पेस गरेका थिए ।

यस्तै लकडाउनको चार महिनाको अवधिमा उक्त क्षेत्रमा आबद्ध कुल जनशक्तिको १० प्रतिशत जनशक्ति मात्रै काममा आएको र ९० प्रतिशत जनशक्ति घरमै बस्न बाध्य भएको आवोनका प्रवक्ता योगराज शर्मा कँडेलले बताए ।

'उडानहरु नहुँदा हामीले सबै जनशक्तिलाई काम दिने अवस्था रहेन । यो बीचमा बढीमा १० प्रतिशत जति जनशक्तिलाई मात्र काममा बोलाएका थियौं । अब खुले पनि तत्कालै सबै जनशक्ति काममा फर्कने अवस्था नरहन पनि सक्छ', उनले भने, 'तत्काल उडान सुरू भए पनि पहिले जस्तो यात्रुको चाप नरहन सक्छ । यो अवस्थामा सबै जनशक्ति काममा फर्कन समय पक्कै लाग्ने छ ।'

उनका अनुसार उड्डयन क्षेत्रमा प्रत्यक्ष रूपमा करिब ४ हजार र अप्रत्यक्ष रूपमा करिब १५ हजार जनशक्ति आबद्ध छन् । उडान बन्द हुँदा कर्मचारीको पारिश्रमिक भुक्तानीमा पनि असर परेको आवोनले बताएको छ । प्रवक्ता कंडेलका अनुसार उडान नियमित नभए पनि कर्मचारीहरूको करिब ५० प्रतिशत तलब भुक्तानी गरिएको र ५० प्रतिशत जति बाँकी नै रहेको छ ।

सन् २०२० को जनवरी अर्थात् वि.सं. २०७६ पुसको दोस्रो साता) बाट सुरू भएको भ्रमण वर्ष २०२० मा २० लाख पर्यटक नेपाल भित्र्याउने सरकारको योजना रहेकाले भ्रमण वर्षले उड्डयन क्षेत्रमा आय वृद्धि हुने अपेक्षा गरिएकोमा महामारीको कारणले उड्डयन क्षेत्र नराम्ररी प्रभावित हुन पुगेको आवोनका प्रवक्ता कँडेलले बताए ।

नेपालमा आउने पर्यटकमध्ये करिब ८० प्रतिशत पर्यटक हवाई मार्गबाट आउने गरेको र यो भ्रमण वर्षमा अझै बढ्ने अपेक्षा हवाई सेवा कम्पनीहरूको थियो । यसले गर्दा आन्तरिक रूपमा चल्ने विमान कम्पनीको उडान चाप र आम्दानी दुवै बढ्ने अपेक्षा थियो । तर, सन् २०२० को सुरूबाट नै महामारीको रूपमा संसारभर फैलिएको कोरोना भाइरसका कारण उड्डयन व्यवसाय ठप्प बन्न पुगेको थियो ।

सरकारले भदौ १ गतेबाट उडान सुरू गर्ने निर्णय गरिसकेकाले अब सञ्चालन खर्च तथा तलब भुक्तानीका लागि कम्पनीहरूलाई तत्काल नगद अभाव रहने हुँदा सरकारले स्थापना गर्ने भनेको ५० अर्ब रूपैयाँको कोष तत्काल व्यवस्था गर्नुपर्ने उनको धारणा छ ।

हाल नियमित उडानका १० वटा वायुसेवा कम्पनी र १० वटा हेलिकप्टर कम्पनी पनि छन् । यी वायुसेवासँग ६० वटा जहाज नियमित उडानका जहाज र ३३ ओटा हेलिकप्टर रहेको वायुसेवा सञ्चालक संघले जानकारी दिएको छ ।

आन्तरिक उडान गर्ने कम्पनीलाई टिक्न अहिले ठूलो चुनौती सिर्जना भएको छ । सिजनमा प्रतिघण्टा २ हजार १०० अमेरिकी डलरसम्ममा उडान गर्ने विमानको अहिले चार्टर्ड दर करिब १ हजार डलर प्रतिघण्टामा सीमित भएको उनको धारणा छ ।

एक वर्षमा एउटा हेलिकप्टरले १ हजार ५०० घण्टासम्म र फिक्सविङ्सले ८०० घण्टासम्म उडान गर्ने गरेको संघको तथ्यांक छ । आन्तरिक उडानमा विदेशी पर्यटकबाट डलर फेयरमा भाडा लिइने हुँदा वायुसेवा कम्पनीहरूलाई केही राहत हुने गरे पनि अब उडान हुँदा त्यो अवस्था नरहने भएकोले पनि नोक्सानीलाई कभर गर्न समय लाग्ने आवोनको धारणा छ ।

बन्दाबन्दी खुले पनि कोरोना संक्रमणको जोखिम कायमै रहेकाले तत्काल सबै उडान सम्भव नहुने भएकाले भदौ १ देखि आन्तरिक तथा अन्तरराष्ट्रिय दुवैतर्फ सीमित उडान हुने हुनाले उड्यन क्षेत्र लयमा फर्कन समय लाग्ने त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल कार्यालयमा महाप्रबन्धक देवेन्द्र केसीले बताए ।

उडान खुले पनि पहिले जस्तो यात्रुहरु पनि नहुने भएकाले दुवैतर्फ सीमित उडान गरिनेछ । अवस्था हरेर क्रमशः उडानहरु थप्दै लैजाने उनले जानकारी दिए ।

विमानस्थल कार्यालयका अनुसार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा पिक सिजनमा आन्तरिक तथा बाह्य गरी ५ सय उडान तथा अवतरण हुने गर्थ्यो भने सामान्य अवस्थामा दैनिक ३ सय ७० हुने गर्थ्यो ।

पर्वतीय पर्यटनका डेढ लाख जनशक्ति बेरोजगार, १० अर्ब क्षति

टीपी भुसाल

काठमाडौं । कोरोना भाइरसका कारण पर्वतीय पर्यटन (ट्रेकिङ र पर्वतारोहण) क्षेत्रमा आबद्ध डेढ लाखभन्दा बढी श्रमशक्ति बेरोजगार बनेका छन् ।

यो वर्षको मुख्य सिजनको साढे चार महीना यो क्षेत्र पूर्णरूपमा ठप्प हुँदा यस क्षेत्रमा आवद्ध नेपालको पर्वतीय पर्यटन क्षेत्रले करीब १० अर्बभन्दा बढिको नोक्सानी बेहोर्नु परेको ट्रेकिङ तथा पर्वतारोहणसँग सम्बन्धित संस्थाहरूले जानकारी दिए ।

नेपाल माउण्टेनियरिङ एसोसिएसन (एनएमए)का अनुसार पर्वतारोहण क्षेत्रमा मात्र प्रत्यक्ष र अप्रत्यक्ष गरी १ लाख २५ हजारभन्दा बढी जनशक्ति आबद्ध छन् । यस्तै ट्रेकिङ एजेन्सिज एसोसिएसन नेपाल (टान)का अनुसार ट्रेकिङ क्षेत्रमा २५ हजार जनाभन्दा बढी जनशक्ति छन् ।

नेपाल पर्यटन बोर्डको तथ्यांकअनुसार नेपालको पर्वतारोहण तथा पदयात्रामा करिब ९० हजार मजदुर कार्यरत छन् । पर्यटन मन्त्रालयका सचिव केदारबहादुर अधिकारीले लकडाउन तथा सो अवधि पछि तत्कालै रोजगारी सिर्जना गर्न सकिने क्षेत्रहरु पहिचान गरी ३० दिनका लागि करिब ४ हजार रोजगारी सिर्जना गर्ने योजना बनाएको बताए । तर, लकडाउनको अवस्था सहज नबन्दा त्यो कार्यान्वयन हुने अवस्था देखिएको छैन ।

कोरोनाको कारण यो जनशक्ति पूर्णरूपमा बेरोजगार बनेको एनएमएका महासचिव कुलबहादुर गुरूङले जानकारी दिए । 'राजस्वका हिसाबले करोडौंको राजस्व गुमेको छ । एउटा पर्यटक आउँदा उसले तिर्ने राजस्वसँगै उसले गर्ने अन्य खर्च जोड्दा ठूलो रकम खर्चेको हुन्छ । अहिले यो क्षेत्र शून्य आय र शून्य रोजगारीको अवस्थामा छ,' उनले भने ।

सन् २०१९ मा ११ लाख ९७ हजार १९१ जना पर्यटकले नेपाल भ्रमण गरेकोमा करिब २ लाख पर्यटक ट्रेकिङ तथा पर्वतारोहणका लागि नेपाल आएको पर्यटन मन्त्रालयको तथ्यांकमा उल्लेख छ । यो देश भित्रिने कुल पर्यटकमध्ये १६ प्रतिशत हो । पर्वतीय पर्यटनका लागि आउने संख्या प्रतिशतमा थोरै देखिए तापनि पर्यटकको बसाई अवधि र उनीहरूले गर्ने प्रतिव्यक्ति औसत खर्चका आधारमा देशको पर्यटन क्षेत्रमा ट्रेकिङ तथा पर्वतारोहणका लागि आउने पर्यटकको योगदान बढि रहेको टानका अध्यक्ष खुम सुवेदीले बताए ।

'नेपालका अधिकांश ट्रेकिङमार्गका लागि पर्यटक कम्तीमा तीन साता नेपालमा बस्ने गर्दछन् । यस्तै पर्वतारोहणमा जाने पर्यटकले ट्रेकिङमाभन्दा कैयौं गुणा बढी समय र रकम खर्च गरेको हुन्छ । यसर्थ, नेपाल आउने पर्यटकको औसत खर्च अनुपात र नेपाल बसाई अवधिभन्दा ट्रेकिङ र पर्वतारोहणका लागि आउने पर्यटकहरूको योगदान निकै बढी रहेको हुन्छ । यो सबै कोरोनाको कारण गुमेको छ,' उनले भने ।

खासगरी राज्यलाई सिधै प्राप्त हुने राजस्व तथा पर्यटकले गर्ने अन्य खर्चको समग्र हिसाब गर्दा रु १० अर्बभन्दा बढिको नोक्सानी अनुमान गरिएको ती संस्थाहरूको धारणा छ । संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका अनुसार कोरोनाको कारण नेपालको समग्र पर्यटन क्षेत्रले ४२ अर्ब रूपैयाँभन्दा बढिको नोक्सानी ब्यहोर्नु परेको छ । पर्यटन विभागका अनुसार आर्थिक वर्ष ०७६र०७७ मा विभागले पर्वतारोहणबाट रु ५६ करोड र एनएमएले १२ करोड रूपैयाँ गरी ६८ करोड रूपैयाँ राजस्व संकलन गरेका थिए ।

पर्यटन विभागका अनुसार नेपाल बस्ने पर्यटकको औसत बसाई अवधि १३ दिन र प्रतिदिन उनीहरूले गर्ने खर्च ४८ अमेरिकी डलर छ । टानका महासचिव सरिता लामाका अनुसार पर्यटन विभाग, ट्रेकिङ तथा पर्वतारोहण शाखामा दर्ता रहेका झण्डै ३ हजार एजेन्सीमध्ये ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल (टान)मा १ हजार ९८० वटा कम्पनी आबद्ध छन् ।

वार्षिक २ लाख हाराहारी आउने ट्रेकरमध्ये करिब आधा जति र पर्वतारोहणमा आउने करिब ६ हजार पर्यटकले यी एजेन्सीमार्फत सेवा लिई आर्थिक कारोबार एवं लाखौंको रोजगारी सिर्जना गर्ने गरेकामा महामारीको कारण पूर्ण बेरोजगारीको अवस्था सिर्जना भएको उनले बताइन् । महासचिव लामाका अनुसार सामान्य नै भए पनि पूर्ववत् अवस्थामा फर्किन कम्तीमा पनि २ देखि ३ वर्ष लाग्नेछ ।

सरकारले असंगठित क्षेत्रका कामदार, मजदुरहरूलाई राहत दिने घोषणा गरे पनि त्यो राहत कसरी पाउने भन्ने अन्यौल रहेकोले रोजगार गुमाउनेहरूले राहत पाउन नसकेको टुरिष्ट गाइड एसोसिएसन (टुर्गन)का अध्यक्ष केदार तामाङले बताए । बेरोजगार श्रमिकहरूको हकमा हिमाल तथा ट्रेकिङ ट्रेल सरसफाई, साइनेज निर्माण जस्तो काममा लगाउने भनेपनि त्यसको खास कार्ययोजना नबन्दा रोजगार गुमाएका थप समस्यामा परेको उनले बताए ।

कोरोना कहर : गुम्यो २० लाख रोजगारी

काठमाडौं । विश्वभर फैलिएको कोरोना भाइरस (कोभिड-१९) का कारण मुलुक बन्दाबन्दीमा पर्दा स्वदेशी रोजगारी क्षेत्रमा ठूलो चुनौती थपिएको छ । त्यसै पनि स्वदेशमा पर्याप्त रोजगारीका अवसर नभएका बेला कोरोनाले झनै समस्या थपेको हो ।

अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ) का अनुसार नेपालमा कार्यरत कामदारमध्ये १६ लाखदेखि २० लाखले रोजगारी गुमाएका छन् । केन्द्रीय तथ्यांक विभागका अनुसार देशभर नौ लाख १८ हजार प्रतिष्ठान छन् । ती प्रतिष्ठानमा ३० लाखभन्दा बढी श्रमिक कार्यरत छन् । आइएलओका अनुसार उत्पादनतर्फ चार लाख ६० हजार, निर्माणतर्फ चार लाख चार हजार, होलसेल तथा रिटेल व्यापारमा सात लाख ८० हजार, यातायात तथा स्टोरेजमा दुई लाख ११ हजारले रोजगारी गुमाएका छन् । यस्तै आवास तथा फुड सर्भिसमा ६२ हजार र अन्य क्षेत्रमा ८० हजार जनाले रोजगारी गुमाएका छन् ।

कोरोनाका कारण चैत ११ देखि लकडाउन गरेको सरकारले असार १ देखि आंशिक र साउन ७ देखि खुला गरेको छ । पछिल्लो समय लकडाउन खुकुलो पारिए पनि पूर्णरूपमा उद्योग, कलकारखाना सञ्चालनमा आउन सकेको छैन । लामो दुरीका यातायात र हवाइ सेवा पनि सुरू भएको छैन ।

नेपालमा अधिकांश रोजगारी अनौपचारिक क्षेत्रमा छ । लकडाउनका कारण त्यस्ता क्षेत्रका मजदुर धेरै प्रभावित भएको आइएलओको अनुमान छ । लकडाउनका कारण घरमै बसेर काम गरी सामान्य आम्दानी गर्ने महिलासमेत प्रभावित भएका छन् ।

संयुक्त ट्रेड युनियनका अध्यक्ष विनोद श्रेष्ठका अनुसार कोरोनाका कारण रोजगारीभन्दा श्रम गुमाउनेको संख्या बढ्दै गएको बताए । 'मजदुरले लामो समयदेखि तलब खान पाएका छैनन्', उनले भने, 'कतिपय प्रतिष्ठानले कर्मचारीलाई धमाधम बेतलबीमा राखेका छन् ।' काम र तलब नपाउँदा मजदुरको रोजीरोटी खोसिएको उनले बताए । सरकारले अर्थतन्त्र चलायमान गराउन लकडाउन खुकुलो पार्ने नीति लिए पनि संक्रमण बढ्दै गएका कारण रोजगारी गुम्नेको संख्या अझै बढ्ने देखिएको उनको भनाइ छ । भारत, मलेसिया तथा खाडीबाट १० देखि १५ लाख श्रमिक रोजगारी गुमाएर फर्कने आँकलन गरिएको छ । तर, केन्द्र र प्रदेश सरकारले रोजगारी बढाउने कार्यक्रम खासै ल्याउन सकेका छैनन् । अर्थविद् चन्द्रमणि अधिकारीले तीनवटै तहका सरकारले समन्वय गरी स्थानीय तहबाटै पर्याप्त रोजगारी सिर्जना गर्नुपर्ने बताए ।

सरकारले आर्थिक वर्ष ७७/८८ को बजेटमा सात लाख ३६ हजारलाई मात्रै रोजगारी दिन सकिने कार्यक्रम ल्याएको छ। तर, अहिले २५ लाखभन्दा बढी नयाँ रोजगरी सिर्जना गर्नुपर्ने देखिएको छ । श्रमविज्ञ डा. गणेश गुरूङ रूचि र अनुभवको आधारमा काम गर्ने वातावरण सरकारले बनाउनुपर्ने बताउँछन् । 'रोजगारी गर्न चाहनेलाई उसको इच्छा अनुसार सम्बन्धित क्षेत्रमा र स्वरोजगार बन्न चाहनेलाई आवश्यक वातावरण निर्माण गर्नुपर्छ ।' सरकारले हरेक स्थानीय तहमा श्रम बैंक स्थापना गर्ने घोषणा गरेको छ । गत वर्षदेखि सुरू भएको रोजगार सेवा केन्द्रमार्फत श्रम बैंकको काम गर्ने सरकारको तयारी छ । श्रम बैंकले प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत अति विपन्नमा परेका दुई लाख जनलाई सयदिने रोजगारी दिनेछ । अन्य बेरोजगारलाई अन्तर मन्त्रालय समन्वय गरी रोजगारी दिलाउने सरकारको तयारी छ ।

नेपालमा बर्सेनि पाँच लाख व्यक्ति श्रम बजारमा आउँछन् । त्यसमध्ये ५० हजारले मात्रै रोजगारी पाउँछन् । स्वदेशमा रोजगारी नभएका कारण चार लाख ५० हजार मानिस वैदेशिक रोजगारीमा जान बाध्य छन् । अर्थविद् अधिकारीले लामो समयदेखि रोजगारी नीतिमा परिवर्तन ल्याउन नसक्दा बेरोजगारको अवस्था भयाबह बन्न पुगेको बताए । श्रमविज्ञ गुरूङका अनुसार श्रम बजरमा आउने, वैदेशिक रोजगारीबाट फर्केका र यहाँ रोजगारी गुमाउने सबैलाई व्यवस्थापन गर्ने गरी सरकारले उचित व्यवस्थापन गर्नुपर्नेछ । नेपाल नगरपालिका संघका अध्यक्ष अशोक ब्यान्जुले स्थानीयस्तरमै पर्याप्त रोजगारी सिर्जना गर्न सकिने बताए । कृषि उत्पादन, कृषिजन्य उद्योग तथा अन्य व्यवसाय क्षेत्रमा रोजगारी सिर्जना गर्न सक्नेगरी स्थानीय तहले बजेट ल्याउनुपर्ने उनको भनाइ छ ।

सरकारले केही वर्षभित्रै ७ सय ५३ वटै स्थानीय तहमा औद्योगिक ग्राम बनाउने घोषणा गरेको छ । चालू आर्थिक वर्षमा ३७ स्थानीय तहमा प्रक्रिया सुरू भइसकेको छ । सरकारले बजेटमार्फत विकास बैंकको एक शाखाले ५ जना र वणिज्य बैंकको शाखाले १० जनालाई सहुलियत कर्जा दिने घोषणा गरेको छ । यसबाट १ लाख स्वरोजगार हुन पाउनेछन् । राष्ट्रिय युवा परिषद्का कार्यकारी उपाध्यक्ष माधव ढुंगेलका अनुसार संघ सरकारको बजेटमार्फत युवालाई सरोकारी बजेट ६४ अर्ब ४९ करोड विनियोजन भएको छ । यसबाट १० लाख युवालाई रोजगारी दिन सकिने उनले बताए । कृषि, पर्यटन, जलस्रोत, खनिज तथा प्राकृतिक स्रोत साधन क्षेत्रमा उद्यमशीलता विकास गर्न सके पर्याप्त रोजगारी सिर्जना गर्न सकिने उनले बताए । उत्पादन, बजारीकरण र प्रविधिसँग जोड्दै सहुलियत कर्जा सहज बनाउन सके उद्यमशीलता बढ्ने निश्चित भएको उनको भनाइ छ ।

राष्ट्रिय योजना आयोगको साझेदारीमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले रोजगारी सिर्जना हुन सक्ने अन्य ११ वटा मन्त्रालयसँग समन्वय गरी अध्ययन गरिरहेको छ । मन्त्रालयका प्रवक्ता सुमन घिमिरेले पर्याप्त मात्रामा रोजगारी सिर्जना गर्न सरकारको ध्यान गएको बताए। सरकारले तीन खर्ब ५२ निर्माण क्षेत्रमा खर्च गर्दै आएको छ । त्यसबाट १० लाखले रोजगारी पाउँदै आएका छन्। पूर्वाधारमा निजी क्षेत्र सहितको ८ खर्ब खर्च हुँदै आएको छ । कृषि र पूर्वाधार क्षेत्रमा बढीभन्दा बढी रोजगारी सिर्जना गर्न सकिने सम्भावना देखिएकाले पर्याप्त रोजगारी सिर्जना गर्न गृहकार्य भइरहेको प्रवक्ता घिमिरेले बताए ।

विदेशबाट फर्केकालाई समस्या

काठमाडौं । लामो समयदेखि नेपाली युवाका लागि वैदेशिक रोजगारी आकर्षक बन्दै आएको छ । खाडीका विभिन्न मुलुक, मलेसिया, दक्षिण कोरिया, जापान, केही युरोपेली मुलुकलगायतमा कामको खोजीमा पुगेका युवाहरूले पठाएको रेमिटेन्सले मुलुकलाई धानेको छ । तर अचानक विश्वभर फैलिएको कोभिड १९ का कारण वैदेशिक रोजगारी समस्यामा परेको छ । कोभिडले रोजगारी गुमेपछि लाखौंको संख्यामा युवा फर्कन चाहेका छन् । स्वदेशमा पर्याप्त रोजगारीका अवसर सिर्जना हुन नसकेको अवस्थामा विदेशबाट लाखौं नेपाली फर्किएसँगै बेरोजगारी समस्या झनै भयावह हुने भएको छ ।

कोरोना भाइरस (कोभिड-१९) ले गत फागुनदेखि वैदेशिक रोजगार ठप्प छ । वैदेशिक रोजगारीमा जाने तयारीमा रहेका ४५ हजार कामदार रोकिएका छन् । यस अवधिमा भारतबाट करिब ५ लाख र खाडी, मलेसियालगायत अन्य मुलुकबाट ३५ हजार कामदार फर्किएका छन् ।

विदेशमा रोजगारी गुमाउनेको संख्या उल्लेख्य भए पनि सरकारले त्यस्ता कामदार फिर्ता ल्याउन आनाकानी गरिरहेको छ । सरकारले अन्तर्राष्ट्रिय उडान नियमित गरेपछि अहिले चाहेर पनि आउन नपाएका कामदार नियमित उडानमा आउन सक्ने जानकारहरु बताउँछन् । नेपाल वैदेशिक रोजगार व्यवसायी संघका महासचिव सुजिकुमार श्रेष्ठका अनुसार पछिल्लो समय साढे तीन लाख कामदार फर्किन सक्ने देखिएको छ। त्यसमा दुई लाख कन्ट्याक सकिएका र १ लाख ४० हजार रोजगारी गुमाएर फर्कन थालेका हुन् ।

कोभिड-१९ कति लम्बिन्छ भनेर यसै भन्न सकिने अवस्था छैन । स्वदेशमा खर्च धान्न धौ धौ भएपछि भारतबाट आएका पनि पुनः भारतमै जाने तरखरमा छन् ।

माइग्रेसन ल्याबको सहकार्यमा डायस्पोरा नेपालीको अन्तर र्राष्ट्रिय थिंकट्यांक नेपाल नीति प्रतिष्ठान (एनपीआई) ले गरेको अध्ययनअनुसार रोजगारी गुमाएका पनि स्वदेशमा अवसर नदेख्दा फर्किनुको साटो अर्को कम्पनीमा जागिरको खोजीमा रहेको पाइएको छ । एनपीआईका अध्यक्ष खगेन्द्र ढकालका अनुसार सरकारले स्थानीय तहमा रोजगारी सिर्जना गर्न सके विदेशस्थित सयौं नेपाली कामदार स्वदेश फर्किने छन् ।

यता कम्पनी टुटेर रोजगारी गुमाएकालाई सम्भव भएसम्म अर्को कम्पनीमा स्थानान्तरणको प्रयास भएको व्यवसायी

बताउँछन् । 'विदेशबाट जति फर्केर आए, राज्यलाई उति बोझ थपिन्छ', महासचिव श्रेष्ठले भने । कृषि क्षेत्रमा पर्याप्त रोजगारी सिर्जना हुने अपेक्षा गरिए पनि सरकारको स्पष्ट नीति नहुँदा कोभिड-१९ पछि वैदेशिक रोजगारी नै पहिलो रोजाइ बन्ने व्यवसायीको आँकलन छ ।

सरकारले बजेटमार्फत सात लाखदेखि १० लाखसम्म रोजगारी सिर्जना गर्न सकिने घोषणा गरेको छ । त्यसमा पनि अझै कुन क्षेत्रमा कति रोजगारी सिर्जना गर्न गर्न सकिन्छ भन्ने विषयमा अझै ठोस अध्ययन हुन सकेको छैन । श्रमविज्ञ डा. गणेश गुरूङले बेरोजगारको संख्या बढेसँगै गरिबीमा प्रत्यक्ष असर पर्ने देखिएको बताउँछन्। बेरोजगार ह्वात्तै बढेसँगै सामाजिक सदभाव बिग्रिने, विकृति र विद्रोह निम्तिन सक्ने आशंका व्यक्त गर्छन् ।

गरिबी हटाउनमा वैदेशिक रोजगारीले महत्वपूर्ण भूमिका खेलेको छ। देशको अर्थतन्त्र रेमिट्यान्समै निर्भर छ । श्रम सर्वेक्षण २०११ का अनुसार ५४ लाख घरधुरी रहेकोमा ६० प्रतिशत परिवारले रेमिट्यान्स प्राप्त गर्छन् । वैदेशिक रोजगारीमा रहेकामध्ये अधिकांश निम्न मध्यम वर्गीय परिवार हुन् । वैदेशिक रोजगारीको बाहुल्यता बढेसँगै खर्च गर्ने संस्कार पनि फेरिएको छ । हिजो गाउँघरमै हुने परिवारको एक जना सदस्य वैदेशिक रोजगारीमा जानेबित्तिकै सहर पस्ने, छोराछोरीलाई राम्रो शिक्षा, स्वास्थ्य, सञ्चारलगायत दैनिक उपभोग्य क्षेत्रमै खर्च गर्ने प्रवृत्ति बढ्दै गएको हो ।

'विदेशबाट रोजगारी गुमाएर फर्किंदा गरिबीको रेखामुनि रहेकाको आयमा कमी आउने भयो', गुरूङ भन्छन्, 'दैनिक उपभोग्य खर्च धान्न समस्या हुनुका साथै ग्रामीण अर्थतन्त्र चलायमान नहुने खतरा छ।' ती वर्ग रोजगारीमा जोडिन नसकेपछि ती निमुखाको जीविकोपार्जन गर्न समस्या हुने, छोराछोरीको स्कुलको शुल्क तिर्न समस्या हुदाँ विद्रोह हुन सक्ने देखिएको छ ।

मुलुकमा २०५२ बाट सशस्त्र द्वन्द्व सुरू भई २०६२/६३ मा अन्त्य भयो। त्यतिबेला गरिबी ४२ प्रतिशत थियो । केन्द्रीय तथ्यांक विभागले सन् २००४ मा सर्वेक्षण गर्दा गरिबीको दर ३०.८ प्रतिशतमा झऱ्यो। सन् २०३० सम्म गरिबी घटाउने सरकारले लक्ष्य लिए पनि अझै पनि गरिबीको दर १८ प्रतिशतभन्दा माथि छ । गरिबी निवारणसम्बन्धी ठोस काम हुन नसकिरहेको अवस्थामा पछिल्लो समय कोभिड १९ ले बेरोजगार संख्या बढ्नुका साथै गरिबी पनि बढ्ने विज्ञहरू बताउँछन् ।

द्वन्द्वकालमा कार्पेट, गार्मेन्ट, पश्मिना, उद्योग, निर्माण क्षेत्र, कलकारखाना, व्यवसाय सबै थप्प भयो । अहिले पनि कृषि तथा औद्योगिक क्षेत्र फस्टाउन सकेको छैन । अर्थविद् डा. चन्द्रमणि अधिकारीका अनुसार २०६२/६३ पछि पनि सरकारको रोजगार नीतिमा परिवर्तन नहुँदा बेरोजगारी बढ्नुका साथै गरिबीमा प्रत्यक्ष प्रभाव परेको छ । त्यसो त सरकारले स्वदेशमा कुनै रोजगारी सिर्जना गर्न चासो नदेखाउँदा दैनिक एक हजार पाँच सयसम्म वैदेशिक रोजगारीमा जान थालेका छन् । हाम्रो कुल गार्हस्थ्य उत्पादन (जीडीपी) को आकारसँग तुलना गर्दा रेमिट्यान्स आय २४ प्रतिशतसम्म पुगेको छ ।

कोरोनाका कारण गत आर्थिक वर्षमा वैदेशिक रोजगारीमा जानेको संख्यामा उल्लेख्य गिरावट आएको छ । सँगसँगै रेमिट्यान्स पनि घटेको छ । नेपाल राष्ट्र बैंकका अनुसार गत आर्थिक वर्षको ११ महिनामा ७ खर्ब ७४ अर्ब ८७ करोड रेमिट्यान्स भित्रिएको छ । गत आर्थिक वर्षमा ८ खर्ब ७९ अर्ब रूपैयाँ रेमिट्यान्स भित्रिएको थियो । आर्थिक वर्ष २०७६/७७ मा ८ अर्बभन्दा केही बढी मात्रै रेमिट्यान्स आउन सक्ने देखिएको छ । 'रेमिट्यान्स पठाउने मान्छे फर्किए, र जान चाहने मान्छे जान पाएनन्', उनले भने, 'यसले रेमिट्यान्स घट्ने निश्चित छ ।'

श्रमविज्ञ गुरूङका अनुसार जेठ महिनामा ९३ अर्ब रेमिट्यान्स आए पनि असार, साउन र भदौमा रेमिट्यान्स आप्रवाह घट्नेछ । औसतमा महिनामा ७० अर्ब रेमिट्यान्स भित्रिने गर्छ । नेपालसहित गन्तव्यस्थलमा समेत लकडाउन भएका कारण कतिपयले चैत, वैशाखमा पैसा पठाउन नपाएर जेठमा पठाउँदा रेमिट्यान्सको आयतन बढेको देखिएको गुरूङको भनाइ छ ।

अध्ययनअनुसार प्रतिघरधुरीले वार्षिक एक लाख रूपैयाँ रेमिट्यान्स प्राप्त गर्छन् । प्राप्त रेमिट्यान्स केहीले घरजग्गा जोड्न सके पनि ९९ प्रतिशत घरखर्चमै उपयोग भइरहेको छ । खाडी, मलेसिया तथा भारतमा काम गर्ने कामदारको पारिश्रमिक अत्यन्त न्यून हुँदा रेमिट्यान्स उत्पादनशील क्षेत्रमा जान नसकेको अध्ययनले देखाएको छ । नीतिगत सहज व्यवस्था नहुँदा पनि रेमिट्यान्स उत्पादनशील क्षेत्रमा जान नसकेको जानकारहरू बताउँछन् ।

वैदेशिक रोजगारबाट फर्केका कामदारलाई रोजगारी तथा स्वरोजगारमा लगाउन सरकारले स्पष्ट योजना ल्याउन सकेको छैन । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका प्रवक्ता सुमन घिमिरेले विदेशबाट फर्केकाहरू आन्तरिक रोजगारी, कुनै उद्यम, व्यवसायमा पनि स्वरोजगार हुन सक्ने विकल्प रहेको बताउँछन् । स्वरोजगार हुन चाहनेलाई सरकारले सहुलियत कर्जा दिने घोषणा गरेको छ । सरकारले हरेक स्थानीय तहमा हुने श्रम बैंकमार्फत रोजगारीमा जोड्ने तयारी गरेको घिमिरले जानकारी दिए । त्यस्तै वैदेशिक रोजगार बोर्डमार्फत पनि फर्केकालाई व्यावसायिक बनाउन सीपमूलक तालिम दिने योजना बनाएको छ।

त्यस्तै सरकारले उद्योग मन्त्रालयमार्फत निजी क्षेत्रसँग सहकार्य गरी तीन महिनासम्म तालिम दिने र तालिमपश्चात दुई वर्षसम्म रोजगारीको ग्यारेन्टी गर्ने कार्यक्रम अघि सारेको छ । अर्थविद् अधिकारीका अनुसार तीन तहका सरकारले निजी क्षेत्र, सहकारी र सार्वजनिक क्षेत्रसँग सहकार्य गरी ठोस कार्यक्रम ल्याउन सके पर्याप्त रोजगारी सिर्जना गर्न सकिने सम्भावना नभएको भने होइन ।

कोरोनाले शून्यमा झरेको पर्यटन कसरी उठ्दै छ ?

अच्युत पुरी

काठमाडौं । चैत ११ देखि सरकारले घोषणा गरेको लकडाउनपछि हवाई यातायात बन्द भयो । पर्यटक सवारीका गाडी थन्किए, होटलका कोठा बन्द भए, टिकेटिङ एजेन्सीमा ताला लागे । त्यसअगाडि नै अन्तर्राष्ट्रिय पर्यटकको बुकिङ रद्द भइसकेको थियो । अन्तर्राष्ट्रिय उडानका टिकट धमाधम रद्द गरिएका थिए । सोही कारण पर्यटन इतिहासमै पहिलो पटक शून्य गतिविधिमा झर्न पुग्यो ।

पर्यटन व्यवसायी सुमन पाण्डे सम्झन्छन्, 'सन् २००१ को ट्वीनटावर आक्रमण, नेपालको सशस्त्र द्वन्द्व र ०७२ को भूकम्पपछि पनि नेपालको पर्यटकीय गतिविधि अहिले जसरी 'शून्य' मा झरेको थिएन । यसरी शून्यमा पुगेको पर्यटनलाई अब भने कुनै न कुनै रूपबाट अगाडि बढाउनुपर्छ भन्ने सोचमा सरकार र व्यवसायी पुगेका छन् ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव केदारबहादुर अधिकारी भन्छन्, 'हामीले ठूलो क्षति बेहोरिसकेका छौं, अब सुरक्षाका सबै उपाय अपनाएर अगाडि बढ्नैपर्छ ।' त्यसका लागि निजी क्षेत्रलाई साथमै लिएर सरकार अगाडि जाने उनको प्रतिबद्धता छ ।

लकडाउनपछि थलिएको पर्यटन क्षेत्रका अवयव अगाडि बढाउने सन्दर्भमा नेपाल पर्यटन बोर्डले 'सेफ्टी प्रोटोकल' नै निर्माण गरेको छ । अब सबै व्यवसायी, ग्राहक तथा सरोकारवालाले सोही प्रोटोकलमा टेकेर गतिविधिहरु सञ्चालन गर्नुपर्नेछ । नेपाल पर्यटन बोर्डका सीईओ डा. धनन्जय रेग्मी भन्छन्, 'अब हामी लामो समय कुरेर बस्न सक्दैनौं । त्यो महसुस गरेरै अगाडि बढ्ने उपाय खोजी गरेका छौं ।'

बन्यो प्रोटोकल

नेपाल पर्यटन बोर्डले पहिलो पटक लकडाउनपछि कोरोना सँगसँगै व्यवसाय सञ्चालनमा ल्याउनु परे अपनाउनुपर्ने उपाय समटेर सुरक्षा निर्देशिका जारी गरेको छ । अब पाहुनालाई गत फागुनमा जस्तै सेवा आगामी साउनमा मिल्ने छैन । सेवाप्रदायकले समेत अब साविकमा जस्तै गरी सेवाग्राहीसँग व्यवहार गर्न सक्ने छैनन् । बोर्डका सीईओ रेग्मी भन्छन्, 'अब हामी 'न्यू नर्मल' तरिकाबाट अगाडि जानुको विकल्प छैन ।'

अब कसरी अगाडि बढ्छ पर्यटन ?

होटल

कोरोनाबाट सबभन्दा बढी प्रभावित क्षेत्र होटलले अब आफ्नो कारणले कोरोना भाइरसको संक्रमण धेरै मानिसमा नफैलियोस् भन्नेमा सञ्चालक सचेत हुनुपर्नेछ । एक प्रकारले लकडाउन खुलेको छ । सरकारले पहिलो चरणमा क्वारेन्टाइनका रूपमा प्रयोग गर्ने होटललाई सञ्चालन अनुमति दिएको छ । सरकारले केन्द्रबाट गर्ने निर्णयसँगै अब स्थानीय प्रशासनसँग समेत होटल सञ्चालकले सरोकार राख्नुपर्नेछ । सार्वजनिक स्वास्थ्यका विषयमा स्थानीय सरकारहरूले दिने निर्देशन पालना गर्नुपर्ने दायित्व व्यवसायीको हुन्छ । अब होटलमा छिर्दा सबै व्यक्तिको तापक्रम अनिवार्य मापन गर्नुपर्ने भएको छ । होटलमा २५ जनाभन्दा बढी जम्मा भएर कार्यक्रम गर्न पाइने छैन । प्रयोग भइसकेको कोठा कम्तीमा २४ घन्टा खाली राख्नुपर्नेछ ।

- ठूलो लगानीका होटलले सम्भव भए स्यानिटाइजेसन टनेलको व्यवस्था गरी कर्मचारी, पाहुना र सामान उक्त टनेलबाट मात्र भित्र छिराउने
- कुनै पाहुना र कर्मचारीमा कोभिडको संकेत देखिनासाथ उसलाई सरकारले तोकेको स्वास्थ्य संस्थामा पठाउनुपर्ने
- हरेक यात्रुको सम्पूर्ण यात्रा विवरण खुल्ने गरी होटलले रेकर्ड राख्नुपर्ने
- होटलभित्र सामाजिक दूरी अनिवार्य गर्नुपर्ने, मास्कको प्रयोग अनिवार्य
- अभिवादनमा मात्र 'नमस्ते', अंकमाल तथा हात मिलाउन नपाइने, होटलभित्र अनिवार्य १ मिटरको दूरी कायम गर्नुपर्ने
- रेस्टुराँमा अब सेल्फ सर्भिस बन्द, टेबलमा एक पटकमा चार जनाभन्दा बढी बस्न नपाइने, एउटा टेबलबाट अर्को टेबलसम्मको दूरीसमेत न्यूनतम एक मिटर हुनुपर्ने
- क्यासिनो, स्पा, जिम र प्लेरूमहरु भने बन्द, होटलले हलमा तत्काल २५ जनाभन्दा बढी सहभागी गराएर कार्यक्रम आयोजना गर्न नपाउने
- होटलले सकेसम्म ढोका खोल्दा हातले छुनु नपर्ने गरी सेन्सर जडान गर्नुपर्ने, चेक इन र चेक आउटको काम भने इन्टरनेटमा आधारित बनाउनुपर्ने
- कोठा एकपटक प्रयोग भइसकेपछि पूर्णरूपमा सफा गर्नुपर्ने र त्यसको २४ घन्टासम्म कोठालाई खाली राख्नुपर्ने
- हरेक होटलले केही कोठालाई आइसुलेसन रूमका रूपमा

राख्नुपर्नेछ । जहाँ शंकास्पद बिरामी भेटिए तत्काल सुरक्षित राख्न सकियोस् । त्यस्तो कोठा भने बिरामीलाई अस्पताल लगेको ७२ घन्टासम्म खाली राख्नुपर्ने

- होटलहरूले प्लास्टिक वाटर बोतलको स्थानमा काँचको बोतल प्रयोगलाई बढावा दिनुपर्ने
- सकेसम्म स्थानीय स्तरमा उत्पादन भएका वस्तुको प्रयोग गर्नुपर्ने, टाढाबाट यातायातका साधन प्रयोग गरी सामान ल्याउने काम निरूत्साहित गर्ने
- अनलाइन भुक्तानीलाई प्रोत्साहन गर्नुपर्ने

रेस्टुराँ

पर्यटनमा होटलसँगै अर्को महत्वपूर्ण क्षेत्र रेस्टुराँबाट समेत कोरोना भाइरसको संक्रमण फैलन डर हुन्छ । सोही कारण अहिले सरकारले रेस्टुराँलाई आंशिक खुला गरेको छ । त्यहाँ बसेर खाना खान पाइँदैन । प्याकिङ खाना घरमा लगेर वा होम डेलिभरीका माध्यमबाट खाना मगाएर भने खान पाइने व्यवस्था गरिएको छ । तर, रेस्टुराँ सञ्चालकसमेत अब प्रोटोकलको दायरामा भने आउनैपर्छ । रेस्टुराँले समेत अब पाहुनाको ज्वरो अनिवार्य नाप्नुपर्नेछ । कर्मचारीले कोरोनाबाट बच्न अपनाउनुपर्ने सेफ्टी किटको अनिवार्य प्रयोग गर्नुपर्ने भएको छ ।

- स्वास्थ्य मन्त्रालयले आह्वान गरेको न्यूनतम दूरी कायम गर्न नसक्ने गरी पाहुनालाई नराख्ने, टेबल सोहीअनुसार राख्ने
- रेस्टुराँमा काम गर्ने कर्मचारीले हरेक २० मिनेटमा एकपटक साबुनपानीले हात धुनुपर्ने वा हरेक पटक टेबल सफा गरेपछि, बाथरूम छिरेपछि वा प्लेट उठाइसकेपछि हात हुनुपर्ने
- ग्राहक छिर्नासाथ अनिवार्य हात धुने सुविधा उपलब्ध गराउने
- अनलाइन पेमेन्टको सुविधा दिने, नगद कारोबारलाई निरूत्साहित गर्ने
- रेस्टुराँमा दैनिक र नियमित सरसफाइको व्यवस्था हुनुपर्ने
- हरेक पाहुनाको नाम, ठेगाना विस्तृत र रेस्टुराँमा छिरेको समय नोट गरी रेकर्ड राख्नुपर्ने
- प्लास्टिकका सामानको प्रयोग सकेसम्म नगर्ने

पर्यटकीय अफिस

पर्यटन व्यवसायीले महामारीबाट आफू, आफ्ना कर्मचारी र ग्राहकलाई सुरक्षित राख्ने उपायको अधिकतम प्रयोग गरी सेवा प्रवाह गर्नुपर्ने भएको छ । यसका लागि सम्भव छ भने कार्यालयमा अनिवार्य उपस्थितिलाई कम गर्न सकिनेछ । अब बुकिङहरु लिँदा हरेक पाहुनाको विस्तृत सूचना अनिवार्य राख्नुपर्ने भएको छ । उदाहरणका लागि, अब व्यक्तिको उमेर, स्वास्थ्य अवस्था, पछिल्लो ३० दिनको उसको यात्रा विवरण हेरेर मात्र कुनै पनि पर्यटकीय गतिविधिमा बुकिङ लिनुपर्ने भएको छ । सम्भव छ भने सम्बन्धित मुलुकले दिएको निरोगिताको प्रमाणपत्र साथमै राख्नुपर्ने व्यवस्था गरिएको छ । पाहुनाको यात्रा बिमा भए-नभएको समेत हेर्नुपर्ने गरी प्रोटोकल बनेको छ ।

- आवश्यकताभन्दा बढी कर्मचारीलाई कार्यालय नबोलाउने, तालिका बनाएर आलोपालो कामको व्यवस्थापन गर्ने
- कार्यालयमा कामको चाप छैन भने कर्मचारीलाई भौतिक उपस्थितिका लागि अनिवार्य नगर्ने
- सकेसम्म घरबाटै काम गर्न सम्भव छ भने सोही विधिलाई प्राथमिकता दिने
- अनलाइन मिटिङलाई प्राथमिकता दिने, भौतिक रूपमा उपस्थित भएर गरिने बैठकलाई निरूत्साहित गर्ने
- कार्यालयमा खाजा घरबाटै ल्याउन प्रोत्साहित गर्ने वा कार्यालयमै उपलब्ध हुने व्यवस्था मिलाउने
- व्यापार नबढेसम्म प्रारम्भमा १० बजेबाट २ बजेसम्म कार्यालय खोल्ने, त्यसपछि दुई सिफ्टमा सञ्चालन हुने गरी १० बजेबाट ४ बजेसम्म कार्यालय खोल्ने
- यदि लकडाउन अझै लम्बियो भने अनलाइनबाट हुने कामलाई प्राथमिकता दिने, घरबाटै काम गर्ने
- कार्यालयमा सुरक्षा किटको प्रयोग भने अनिवार्य गर्ने

पर्यटन यातायात

सरकारले पर्यटन यातायातको मान्यता दिएका सबै यातायात कम्पनी यो निर्देशिकाको छातामुनि आएका छन् । यसमा हरियो नम्बर प्लेट राखेर सञ्चालन हुने यातायात पर्छन् । होटल, टुर अपरेटर र अन्य व्यवसायीका यातायातका साधन सञ्चालकले प्रोटोकल पालन गर्नुपर्नेछ ।

अब यातायात व्यवसायीले यात्रु कम गर्नुपर्नेछ । कारमा चालकसहित अधिकतम तीन जनाले मात्र यात्रा गर्न पाउनेछन् ।

- १२ सिट जम्बो गाडीमा चालकसहित अधिकतम ७ जना मात्र चढ्नुपर्नेछ ।
- २० सिट क्षमताका गाडीमा चालकसहित अधिकतम ११ जना यात्रु राख्न पाइनेछ ।
- ३० सिट क्षमताका बसमा चालकसहित १६ जना मात्र राखेर यात्रा गराउने पाइने भएको छ ।
- कर्मचारीले नियमित हात धुने, सुरक्षा किट प्रयोग, यात्रुलाई अनिवार्य मास्क प्रयोग गर्न लगाउने विषयसमेत यसमा समेटिएको छ ।
- हात मिलाउने, अंकमाल गर्ने कामलाई निरूत्साहित गरी नमस्ते/अभिवादन यहाँसमेत लागू हुनेछ ।
- आफ्नो सवारी साधनको नियमित सरसफाइ र किटाणुरहित पार्ने जिम्मेवारी व्यवसायीको हुनेछ ।

टुर, ट्राभल र एडभेन्चर गतिविधि

अब समूहमा हुने साहसिक तथा यात्रामा फरक-फरक समूहलाई एकै स्थानमा राखेर गतिविधि सञ्चालन गर्न पाइने छैन । उदाहरणका लागि, र्‍याफ्टिङको बोटमा चढ्ने सबै पाहुना एउटै समूहको, सँगै यात्रामा गएको र एकै परिवारको हुनुपर्नेछ । यो नियम सबै प्रकारका साहसिक पर्यटकीय गतिविधिमा लागू

हुने भएको छ ।

- यात्रामा आवश्यक स्वास्थ्य किट सकेसम्म यात्रु आफैँले बोक्नुपर्नेछ ।
- यात्राका दौरान आफूलाई स्वास्थ्य समस्या भए त्यसबारे तत्काल सेवा प्रदायकलाई जानकारी गराउनुपर्नेछ ।
- यात्रामा जाँदा सकभर बिमा गराउनुपर्छ । त्यसले कुनै असमान्य परिस्थितिमा हेलिकोप्टरबाट उद्धार गर्नुपर्दा वा अन्य अवस्थामा समेत सहज हुन्छ ।
- टुरमा जाँदा स्थानीय समुदाय र अन्य टोलीसँग सामाजिक दूरी कायम गर्नुपर्नेछ ।
- ट्राभल-टुरमा आउँदा आधिकारिक कम्पनीबाट मात्र आउने ।
- एउटा समूहमा २-१५ जनाको मात्र समूह बनाएर सेवा दिनुपर्ने, त्योभन्दा बढी भए अर्को समूह बनाउने ।
- ट्रेकिङका दौरान आवश्यक स्वास्थ्य सामग्रीको जोहो साथमा हुनुपर्ने, गाइडलाई स्वास्थ्य चौकीको अवस्थितिबारे जानकारी हुनुपर्ने ।
- यात्रामा कुनै पनि सामानको सामूहिक प्रयोग नगर्ने, उदाहरणका लागि टाबेल, स्लिपिङ ब्याग, कप, गिलास, बोतल) ।
- यात्रामा रेस्टुराँहरूले सकेसम्म प्याकिङ खानाको प्रयोग गर्ने, यात्रुलाई लन्चबक्स उपलब्ध गराउने ।

हवाई यात्रा कसरी ?

अब हवाई यात्रा पनि पहिलाजस्तै सामान्य हुने छैन । नेपाल नागरिक उड्डयन प्राधिकरणले कोभिड- १९ को महामारीका बीच हवाई यात्रालाई सुरक्षित बनाउने गरी हवाई यात्रुका लागि निश्चित नियम तोकेको छ । तपाईंले ती नियमको पालना नगरे विमानस्थलबाटै फिर्तासमेत हुनुपर्नेछ । खासगरी विमानस्थल क्षेत्रबाट संक्रमण एकअर्कामा नसरोस् भन्ने उद्देश्यले यस्तो नियमहरु बनाइएको हो ।

प्राधिकरणले आन्तरिक र बाह्य उडान दुवैलाई लक्षित गर्दै कोभिड विशेष सुरक्षा निर्देशिका कार्यान्वयनमा ल्याएको छ । पहिलो चरणमा ल्याइएको सुरक्षा निर्देशिकालाई विकसित परिस्थितिअनुसार संशोधन गर्दै जाने प्राधिकरणले उल्लेख गरेका छ । प्राधिकरणले हवाई यात्रामा जोडिने सबै सरोकारवालाले पालना गर्नुपर्ने विषय समेटेर सुरक्षा निर्देशिका बनाएको छ ।

- हवाई यात्राका दौरान केवल टिकट र बोर्डिङ पास मात्र लिएर हुने छैन, हरेक हवाई यात्रुले कोभिड- १९ को स्व-घोषणापत्र भर्नुपर्नेछ ।
- अन्तर्राष्ट्रिय हवाई यात्रुले आफ्नो ट्राभल हिस्ट्रीसमेत खुल्ने प्यासेन्जर कोलेटर कार्ट (पीएससी) भर्नुपर्नेछ र त्यसलाई विमानस्थलको हेल्थ डेस्कमा बुझाउनुपर्नेछ ।
- रूघाखोकी, १००.४ फरेनहाइड ज्वरो, सास फेर्न कठिन हुने र स्वाद र बास्ना थाहा नपाउनेजस्ता कोभिड- १९ सँग मिल्दोजुल्दो स्वास्थ्य समस्या देखिएका यात्रु जहाज चढ्न नपाइने ।
- ७० वर्षभन्दा माथि, गर्भवती र गम्भीर स्वास्थ्य समस्याबाट गुज्रिरहेका व्यक्तिले समेत सम्भव भएसम्म हवाई यात्रा नगर्ने ।
- हवाई यात्राभर फेसमास्क अनिवार्य गरिएको छ । विमानस्थल प्रवेश गरिसकेपछि ब्यागेज लिने बेलासम्म पनि मास्क अनिवार्य प्रयोग गर्नुपर्ने ।
- विमानमा स्वास्थ्य सुरक्षा प्रतिकूल हुने गरी कुनै क्रियाकलाप गर्न नपाउने ।
- आन्तरिक उडानतर्फ इनफ्लाइट क्याटरिङ बन्द, अन्तर्राष्ट्रिय उडानमा मात्र उपलब्ध हुनेछ ।
- अनबोर्ड न्युजपेपर र म्यागेजिनको सुविधा बन्द, सम्भव भएसम्म ट्रली प्रयोग नगर्ने र अतिरिक्त सहायता आवश्यक पर्ने यात्रुले मात्र यसको प्रयोग गर्नुपर्ने ।
- हवाईजहाजमा घरपालुवा जनावर ल्याउन प्रतिबन्ध, विमानस्थलभित्र आफूले प्रयोग गरेका सामान यात्रुले जहाँ पायो त्यही छाड्न नपाउने

तयार छन् व्यवसायी ?

व्यवसायीले कमाइ खाने व्यापारबाट एकै रूपैयाँ पनि आम्दानी गर्न नपाएको तीन महिना पुगिसकेको छ । आगामी दिन यसैगरी लामो समय जान नसक्नेमा भने व्यवसायी निश्चित छन् ।

'व्यवसायीले इमानदारीसाथ कठिन परिस्थितिको सामना गरेका हुन्,' पर्यटन व्यवसायी कर्ण शाक्य भन्छन्, 'अन्तर्राष्ट्रिय पाहुना तत्काल आउँदैनन्, हामीले त्यो आश पनि गर्नु हुँदैन तर आन्तरिक रूपमा अब वातावरण सामान्य बनाउनुपर्छ ।' यसका लागि राज्यको साथ र सहयोगको खाँचो भने निजी क्षेत्रलाई आवश्यक हुने उनको भनाइ छ । अर्का पर्यटन व्यवसायी तथा नेपाल पर्यटन बोर्डका सदस्य दीपक महत अब कोरोनासँग जुध्दै सामान्य जीवनमा फर्कनुपर्छ भन्ने सोचका साथ सुरक्षा निर्देशिका ल्याइएको बताउँछन् ।

कोभिड विरूद्धको सुरक्षालाई दैनिकी बनाउँदै अगाडि बढ्ने हो : पर्यटन सचिव

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव केदारबहादुर अधिकारी अब सुरक्षा निर्देशकालाई हरेक दिन कोभिडसँग जुध्ने सुरक्षात्मक रणनीति लिएर अगाडि बढ्नुको विकल्प नभएको बताउँछन् । अब हरेक क्षेत्रमा कुनै न कुनै प्रोटोकल अत्यावश्यक भएको भन्दै पर्यटनलाई समेत यसैगरी अगाडि बढाइने उनको भनाइ छ । पर्यटनलाई निजी क्षेत्रको साथबिना पुनरूद्धार गर्न नसकिने हुँदा सोहीअनुसार नीति तथा कार्यक्रम र बजेट आएको उनले बताए ।

उनका अनुसार छिट्टै संग्रहालयहरूका लागि समेत सुरक्षा निर्देशिका ल्याउने तयारी रहेको छ ।

कोरोना महामारी स्टार्टअप बिजनेसको अवसर बन्न सक्छ ?

अच्युत पुरी

काठमाडौं । सस्तो डिलडटकमले लकडाउनका बेला अत्यावश्यक सेवाको होम डेलिभरी थाल्यो । खासगरी लत्ताकपडा, जुत्ताचप्पलगायत वस्तुको मात्र होम डेलिभरि हुने गरेकामा यो कम्पनीले तरकारी, खाद्यान्न, तेलजस्ता भान्सामा प्रयोग हुने वस्तुको होम डेलिभरि थाल्यो । त्यसमाथि यो कम्पनीले काठमाडौंमा डेलिभरिको दायरा पनि बढायो ।

कम्पनीका संस्थापक अमुन थापाका अनुसार अनलाइन भुक्तानी गर्न सक्नेले अनलाइन र नसक्नेका लागि नगद भुक्तानीको समेत सुविधा दिएर थालिएको डेलिभरि सेवाप्रति उपभोक्ताको आकर्षण देखिएको छ ।

होटल व्यवसायमा जमेका युवा व्यवसायी युवराज श्रेष्ठ लकडाउनका कारण होटलमा बिजनेस बन्द भएपछि फुर्सदमा व्यापारका नयाँ-नयाँ उपायको खोजीमा थिए । यही बीचमा उनले संकटमा तत्काल चल्न सक्ने उत्पादन 'फेसमास्क' देखे । चीन र भारतबाट आयात हुने मास्कलाई विस्थापित गर्न सके तत्काल ठूलो बिजनेस रहेको मेसो पाएका उनले उत्पादित मास्कलाई अनलाइनबाट होम डेलिभरि गर्न थालेका छन् । उनले ग्रोमिन इन कम्पनीबाट मास्कको अनलाइन वितरण थालेका छन् ।

भनिन्छ, हरेक संकट अवसर पनि सँगै लिएर आउँछ । यो युक्तिलाई पुष्टि गर्ने आधार हुन्, यी दुई उदाहरण । लकडाउन नवप्रवर्तक व्यवसायीका लागि अवसर बन्न सक्छ । यो अहिले चल्तीमा रहेका नवप्रवर्तकहरूले समेत स्वीकार गरेको विषय हो ।

लामो लकडाउनले उपभोक्तालाई अनलाइन सपिङमा अभ्यस्त बनायो । घरमै सेवा प्राप्त हुने प्रविधिमा आधारित धेरै स्टार्टअप बिजनेसलाई सहयोग पुगेको नवप्रवर्तक व्यवसायमा जमेका व्यवसायी अटायर नेपालका संस्थापक हरि गोयलको अनुभव छ । अर्को कम्पनी अरेन्ज बलले समेत संकटको समय अत्यावश्यक सामानको आपूर्ति सुरू गऱ्यो ।

मास्क, पीपीई, पन्जा, स्यानिटाइजरजस्ता बढी माग हुने वस्तुको व्यापारमा लाग्दा संकटलाई सजिलै पार लगाउन सकेको अनुभव अरेन्ज बलका संस्थापक विद्यानन्द झाको छ । लकडाउने विद्यालय बन्द भए । यस अवधिमा कोपिला एपले अनलाइन पढाइमा आफूलाई केन्द्रित गऱ्यो । यसरी संकटलाई समेत नवप्रवर्तकले उपयोग गरी बिजनेस गर्न सफल भएका छन् ।

स्टार्टअपमा राज्यको प्राथमिकता के ?

नेपालमा स्टार्टअप बिजनेसको इतिहास लामो छैन । सोही कारण कहिलेकाहीँ विवाद पनि हुन्छ । यात्रु बोक्न प्रयोग हुने पठाओ र टुटलबारे बेला-बेला उठ्ने विवाद पनि यसकै उपज हो । पछिल्लो समय सरकारले पनि स्टार्टअप बिजनेसको महत्वलाई बुझ्न थालेको अनुभूति दिलाउने प्रयास गरिरहेको छ । केन्द्र सरकारदेखि स्थानीय तहसम्म सबै तहका सरकारले कुनै न कुनै रूपमा स्टार्टअपलाई सम्बोधन गर्ने प्रयास गरेका छन् । यसको उपयोग गरी युवाले लाभ उठाउन सक्ने अर्थ मन्त्रालयका अधिकारीहरु बताउँछन् ।

नीति तथा कार्यक्रममा स्टार्टअप

सरकारले आगामी आर्थिक वर्ष ०७७/७८ को नीति तथा कार्यक्रममै नवप्रवर्तन व्यवसायलाई प्रवर्द्धनको घोषणा गरेको छ । नवप्रवर्तनकारी युवा तथा अन्य उद्यमी र वैदेशिक रोजगारबाट फर्केका सीपयुक्त उद्यमशील युवालाई उद्यम व्यवसाय सुरू गर्न सुरूआती पुँजी उपलब्ध गराउने नीति तथा कार्यक्रमले घोषणा छ । उद्यम व्यवसाय गर्न क्षमता विकास, प्रविधि हस्तान्तरण, वित्तीय पहुँच र बजारीकरण कार्यक्रमसँग आबद्ध गराइनेसमेत नीति तथा कार्यक्रममा उल्लेख छ । त्यसका लागि अहिले सञ्चालनमा रहेका कार्यक्रमलाई पुनर्संरचना गरी सबै प्रदेशमा बिस्तार गर्नेसमेत सरकारको घोषणा छ ।

बजेटले के भन्छ ?

सरकारले नवप्रवर्तनकारी युवालाई बजेटबाट समेत सम्बोधनको प्रयास गरेको छ । कोरोनाका कारण उत्पन्न व्यावसायिक अवसरको उपयोग गर्न नवप्रवर्तनकारी व्यवसाय लाभदायक हुने अर्थमन्त्री डा. युवराज खतिवडाको भनाइ छ । उनले बजेटमार्फत नवप्रवर्तनकारी कार्यमा लगानी प्रोत्साहन गर्न चाहने उद्यमीलाई २ प्रतिशत ब्याजदरमा नवप्रवर्तन सुरूआती पुँजी उपलब्ध गराउने घोषणा बजेटमार्फत गरेका छन् । उनले सो प्रयोजनका लागि ५० करोड बजेटसमेत छुट्याएका छन् ।

स्टार्टअप बिजनेसमा प्रदेश सरकारको नीति के छ ?

प्रदेश १ सरकारले स्टार्टअप बिजनेसलाई कृषिसँग जोड्ने रणनीति ल्याएको छ । यस प्रदेशले आगामी आवको बजेटमार्फत 'मेरो कृषि मेरो पौरख' कार्यक्रम सञ्चालन गर्ने भएको छ ।

यो कार्यक्रममा नवप्रवर्तनको प्रवर्द्धन गर्न 'प्रदेश प्रमुख नवप्रवर्तन कृषि कार्यक्रम' सञ्चालन गर्ने योजना प्रदेश सरकारको छ । यस कार्यक्रमका लागि प्रदेश सरकारले १२ करोड रकम विनियोजन गरेको छ । विदेशबाट फर्केका युवा र स्वदेशमै बेरोजगारी भएका युवाले समेत आफ्नो सीप र क्षमता प्रयोग गरी आत्मनिर्भर बन्न सकून् भन्ने उद्देश्यले यस्तो कार्यक्रम ल्याइएको प्रदेश सरकारको भनाइ छ । प्रदेश २ सरकारले समेत प्राथमिकताका साथ नवप्रवर्तनलाई बजेटमा समेटेको छ । प्रदेश २ सरकारले नवप्रवर्तनलाई कृषि र रोजगारसँग जोड्ने भनेको छ । नवप्रवर्तन कृषि रोजगार तथा व्यवसाय प्रवर्द्धनसम्बन्धी कार्यक्रम सञ्चालन गर्न १२ करोड रूपैयाँ छुट्याएको सरकारले यससम्बन्धी कार्यविधि बनाएर कार्यक्रम कार्यान्वयनको घोषणा गरेको छ ।

बागमती प्रदेश सरकारले युवालाई विज्ञानसँग जोडेर नवप्रवर्तन प्रवर्द्धन गर्ने योजना बनाएको छ । युवा नेतृत्व विकास र उद्यमशीलताका लागि प्रदेश युवा परिषद् स्थापना र सञ्चालनको योजना सरकारको छ । नयाँ ज्ञान तथा प्रविधिको अनुसन्धान, विकास र व्यावसायिक उपयोग गर्दै नवप्रवर्तक व्यक्ति वा संस्थालाई उत्प्रेरित गर्न प्रदेश सरकारले युवा वैज्ञानिक कोष खडा गर्ने भएको छ । कोषमा प्रदेश सरकारले ५ करोड रूपैयाँ राखेको छ । अर्कोतर्फ प्रदेश सरकारले 'नवप्रवर्तक कोष' नै खडा गरेरै व्यवसाय प्रवर्द्धन गर्ने घोषणा गरेको छ । नवप्रवर्द्धन र सिर्जनशील उद्यमशीलतालाई प्रवर्द्धन गर्न यस्तो कोष स्थापना गर्न लागिएको सरकारको भनाइ छ । गण्डकी प्रदेश सरकारले स्वदेशी कच्चा पदार्थमा आधारित उद्योग खोल्न बिउपुँजी र प्रविधि हस्तान्तरणको कार्यक्रम ल्याएको छ । यसले नयाँ उद्यमी बन्न चाहने युवालाई प्रोत्साहन मिल्ने सरकारको अपेक्षा छ । रोजगारी गुमाएका बेरोजगारका लागि उद्यमशील कार्यक्रमसमेत चलाउने बताएको सरकारले उक्त प्रयोजनका लागि २ करोड ५ लाख रूपैयाँ विनियोजन गरेको छ । प्रदेश ५ सरकारले स्थानीय तहबाट नवप्रवर्तनको अभियान सुरू गर्ने योजना बनाएको छ । नेपाल सरकारसँगको समन्वयमा प्रदेशभित्रका सबै स्थानीय तहले लाभ दिन सक्ने गरी एक सिर्जनशील साझेदारी कोष स्थापनाको घोषणा प्रदेश सरकारले गरेको छ ।

यो कोषमा प्रदेश सरकारको तर्फबाट १५ करोड रूपैयाँ राखिने भएको छ । यो कोष स्थानीय तहहरूमा नवप्रवर्तन प्रवर्द्धन तथा विकासमा खर्च हुने प्रदेश सरकारको घोषणा छ ।

कर्णाली सरकारले युवालक्षित कृषि तथा उद्यमशीलता कार्यक्रम चलाउने बताएको छ । मौलिक सीप र नवीन प्रविधिको प्रयोग गर्दै स्वरोजगारी सिर्जना गर्न सहुलियतपूर्ण कर्जा तथा ब्याजमा अनुदान दिने घोषणा कर्णाली सरकारले गरेको छ ।

नवप्रवर्तनलाई सुदूरपश्चिम सरकारले समेत प्राथमिकतामा राखेको छ । नवप्रवर्तनलाई प्रोत्साहन गर्न स्थानीय कच्चा पदार्थ, ज्ञान र सीपमा आधारित भई स्थानीय स्तरमै रोजगारी सिर्जना गर्ने गरी साना तथा मझौला उद्योग सञ्चालन गर्न हरेक निर्वाचन क्षेत्रमा २ नवीन उद्योग स्थापनाको नीति सुदूरपश्चिम सरकारले लिएको छ । यस्तो उद्योग स्थापना गर्न सुरूआती पुँजीस्वरूप अनुदान सहायता उपलब्ध गराउन प्रदेश सरकारले आगामी आवको बजेटमा ३ करोड २० लाख रूपैयाँ विनियोजन गरेको छ ।

के भन्छन् विज्ञ

'युवाको ज्ञानमा राज्यले साथ दिए सबैलाई लाभ हुन्छ'

शान्तराज सुवेदी, पूर्वअर्थसचिव

पढेलेखेका युवासँग ज्ञान र सीप छ, तर लगानी गर्ने पुँजीको अभावमा अगाडि आउन सकेका छैनन् भने उनीहरूलाई खोजीखोजी बाहिर ल्याउनुपर्छ । अथवा, बाहिर आउन सक्ने वातावरण बनाउनुपर्छ । यसले एकातर्फ रोजगारी सिर्जनामा सहयोग पुग्नेछ भने अर्कोतर्फ अर्थतन्त्रमा पनि ठूलो योगदान दिन सक्छ । केही सिर्जनशील काम गरेर त्यसको बौद्धिक सम्पत्ति हामीसँग रहने हो भने विश्वभर हामी व्यवसाय फैलाउन पनि सक्छौं । संकटको समयमा बचेको समय खेर फाल्नुभन्दा नयाँ-नयाँ प्रविधिको प्रयोग गरी सिर्जनशील काममा लाग्नुपर्छ । यसमा राज्यले साथ दिनुपर्छ । यसको महसुस गरेरै अहिले नवप्रवर्तन प्रवर्द्धनका कार्यक्रम बढी प्राथमिकतामा पर्न थालेका हुन् ।

स्थानीय तहबाट कार्यान्वयन

नवप्रवर्तनमा हुने सुरूआती लगानी सानो हुन्छ, समूह सानो हुन्छ र बजार पनि सानै हुन्छ । सोही कारण यसको कार्यान्वयनको तह पनि स्थानीय नै हो । १० असारमा सार्वजनिक भएका अधिकांश स्थानीय तहले समेत नवप्रवर्तनलाई प्रवर्द्धनकै नीति लिएका छन् । यसमा नवीन सोचसहित व्यापार-व्यवसाय गर्न चाहने वा उद्यमशील बन्न चाहने युवालाई बिउपुँजीमा अनुदान, ब्याजमा अनुदान, कर छुटलगायतका सुविधा दिइएको छ । यसको उपयोग गरी युवाले लकडाउनमा गुमेको रोजगारीलाई सिर्जनशील उत्पादनसँग जोड्न सक्ने सम्भावना छ ।

केहो स्टार्टअप ?

फेसबुक स्टार्टअप बिजनेसको एक उत्पादन हो । थोरै पुँजीबाट सानो क्षेत्रलाई लक्षित गरी नयाँ प्रविधि र शैली अपनाएर सुरू गरिएको यस्तै प्रकारका व्यापार र उद्योगका मोडल पछि बिस्तार भएका हुन् । उद्यमी बन्ने रहर बोकेका तर सानो पुँजीका कारण आँट गर्न नसकेका युवा स्टार्टअपमा लाग्न सक्छन् । सहरमा गुणस्तरीय सेवासहित सानो लगानीमा खुलेका क्याफेले मनग्य आम्दानी गरिरहेका छन् । उनीहरूले नयाँ प्रविधिको प्रयोग गरी ग्राहकलाई आकर्षित गर्छन् ।

यो पनि स्टार्टअप बिजनेसको एक पाटो हो । सानो क्षेत्रलाई आकर्षित गर्न सकियो भने त्यसका माध्यमबाट क्रमशः आफ्नो बिजनेस बिस्तार हुन जान्छ । स्टार्टअप बिजनेसलाई लाइफस्टाइल, लघु उद्यम, खरिद इन्जिन, सेवाप्रदायक व्यवसायसँग जोडेर विकास गर्न सकिन्छ । नेपालमा मात्र २ सयभन्दा स्टार्टअप बिजनेस सञ्चालनमा रहेको बताइन्छ । नेपालमा धेरैजसो खरिद इन्जिनका रूपमा स्टार्टअप सञ्चालनमा छन् ।

लकडाउनले बैंकिङ क्षेत्रमा पारेको प्रभाव

निक्षेप बढ्यो तर लगानी न्यून

शर्मिला ठकुरी

काठमाडौं । लकडाउनको समयमा बैंकिङ क्षेत्रको लगानी खुम्चिएको छ । लकडाउनको अवधि (चैत १ देखि असार मसान्तसम्म) मा वाणिज्य बैंकहरूको निक्षेप ३ खर्ब ४७ अर्बले बढ्दा कर्जा प्रवाह भने जम्मा १ खर्बले मात्र बढेको छ ।

नेपाल बैंकर्स एसोसिएसनका अनुसार कोभिड- १९ का कारण उद्योगधन्दाहरू पूर्ण रूपमा ठप्प हुँदा र अन्य आर्थिक गतिविधि नहुँदा ऋणको मागमा कमी आएका कारण लगानी कम भएको हो ।

तर यो अवधिमा नेपालमा भित्रने रेमिट्यान्समा खासै असर नपरेको र सरकारको पूर्वाधार निर्माणमा भएको खर्चको भुक्तानी पनि यही समयमा गरिएका कारण पनि बैंकहरूमा निक्षेप थुप्रिएको हो ।

नेपाल राष्ट्र बैंकका अनुसार निक्षेपमा कोरोनाको असर देखिएको छैन । गत जेठ मसान्तसम्म बैंक तथा वित्तीय संस्थामा रहेको निक्षेप १३.३ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा पनि यस्तो निक्षेप १३.३ प्रतिशतले नै बढेको थियो ।

०७७ जेठ मसान्तमा चल्ती, बचत र मुद्दती निक्षेपको कुल निक्षेपमा क्रमशः ८.७ प्रतिशत, ३२.२ प्रतिशत र ४८.२ प्रतिशत अंश रहेको छ । अघिल्लो वर्षको सोही महिनामा यस्तो अंश क्रमशः ९.२ प्रतिशत, ३२.५ प्रतिशत र ४७.६ प्रतिशत रहेको थियो ।

त्यस्तै, गत जेठसम्म बैंक तथा वित्तीय संस्थाबाट निजी क्षेत्रमा प्रवाहित कर्जा १०.७ प्रतिशत बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा १८.२ प्रतिशत बढेको थियो । गत आवको जेठसम्म बैंक तथा वित्तीय संस्थाको कृषि क्षेत्रतर्फ १३.१ प्रतिशत, औद्योगिक उत्पादन क्षेत्रतर्फ ११.१ प्रतिशत, निर्माण क्षेत्रतर्फ ११.७ प्रतिशत, यातायात, सञ्चार तथा सार्वजनिक सेवा क्षेत्रतर्फ १६.६ प्रतिशत र सेवा क्षेत्रतर्फ १९ प्रतिशतले कर्जा बढेको छ ।

गत आवको ११ महिनासम्म बैंक तथा वित्तीय संस्थाको निष्क्रिय कर्जा अनुपात औसत १.८१ प्रतिशत छ । ०७६ असारमा यस्तो अनुपात १.५२ प्रतिशत थियो । जसमध्ये वाणिज्य बैंकको निष्क्रिय कर्जा अनुपात औसत १.७२ प्रतिशत, विकास बैंकको १.४८ प्रतिशत र वित्त कम्पनीको ६.७६ प्रतिशत छ । कोभिड-१९ का कारण ऋणीहरूले समयमै ऋण तिर्न नसक्दा खराब कर्जा केही बढेको थियो ।

लकडाउनले बैंकिङ क्षेत्रमा पारेको सकारात्मक प्रभाव

कोभिड-१९ का कारण सरकारले गरेको लकडाउनले नेपालको बैंकिङ क्षेत्रमा सकारात्मक प्रभाव पनि परेको छ । सम्पूर्ण बैंकिङ क्षेत्रमा लकडाउनले अंकमा भन्दा पनि अन्य कुरामा बढी प्रभाव परेको छ ।

नेपाल बैंकर्स संघका अध्यक्ष भुवनकुमार दाहालले कोभिड-१९ कारण बैंकिङ क्षेत्रमा वर्क फ्रम होम (घरबाटै काम गर्ने) को संस्कार बसालिदिएकाले यो नेपालमा नै ठूलो सकारात्मक प्रभाव हो । त्यस्तै, उनले बैंकिङ क्षेत्रमा डिजिटलाइजेसन बढेको दाबी गरे ।

लकडाउनले बैंकिङ क्षेत्रका ग्राहकहरु अनलाइन कारोबारतर्फ आकर्षित भएका छन् । उनका अनुसार लकडाउन अगाडिभन्दा लकडाउनको अवधिमा मोबाइल बैंकिङ, ई-बैंकिङको प्रयोग ५० प्रतिशतभन्दा बढीले वृद्धि भएको नेपाल राष्ट्र बैंक र बैंकर्स एसोसिएसनको दाबी छ । त्यस्तै ग्राहकहरु नगदमा भन्दा अनलाइन कारोबारमा आकर्षित भए । बैंकिङ क्षेत्रमा अनलाइन कारोबार फस्टायो । मोबाइल बैंकिङको प्रयोग धेरै बढ्यो ।

लकडाउनले बैंक तथा वित्तीय संस्था र ग्राहकले डिजिटलाइजेसनको महत्व थाहा पाएको भन्दै अध्यक्ष दाहालले भने, 'अब बैंकहरूले डिजिटल क्षेत्रमा आफ्नो लगानी बढाउने छन्, जसका कारण कम जनशक्तिमा धेरै काम हुनेछ भने विस्तारै सञ्चालन खर्च पनि घट्दै जानेछ ।'

पूर्वगभर्नर डा. चिरन्जीवी नेपालले नेपालको बैंकिङ क्षेत्र पूर्ण रूपमा डिजिटलाइसेजन नभइसकेकाले डिजिटल बैंकिङमा लगानी बढाउन आग्रह गरेका थिए । तर उतिबेला धेरै बैंकहरूले बेवास्ता गरे पनि लकडाउनले भने सो क्षेत्रमा अनिवार्य लगानी बढाउनुपर्ने देखिएको छ ।

लकडाउनका कारण परेको नकारात्मक प्रभाव

लकडाउनका कारण बैंकिङ क्षेत्रमा खराब कर्जा बढ्ने जोखिम बढेको छ । सरकारले कोभिड-१९ बाट सुरक्षित हुन भन्दै चार महिना पूर्णरूपमा लकडाउन गर्दा नेपालको आर्थिक क्षेत्र नै थलिएको छ । उद्योगधन्दाहरु पूर्णरूपमा चल्न नसक्दा ऋणीहरूले लिएको ऋणको सावाँ तथा ब्याज तिर्न सकेनन्, जसका कारण खराब कर्जा बढिरहेको छ । नेपाल बैंकर्स संघका अनुसार गत असार मसान्तमा वाणिज्य बैंकहरूको ५१ अर्ब ७५ करोड रूपैयाँ साँवा तथा ब्याज उठेन, जुन अघिल्लो वर्षको तुलनामा चार गुणाले बढी हो । अघिल्लो वर्ष बैंकहरूको ११ अर्ब ४७ करोड रूपैयाँ नउठेको बैंकर्स एसोसिएसनले जनाएको छ ।

२७ वटा वाणिज्य बैंकमध्ये सबभन्दा बढी साँवा तथा ब्याज राष्ट्रिय वाणिज्य बैंकको उठेको छैन । राष्ट्रिय वाणिज्य बैंकको १३ अर्ब १८ करोड रूपैयाँ ब्याज नउठेको हो । वाणिज्य बैंकले अघिल्लो आर्थिक वर्षमा १ अर्ब ८३ करोड रूपैयाँ उठाउन बाँकी थियो ।

त्यस्तै, सबभन्दा कम साँवा-ब्याज उठाउन नेपाल एसबीआई बैंकको बाँकी छ । एसबीआईको ३० करोड रूपैयाँ सावाँ र ब्याज उठाउन बाँकी रहेको छ । अघिल्लो वर्ष सो बैंकको २१ करोड रूपैयाँ मात्र उठाउन बाँकी रहेको थियो ।

मौद्रिक नीति चालू आर्थिक वर्षको पहिलो साता मात्र आएकाले यसको असर गत वर्षको नाफामा खासै परेको छैन । राष्ट्र बैंकले ब्याजदरमा दिएको २ प्रतिशत बिन्दुको छुटले भने बैंकहरूको नाफामा कमी आउने पक्का छ । तर, राष्ट्र बैंकले असोज मसान्तसम्मको आयलाई गत वर्षको आयमा राख्न मिल्ने व्यवस्था गरेकाले असोज मसान्तमा मात्र पूर्ण रिपोर्ट आउने बैंकर्स संघले जनाएको छ ।

'कोभिड-१९ का कारण बैंकिङ क्षेत्रमा तरलता बढेको छ । कर्जा प्रवाह र ब्याजदर घटेको छ । त्यस्तै, डिजिटलाइजेसन बढेको छ भने मोबाइल बैंकिङको प्रयोग करिब ५० प्रतिशतभन्दा धेरै बढेको छ', राष्ट्र बैंकका प्रवक्ता गुणाकर भट्टले भने ।

वाणिज्य बैंकहरूले कोभिड-१९ का कारण हजारौंको संख्यामा अस्थायी कर्मचारी कटौती गर्छन् भन्ने राष्ट्र बैंकको अनुमान भए पनि कुनै पनि वाणिज्य बैंकले यस अवधिमा कर्मचारी कटौती भने नगरेको बताएका छन् ।

कोरोनाका कारण बैंकिङ क्षेत्रमा १ खर्ब ५५ अर्ब रूपैयाँ उठेन

शर्मिला ठकुरी

काठमाडौं । कोरोना संक्रमणले नेपालका बैंक तथा वित्तीय संस्थाहरूको आयमा १ खर्ब ५५ अर्ब २ करोड रूपैयाँ बराबरको असर परेको एक अध्ययनले देखाएको छ ।

पूर्वबैंकर तथा चार्टर्ड एकाउन्टेन्ट अनलराज भट्टराईले गरेको 'कोभिड-१९ कारण सरकारले गरेको लकडाउनले बैंकिङ क्षेत्रमा पारेको असर' सम्बन्धी अध्ययनले बैंकिङ क्षेत्रमा सो रकम नउठ्ने देखिएको हो ।

अध्ययनअनुसार ९६ अर्ब ६ करोड रूपैयाँ कर्जा लगानीबाट असार मसान्तसम्म उठ्नुपर्ने रकम र ६५ अर्ब ३१ करोड रूपैयाँ प्रोभिजन (कर्जाबाट उठ्न नसक्दा त्यसको परिपूर्तिका लागि छुट्याउनुपर्ने रकम) गर्नुपर्ने

रकम गरी १ खर्ब ५५ अर्ब २ करोड रूपैयाँ बरबरको रकम गत वर्ष नउठेको देखाएको हो ।

भट्टराईले आफ्नो अध्ययन प्रतिवेदन मौद्रिक नीति जारी हुनुअघि नेपाल राष्ट्र बैंकमा बुझाएका थिए । उक्त अध्ययन प्रतिवेदनमा मौद्रिक नीतिले गरेको व्यवस्था र राष्ट्र बैंकले दिएको सहुलियतलाई समेटिएको छैन । अध्ययनले निकालेको रकम बैंकिङ क्षेत्रमा परेको प्रभाव हो ।

अध्ययनकर्ता भट्टराईका अनुसार राष्ट्र बैंकले २ प्रतिशत बिन्दुले ब्याज छुट नदिएको भए र मौद्रिक नीतिले पुनर्तालिकीकरण गर्ने अवधि नबढाएको भए प्रोभिजनिङका लागि ६५ अर्ब ३१ करोड बैंकहरूले अनिवार्य रूपमा छुट्याउनुपर्ने थियो ।

त्यस्तै, ९६ अर्ब ६ करोड रूपैयाँ साँवा ब्याज नउठ्दा बैंकहरूले १ खर्ब ५५ अर्ब २ करोड रूपैयाँ बराबरको रकम उठ्दैन थियो । उनको अध्ययनले ३० अर्ब ७५ करोड रूपैयाँ भने खराब कर्जा हुने औंल्याएको छ ।

बैंक तथा वित्तीय संस्थाको कुल लगानी भने ३२ खर्ब ३ अर्ब रूपैयाँ छ । नेपालका बैंक तथा वित्तीय संस्थाको गत आर्थिक वर्षमा ब्याज तथा साँवाको आम्दानी ३ खर्ब ७२ अर्ब रूपैयाँ रहेको छ ।

नेपाल बैंकर्स पनि संघले कोभिड-१९ का कारण ५१ अर्ब रूपैयाँ ब्याज उठ्न नसकेको जनाएको छ । यो सरकारले दिएको ब्याज सहुलियत २ प्रतिशत बिन्दुले घटाएर आएको रकम हो ।

भट्टराईले गरेको अध्ययन समग्र बैंक तथा वित्तीय संस्थाको भएकाले पनि उठ्न नसक्ने रकम बढी देखिएको हो ।

लकडाउनका कारण थला परेको अर्थतन्त्र उकास्न बैंक तथा वित्तीय संस्थाले ब्याजदरमा कटौती, डिजिटल माध्यमबाट गरिने कारोबारमा छुटलगायतका सहुलियत पनि प्रदान गरे । त्यसबाट बैंकको नाफामा पनि प्रभाव पऱ्यो ।

नेपाल बैंकर्स संघका अध्यक्ष भुवन दाहाल संघले कोभिड-१९ का कारण बैंकिङ क्षेत्र कति प्रभावित भए भन्ने कुनै अध्ययन नगरेको बताउँछन् ।

नेपाल राष्ट्र बैंकसँग पनि कोभिड-१९ ले बैंकिङ क्षेत्रमा पारेको प्रभावबारे यकिन तथ्यांक छैन । गत असार मसान्तसम्म परेको असर र किस्ता नतिर्नेको एकीकृत तथ्यांक पनि संघसँग नभएको अध्यक्ष दाहालले बताए ।

उनले भने, 'हामी तथ्यांक लिने प्रयास गरिरहेका छौं । नउठेको ब्याजमा किस्ता रकम पनि जोड्दा असुली हुन बाँकी बैंकको आय धेरै हुने विश्लेषण गरिएको छ ।'

कोभिड- १९ को प्रभाव बैंकहरूमा छुट्टाछुट्टै परेको छ । बैंकहरूको कर्जाको प्रकृति हेरेर बढी र घटी परेको भन्ने थाहा हुने बैंकर्स एसोसिएसनका प्रमुख कार्यकारी अधिकृत अनिल शर्माले बताए ।

मौद्रिक नीतिका कारण बैंकहरूको नाफामा आगामी वर्ष करिब ४० प्रतिशतले कमी आउनेछ । चालू आर्थिक वर्षको पहिलो साता मात्र मौद्रिक नीति आएकाले यसको असर गत वर्षको नाफामा भने खासै परेको छैन । तर, राष्ट्र बैंकले ब्याजदरमा दिएको २ प्रतिशत बिन्दुको छुटले भने बैंकहरूको नाफामा कमी आएको छ ।

'कोभिड-१९ का कारण बैंकिङ क्षेत्रमा तरलता बढेको छ भने कर्जा प्रवाह र ब्याजदर घटेको छ । त्यस्तै, डिजिटलाइजेसन बढेको छ भने मोबाइल बैंकिङको प्रयोग करिब ५० प्रतिशतभन्दा बढीले बढेको छ,' राष्ट्र बैंकका प्रवक्ता गुणाकर भट्टले भने ।

उनका अनुसार कोभिड- १९ का कारण कति जनाले जागिर गुमाए भन्ने अध्ययन अझै भएको छैन ।

भट्टराईको अध्ययन प्रतिवेदनअनुसार कोभिड-१९ को प्रभाव परेका क्षेत्रमा कृषिमा ७ अर्ब ७३ करोड, माछापालन व्यवसायमा २२ करोड र खानीमा २२ करोड रूपैयाँ बराबरको ब्याज कोभिड-१९ का कारण उठेको छैन ।

बैंकहरूले कृषि वन र वेभरेजमा गरेको लगानीको ४ अर्ब ४३ करोड, गैरखाद्यवस्तुमा १३ अर्ब २० करोड, निर्माण क्षेत्र १० अर्ब ७९ करोड, पावर ग्यास र पानीको ४ अर्ब ३५ करोड, मेटल प्रोडक्सन, मेसिन र विद्युतीय औजार र हस्तकलाका सामग्रीमा गरिएको लगानीको १ अर्ब १८ करोड रूपैयाँ ब्याज उठेको छैन ।

यातायात, सञ्चार र सार्वजनिक क्षेत्रको २ अर्ब ९५ करोड, होलसेलर एन्ड रिटेलर १७ अर्ब ७० करोड, फाइनान्स इन्स्योरेन्स र रियलस्टेट ७ अर्ब ५४ करोड, होटल र रेस्टुरेन्टको ४ अर्ब ७२ करोड, अन्य सेवाक्षेत्र २ अर्ब ६२ करोड, उपभोग्य वस्तुमा गएको कर्जाको ४ अर्ब ४९ करोड, स्थानीय तहको ३ करोड र अन्य १३ अर्ब ८९ करोड रूपैयाँ बराबरको ब्याज उठेको छैन ।

लकडाउन अवधिमा सरकारी स्वामित्वका बैंकको १० अर्ब १२ करोड, संयुक्त लगानीका बैंकको १७ अर्ब ६१ करोड, १ खर्बभन्दा माथिको कर्जा भएका बैंकहरूको २५ अर्ब ५९ करोड, अन्य वाणिज्य बैंकहरूको ३० अर्ब ५५ करोड, विकास बैंकहरूको २ अर्ब ३७ करोड र फाइनान्स कम्पनीको ९ अर्ब ८२ करोड रूपैयाँ साँवा र ब्याज नउठेको अध्ययनले देखाएको छ ।

अध्ययन प्रतिवेदनमा आवासीय घरको पनि १ करोडसम्मको ऋण जोखिममा छैन । त्यस्तो प्रकृतिको ऋण २ करोड ८० लाख रूपैयाँ मात्र उठ्न नसक्ने अवस्था छ । त्यसैगरी, रियलस्टेट लोन ३ करोड, हायर पर्चेज कर्जा ३ करोड ८० लाख, मार्जिन नेचरको कर्जा ४ करोड १० लाख रूपैयाँ उठ्न नसकेको अध्ययनले देखाएको छ ।

होटल क्षेत्रको १० खर्बभन्दा बढी लगानी जोखिममा

मीनराज भण्डारी

काठमाडौं । सुरूवाती दिनमा दैनिक ५० लाख रूपैयाँसम्म कारोबार गर्ने राजधानीस्थित काठमाडौं मेरियट होटलको कारोबार अहिले दैनिक ५० हजारमा झरेको छ ।

देशकै सबभन्दा कान्छो पाँचतारे होटलको रूपमा ६० मिलियन डलर लगानीमा सञ्चालनमा आएको मेरियटले वर्षगाँठसमेत मनाउन नपाउँदै कोभिड-१९ कारण होटलका २ सय १४ कोठा पाहुनाविहीन छन् । चार महिनादेखि विदेशी नआउँदा होटल सुनसान छ । होटलका २ सय ५० स्थायी कर्मचारीले मासिक १० दिन मात्रै काम पाएका छन्- त्यो पनि १२ प्रतिशत तलबमा । विश्व प्रख्यात ब्रान्ड भएर पनि अकुपेन्सी नै नभएपछि होटल व्यवसायी र मजदुर प्रत्यक्ष मारमा छन् ।

अहिले देशभरका तारेदेखि पर्यटकस्तरीय होटलको अवस्था मेरियटको भन्दा फरक छैन । कोभिड-१९ संक्रमणको जोखिम बढेसँगै सुरू भएको लकडाउनले ठूलो मानवीय क्षति हुनबाट देशलाई जोगाए पनि अर्थतन्त्रमा भने नराम्रो असर परिसकेको छ । बढ्दो संक्रमणबीच असार पहिलो सातादेखि लकडाउन केही खुकुलो भए पनि पर्यटन क्षेत्रका गतिविधि ठप्प हुँदा ठूला-साना लगानीका होटलहरू अहिले बन्द छन् ।

लकडाउनसँगै बन्द भएका आन्तरिक तथा बाह्य उडान भदौ १ गतेबाट सञ्चालनमा ल्याउने तयारी छ । हवाई उडान बन्द भएयता विदेशी पाहुना होटल छिरेका छैनन् । पाहुना नहुँदा पर्यटन क्षेत्रको मेरूदण्डको रूपमा रहेका देशभरका साना-ठूला होटलको १० खर्बभन्दा बढी लगानी जोखिममा छ ।

देशभित्रका ३३ सय पर्यटकस्तरीय र ३८ तारे होटल, ठूला लगानीका ३३ सय रेस्टुरेन्ट तथा ३ सय २४ सामुदायिक होमस्टे कोरोनाका कारण काम नपाएर ठप्प छन् ।

संसारभरका हरेक १० रोजगारीमध्ये एकमा पर्यटन क्षेत्रको योगदान रोजगारी दिने गरेको सयुक्त राष्ट्रसंघीय आँकडा रहे पनि अहिले नेपालको पर्यटन क्षेत्रमा आश्रित व्यवसायी र मजदुर कोरोनाको मारमा परेका छन् । भ्रमण वर्ष २०२० लक्षित लगानी थपेका होटल व्यवसायीले होटलको अकुपेन्सी शून्यमा झरेपछि व्यवसाय नै बन्द गर्न बाध्य छन् ।

२० लाख पर्यटक नेपाल आए हामी सेवा पुऱ्याउन तयार छौं भनेर हौसिएका व्यवसायी एकाएक देश बन्दाबन्दीमा गएपछि होटलमा आश्रितलाई कोरोनाले कमजोर बनाएको छ ।

देशभर झन्डै १२ लाख श्रमिक पर्यटन प्रतिष्ठानमा आश्रित रहँदै आए पनि होटलले मात्र २ लाख बढीलाई रोजगारी दिएको सरकारी आँकडा छ । होटल बन्द भएकै कारण अहिले ती मजदुर कामविहीन बनेका हुन् ।

त्यसो त देशभित्र रोजगारी सिर्जना गर्न होटल क्षेत्रलाई प्रमुख रूपमा लिने गरिन्छ । तारे होटल, रिसोर्ट, होमस्टेलगायत अन्य पर्यटकस्तरीय होटल कोरोनाकै कारण बन्द हुँदा मजदुर मात्रै होइन, व्यवसायीसमेत तिर्नुपर्ने कर, कर्मचारीलाई दिनुपर्ने तलब, सुविधासमेत दिन नसक्ने अवस्थामा छन् ।

वार्षिक ७ देखि ३० करोडसम्म नाफा कमाउँदै आएका होटलमा कोरोनाका कारण नोक्सानी मात्र छैन, ठूलो संख्यामा रोजगार कटौती भएको सम्बद्ध अधिकारी बताउँछन् ।

होटल नेपाल संघका प्रथम उपाध्यक्ष विनायक शाहका अनुसार लकडाउनसँगै गत चैत ९ देखि सबै उडान स्थगित भएकाले मानिसहरूको आवागमन ठप्प भएसँगै होटल व्यवसाय ओरालो लागेको हो ।

हवाई उडान नखुलेकै कारण कतिपय होटलले प्रतिष्ठानअन्तर्गत काम गर्दै आएका आफ्ना कामदार कटौती त कतिले मासिक पारिश्रमिक घटाएर न्यूनतम मात्र दिने सहमति गरेका छन् । होटल क्षेत्रमा बैंकहरूले समेत कर्जा लगानी गरेका छन् । बैंकको किस्ता भुक्तानी गर्न समस्या भोगिरहेका व्यवसायीले हालै सार्वजनिक भएको राष्ट्र बैंकको मौद्रिक नीतिबाट राहत महसुस गरेका छन् ।

शाहका अनुसार अहिले देशभरका होटलको अकुपेन्सी शून्य अवस्थामा झरिसकेको छ । जारी असर तत्कालका लागि मात्र नभएर आगामी केही वर्षसम्मै पर्न सक्ने उनको दाबी छ ।

'बजेटमा त्यति सन्तुष्ट नरहेका व्यवसायीले समेत राष्ट्र बैंकको जारी मौद्रिक नीतिले साँवाब्याज किस्ताको भाका लम्बिँदा राहत भएको महसुस गरेका छन् । शाहले भने, ' ऋणको भाका सार्ने, पाँच प्रतिशतसम्म ब्याजदरमा ऋण उपलब्ध गराउने तथा चालू पुँजीमा सञ्चालन ऋण उपलब्ध गराउनेजस्ता हाम्रा माग मौद्रिक नीतिमा समेटिएकाले अविलम्ब

कार्यान्वयनमा सरकारले ध्यान दिन आवश्यक देखिन्छ ।'

शाहका अनुसार नेपालमा चिनियाँ, भारतीय एवं युरोपियन पर्यटकहरू सबैभन्दा धेरै आउने गरेका थिए । तर पर्यटक बनेर नेपाल आउने विदेशीको समेत नेपालकै अवस्था रहेकाले लामो समय यो क्षेत्रले नोक्सानी भोग्नुपर्ने उनको धारणा छ । संक्रमण कहिलेदेखि पूर्ण रूपमा बन्द हुन्छ भन्ने अनुमानसमेत नरहेकाले स्वास्थ्यसम्बन्धी प्रोटोकलको उच्च पालना गर्दै व्यवसाय सञ्चालन गर्न ढिलो भइसकेको छ । गत मार्च १० बाट प्रभावित आठ देशका नागरिकलाई अनअराइभल भिसामा रोक लागेपछि विदेशी आउन पाएनन्,' उनले भने, 'अझै पनि हवाई उडान नखुल्दा आउन चाहेका विदेशीसमेत आउन सकेका छैनन् । पर्यटनसँग सम्बन्धित संघ-संस्थाहरूले साउन २१ देखि आन्तरिक र भदौ २१ देखि अन्तर्राष्ट्रिय उडान खोल्न सरकारलाई आग्रह गरिसकेका छौं ।'

स्वास्थ्यसम्बन्धी मापदण्ड लागू गर्दै हवाई, होटल, पर्वतारोहण, पदयात्रालगायत क्षेत्र खुलाउनुपर्ने उनको भनाइ छ । 'पर्यटन वर्ष २०२० पनि स्थगित भइसकेकाले भ्रमण वर्ष लक्षित होटलको लगानीसमेत फर्काउन समस्या छ,' शाहले भने ।

मुख्य सिजनमा हिमाल आरोहण गर्ने विदेशीसमेत आउन नपाएपछि व्यवसायलाई पहिलो सिजनमै घाटा हुन पुगेको उनको भनाइ छ । पर्वतारोहणका लागि नेपाल आउने विदेशीले होटलमा समेत प्रशस्त पैसा खर्च गर्ने गरेको शाह सुनाउँछन् ।

एकजना विदेशी विमानस्थलबाट नेपाल प्रवेश गर्दै गर्दा १० जना नेपालीको चुलो बल्ने अवसर अहिले नेपालले गुमाएकाले होटल व्यवसाय खोल्नुपर्ने उनको भनाइ छ । पर्यटकीय क्षेत्र र आर्थिक गतिविधि बन्द हुँदा होटलमा आश्रित मजदुरलाई रोजगारीमा टिकाइराख्न घरमा बसेका कामदारलाई समेत १० हजार रूपैयाँ दिने हानले विभिन्न ट्रेड युनियनसँग सम्झौता गरिसकेको उनले बताए ।

पर्यटन क्षेत्रलाई पुरानै अवस्थामा फर्काउन कर्मचारीलाई वार्षिक बिदादेखि आन्तरिक पर्यटन प्रवर्द्धन र सहुलियतका विषयमा सरकार गम्भीर हुनुपर्ने शाहको भनाइ छ । व्यवसायीले आफ्नो क्षेत्रमा भ्रमण वर्षलक्षित अर्बौं लगानी डुबिसकेको जनाउँदै सरकारले बजेट र मौद्रिक नीतिमा सम्बोधन गरेका विषयलाई अविलम्ब पालना हुनुपर्नेमा जोड दिएका छन् । नभए उद्योगमा पर्ने दूरगामी नकारात्मक प्रभावलाई राहत हुन नसक्ने उनको भनाइ छ ।

पर्यटन क्षेत्रको कोशेढुंगाको रूपमा हेरिएको भ्रमण वर्ष खारेजीसँगै जोखिममा परेको व्यवसायीको लगानीमा राहत दिन आर्थिक अध्यादेशमा पर्यटनलाई विशेष जोड दिनसमेत आफूहरूले माग उठाउँदै आएको उनको भनाइ छ ।

पर्यटनमा क्षेत्रमा सबभन्दा बढी विदेशी मुद्रा आर्जन गर्ने होटल क्षेत्रले मुख्य सिजनमै मासिक डेढ अर्बभन्दा बढी नोक्सान भोगिरहेको होटल व्यवसायीको दाबी छ । व्यवसायीलाई बिनाधितो ऋण, ब्याजदरमा कटौती, ऋण लिँदा गर्न सकिने सहजीकरण लगायत विषयलाई मौद्रिक नीतिले समेटे पनि लकडाउन अझै जारी रहेकाले व्यवसायमा फर्कन भने अझै समस्या देखिने व्यवसायीको भनाइ छ ।

सरकारले रोजगारी संरक्षण कोष, सामाजिक सुरक्षा कोषमार्फत तथा भ्रमण वर्षमा छुट्ट्याइएको रकमबाट समेत समस्याको सम्बोधन गर्न सक्ने जनाउँदै उनले आगामी ६ महिनासम्मको असरलाई हेरेर अहिले नै व्यवसाय सञ्चालनमा सरकारले लाग्नुपर्ने धारणा राखे ।

असोजसम्म पर्ने असर न्यूनीकरणका लागि सरकारले धार्मिक पर्यटन प्रवर्द्धनका काम अघि बढाउन सक्ने व्यवसायीको सुझाव छ ।

संकटको समयमा आम नागरिक आध्यात्मिक बन्ने भएकाले त्यसको सदुपयोग देशभित्र रहेका हिन्दु तथा बुद्ध सर्किटहरूमार्फत गर्न सरकारले योजना सार्वजनिक गर्नुपर्नेसमेत आवाज उठेको छ । आन्तरिक पर्यटन प्रवर्द्धन गर्ने भनेर बजेट र मौद्रिक नीतिमा मात्रै सम्बोधन नगरेर धनाढ्य विदेशीका विमान सहज रूपमा नेपालमा अवतरण गराउन सहुलियतसम्मका पहल लिएरसमेत पर्यटक तान्न अब अपरिहार्य हुने व्यवसायीको भनाइ छ ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको पर्यटन प्रवर्द्धन शाखाका अनुसार कोरोना भाइरसका कारण बढी प्रभावित हवाई उड्डयन, यातायात, होटल, रेस्टुरेन्टलगायत पर्यटन क्षेत्र र सो उद्यम-व्यवसायको पुनरूत्थानका लागि चालू पुँजी कर्जा, सहुलियतपूर्ण कर्जा र पुनर्कर्जा प्रवाहमा सरकारको प्राथमिकता रहेको बताएको छ ।

पर्यटनलगायत क्षेत्रले लिएको ऋणको साँवा र ब्याज पुस मसान्तसम्म भुक्तानी गर्ने व्यवस्थाले व्यवसायीलाई राहत पुग्ने र व्यवसायमा फर्कने वातावरण बनेको मन्त्रालयले जनाएको हो ।

पर्यटन विभाग, होटल शाखाका अनुसार असार महिनासम्म भुक्तानी अवधि भएका डिमान्ड लोन, क्यास क्रेडिटलगायत अल्पकालीन प्रकृतिका चालू पुँजी कर्जाहरूलाई बैंक तथा वित्तीय संस्थाले ऋणीको अवस्था विश्लेषण गरी ०७७ पुस मसान्तसम्म भुक्तानी गर्न समय दिन सक्ने बनाइएकाले व्यवसायमा परेको असरलाई राहत पुग्छ ।

आर्थिक वर्ष ०७७/७८ को नेपाल सरकारको बजेटमा व्यवस्था भएबमोजिम स्थापना हुने ५० अर्ब रूपैयाँको कोष परिचालनमार्फत निश्चित मापदण्डको आधारमा कोरोना प्रभावित पर्यटनलगायत व्यवसायको सञ्चालन एवं निरन्तरता दिनका लागि श्रमिक तथा कर्मचारीको पारिश्रमिक भुक्तानीका लागि पाँच प्रतिशतसम्म ब्याजदरमा कर्जा उपलब्ध हुने भएपछि मजदुरलाई समेत राहत पुग्ने विभागको भनाइ छ ।

उड्डयन क्षेत्रमा कोरोना प्रभाव

इतिहासकै बढी नोक्सानी

मीनराज भण्डारी

काठमाडौं । सबै कुरो पहिलेकै अवस्थामा चलिरहेको भए अहिले देशको एक्लो अन्तर्राष्ट्रिय विमानस्थल हवाई यात्रुको ओहोरदोहोरले भरिभराउ हुन्थ्यो ।

पछिल्लो समय बिहान ६:०० बजेदेखि मध्यराति ३:०० बजेसम्म नै सञ्चालनमा रहेको विमानस्थलमा अहिले झन्डै चार महिनादेखि व्यावसायिक उडान हुन सकेको छैन ।

गत चैत ९ देखि अन्तर्राष्ट्रिय र ११ गतेदेखि घरेलुतर्फका उडान ठप्प हुँदा नेपाली हवाई इतिहासको ७० वर्षमा पहिलो पटक त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलले अनौठो अवस्था अनुभव गरेको छ । यसअघि २०६२-६३ को आन्दोलन र २०७१ फागुन तेस्रो साता टर्किस एयरलाइन्सको विमान धावनमार्गमै दुर्घटनामा परेका बेला केही दिन विमानस्थलको उडान-अवतरण रोकिएको थियो ।

चार महिनाको यो अवधिमा कार्गो, मेडिकल चार्टर्ड, उद्धार उडान एवं विदेशबाट हुने शव उद्धारका उडान र आन्तरिकतर्फ राजधानीबाहिर रहेका पर्यटक ल्याउन भएका उद्धार उडानबाहेकका व्यावसायिक उडान भएको छैन ।

हवाई उडान बन्द हुँदा लकडाउनअघि सञ्चालनमा रहेका ३४ सहित देशभरका ५२ उडानयोग्य विमानस्थल सुनसान छन् । आन्तरिकतर्फका आठ विमान कम्पनीका ५६ विमान र १० हेलिकप्टर कम्पनीका ३४ हेलिकप्टर अहिले विमानस्थलमा ग्राउन्डेड छन् । नेपालमा उडान भर्दै आएका तीन नेपालीसहित २८ विदेशी कम्पनीका जहाजबाट चार महिनायता नियमित व्यावसायिक उडान भएको छैन ।

भूपरिवेष्ठित राष्ट्रका लागि उत्कृष्ट यातायातको साधन मानिने हवाई यातायात कोरोनाकै कारण बन्द हुँदा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा मुख्य सिजनमा हुने आन्तरिकका १ सयसहित दैनिक झन्डै ४ सय र राजधानीबाहिर ३० भन्दा धेरै उडान भर्ने जहाज ग्राउन्डेड छन् ।

नेपाल नागरिक उड्डयन प्राधिकरणका अनुसार घरेलु र अन्तर्राष्ट्रिय उडान बन्द हुँदा विमानस्थलबाट हुँदै आएको मासिक ९० करोडको हिसाबले अहिलेसम्म ४ अर्ब रूपैयाँ नोक्सान भइसकेको छ । त्यस्तै, आन्तरिक विमान कम्पनीहरूले समेत अर्बौं घाटा बेहोरिसकेका छन् ।

वायुसेवा सञ्चालक संघका अनुसार लकडाउन सुरू भएयता आन्तरिकतर्फका विमान कम्पनीहरूले ४० अर्ब रूपैयाँ कारोबार घाटा बेहोरेका छन् ।

प्राधिकरणका अनुसार पर्यटनसँग प्रत्यक्ष सरोकार राख्ने ठूलो लगानी भएको हवाई क्षेत्रबाट उठ्ने राजस्व सरकारले गुमाइरहेको छ । हवाई यातायात बन्द हुँदा नेपालबाट वैदेशिक रोजगारीमा जानेहरू जान पाएका छैनन् भने विदेशबाट आउने पर्यटकसमेत आउन सकेका छैनन् ।

सन् २०१९ मा झन्डै ११ लाख विदेशी नेपाल भित्रिए पनि २०२० को पहिलो महिनादेखि छिमेकी चीनलगायत देशबाट आउने पर्यटकलाई त्यहाँको सरकारले भ्रमणमा रोक लगाएपछि नेपालको हवाई क्षेत्रमा प्रत्यक्ष असर सुरू भएको हो । सरकारले आयोजना गरेको नेपाल भ्रमण वर्ष २०२० मा ५ लाख चिनियाँ पर्यटक नेपाल ल्याउने राष्ट्रिय अभियानमा सुरू भएको थियो । तर, कोरोना महामारीले चीनबाट मात्रै नभएर करोडौं खर्च गरेर नेपालको प्रचार-प्रसार गरिएका देशबाट समेत पर्यटक आउन नपाएपछि अहिले पर्यटन उद्योग धराशयी बनेको छ ।

अध्यागमन विभागको तथ्यांकअनुसार सन् २०२० को सात महिनामा २ लाख १५ हजार २ सय ५४ मात्र विदेशी नेपाल भित्रिएका छन् ।

हवाई उडान बन्द हुँदा त्यसको प्रत्यक्ष असर जहाज कम्पनी र सरकारलाई मात्रै नभएर होटल, आरोहण, ट्रेकिङ, हेलिकप्टर, ट्रान्सपोर्टेसनलगायत क्षेत्रमा परेको छ ।

प्राधिकरणका अनुसार सरकारले भ्रमण वर्षलाई लक्षित गर्दै राति १२:०० बजेपछि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गर्ने विमान कम्पनीलाई सहुलियत दिने निर्णय गरेको थियो । तर, कार्यान्वयन नहुँदै हवाई उडान नै रोकियो । २० लाख पर्यटक नेपाल ल्याउने योजना कोरानाकै कारण बीचैमा रद्द भयो । नेपाल आउने जहाजहरू अब कहिले पूर्ण अकुपेन्सीमा आउँछन् भन्नेमा अन्योल छ ।

आन्तरिकतर्फका विमान कम्पनीले पनि उडान र यात्रु बढाउन ज्येष्ठ नागरिकलाई छुट दिने योजना सार्वजनिक गरेका थिए । कोरोनाकै कारण हवाई व्यवसाय ओरालो लागेपछि एयरलाइन्स कम्पनीहरूले कर्मचारीलाई ५० प्रतिशत तलब दिएर जबर्जस्ती बिदामा पठाएका छन् । हेलिकप्टर कम्पनीहरूले पाइलट, इन्जिनियरलगायत कर्मचारीको आधारभूत तलबको ६५ प्रतिशत कटौती गरेका छन् । दैनिक स्यमा हुने हेलिकप्टर उडान बन्द हुँदा प्रतिदिन २ करोड रूपैयाँभन्दा बढी घाटा भइरहेको जनाइएको छ ।

संघका प्रवक्ता योगराज कँडेल शर्माका अनुसार भ्रमण वर्षमा १२ प्रतिशतले हेलिकप्टरको उडान वृद्धि गर्ने तयारी रहे पनि हेलिकप्टरहरूले क्षमताको २० प्रतिश हाराहारी मात्रै उद्धार उडान भरेका छन् ।

त्यस्तै, आन्तरिकतर्फका विमानले लकडाउन अवधिमा ४० उडान भरेको उनको भनाइ छ ।

'अहिले देशको पर्यटक उद्योगले इतिहासमै सबभन्दा बढी नोक्सानी बेहोरिरहेको छ,' उनले भने, 'त्यसमा पनि हवाई क्षेत्र सबभन्दा बढी लगानीको क्षेत्रअन्तर्गत पर्ने भएकाले सरकारले घोषणा गरेको अति प्रभावित क्षेत्रको रूपमा छ ।

कँडेलका अनुसार वसन्तकालीन सिजनदेखि नै बुकिङ धमाधम रद्द हुन थालेपछि आन्तरिक जहाज र हेलिकप्टरको व्यवसाय घट्न सुरू भएको हो ।

सन् २०२२ को मार्चसम्मै कोरोनाको प्रभाव हवाई क्षेत्रमा कायम रहन सक्ने भन्दै उनले सरकारसँग एयरलाइन्सलाई जोगाउन बैंकलाई बुझाउनुपर्ने ब्याज राष्ट्र बैंकमार्फत रि-फाइनान्स गरी भुक्तानी व्यवस्था मिलाइदिन माग नगरे पनि राष्ट्र बैंकद्वारा जारी मौद्रिक नीतिले समेटेकामा कार्यान्वयनमा जोड दिनुपर्ने बताए ।

त्यस्तै, विभिन्न बैंक तथा वित्तीय निकायबाट एयरलाइन्सले लिएको अमेरिकी डलर वा नेपाली रूपैयाँको ऋणको साँवालाई पुनर्तालिकीकरण र पुनर्संरचनाको व्यवस्थालाई समेत सरकारले ध्यान दिएकामा बढी जहाज हुने हवाई कम्पनीलाई भने राहत पुग्ने उनले बताए ।

त्यसैगरी, ऋणतर्फको रकमलाई साँवामा गाभ्नुपर्ने, डलरमा लिइएको ऋणको भुक्तानी नेपाली रकममा गर्न सकिने व्यवस्था लागू गर्नुपर्ने र हवाई इन्धनमा सरकारले लगाएको मूल्य अभिवृद्धि कर हटाउनुपर्ने उनले बताए ।

'इन्धनको मूल्य ३० प्रतिशत घटाउनुपर्ने हो तर अझै ४० को ठाउँमा ६३ छ,' उनले भने, 'जहाजको बिमा शुल्कमा लाग्दै आएको करमा छुट, आयल निगमले माग्ने धरौटीमा बैंक ग्यारेन्टीको मान्यतामा भने सरकार गम्भीर हुन सकेन ।'

विमानस्थलले लिने जहाजको अवतरण, पार्किङ, नेभिगेसन शुल्क छुटबारे नागरिक उड्डयन प्राधिकरणले गरेको निर्णय भने स्वागतयोग्य भएको उनको भनाइ छ ।

अल्पकालीन लोनको भाका ६० दिन तोकिनुलाई समेत राहतको रूपमा मान्न सकिने जनाउँदै उनले पुनर्कर्जा र पुनर्तालिकीकरणको सुविधालाई कार्यविधिमार्फत लागू गरिए लामो समयदेखि थन्किएका विमान कम्पनीहरूले राहत महसुस गर्ने उनको धारणा छ ।

त्यसो त हवाई कम्पनी मात्रै होइन, देशभित्रका आन्तरिक विमानस्थलसमेत कारोनाकै कारण अर्बौं घाटामा गएका छन् । आर्थिक वर्ष ०७५/७६ मा देशभरका विमानस्थलमध्ये ४१ वटा घाटामा गएको सरकारी तथ्यांकले देखाएको छ । तीमध्ये २० वटा विमानस्थल जहाज र यात्रुको अभावमा घाटामा गएका थिए भने त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलसहित आठवटा विमानस्थल नाफामा जान सकेका थिए । यो वर्षको सात महिना बितिसक्दासमेत हवाई उडानमा गिरावट आउँदा पोहोरका विमानस्थलसमेत घाटामा जाने निश्चितजस्तै भएको सम्बद्ध कर्मचारी स्वीकार्छन् ।

पछिल्लो समय नेपालमा इन्डिगो, एयर इन्डिया, भिस्तारा, विमान बंगलादेश, थाई एयरवेज, थाई लायन एयर, कतार एयरवेज, ओमन एयर, सलम एयर, डूक एयर, इन्डिगो, भुटान एयरलाइन्स, मलेसिया एयरलाइन्स, मलिन्दो एयरलाइन्स, चाइना साउर्दन, चाइना इस्टर्न, एयर चाइनालगायत विदेशी विमान कम्पनीहरूले उडान भर्दै आएका थिए ।

लकडाउनमा धमाधम चार्टर्ड उडान

सरकारले साउन ७ गतेदेखि लकडाउन अन्त्य गरे पनि व्यावसायिक उडान प्रतिबन्ध साउन अन्तिमसम्म कायमै राखिएको छ । अध्यागमन विभाग त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल कार्यालयका अनुसार लकडाउनको समय २७ हजार ६ सय ५४ जना नेपाल भित्रिएका छन् भने १५ हजार ६ सय ८८ नेपालबाट बाहिरिएका छन् ।

गत चैत १४ देखि असार ३१ सम्म भएको उडानमार्फत उक्त संख्यामा नेपाल प्रवेश गरेको र नेपालबाट बाहिरिएको जनाइएको छ । त्यस्तै, सरकारले विभिन्न देशमा अलपत्र परेका नागरिकको समेत उद्धार गरेको छ । पहिलोपटक उद्धार उडान गत जेठ २३ गते म्यान्मारबाट सुरू गरिएको थियो ।

सरकारले आगामी भदौ १ गतेदेखि नियमित हवाई उडान सञ्चालन गर्ने निर्णय गरेको छ । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल कार्यालयले दैनिक ३० उडान ३ सय ५९ यात्रुले उडान सेवा उपयोग गर्न पाउने गरी सञ्चालन तयारी रहेको जनाएको छ ।

आन्तरिक वायुसेवा कम्पनीहरूले समेत स्वास्थ्य मन्त्रालय तथा नेपाल नागरिक उड्डयन प्राधिकरणको कोभिड-१९ निर्देशिकाअनुसार उडान सञ्चालन तयारी गरेको बताएका छन् ।

तर, हवाई उडानमा जारी रोक खुलेपछि कोभिडको जोखिमलाई दृष्टिगत गर्दै अन्तर्राष्ट्रिय विमानस्थलमा एक तिहाइ मात्र उडान हुनेछन् । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट सुरूमा अन्तर्राष्ट्रियतर्फ दैनिक १५ र आन्तरिकतर्फ ४० देखि ५० सम्म उडान भर्ने र संक्रमणको अवस्थालाई हेर्दै दुवैतर्फ गरी ७० हाराहारी उडानबाट सुरू हुने विमानस्थल कार्यालयले जनाएको छ । लकडाउनका बेला दैनिक १६ वटासम्म उडान भएका थिए ।

वायुसेवा सञ्चालक संघ र उड्डयन प्राधिकरणबीच उडानको विषयमा समेत सहमति भइसकेकाले आन्तरिकतर्फ उडान भर्ने विमान कम्पनीलाई अधिकतम उडान संख्यासमेत तोकिएको छ । केही विमान कम्पनीले भदौ १ गतेदेखि जहाज उडाउन टिकट बुकिङसमेत खुलाइसकेका छन् ।

कोरोनाले खोस्यो दृष्टिविहीनको रोजीरोटी

भन्छन्- जुन सीप थियो गुम्यो, अब के गर्ने टुंगो छैन



प्रेम पुन्थोकी

काठमाडौं । अर्घाखाँची बागीका किसन आचार्य कीर्तिपुरमा अवस्थित एक अगरबत्ती उद्योगमा काम गर्थे । दृष्टिविहीन आचार्यले गाउँमै किराना पसल गरेका थिए तर पसल राम्ररी नचलेपछि अगरबत्तीको काम गर्न पाल्पाको तानसेन पुगे । तानसेनमा अगरबत्तीको व्यापारको केही सीप सिकेका उनी बढी आम्दानी खोज्दै काठमाडौं आए । काठमाडौंमा घुम्ती व्यापार गरेर दिनमा पाँच-सात सय कमाउन सफल भएका उनी कोरोनाका कारण बिक्री बन्द भएपछि एक महिनासम्म कोठामै थुनिएर बसे ।

'लकडाउन खुल्ने आशमा बसियो तर खुल्ने लक्षण नदेखिएपछि घर फर्किएँ । अलिअलि कमाएको सकियो । अब के गर्ने भन्ने कुरामा अन्योलमा छु,' उनी भन्छन्, 'लकडाउन खुकुलो भएको भन्छन्, काठमाडौं फर्कु भनेको साथीहरू काम चलेको छैन भन्छन् । कसरी फर्कनू ?'

उनीसँगै काम गर्ने चितवनका ऋषि काफ्ले लकडाउनभन्दा एक महिनाअघि मात्र काठमाडौं आएर काम सिक्दै थिए । 'घरमा बस्दा के काम गर्ने आइडिया थिएन । साथीले अगरबत्ती बनाउने काम सिक्न सुझाएकाले सिक्दै थिएँ,' काफ्ले भन्छन्, 'काम सजिलो पनि थियो । केही गर्न सकिन्छ कि भन्ने पनि लागेको थियो । त्यही पनि लकडाउनले गर्दा अगाडि बढाउन पाइनँ ।' दृष्टिविहीनलाई जीविकोपार्जनको बलियो स्रोत बनेको अगरबत्ती बनाउने र बिक्री गर्ने व्यवसाय अहिले ठप्प छ । व्यवसाय त अस्को पनि ठप्प छ तर विकल्प नै नभएका दृष्टिविहीनको व्यवसाय रोकिँदा अब कसरी गुजारा चलाउने भन्ने चिन्ताले गाँजेको छ ।

महासंघ अध्यक्ष मित्रलाल शर्मा दृष्टिविहीनले अरु विकल्प नभएपछि मैनबत्ती, अगरबत्ती बनाउने र बिक्री गर्ने कामलाई व्यवसायको रूपमा सञ्चालन गर्दै आएकामा अहिले माग र बिक्री बन्द हुँदा आम्दानी रोकिएको बताउँछन् । शर्मा भन्छन्, 'धेरैले आफू र परिवार चल्ने माध्यम बनाएका थिए । परिवारका आश्रित केही त चलेको होलान् तर धेरै अब भोकै पर्ने अवस्था आउन थाल्यो ।' अहिले मैनबत्तीको व्यापार घटे पनि बाह्रैमास

व्यापार गर्न सजिलो भएका कारण धेरैले यसलाई अँगाल्दै आएका थिए ।

राष्ट्रिय अपांग महासंघले गरेको एक सर्भेक्षणले अपांगता भएका ४० प्रतिशतले आम्दानीको स्रोत गुमाएको देखाएको छ । तथ्यांकले थप २० प्रतिशतको आम्दानीको स्रोत जोखिममा छ, जसमा ४९ प्रतिशत महिला र ५१ प्रतिशत पुरूष छन् ।

महासंघका कार्यक्रम संयोजक विमल पौडेल यो तथ्यांक लकडाउन लगत्तैको भए पनि अहिले त्यसको संख्या बढ्न सक्ने बताउँछन् । उनी भन्छन्, 'लकडाउन लम्बिएपछि केही सम्भावना भएका स्रोत पनि गुम्दै गएका छन् । अब के गर्ने भन्नेमा पनि अन्योल कायमै छ ।' महासंघले गरेको सर्भेक्षणले रोजगारी गुमाएका धेरै परिवारमा परिवार पाल्ने जिम्मेवारीसहितका पनि छन् । उनीहरूको रोजीरोटी खोसिएसँगै त्यसमा आश्रित परिवारका सदस्यसमेत मर्कामा परेका छन् ।

संयोजक पौडेल लकडाउन खुलेपछि पनि अपांगता भएका व्यवसायी नियमित काममा फर्कन समय लाग्ने बताउँछन् । ' लकडाउनपछि बजार सहज हुन पक्कै पनि समय लाग्छ । त्यसमाथि कोरोनाको त्रास कायमै रहेकाले कसरी सुरक्षित रहने भन्नेमा विशेष गरी दृष्टिविहीनहरूमा समस्या कायमै रहन्छ,' उनी भन्छन्, 'लामो समयसम्म काममा फर्कने अवस्था नहुँदा अरु विकल्प खोज्नुपर्ने हुन्छ । अर्को व्यवसाय सफल हुने/नहुने अन्योलले झनै चिन्ता थपिन्छ ।'

त्यसमा पनि सक्दो व्यवसाय गर्दै आएका दृष्टिविहीनहरु शतप्रतिशत नै आम्दानीको स्रोतभन्दा बाहिरिन्छन् । महासंघ अध्यक्ष आफूहरूले चाहँदैमा ३० लाख अपांगता भएकाको समस्यालाई समाधान गर्न नसक्ने बताउँछन् । उनी भन्छन्, 'हामीले स्थानीय तहसम्मै अपांगता भएका लागि राहतमा प्राथमिकता दिन भनेका छौं । केही ठाउँ सहयोग भएको पनि छ, कतै साथीहरु अभावमै बाँचिरहेका छन् ।'

नेपाल नेत्रहीन संघका निर्देशक नरबहादुर लिम्बू अधिकांश दृष्टिविहीनहरु कोभिडका कारण काम गुमाएर बस्नु परेको बताउँछन् । 'सरकारको तथ्यांकअनुसार मुलुकभर ९५ हजारको संख्यामा दृष्टिविहीन छन्, त्यसमा साढे पाँच सय मात्र सरकारी र गैरसरकारी निकायमा जागिरे छन्,' लिम्बू भन्छन्, 'बाँकी कि परिवारमा आश्रित छन् कि त स-साना व्यवसाय सञ्चालन गरेर बसेका थिए ।' उनले अहिले लकडाउनयता डेढ सय वटा अगरबत्ती व्यवसाय र त्यसको बिक्रीबाट रोजगारी पाएकाहरूले आम्दानीको स्रोत गुमाएको बताए । उनले उपत्यकामा मात्र दृष्टिविहीनले अँगाल्दै आएको सडक सांस्कृतिक कार्यक्रम गर्दै आएका २ सय र मसाज सेन्टरमा काम गर्ने ४० जना पनि बेरोजगार बनेको बताए ।

लिम्बू दृष्टिविहीनहरु अहिले पुरानै व्यवसायमा फर्कने टुंगो नभएको र नयाँ व्यवसाय सम्भावना के गर्ने भन्नेमा पनि अन्योल रहेको बताउँछन् । 'कोरोना कति समयसम्म रहन्छ, थाहा छैन । केहीलाई हामीले १० हजारका दरले बिउ पुँजी दिएका छौं,' उनी भन्छन्, 'वैकल्पिक व्यवसायको रूपमा पशुपालन गर्छौं भन्ने धेरै छन् । अब विकल्प खोजी त गर्नैपर्छ ।' सरकारले अपांगता भएकाहरूका लागि विशेष प्याकेज कार्यक्रम ल्याउनुपर्ने उनी बताउँछन् । उनी भन्छन्, 'अन्य क्षेत्रलाई विशेष प्याकेजका कुरा सुनिन्छ तर अपांगता भएका व्यवसायीलाई लक्षित गरेर केही व्यवस्था भएको छैन । सामान्य घरेलु व्यवसायमा रहेका व्यवसायीलाई हेर्न नसक्ने हो भने यस क्षेत्रमा लागेकाहरु झन् ठूलो मारमा पर्ने निश्चित छ ।'

अपांगताको क्षेत्रमा काम गर्दै आएकी कृष्ण प्यारी नकर्मी एकातिर काममा जान नपाउने र अर्कोतिर कमाएको खर्चसमेत सकिँदा मानसिक तनावमा देखिएको बताउँछिन् । 'यसले उनीहरूमा मानसिक समस्यासमेत देखिन सुरू गरेको छ । सामान्य अवस्था भएन, पहिले केही काम गरेर समय व्यतीत गर्नु पनि छैन,' नकर्मी भन्छिन्, 'आम्दानीको स्रोत बन्द हुँदा घरपरिवारले गर्ने व्यवहारमा पनि परिवर्तन आएको छ ।' उनी यो अवस्थामा अपांगता क्षेत्रमा काम गर्ने संघ-संस्था तथा सामाजिक संघसंस्थाले केही सामान्य राहतको व्यवस्था गरेको भए पनि सरकारको तर्फबाट सहयोग हुन नसकेको गुनासो गर्छिन् ।

यसरी सुरू भएको थियो व्यवसाय

कपिलवस्तु बुद्धभूमि नगरपालिकाका गोपाल भुसाल पेसाले शिक्षक थिए । भुसालले ०५२ मा एकाएक आँखाको दृष्टि गुमाए । केही समय आफैंमा हीनताबोध भएर समय बिताएको बताउने उनी केही वर्षपछि दृष्टि गुमाएकाहरूको जीविकोपार्जन कसरी गर्न सकिन्छ भनेर उपाय खोज्न थाले । 'सबै दृष्टिविहीन शिक्षाको पहुँचमा नभएकाले सजिलै राम्रो जागिर पाउने सम्भावना पनि थिएन,' भुसाल भन्छन्, 'मैनबत्ती, अगरबत्ती र मुढा बनाउने काम उपयुक्त लाग्यो ।'

उनले ०५८ मा आफैंले सीप सिके । ०५९ मा १० जनालाई तालिम दिएर सीप हस्तान्तरण अभियान अगाडि बढाए । त्यसपछि देशका विभिन्न ठाउँमा पुगेर सीप सिकाए । 'म आफै देशभरका १५ सय जनालाई सीप सिकाएँ । मबाट सीप सिकेकाले पनि अरु धेरैलाई सिकाए,' उनी भन्छन्, 'मैनबत्तीले राम्रो व्यापार पाए पनि लोडसेडिङ हटेसँगै त्यसको व्यापार छैन । तर मुढा र अगरबत्तीबाट राम्रो आम्दानी गरिरहेका छन् ।' अहिले धेरैले यसलाई आम्दानीको स्रोत बनाएको पाउँदा भुसाललाई खुसी लाग्छ । उनी भन्छन्, 'कुनै समय आफ्नो जीवनलाई नै बोझको रूपमा लिनेहरु अहिले आफ्नो जीवनलाई व्यवस्थित गर्न सफल भएका छन् ।'

अहिले केहीले दर्ता गरेरै अगरबत्तीको उत्पादन गर्दै आएका छन् भने धेरैले आफ्नै तरिकाले घरेलु व्यवसायको रूपमा यसलाई अगाडि बढाएका छन् । 'केही भाइबहिनीले यही व्यवसाय गरेर क्याम्पस पढिरहेका छन्, कसैले यसैबाट घरसम्पत्ति पनि जोडेका छन्,' भुसाल भन्छन्, 'अहिले गाउँमै सरकार आएको छ । दृष्टिविहीनको यो सीपलाई केही व्यवस्थित गर्न सकिन्छ कि भन्ने कुरा मनमा खेलिरहन्छ ।'

आत्मनिर्भरताको बाटोमा औषधि उत्पादन

उद्योगी भन्छन् : "आयात नियन्त्रणमा सरकारको सहयोग चाहियो"

प्रेम पुन्थोकी

काठमाडौं । कोभिड-१९ को महामारी भित्रिइसकेपछि भारतले २६ प्रकारका अत्यावश्यक औषधि निर्यातमा रोक लगायो । भारतले निर्यातमा प्रतिबन्ध लगाउने बताएसँगै औषधि अभावको त्रास आम नागरिक स्तरमै पुग्यो । तर, औषधि उत्पादन गर्दै आएका उद्योगीले एकै स्वरमा भने, 'हामी अभाव हुन दिन्नौं, आफैं उत्पादन गरेर अभाव टार्छौं ।' भारतको निर्यातमा रोक लगाउने निर्णय लामो समय टिकेन तथापि व्यवसायीमा आत्मविश्वास देखियो र सरकारमा व्यवसायीप्रति भरोसा पनि थपियो ।

कोरोनाको प्रभाव बढ्दै जाँदा मास्क र स्यानिटाइजरको समेत चरम अभाव थियो । मास्क अभाव टार्न व्यवसायी दीपक मल्होत्राले ५० लाखभन्दा बढीको लगानीमा मास्क उत्पादन गर्ने मेसिनसमेत ल्याए र अभाव टारे । मुलुकमा उत्पादन नै नभएको सेनिटाइजरका ४० कम्पनीले दर्ता भएरै उत्पादन सुरू गरे । दर्ता नभएर उत्पादन गर्दै आएका पनि उति नै छन् ।

माथिका यी दृष्टान्तले अभाव टार्नका लागि औषधि उद्योगीले गरेका केही प्रयासको प्रतिनिधित्व गर्छन् ।

नेपालमा वि.सं. २०२९ देखि औषधि उत्पादनको सुरूआत भएको थियो । औषधि व्यवस्था विभागका अनुसार हाल ६३ वटा कम्पनीले एलोपेथिक औषधि उत्पादन गर्दै आएका छन् र दुई दर्जना कम्पनी प्रक्रियामा छन् । विभागका सूचना अधिकारी सन्तोष केसी मुलुकभर माग हुने औषधिको ४५ प्रतिशतभन्दा बढी माग स्वदेशी उत्पादनले पूरा गर्दै आएको बताउँछन् । 'यो अगाडिदेखिकै तथ्यांक हो, अहिले पक्कै पनि बढेको होला,' सूचना अधिकारी केसीले भने, 'सामान्य खालका ९ हजार प्रकारका औषधि अहिले नेपालमै उत्पादन हुँदै आएका छन् ।'

उनले भ्याक्सिन र क्रिटिकल केयरका औषधि उत्पादन कम भए पनि दुईवटा कम्पनीले त्यसको उत्पादन थालेको र एउटा कम्पनी पाइप लाइनमा रहेको बताए ।

नेपाल औषधि उत्पादक संघका अध्यक्ष जी नारायणबहादुर क्षेत्री नेपाली औषधि उद्योगले २ सय ५० अन्तर्राष्ट्रिय कम्पनीसँग प्रतिस्पर्धा गर्नु परेको बताउँछन् । 'अहिले मुलुकको औषधिको मागको ४८ प्रतिशत पूरा गरेको छ, बाँकी आयातमा निर्भर छ,' उनी भन्छन्, 'आयात गरिने औषधि नेपाली उद्योगले उत्पादन गर्न नसकेर हैन, आयातमा नियन्त्रण गर्न नसक्दा भित्रिएका हुन् ।'

उनी अबको दुई वर्षमा मुलुकलाई आवश्यक पर्ने ९० प्रतिशत माग नेपाली उद्योगले पूरा गर्न सक्ने बताउँछन् । 'सबै उद्योगले अत्याधुनिक मेसिन भित्र्याएका छन् तर क्षमताको ४० देखि ५० प्रतिशत मात्र उत्पादन गरेका छन्,' उनी भन्छन्, ' आयात नियन्त्रण गर्न सके १५ सयदेखि २ हजार करोडको औषधिको बजार नेपाली उत्पादनले पाउँछन् र उद्योग पनि सक्षम हुन्छन् ।'

पछिल्लो समय दुई औषधि उद्योगले औषधि निर्यातसमेत गर्न थालेका छन् । क्षेत्री औषधिको गुणस्तर अन्तर्राष्ट्रिय स्तरको भए पनि लगानी पर्याप्त नहुँदा निर्यात गर्न सक्ने अवस्था नभएको बताउँछन् । 'नेपाली औषधि उद्योग ब्रेक इभेनमै चल्नुपर्ने अवस्था छ, कम्तीमा पूर्ण क्षमता चल्न सके र बिक्री बढे आम्दानी हुन्थ्यो र लगानी बढ्थ्यो,' उनी भन्छन्, 'देशमै चल्ने वातावरण नहुँदा कसरी निर्यातबारे सोच्नू ?'

उनका अनुसार नेपाली औषधि उद्योगमा अहिले ५० देखि ५५ अर्बको लगानी छ, जसमा २० हजारभन्दा बढीले प्रत्यक्ष रोजगारी पाएका छन् । निकट भविष्यमै सञ्चालनमा आउने दुई दर्जन औषधि कम्पनीले थप ८ देखि १० हजार रोजगारीका

अवसर थप्नेछन् । क्षेत्री अन्य सामग्रीमा जस्तो औषधिमा पनि बिचौलियाको चलखेल भएको बताउँछन् ।

उनी भन्छन्, 'हामीले नियन्त्रण गर भनेकै २० वर्ष भयो, सुनुवाइ नै नहुनु यस क्षेत्रमा पनि बिचौलियाको हालीमुहाली चल्नु हो ।'

विभागका सूचना अधिकारी केसी नेपाली औषधि उद्योगले फड्को मार्न सक्ने बलियो सम्भावना देखिएको बताउँछन् । उद्योगीलाई सहुलियत दरमा ऋणको व्यवस्था, विशेष प्रकारका औषधि उत्पादनमा प्रोत्साहन र मूल्य निर्धारण, समायोजनमा सरकारको भूमिका महत्वपूर्ण देखिने उनको भनाइ छ । उनी अहिले नेपालका औषधि उत्पादक कम्पनीले अन्तर्राष्ट्रिय गुणस्तर मापदण्डअनुरूप उत्पादन गर्न सक्ने भए पनि थप अत्याधुनिक प्रविधिमा उत्पादन गरेर निर्यातयोग्य बन्नुपर्ने देख्छन् ।

कच्चा पदार्थमा भने अझै पनि परनिर्भर रहनुपर्ने अवस्था छ । संघका अध्यक्ष क्षेत्री ६० देखि ७० प्रतिशत औषधि जडीबुटीबाटै बन्ने भएकाले त्यसको सम्भावनाको खोजीसमेत गर्न सकिने बताउँछन् । उनी भन्छन्, 'हामीले क्विन्टलमा जडीबुटी पठाएर ट्याबलेटमा किनिरहेका छौं, यही खपत गर्न प्रविधि र प्रोत्साहन गर्ने कार्यक्रम आउन जरूरी छ ।'

तंग्रिन खोज्दै नेपाल औषधि लिमिटेड

२०२९ सालमा स्थापना भएको सरकारी स्वामित्वको नेपाल औषधि लिमिटेड दस वर्ष बन्द भएर गत दुई वर्षदेखि सञ्चालनमा आएको छ । सरकारले निरन्तर घाटामा गएका संस्थानलाई बन्द गर्ने वा मर्ज गर्ने नीति लिए पनि केही व्यवस्थित हुने योजनाका साथ अगाडि बढेको लिमिटेडले ६ प्रकारका औषधि उत्पादन गर्दै आएको छ । अहिले सिटामोल, सिटाप्लस, ग्लिसिरिन, डिस्टिलवाटर, दुई प्रकारका जीवनजल र पछिल्लो समय सेनिटाइजरसमेत उत्पादन गर्दै आएको औषधि लिमिटेडका सूचना अधिकारी टीकाराम अर्यालले बताए ।

'हामी औषधिको उत्पादनलाई बढाउने क्रममा छौं, यही आर्थिक वर्षभित्रमा किड्नी डायलासिस वाटर र अन्य पाँच प्रकारका औषधिको उत्पादन सुरू गर्दै छौं,' उनले भने, ' माग र क्षमताको आधारमा औषधि उत्पादन बढाउँदै जाने योजना हो ।'

सरकार उदासीन

औषधिमा आत्मनिर्भर बन्नेमा शंका नरहे पनि सरकारको पर्याप्त सहयोग नहुँदा लगानी सुरक्षित नहुने हो कि भन्ने त्रास उद्योगीमा छ । उनीहरू सरकार आफैँले विभिन्न समयमा गरेका निर्णयको कार्यान्वयन नगरेको गुनासो गर्छन् । यसको कार्यान्वयनका लागि औषधि उत्पादक संघ आन्दोलनमा समेत उत्रिएको छ । 'सरकार आफ्नै निर्णयको कार्यान्वयनमा चुकिरहेको छ, हामीले स्वास्थ्यमन्त्रीलाई भेटेरै विभिन्न समयमा नेपाल सरकारले गरेका निर्णयको कार्यान्वयन गरिदिन १८ बुँदे मागसहित पत्र बुझाइसकेका थियौँ,' संघका महासचिव विप्लव अधिकारी भन्छन्, 'सरकारले मागको सुनुवाइ नगरेर माग विपरीतका निर्णय गर्दै आइरहेको छ ।' सरकारले दर्ता नभएका विदेशी कम्पनीका स्यानेटाइजर बिक्री गर्न दिने र दर्ताका लागि समय थप्दै गएको उनीहरूको आरोप छ ।

उद्योगीहरू स्यानेटाइजरमा नेपाली उद्योग आत्मनिर्भर बनेको बताउँछन् । स्वदेशी उद्योगलाई प्रोत्साहन गर्ने एवं औषधिमा आत्मनिर्भरोन्मुख गराउने नीति तर्जुमा गर्न औषधि व्यवस्था बिभागका निर्देशकको संयोजकत्वमा गठित विज्ञको टोलीले ०७४ साल जेठमै ३० वटा उत्पादनको कच्चा पदार्थ मात्र आयात गर्ने निर्णय गरी मन्त्रालयबाट कार्यान्वयनका लागि पठाए पनि कार्यान्वयन नभएको उद्योगीको गुनासो छ ।

प्रविधिजन्य स्वास्थ्य सामग्री तथा उपकरणसम्बन्धी निर्देशिका २०७४ बमोजिम औषधि व्यवस्था विभागले नियमन गर्ने गरी सरकारबाट स्वीकृति भए पनि ती सामग्रीहरूको उत्पादन र नियमनको कुनै पनि कार्यको थालनी नगरिएको व्यवसायीहरू बताउँछन् । महासचिव अधिकारी भन्छन्, 'हालसम्म पनि गरिएको छैन, फलस्वरूप मास्क, निःसंक्रामक, पीपीई, कस्मेटिक, भिटियम, खाद्य परिपूरकलगायत उत्पादन नेपालमै उत्पादन हुन सक्ने भए पनि उत्पादन अनुमति र प्रोत्साहन गरिएको छैन ।'

उद्योगीहरू कुनै औषधिको उत्पादन अनुमतिका लागि वर्षौं कुर्नुपर्ने अवस्था रहेको तर औषधि आयात गर्न तत्काल स्वीकृति दिने गरेको बताउँछन् । 'स्वदेशी औषधि उद्योगको कुशल उत्पादन अभ्यास (जीएमपी) प्रमाणीकरणका लागि निरीक्षणपछि पनि महिनौंसम्म प्रमाणीकरण गरिँदैन,' अधिकारी भन्छन्, 'तर विदेशी उद्योगको हकमा हप्ता दिनमै दर्जनौं उद्योगको निरीक्षण गरी प्रमाणीकरण गर्ने गरिएको छ, यसले स्वदेशी उद्योगहरू निरूत्साहित भएका छन् ।'

उनीहरू सरकारले स्वदेशी उद्योगलाई मात्र भार पर्ने गरी कच्चा पदार्थको आयात सिफारिसमा समेत दस्तुर लिने गरी असामान्य रूपमा १२ गुणासम्म वृद्धि गरी आयातलाई प्रोत्साहन गरिएको आरोप लगाउँछन् ।

औषधि विभागका सूचना अधिकारी केसी उद्योगीले आयातमै प्रतिबन्ध लगाउन भन्दै आए पनि कतिपय अवस्थामा नेपाल विश्व व्यापार संगठनको सदस्य भएको र संगठनमा भएका व्यवस्थासमेत आकर्षित हुँदा गाह्रो परेको बताउँछन् । उनी भन्छन्, 'तर पनि सरकारले पटक-पटक प्रतिबद्धता जनाइरहेको विषय भएकाले केही पहल हुँदै होला ।'

औषधि उत्पादक संघका अध्यक्ष क्षेत्री विश्व व्यापार संगठनलाई कारण देखाउनु बहाना मात्र भएको बताउँछन् । 'नेपालले औषधि उत्पादन सुरू गर्दा एउटै अवस्थामा रहेको बंगलादेश आत्मनिर्भर बनेर अरू देशको औषधि आयात रोक्न पाउने, भारतले रोक्न पाउने नेपालले रोक्न नहुने भन्ने हुँदैन,' उनी प्रश्न गर्छन्, 'औषधिमा आत्मनिर्भर हुनु भनेको अनिवार्य कुरा हो, अरू देशबाट औषधि आउनै नसक्ने अवस्था भए हाम्रो अवस्था के होला ?'

साना-घरेलु व्यवसायी भन्छन् :

आफ्नै पेसा भारी भयो, अब राज्यलाई सुम्पिन्छौं

सन्तोष न्यौपाने

'सरकारले व्यवसाय बन्द गर भनेपछि सबै कर्मचारी घर हिँडे । व्यवसाय बन्द भयो, अहिले खुकुलो भएको बेला व्यवसाय सुरू गरौं भन्यो, कर्मचारी आउँदैनन् ।'

डडेल्धुराका व्यवसायी नवीन साहूलाई लकडाउन यति लामो समय जालाजस्तो लागेको थिएन । जब सरकारले सबै गतिविधि बन्द गरेर घरभित्र बस्न भन्यो, उनले पनि व्यवसाय बन्द गरेर गुपचुप बसैं ।

हप्ता, महिना हुँदै दिनहरु बिते । तीन महिना बितिसक्दा पनि सरकारले व्यवसाय खोल भनेन् । व्यवसायमा रस परिरहेको साहूलाई तीन महिनाको अवधिमा आफ्नै पेसा भारी भयो । सबै अस्तव्यस्त भयो ।

उनले डडेल्धुरा अत्तरियामा एसियन मेटल पावर सञ्चालन गर्छन् । जहाँबाट फलामको पानीघट्ट, आधुनिक चुल्हो, माइक्रो हाइड्रोको रिपेयरको काम गर्छन् । यो व्यवसाय तीन महिनादेखि ठप्प छ । यस अवधिमा बैंकको ब्याजमात्रै साढे २ लाख भएको छ । मासिक भाडा १६ हजार छ । महिनाको २ लाख १० जना कर्मचारीको तलब छ ।

'तीन महिना पूरै फाल्तु बस्नुपर्‍यो', साहूले डडेल्धुराबाटै नेपालखबरसँग भने, 'बैंकको ब्याज कसरी तिर्ने भन्ने पिरलो छ ।'

पाँच सय ५० वटा आधुनिक चुल्हो बनाएर गाउँपालिकामा बुझाएका थिए । लकडाउनको कारण त्यसको भुक्तानी अहिलेसम्म पाएका छैनन् । एउटा चुल्होको मूल्य १० हजार पर्छ । उक्त चुल्होमा लगानी भएको झण्डै ५५ लाख रूपैयाँमध्ये वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रबाट २५ लाख रूपैयाँ आउनुपर्ने थियो । 'लकडाउनका कारण पीसीजी फर्म भर्न नपाउँदा यो रकम वैकल्पिक ऊर्जा केन्द्रबाट आउन सकेको छैन', साहूले भने ।डडेलल्धुरा साना तथा घरेलु उद्योग महासंघका अध्यक्ष समेत रहेका साहुले आफ्नो जस्तै अवस्था जिल्लाभरका घरेलु तथा साना उद्योगीलाई परेको बताए ।

पश्चिमका साहुको मात्र होइन, पूर्वी जिल्ला पाँचथरका फर्निचर व्यवसायी नरेन्द्र दुलालले मर्म पनि उस्तै छ । कृषि विकास बैंकबाट लिएको ५० लाख ऋणको मासिक ब्याज ५० हजार तिर्नुपर्छ । त्यसैमाथि, ११ जना कर्मचारी छन् ।चार महिनादेखि उनको व्यवसाय ठप्प प्रायः छ ।

'सरकारले व्यवसाय बन्द गर भनेपछि सबै कर्मचारी घर हिँडे । व्यवसाय बन्द भयो', नेपालखबरसँग दुलालले भने, ' अहिले खुकुलो भएको बेला व्यवसाय सुरू गरौं भन्यो, कर्मचारी आउँदैनन् ।'

उनीकहाँ काम गर्ने केही कर्मचारी भारतका छन् । लकडाउन सुरू भइसकेपछि उनीहरु पनि घरतिर फर्केका छन् । ती भारतीय कर्मचारी मुख्य मिस्त्रीको काम गर्थे । अहिले तिनीहरूकै अभावमा फर्निचरको काम हुने अवस्था छैन ।

पूर्ण काम भएको बेला सबै खर्चर कटाएर उनको आम्दानी ५०/६० हजार हुन्थ्यो । ४ महिनादेखि 'हात लाग्यो शून्य' भएको छ । यो समस्या उनको मात्र होइन । पाँचथर जिल्लाभरका झण्डै १ हजार घरेलु तथा साना उद्योगीलाई उठ्नै नसक्ने गरी समस्यामा परेको उनको भनाइ छ ।

घरेलु तथा साना उद्योग महासंघ पाँचथरका जिल्ला अध्यक्षसमेत रहेका दुलालले व्यवसायी पलायन हुने अवस्था आएको बताए ।

'हामीले केही समयमै पाँचथरबाटै समग्र घरेलु तथा साना व्यवसायीहरु कर र ब्याज तिर्न सक्दैनौं भनेर जिल्ला प्रशासनमार्फत राज्यलाई हाम्रो उद्योग बुझाउने तयारी गरिरहेका छौं', दुलालले भने, 'त्योभन्दा हाम्रो विकल्प छैन ।'

कुनै पनि उद्योगीले घरभाडा, कर, ब्याज तिर्नसक्ने अवस्था नभएको र सरकारले करछुट, ब्याजको मिनाहा नगरेको भन्दै जिल्ला प्रशासनमा चाबी बुझाउने संस्थागत रूपमा निर्णय भएको उनले बताए ।

पाँचथरमा ढाका, खाँडी, परिमना, चियालगायतका हजार घरेलु तथा साना उद्योग सञ्चालनमा छन् ।

अर्थतन्त्रलाई लयमा ल्याउन सबैभन्दा पहिला यस्तै साना तथा घरेलु उद्योगहरु सक्षम हुनुपर्छ ।

अहिले पनि साना तथा मझौला उद्योगले ८० प्रतिशत श्रमशक्तिलाई रोजगारी दिइरहेका छन् भने विदेशबाट आउने लाखौं श्रमिकलाई यही क्षेत्र आयआर्जनको माध्यम बन्ने क्षमता छ ।

यो क्षेत्र भनेको सानो लगानीमा चल्ने तर धेरैको आश्रय बनेको पेसा हो । सहरदेखि ग्रामीण क्षेत्रसम्म महिलाहरूको सहभागिता उच्च छ ।

१५ प्रतिशत पुनर्कर्जा लघु तथा साना उद्योगमा

नेपाल घरेलु तथा साना उद्योग महासंघका कार्यवाहक अध्यक्ष उमेशप्रसाद सिंहले हजारौँ साना उद्योगीको हितमा सरकारसँग छलफल भइरहेको बताए ।

'सबै लघु, घरेलु, साना उद्योग पीडित छन्', सिंहले भने, 'पीडितलाई मल्हम लगाउन सरकारले कोसिस गरिरहेको छ तर पर्याप्त छैन ।'

सरकारले दोस्रो राहत प्याकेज ल्याउने भनेर झुक्याएको व्यवसायीहरूको भनाइ छ । सिंहका अनुसार अर्थमन्त्रीले दोस्रो राहत प्याकेज ल्याउने आश्वासन दिएका थिए तर आएन ।

अहिले सरकारले उद्योग खोल्न भने पनि खोल्ने वातावरण नभएको उनी बताउँछन् । 'हामीसँग पुँजी, कामदार, कच्चापदार्थ केही पनि छैन', सिंहले भने, 'कसरी उद्योग चलाउन सकिन्छ ?'

पुँजीको लागि अर्थ मन्त्रालय र राष्ट्र बैंकसँग समन्वय गरिरहेको उनले बताए ।

राष्ट्र बैंकले पहिलोपटक लघु, घरेलु तथा साना उद्योगलाई सम्बोधन गर्ने प्रयास गरेको बुझाइ व्यवसायीको छ । राष्ट्र बैंकले लघुउद्यम कर्जा भनेर पुनर्कर्जाका रूपमा १५ प्रतिशतसम्म कर्जा प्रवाह गर्नुपर्ने व्यवस्था गर्न लागेको उनले बताए । यसअघि राष्ट्र बैंकको पुनर्कर्जामा लघु तथा साना उद्योगले कुनै पनि रकम प्राप्त गर्न सकेका थिएनन् ।

महासंघले राष्ट्र बैंकले मौद्रिक नीतिमार्फत सम्बोधन गर्नुपर्ने भनेर १४ बुँदे सुझाव पनि पेस गरेको छ ।

नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीले लघु, घरेलु तथा साना उद्योगहरूका लागि पुनर्कर्जा कार्यविधि केन्द्रित हुने बताए । लघु, घरेलु तथा साना उद्योगहरूले पुनर्कर्जा नपाएको र यो वर्षदेखि पाउने व्यवस्था हुनलागेको उनले बताएका थिए । साथै, उनले पुनर्कर्जा कार्यविधिलाई लघु, घरेलु तथा साना उद्योग अनुकूल बनाउन प्रयास भइरहेको बताए ।

महासंघ लघु उद्योगले १५ लाखसम्म, घरेलु उद्योगले ५० लाखसम्म र साना उद्योगहरूले २ करोड रूपैयाँसम्मको पुनर्कर्जा पाउनुपर्ने माग राखेको छ । पुनर्कर्जा व्यवस्थापन तथा अनुगमन समितिमा महासंघको प्रतिनिधित्व हुनुपर्ने, बैंकको प्रत्येक शाखाले कम्तीमा १० जना लघु, घरेलु तथा साना उद्योगहरूले अनिवार्य रूपमा पुनर्कर्जा पाउनुपर्ने सुझाव राष्ट्र बैंकलाई दिएको छ ।

त्यस्तै लघु वित्तीय संस्थाले महिला तथा लघु उद्यमीहरूलाई विशेष प्राथमिकता दिनुपर्ने, लघु घरेलु तथा साना उद्योगहरूले पुनर्कर्जाको लागि आवेदन गरेको १५ दिनभित्र कर्जा पाउनुपर्ने माग महासंघको छ । लघु उद्यमलाई आयकर छुटको अवधि २ वर्ष थप गरी सात वर्ष र महिला उद्यमीद्वारा सञ्चालित लघु उद्यमीलाई तीन वर्ष थप गरी १० वर्ष पुऱ्याउनु स्वागतयोग्य भएको महासंघको ठहर छ ।

लघु, घरेलु तथा साना उद्योगी तथा व्यवसायीलाई लाग्ने आयकरमा वार्षिक २० लाखसम्म कारोबार गर्नेलाई ७५ प्रतिशत, २० लाखदेखि ५० लाखसम्म कारोबार गर्नेलाई ५० प्रतिशत र ५० लाखदेखि १ करोडसम्म कारोबार गर्ने करदातालाई २५ प्रतिशत छुट दिने व्यवस्था गरिनुले महिला तथा लघु उद्यमीलाई प्रोत्साहन गरेकोमा पनि महासंघले स्वागत गरेको छ ।

कुटिर, घरेलु तथा साना उद्योगलाई कसरी उकास्ने ?

मुलुकको अर्थतन्त्रमा सबैभन्दा ठूलो योगदान र रोजगारी सिर्जना गर्ने कुटिर, घरेलु, साना तथा मझौला उद्योगहरू कोरोना संकटबाट संकटमा परेका छन् । कुल गार्हस्थ्य उत्पादन (जीडीपी)मा २२ प्रतिशत योगदान दिने यी उद्योगमा लाखौँले रोजगारी पाएका छन् ।

मुलुकभर झण्डै ४ लाख ५२ हजार साना तथा मझौला उद्योग रहेकोमा २ लाख ४३ हजार मात्र नवीकरण भएका छन् । प्रशासनिक झन्झट, स्थानीय तहको करलगायतका समस्यामा परेका यी उद्योगलाई कोरोना संकट र लकडाउनले थला पारेको छ । यी उद्योगलाई कसरी उकास्न सकिन्छ त? अर्थविद् केशव आचार्यका अनुसार कुटिर, लघु तथा साना उद्योग लक्षित नीति बनाउनुपर्छ ।

'कुटिर, लघु, घरेलु तथा साना उद्योगलाई लक्षित गरेर नीति बनाउन आवश्यक छ', नेपालखबरसँग कुरा गर्दै आचार्यले भने, 'अहिलेसम्म बनेका नीति पनि लक्षित वर्गमा पुग्नसकेका छैनन् ।'

जस्तो कि यी उद्योगले पाउने पुनर्कर्जा कोष प्राप्तिमा सरलीकरण गर्नुपर्छ । ऋण प्राप्त गर्न लामो र झन्झटिलो प्रक्रिया हुँदा कोष परिचालन राम्रोसँग हुन नसकेको उनको भनाइ छ ।

त्यस्तै, सरकारले ५ प्रतिशत ब्याजदरमा ऋण दिने भनेर ५० अर्बको कोष बनाउने घोषणा बजेटबाट गरिएको छ । त्यसको ९० प्रतिशत साना तथा मझौला (एसएमई) मात्र होइन, कुटीर, घरेलु, लघु, साना, मझौला (एमबीएसएमबी) उद्योगलाई छुट्याउनुपर्ने उनको सुझाव छ ।

दुलालजस्ता कैयौँ साना उद्योगीले बैंकबाट ऋण लिएर व्यवसाय सञ्चालन गरिरहेका छन् । उनीहरूले अहिले ब्याज तिर्नुपर्ने तनावमा छन् ।

यस्ता उद्योगलाई लक्षित ऋणलाई पुनर्तालिकीकरण (रिसेडुलिङ) गर्नुपर्ने उनको सुझाव छ । यसको अर्थ ऋण तिर्ने म्याद थप्ने हो ।

अहिलेसम्म सावाँ र ब्याज जति भएको छ, त्यसलाई सावाँमा गाभेर ऋणीलाई चालू पुँजी आवश्यक छ भने त्यो पैसा पनि थपेर नितान्त नयाँ ऋण मानेर नयाँ प्रक्रियाबाट जान सकिन्छ ।

यस्तो ऋणलाई सकिन्छ भने तीन वर्षको लागि नभए २ वर्षको लागि पुनर्तालिकीकरण गर्नुपर्छ । अनि बल्ल व्यवसायीहरूले राहतको महसुस गर्ने आचार्यको भनाइ छ ।

के कोरोना संकट स्टार्टअपलाई अवसर बन्ला ?

सन्तोष न्यौपाने

दुई वर्षअघि सुरू भएको 'सफालुगा' ले आफ्नो व्यवसायलाई पोखरामा विस्तार गर्ने योजना बुन्दै थियो । कागजमा योजनाको खाका तयार गर्दागर्दै विश्वव्यापी रूपमा कोरोना भाइरस (कोभिड-१९)को महामारी फैलियो ।

त्यो महामारी नेपालमा पनि फैलिन सक्ने स्थितिसँगै लकडाउन सुरू भयो । जसको सबैभन्दा ठूलो मार 'सफालुगा' जस्ता नयाँ स्टार्टअपलाई परेको छ ।

केही दिनअघि सफालुगा टिमले ४५ दिनको लकडाउनमा कति घाटा भयो होला भनेर सामान्य हिसाब निकाले छन् । 'यो अवधिमा २० देखि २२ लाख रूपैयाँघाटा भएको हाम्रो हिसाब निस्केको छ', सफालुगा काम्यानेजिङ डाइरेक्टर अंशु मिश्रले भने, 'घरभाडा, ११ कर्मचारीको तलब र यसबीचमा हुने व्यवसायको आम्दानी यसमा जोडिएको छ ।'

साढे दुई करोड लगानीमा सुरू गरेको व्यवसायमा कोरोना संक्रमणले ठूलो संकट थपेको छ । उनीहरूको व्यवसायमा आधाभन्दा धेरै आम्दानी होटल, रेष्टुरेन्ट र पर्यटन क्षेत्रबाट हुन्थ्यो । त्यस क्षेत्रलाई सबैभन्दा ठूलो असर गरिरहेको बेला सफालुगालाई वर्ष दिनसम्म यसको असर परिरहने उनीहरूको

भनाइ छ ।

लकडाउनले सबैभन्दा गाह्रो पारेको क्षेत्र भनेकै स्टार्टअप भएको सम्बन्धित क्षेत्रका जानकार बताउँछन् । स्टार्टअप भनेको प्रायः टेक्नोलोजीमा आधारित कम्पनी हुन् । यिनीहरूले उद्योग र उपभोक्ता जोड्ने काम गर्छन् । सम्पूर्ण उद्योग व्यवसाय नै बन्द भएपछि यिनीहरूलाई पनि ठूलो असर गरेको छ ।

'केही ई-कमर्स (अनलाइनव्यापार) गर्नेहरु जसले अत्यावश्यक वस्तुको सेवा दिन्छन्, उनीहरूलाई लकडाउनमा राम्रो भएको छ', नेपाल आन्ट्रप्रेनर सोसाइटीका अध्यक्ष खगेन्द्र आचार्यले भने, 'भोलिका दिनमा नयाँ लगानी कहाँबाट ल्याउने भन्ने समस्या छ ।'

नेपालमा स्टार्टअप आउन थालेको धेरै भएको छैन । पछिल्ला पाँच र छ वर्षमा नै स्टार्टअपको प्रचलन आएको थियो । यस क्षेत्रमा केही काम पनि भइरहेका थिए ।

कुनै पनि व्यवसाय दुई महिना बन्द हुनु भनेको ठूलो असर भएकाले यसको असर लामो समय हुने श्रीयोग स्टार्टअपका फाउन्डर प्रकाश उप्रेतीले बताए । उनको आँकलन छ, 'त्यो व्यवसायलाई नै अगाडि बढाउन सकिन्छ कि सकिँदैन भन्ने अवस्था सृजना हुन्छ ।'

डिजिटल प्लेटफर्ममा आधारित स्टार्टअपहरूलाई भने यस महामारीले थप सहयोग गरेको उप्रेतीको भनाइ छ । 'कोरोना महामारीले स्टार्टअपको प्रकृतिअनुसार चुनौती र अवसर दुवै ल्याएको छ', उप्रेतीले नेपाल खबरसँग भने ।

त्यस्तै, नयाँ स्टार्टअपहरूलाई स्वदेशभित्र लगानी जुटाउन समस्या हुने देखिन्छ । लगानी गर्ने उद्योग तथा कर्पोरेट हाउसहरु पनि एकैपटक यसको मारमा परेका छन् ।

त्यस्तै, सरकारको नीतिकै कारण पनि स्टार्टअपमा आउने सानो लगानी रोकिएको छ । मुलुकमा नयाँ आउने स्टार्टअपलाई वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण ऐनमा उल्लेख भएको प्रावधानले पनि असर गरेको आचार्यको भनाइ छ ।

उक्त ऐनमा प्रत्यक्ष विदेशी लगानी (एफडीआई)को सीमालाई ५ करोड रूपैयाँ पुऱ्याएको छ । 'एफडीआइको थ्रेसहोल्ड (सीमा) ५ करोड बनेपछि नयाँ स्टार्टअपले विदेशी लगानी ल्याउन नसक्ने अवस्थामा पुगेका छन्', उनले भने, 'यो नीतिलाई परिवर्तन गर्नुपर्छ'। स्टार्टअपलाई ५ करोड लगानी नै चाहिँदैन । ५० लाखदेखि एक करोडसम्मको लगानीमा धेरै स्टार्टअप सुरू हुन्छन् ।'

संकट अवसरमा परिणत होला ?

विश्वमा आएका धेरै संकटहरूले नयाँ-नयाँ अवसर पनि सृजना गरेका हुन्छन् ।

आचार्य विश्वमा आएका धेरै डलर अर्बपतिहरु २००८ को आर्थिक मन्दीपछि उदाएको बताउँछन् ।

'उक्त आर्थिक संकटपछि विश्वका चर्चित स्टार्टअपहरु आएका छन्', उनले भने, '५७ प्रतिशत विश्वका बिलेनियर(अर्बपति)हरु २००८ को आर्थिक संकटपछि आएका छन् ।'

उक्त समयपछि विश्व चर्चित स्टार्टअप सुरू भएका थिए । कोभिड-१९ ले पनित्यो अवसर ल्याउन सक्छ ।

यसको केही संकेत नेपालमा पनि देखिएको छ । अनलाइन बिजनेस गर्ने बानी परेको छ, अनलाइन कक्षा, अनलाइन कन्फ्रेन्स, अनलाइन खाना 'अर्डर' गर्न थालिएको छ ।

'सोसल डिस्ट्यान्स'ले स्टार्टअपहरूलाई सहयोग गरेको छ । कोभिड-१९ कस्तो भयो भने मान्छेहरु घरमै बसे। रेस्टुरेन्ट जाने बस्ने खाने, वा मलमा गएर सपिङ गर्न नसक्ने भए ।

'कोभिड-१९ ले गर्दा मान्छेहरु घरभित्रै छन् तर उनीहरूको आवश्यकता पूरा गर्ने माध्यम अनलाइन र विभिन्न स्टार्ट अपबनेका छन्', आचार्यले भने, 'ई-कमर्सबाट सामान किन्ने माइन्ड सेटअप गराएको छ ।'

नेपालमा पनि 'जुम' (भिडियो एप) भन्ने थाह नपाउनेले अहिले विद्यार्थीदेखि व्यवसायीसम्म जुम प्रयोग गर्न थालेका छन् । सप्लाई चेन (आपूर्ति प्रणाली)मा काम गर्नेलाई मिडिएटर (सहजीकर्ता) चाहिने भएको छ । अनलाइनमा वस्तुहरूको माग बढेको छ । खेतमा रहेको उत्पादन अनलाइनमार्फत बजारमा पुगेको अवस्था छ। यो आउने दिनमा नयाँ स्टार्टअपको लागि शुभसंकेत हा`।

सोसल डिस्ट्यान्सले गर्दा पनि स्टार्टअपहरूलाई सपोर्ट गरेको छ । यो संकटलाई स्टार्टअप र इनोभेसनमा आधारित कम्पनीको लागि अवसर हो भन्ने सन्देश दिने आचार्यको भनाइ छ ।

अबको चुनौती भनेको आउने दिनमा कसरी स्टार्टअपलाई अगाडि बढाउने भन्ने छ । स्टार्टअपको आइडिया मात्र नहुने त्यसमा लगानी पनि चाहिन्छ ।

सरकारले के गर्नुपर्छ ?

चलिरहेका स्टार्टअपलाई बचाउन र नयाँआउनेलाई अवसर सृजना गर्न सरकारको मुख्य भूमिका हुने यस क्षेत्रमा आबद्धहरु बताउँछन् । सरकारले आफैँ लगानी गर्ने नभई यिनीहरूलाई सहजीकरण गर्नुपर्ने सरोकारवालाको भनाइ छ ।

'उनीहरूलाई अनुदानवा सहुलियत दिनसके राम्रो हुन्छ', आचार्यले भने, 'भारत सरकारले यस्ता स्टार्टअपलाई विनाधितो ऋण उपलब्ध गराइरहेको छ ।'

नेपालमा पनि बिनाधितो दिने त भनेको छ तर यो काम हुनसकेको छैन । कृषिमा जस्तै स्टार्टअपलाई पनिऋण र अनुदान उपलब्ध गराउनुपर्ने उनीहरूको भनाइ छ ।

करलाई अलिकति कम गरिदिने हो भने स्टार्टअपलाई अगाडि बढ्न सजिलो हुनेछ । लगानी गरेको आधारमा करको दायरालाई थपघटगर्दा राम्रो हुने लगानीकर्ताको सुझाव छ ।

'आइडियालाई धितो राखेर ऋणदिने सुविधा गर्नुपर्छ', आचार्यले भने, 'सरकारले यससम्बन्धी नीति बनाउनुपर्छ ।'

नेपालका स्टार्टअपइको सिस्टम 'ग्रूमिङ'भएका छन् । भोलिका दिनमा स्टार्टअप भविष्य छ तर यसको लागि काम गर्नुपर्छ ।

कोभिड-१९ ले गर्दा स्टार्टअपको महत्व बढेको छ । ई-कमर्स, अनलाइन गेटवेका कुरा धेरै आएका छन् ।

कोभिड-१९ को चपेटामा सांगीतिक क्षेत्र

दीपेन्द्र थापा

काठमाडौं । 'आजकाल सांगीतिक क्षेत्रका काम ठप्प छन् । बलिउड मुम्बईबाट एक समूह आउँदै थियो, नेपालमा फिल्म बनाउनका लागि । यसको संगीतिकको काम मैले गर्दै थिएँ । तर, कोभिड-१९ का कारण त्यो हुने नहुने अन्योल छ । कहिले हुने केही थाहा छैन । त्यो काम थाँती रहेको छ', संगीत संयोजन राजन इशान भन्छन्, 'दिनकै काम गरिदिनुपर्‍यो भनेर गायक-गायिका आउँथे/जान्थे । तर, आजकाल प्रायः सबै ठूला काम बन्द भएका छन् ।'

कोरोनाका कारण मेला महोत्सव र सांगीतिक गतिविधि बन्द हुँदा यो क्षेत्रसँग जोडिएर जीविका निर्वाह गर्ने वर्गलाई मार परेको छ ।



संगीत संयोजन इशानलाई कम्तीमा २५-३० वटासम्म संयोजनको काम आउँथ्यो । त्यसमध्ये छानेर ८-१० वटा काम गर्थे । गीतबाहेक चलचित्र, विज्ञापन तथा अन्य काम हुन्थ्यो । तर, अहिले उनीसँग काम छ भने कोरोना अगाडिको समयको पेन्डिङको काम छ तर ठूला नयाँ काम आएका छैनन् ।

कहिलेसम्म काम नआउने हो, थाहा छैन, अन्योल कायमै रहेको छ । इसान भन्छन्, 'सबैलाई कठिन छ । रमाउने, सुन्ने, मनोरञ्जन लिने अवस्था नभएसम्म काम पाउन र संगीतिक क्षेत्र लयमा फिर्ता हुन् कठिन छ ।'

कोभिड-१९का कारण हाल देशभर रहेका लोक तथा दोहोरीसाँझ, सांगीतिक सभा-समारोह बन्द छन् । लोक तथा दोहोरी प्रतिष्ठानका अध्यक्ष रमेश बिजीका अनुसार नेपालमा करिब २ सय दोहोरीसाँझ छन् । प्रतिदोहोरी साँझ कलाकार, वाद्यवादक तथा प्राविधिक गरेर १५-२० जना कार्यरत रहेका छन् । 'लकडाउनका कारण अहिले सबै बेरोजगार बनेपछि प्रतिष्ठानले आफ्नै स्रोत तथा अरूले प्रदान गरेको सहयोगले राहत बाँड्दै ज्यान जोगाउने काम गरिरहेको छ,' अध्यक्ष बिजी भन्छन्, 'पछिल्लो समय घरभाडा तिर्न नसक्ने अवस्था आएपछि साथीहरूमा मानसिक तथा आर्थिक समस्या थपिएको छ ।'

दुई दशकदेखि नेपाली सांगीतिक क्षेत्रमा वाद्यवादन तथा संगीत संयोजनका रूपमा काम गरिरहेका जुजु गुरूङलाई अहिलेजस्तो अवस्था कहिल्यै पनि झेल्नु परेको थाहा थिएन र भोग्नु पनि परेको थिएन । यति लामो समय खाली हात बस्नु परेको यो पहिलो अनुभव भएको उनी बताउँछन् ।

'साथीहरू कोठाभाडा तिर्न र दुई छाक खाना खान सक्ने अवस्था छैन । अधिकांश साथीहरू घर फर्किसक्नुभयो,' वाद्यवादक गुरूङ भन्छन्, 'काम ठप्प छ । काम नपाएपछि सबै विस्थापित हुनु परेको छ । गाउँ फर्क अभियान चलाएजस्तो भएको छ । अब तत्काल यो पेसामा बसेर जीविका चलाउन सक्ने सम्भावनै छैन ।'

दोहोरी साँझमा काम गर्नेहरूले झनै कठिन अवस्थाको सामना गर्नु परेको उनी बताउँछन् । ८-१० जना भेला भएर गर्ने काम गर्न सम्भव नभएको भन्दै दोहोरी साँझ बन्द हुँदा सयौं गायक-गायिका तथा वाद्यवादक घर फर्किएको गुरूङको भनाइ छ ।

संगीतकार संघका अध्यक्ष शान्तिराम राई कोरोना संक्रमणको जोखिमका कारण सांगीतिक कार्यक्रम तथा रेकर्डिङका सम्पूर्ण काम करिब ठप्प भएको भन्दै यस क्षेत्रमा काम गर्ने ठूलो समूहले सोच्नुपर्ने अवस्था आएको बताउँछन् ।

अध्यक्ष राईका अनुसार गायन, संगीत, लेखन, वाद्यवादन तथा रेकर्डिङ, म्युजिक कम्पनी, ब्यान्ड, नाइट क्लब र रेस्टुराँमा गाउने पेसा व्यवसायमा रहेका करिब ५ हजार सांगीतिक क्षेत्रमा आबद्ध छन् । यसको करिब ८० प्रतिशत एक-डेढ वर्षका लागि विस्थापित हुने उनको भनाइ छ ।

लकडाउन सकिएपछि पनि सांगीतिक कार्यक्रम प्रायः भीडभाडमा हुने भएकाले तत्काल सम्भव नरहेको भन्दै मेला-महोत्सव तथा सांगीतिक कार्यक्रम नभएपछि रेकर्डिङ पनि कम हुने र रेकर्डिङ नभएपछि स्टुडियो, वाद्यवादन तथा म्युजिक कम्पनीमा काम गर्ने ठूलो समुदायले रोजगारी गुमाउने राई बताउँछन् ।

'हामी अधिकांश गाउँबाट आएका छौं । अहिले पनि गाउँमा हाम्रो घर छ । गाउँमा घर हुनेको खेतबारी छ । अहिले सरकारले कृषिलाई प्राथमिकता दिने भनेको छ । त्यसैले अब गीत-संगीतको विकल्प कृषिकर्मलाई बनाउनुपर्ने देखिन्छ,' अध्यक्ष राई भन्छन् ।

नेपालमा हाल गीतकार ९ सय र संगीतकार ११ सय छन् । यसमध्ये करिब साढे ३ सय गीतकार र सोही हाराहारीमा संगीतकार सक्रिय छन् । राईका अनुसार संगीतकार संघको सदस्यता लिने संगीतकारको संख्या ३ सय २१ छ ।

नेपाली सांगीतिक क्षेत्रमा पछिल्लो समय विदेशमा रहेका गीतकार तथा संगीतकारले धेरै लगानी गर्ने गरेका छन् । तर कोरोनाका कारण विदेशमा रहेका नेपालीले नै रोजगार गुमाएको अवस्थामा त्यताबाट आउने लगानीको परिमाणमा गिरावट आउनेछ ।

गायक हेमन्त शर्मा पछिल्लो दशक नेपाली संगीत स्टेज पफर्मेन्सले टिकेको भन्दै कोरोनाको वर्तमान कहरका कारण सामाजिक तथा भौतिक दूरी कायम गर्नुपर्ने समयसम्म नेपाली गीत-संगीतमा क्रियाशील जनशक्तिका लागि सहज नरहेको बताउँछन् ।

'अन्य जुनसुकै पेसाकर्मीले भौतिक दूरीमै पनि सामान्य जीवनयापन गर्न सक्नेसम्मको आम्दानी गर्न सक्ने अवस्था देखिन्छ । तर, संगीतकर्मीहरु गायक, रचनाकार, संगीतकार, वाद्यवादक, निर्माता, वितरक, स्टुडियो कर्मचारी तथा यसमा आश्रित मोडल, टेक्निसियन, दोहोरी, गजल, रेस्टुरेन्ट, पव, क्लब दोहोरी साँझको अवस्था निकै दयनीय हुँदै गएको छ', गायक शर्मा भन्छन्, 'छिमेकी राष्ट्रमा झैं कयौं अप्रिय घटनाहरूको फलोअप गर्ने स्थिति यता पनि नआउला भन्न सकिँदैन ।'

कला क्षेत्रमा रहेका व्यक्तिलाई पनि ससम्मान कुनै पेसा वा व्यवसायका लागि सहुलियतमा कर्जा माग गरे सरकार तथा निजी बैंकिङ तथा वित्तीय संस्थाहरूले उपलब्ध गराउनुपर्नेमा उनको जोड छ । कोरोना विरूद्धको खोप ननिस्किँदासम्म वैकल्पिक पेसा अपनाउन चाहने संगीतकर्मी तथा चलचित्रकर्मीहरूलाई वैकल्पिक पेसा कृषि वा अन्यमा सके निर्ब्याजी अथवा न्यून ब्याजमा कर्जा प्रदान गर्नुपर्ने उनी बताउँछन् ।

कलाकारलाई कर्जा नदिने गरेकोतर्फ संकेत गर्दै उनले भने, 'तिमीहरूको पनि सरकार हो है भन्ने भावना जगाइदिन मिल्दैन होला र ?'

लोकदोहोरी गायक बद्री पंगेनी मेला-महोत्सव तथा सांगीतिक कार्यक्रमबाट गायक-गायिकाले गर्ने कमाइ कोरोनाका कारण शून्य भएको बताउँछन् । सामान्यतः लोकदोहोरी गायक-गायिकाले स्टेजबाट १५ हजारदेखि ८० हजारसम्म लिने गरेको उनको भनाइ छ । 'कसको पारिश्रमिक कति हुन्छ भनेर त नभनौं तर प्रतिस्टेज १० हजारदेखि ८० हजारसम्म लिने गायक-गायिका पनि हुनुहुन्छ', पंगेनी भन्छन्, 'कोरोनाका कारण कलाकारको यो स्रोत बन्द भयो ।'

उनका अनुसार दोहोरी साँझमा काम गर्ने कलाकारले १० हजारदेखि ३० हजारसम्म लिँदै आएका छन् । लकडाउनका कारण अहिले देशभरका दोहोरी साँझ बन्द छन् । दोहोरी साँझ बन्द हुँदा त्यहाँ कार्यरत सयौं कलाकार बेरोजगार भएका छन् ।

पछिल्लो दशक सांगीतिक क्षेत्र स्टेज कार्यक्रमले धानेको क्षेत्र हो । दर्शक तथा श्रोतामाझ लोकप्रिय गायक-गायिकाले सिजनमा महिनामा ८-१२ वटासम्म स्टेजमा गाउने गायक तथा संगीतकार कालीप्रसाद बास्कोटा बताउँछन् । सिजनमा तीन-चार महिना काम गर्दा वर्षभरि घर चल्ने गरेको सम्झिँदै बास्कोटा भन्छन्, 'कमाइ कति हुन्थ्यो भन्दा पनि तीन महिना वा सिजनमा काम गर्दा वर्षभरिको घर चल्थ्यो ।'

चार महिना भदौ, असोज, पुस, माघ र फागुन कलाकारका लागि सिजन हो । यी महिनामा सबभन्दा धेरै मेला-महोत्सव र सांगीतिक कार्यक्रम हुन्छन्, हुन्थे ।

सामान्यतया १० वटा स्टेज कार्यक्रम राख्दा सिजनमा लोकप्रिय गायक-गायिकाले ४० वटा स्टेज कार्यक्रम पाउँछन् । यसरी एक जनाले कम्तीमा ४ लाखदेखि ३२ लाखसम्म रूपैयाँ वार्षिक कमाइ गर्दै आएका थिए ।

तर, कोरोनाका कारण यो आम्दानी पूर्ण रूपमा बन्द भएको गायिका मीना निरौला पोखरेल बताउँछिन् । उनले भनिन्, 'हामी स्टेजलाई नै मुख्य स्रोत बनाएका कलाकारलाई मुख्य आम्दानी नै गुमाउनु परेपछि समस्या देखिन थालिसकेको छ ।'

स्टेज पफर्मेन्सहित सामान्य अवस्थामा कलाकारहरूले स्टेजबाहेक कलेक्सन एल्बम तथा चलचित्रका गीतमा काम गरेर पनि आम्दानी गरिरहेका हुन्छन् ।

५६ जिल्लामा संगठित प्रतिष्ठानमा ३० हजार सदस्य छन् । नेपालमा करिब ५ हजार सांगीतिक क्षेत्रमा सक्रिय छन् । यसमा प्रतिव्यक्ति आश्रितको संख्या औषतमा ५ जना रहँदा २५ हजार व्यक्ति प्रभावित भएका छन् । अब सबैले विकल्पको रूपमा अन्य पेसा व्यावसाय अपनाउनुपर्ने अवस्था आएको छ । कहिलेसम्म र कुन तीथि-मितिसम्म कोरोना प्रभाव रहने अवस्था अन्योल छ । सँगै रोजीरोटीको आम्दानीको स्रोत सांगीतिक क्षेत्र पनि कहिले लयमा फर्किने हो, त्यो पनि अन्योलै रहेको यस क्षेत्रका जानकार बताउँछन् ।

पर्यटन उद्योग ठप्प हुँदा एक लाख ट्राभल श्रमिकको बिचल्ली

दीपेन्द्र थापा

काठमाडौं । सन् २०१९ को डिसेम्बर अन्तिम सातादेखि चीनको वहानबाट सुरू भएको कोरोना भाइरस (कोभिड-१९) को प्रभाव विश्वभर नै फैलिएसँगै पर्यटन गतिविधि बन्द भएको थियो ।

गत चैत ९ देखि सरकारले अन्तर्राष्ट्रिय उडानका लगाएको प्रतिबन्ध र सोही दिनदेखिको लकडाउनका कारण पर्यटन आगमन बन्द भएसँगै देशभरका ३४ सय ट्राभल एजेन्सीको कारोबारसमेत ठप्प रहेको छ ।

मालिक, मजदुर सबैलाई कोरोना भाइरसको महामारीले छाडेन । मजदुरलाई ज्यान जोगाउन दालभातको समस्या भयो होला अनि मालिकलाई चाहिँ बैंकको लोन र कर्मचारीको तलबको । विश्वले नै भोगेको यो समस्या नेपालका व्यावसायीले पनि भोगे । अझै भोगिरहेका छन् ।

लकडाउन हटेसँगै धेरै व्यापार व्यवसाय खुले । बिस्तारै तंग्रिँदै जालान् । तर, अघिल्लो वर्षको डिसेम्बरबाट थलिएको पर्यटन उद्योग न खुलेको छ, न तत्काल खुल्ने सम्भावना नै छ । पूर्णरूपमा कोरोनाको जोखिम अन्त्य नभएसम्म पर्यटन उद्योग तंग्रिंने छैन । यसको प्रत्यक्ष-परोक्ष मारमा ठूलो समुदाय र क्षेत्र परेको छ ।

लकडाउनका कारण अन्य क्षेत्रजस्तै पर्यटन उद्योग पनि ठप्प हुँदा देशभरका ३ हजार ४ सय ट्राभल एजेन्सीको कारोबार ठप्प भयो । करिब १ लाख मजदुर बेरोजगार भए । सरकारले साउन ७ देखि लकडाउन हटायो र भदौ १ बाट आन्तरिक तथा अन्तर्राष्ट्रिय उडान सुचारू गर्ने जनाए पनि तत्काल क्वारेन्टाइनको झमेला, बढ्दो त्रासबीचमा पर्यटन उद्योग पूर्णतः लयमा फर्किन भने समय लाग्ने यस क्षेत्रका जनाकारहरूको भनाइ छ ।

चालक, टुर गाइड, अपरेटर, ट्राभल क्षेत्रमा काम गर्ने करिब ५ लाख बढी यो क्षेत्रका कार्यरत कोरोनाका महामारीमा बेरोजगार भए । रोजगार गुमाउनुपर्दा उनीहरूलाई दैनिक जीवनयापनमा चलाउन नै कठिन भइरहेको छ ।

'व्यवसाय बन्द भयो । अहिलेको परिस्थिति हेर्दा पर्यटन व्यवसाय सबैभन्दा लामो समय प्रभावित हुने क्षेत्र भएको देखियो', नेपाल एसोसिएसन अफ टुर एन्ड ट्राभल एजेन्ट्स (नाट्टा) का अध्यक्ष अच्यूत गुरागाईं भन्छन् । मजदुरका जस्तै गुनासा व्यवसायीका पनि छन् । आम्दानी नरहेको तर खर्च भने बढिरहेको उनी बताउँछन् ।

'कर्मचारी खर्च, घरभाडा, टेलिफोन, नेट, बिजुली, पानीलगायत सञ्चालन खर्च तिरिरहनु परेको छ', (नाट्टा) का अध्यक्ष गुरागाईं भन्छन्, 'यो अवस्थामा सबैभन्दा बढी

मार व्यवसाय सञ्चालकलाई छ- चाहे त्यो जुनसुकै क्षेत्रको किन नहोस् ।'

व्यापार बन्द रहे पनि बैंकको लोन तिर्नुपर्ने बाध्यता रहेको उनको गुनासो छ । व्यवसाय आफ्नो करिअरको सबैभन्दा जटिल अवस्थामा आइपुगेको भन्दै कतिले मोबाइल बन्द गरेर बसेको बताउँदै उनी भन्छन्, 'कोही यो क्षेत्रबाट पलायन भइसकेका छन् । कति मानसिक समस्यामा परेका छन् । कति घर गएर आएका छैनन् । कत्तिका कम्पनीहरु महिनौंदेखि बन्द छन् । तिर्नुपर्ने क्षेत्रको मिटर दिनानुदिन चढिरहेको छ तर कमाइ भने शून्य छ ।'

कोरोनाकै कारण व्यवसाय सञ्चालक ठूलो मारमा परेको अध्यक्ष गुरागाईं बताउँछन् । उनले कर्मचारीलाई चैतसम्मको तलब दिइसकेको अवस्था र व्यवसाय ठप्प रहे पनि सरकारले त्यसपछिको तलबसमेत दिन निर्देशन जारी गरिसकेको बताए । । सोही कारण जसरी हुन्छ, कर्मचारीलाई तलब दिनैपर्ने बाध्यता रहेको उनी सुनाउँछन् ।

'जसरी हुन्छ, तलब सुविधा दिनैपर्छ । मजदुर मात्रै होइन, समग्र पर्यटन क्षेत्रका कर्मचारीको अवस्था नाजुक छ,' उनी भन्छन्, 'पर्यटन क्षेत्रका मजदुरहरूलाई केही तालिम सुविधा प्रदान गरेर भत्ताको माग गरेका छौं । यो समयमा पूर्वाधारको काम गरेर अगाडि बढ्नका लागि सरकारसँग माग गरेका छौं । यसले गर्दा अन्तर्राष्ट्रिय बजारमा राम्रो सूचना प्रवाह हुनेछ ।'

नाट्टा अध्यक्ष गुरागाईं ट्राभल क्षेत्रमा ३ हजार ४ सय ट्राभल एजेन्सी दर्ता छन्, जसमा १ हजार ८ सय मात्र सक्रिय रहेका छन् । नाट्टामा मात्रै ११ सय आबद्ध छन् ।

१ हजार ८ सय ट्राभल एजेन्सीमा करिब १ लाखले रोजगारी प्राप्त गरेको र त्यसमा ५ लाख आश्रित रहेको उनी बताउँछन् । कोरोनाकै कारण १ लाखले रोजगारी गुमाए । ५ लाख प्रभावित भए । करिब पाँच महिना बन्द हुँदा पर्यटन क्षेत्रले कति नोक्सानी बेहोऱ्यो ? यसको यकिन तथ्यांक नाट्टासँग पनि नरहेको अध्यक्ष गुरागाईं बताउँछन् ।

व्यवसायलाई कसरी निरन्तरता दिने भन्ने तनाव छ । मजदुरलाई रोजगार गुमाउनु पर्ला कि भन्ने चिन्ता छ । नेपाल ट्रेकिङ, ट्राभल्स, ऱ्याफ्टिङ, एयरलाइन्स मजदुर युनियन (युनिट्राभ) का अध्यक्ष सुमन पराजुली पाँच महिनादेखि अधिकांश मजदुरले तलब सुविधा नपाउँदा समस्या भेल्नु परिरहेको बताउँछन् ।

'करिब ५ महिनादेखि ट्राभल क्षेत्रका मजदुरले तलब सुविधा पाएका छैनन् । यहीँ अवस्था रहिरहे यो क्षेत्रका पर्यटन मजदुर पलायन भएर भोलि पर्यटन क्षेत्रमा संकट उत्पन्न हुने अवस्था आउन सक्छ', अध्यक्ष पराजुली भन्छन्, 'तलब सुविधा नपाउँदा जीवनयापन गर्नै सकस भएको छ ।"

उनका अनुसार इन्डोर ट्राभलमा २२ हजार र ४ हजार ५ सय टुरगाइड लाइसेन्स लिएर काम गरिरहेका छन् । यति ठूलो संख्याले रोजगारी गुमाउँदा यसको दीर्घकालीन असर नेपालको पर्यटन क्षेत्रलाई नै पर्ने उनको दाबी छ ।

लामो समयसम्म पनि यस्तै अवस्था रहिरहे रोजीरोटीकै लागि यस क्षेत्रमा कार्यरत मजदुरहरु अर्को पेसामा जान सक्ने भन्दै उनी यदि यस्तो अवस्था आए दक्ष दक्षशक्ति पलायन हुँदा अवस्था सहज भएको अवस्थामा पर्यटन क्षेत्रलाई ठूलो धक्का लाग्ने बताउँछन् ।

दक्ष जनशक्ति पलायन भएको अवस्थामा अन्ततः त्यसको दीर्घकालीन असर नेपालको समग्र पर्यटन क्षेत्रलाई नै पर्ने भएकाले सरकार तथा नाट्टाले दक्ष जनशक्ति पलायन हुनबाट रोक्न पर्यटन व्यवसाय पुरानै अवस्थामा नफर्किएसम्म कुनै न कुनै व्यवस्था गर्नुपर्ने युनिट्राभका अध्यक्ष पराजुलीको माग छ ।

'अहिले दक्ष जनशक्ति पलायन भयो भने भोलि अवस्था सहज हुँदा हामीलाई आवश्यक जनशक्ति हुने छैन । त्यो बेला एकातिर तत्कालका लागि पर्यटक धान्ने जनशक्ति हुने छैन भने अर्को जनशक्ति तयार पार्न लामो समय र बजेट लाग्नेछ,' उनी भन्छन्, 'कम्तीमा सरोकारवाला पक्षले यति कुरा अहिले नै सोच्न सके भोलिका दिनमा हामीले अभाव भेल्नुपर्ने छैन । पर्यटन वर्ष- २०२० कोरोना महामारीका कारण मनाउन नसकिए पनि अवस्था सहज भएपछि यसलाई मनाउने भनेको अवस्थामा सरकारको ध्यान यसमा बेलैमा पुग्ने अपेक्षा उनको छ ।

पुराना पर्यटन क्षेत्रका श्रमिकको केही बचत होला र जीवनयापन गर्न सहज होला तर नयाँ श्रमिकको अवस्था नाजुक रहेको टुरिस्ट गाइड एसोसिएसन अफ नेपालका अध्यक्ष केदार तामाङ बताउँछन् । उनले भने, 'केही थोरै साथीहरु कृषि कर्ममा लाग्नुभएको छ, केही वैकल्पिक पेसामा आबद्ध भएका छन् तर बहुसंख्यक साथीहरु यो क्षेत्र कहिले लयमा फर्केला र काम, आर्थिक उपार्जन गरूँला भनेर पर्ख र हेरको अवस्थामा बस्नुभएको छ ।'

गाइडहरुको लाइसेन्स र कार्यक्षमताको मूल्यांकनका आधारमा बिनाधितो हामीलाई कर्जा प्रवाह गरियोस् भनेर राज्यका सबै निकाय चहार्दा पनि ठोस जवाफ कतै प्राप्त नभएको अध्यक्ष तामाङले गुनासो गरे । कोभिड-१९ को अन्त्य तत्काल नहुने भएकाले चाँडै अन्तर्राष्ट्रिय उडान सुचारू हुँदै छ, अब पर्यटक आएपछि गाइडहरूले सेवा दिनैपर्छ । त्यसैले पर्यटकसँग अग्रमोर्चामा खटिनेहरूको स्वास्थ्य सुरक्षा, बिमा र भोलिका दिनमा केही भवितव्य भइहाले क्षतिपूर्ति व्यवस्था गर्न सरकारका निकायलाई सुझाउँदै आए पनि सुनुवाइ नभएको अध्यक्ष तामाङको भनाइ छ ।

सरकारले तामझामका साथ पर्यटन वर्ष २०२० मनाउन सुरू गरे पनि कोरोनाको महामारी सुरू भएपछि स्थगित गरेको थियो । सामान्यतः एक जना पर्यटकले प्रत्यक्ष तथा परोक्ष रूपमा ११ जनालाई रोजगारी प्राप्त हुने विश्व पर्यटन संगठन (डब्लूटीओ) को तथ्यांक छ ।

अर्थतन्त्रको दिशा र दशा अनिश्चित

समुदायमा कोरोना विस्तार र पुनः लकडाउनको सम्भावनाले आर्थिक गतिविधि कहिलेदेखि लयमा फर्किन्छ भन्ने नै अनिश्चित छ । यस्तोमा अर्थतन्त्रको भावी दिशा र दशाबारे अनुमानै गर्न नसकिने ठान्छन् अर्थशास्त्री ।

नवराज अधिकारी

काठमाडौं । अर्थमन्त्री युवराज खतिवडाले गत जेठ १५ गते बजेट प्रस्तुत गर्दा यो वर्ष (आव ०७७/७८ मा) ७ प्रतिशतको आर्थिक वृद्धिदर हासिल हुने लक्ष्य सुनाए । कोरोना महामारी रोक्ने उद्देश्यको लकडाउनले अत्यावश्यक वस्तुको कारोबार र पूर्वाधार निर्माणका सीमित आयोजना बाहेक अधिकांश आर्थिक गतिविधि ठप्पजस्तै रहेको र कोभिड-१९ लाई परास्त पार्ने विषयमा सिंगो विश्व अन्योलमा रहेका बेला अर्थमन्त्रीले ७ प्रतिशत प्रगतिको लक्ष्य सुनाउँदा धेरैले अचम्म माने ।

पूर्वअर्थमन्त्री रामशरण महतले खतिवडाको आर्थिक वृद्धि लक्ष्यलाई महत्वाकांक्षी भने । अर्का पूर्वअर्थमन्त्री तथा सत्तारूढ नेकपाका नेता सुरेन्द्र पाण्डेले पनि जेठ १६ गते नागरिकसँगको कुराकानीमा ७ प्रतिशत वृद्धिको लक्ष्यलाई निकै चुनौतीपूर्ण बताए ।

बजेट भाषणको ४५ दिनपछि- साउन १ गते विश्व बैंकले सार्वजनिक गरेको नेपाल डेभपलमेन्ट अपटेडमा चालू आर्थिक वर्षमा नेपाली अर्थतन्त्र २.१ प्रतिशतले विस्तार हुने प्रक्षेपण छ । अर्थशास्त्री डिल्लीराज खनाल पनि यस्तै अनुमान गर्छन् । अघिल्लो वर्षको कुल गार्हस्थ उत्पादन (जीडीपी) 'मार्जिनल्ली ऋणात्मक' हुन सक्ने निष्कर्ष निकालेका खनालले यो वर्ष वर्ष भने सर्भाइभका लागि पनि व्यवसाय सञ्चालनमा आउने हुँदा २.५ देखि ३ प्रतिशतले अर्थतन्त्र विस्तार हुन सक्ने बताए ।

अर्थमन्त्री खतिवडाले कोभिड नियन्त्रणमा नआए पनि ७ प्रतिशतको प्रगति हासिल गर्न सकिन्छ भनेर हचुवाका भरमा लक्ष्य तोकेका भने होइनन् । आर्थिक वर्ष सुरू हुँदासम्म स्थिति सामान्य होला, आर्थिक गतिविधि लयमा फर्केला, स्वदेशी र विदेशी लगानी आकर्षित हुने गरी ऐन, कानुन बनाएको अवस्थामा थप लगानी होला, पर्यटक आगमन सुरू होला भन्ने अनुमानमा आर्थिक वृद्धिको लक्ष्य तय गरेका हुन् । तर, अवस्था सोचेजस्तो भएन ।

चालू आर्थिक वर्षको पहिलो ६ दिन त मुलुक औपचारिक लकडाउनकै अवस्थामा रह्यो । लकडाउन खुले पनि व्यवसाय चलेको छैन । सिट संख्याको आधा यात्रु बोक्ने गरी गुड्न थालेका सार्वजनिक यातायातका साधनले त्यति यात्रु पनि नपाएको व्यवसायीको गुनासो छ ।

लकडाउन खुलेसँगै कारोबारमा फर्केका साना र मझौला व्यवसायीहरू कुनै दिन त बौनी नै नहुने गुनासो गर्छन् । जबकि अर्थतन्त्रको उन्नति र अवनतिमा ठूलो भूमिका खेल्ने भनेकै साना र मझौला व्यवसाय हुन् । 'किनमेल गर्ने मान्छे बाहिर

निस्केकै छैन । के व्यापार हुनू ?' काठमाडौंको खिचापोखरीमा पुरूष गार्मेन्टको पसल सञ्चालन गरेका वासुदेव कालाखेती भन्छन्, 'अहिले सडकमा देखिएका मान्छेले त पसलतिर फर्केर पनि हेर्दैनन् ।' ती मान्छेलाई उनी अत्यन्तै जरूरी कामले निस्केका र कार्यालयका कर्मचारी ठान्छन् ।

लकडाउन खुले पनि यसको आयु निश्चित छैन । महामारी नियन्त्रण नहुँदै खोलिएको लकडाउनले संक्रमण झन् बढाउने खतरा रहेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता नियमित प्रेस बिफ्रिङमा दिनहुँ दोहोऱ्याउँछन् । तथ्यांकले पनि लकडाउन खुलेसँगै घना आवादी भएका सहरमा संक्रमण बढ्दै गएको देखाउँछ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले साउन १५ गते सार्वजनिक गरेको तथ्यांकअनुसार लकडाउन खुल्नुअघिको ९ दिनमा ४० हजार ३१३ जनाको नमुना परीक्षण गर्दा ११ सय ९३ नमुनामा कोरोना पोजेटिभ पाइएकोमा खुलेपछिको ९ दिनमा ४० हजार ४ सय १३ नमुना परीक्षण गर्दा १५ सय ५३ नमुनाको नतिजा पोजेटिभ आएको छ ।

लकडाउनको ९ दिनमा कुल परीक्षणको ३ प्रतिशत रहेको पोजेटिभ नतिजा दर लकडाउनपछिको ९ दिनमा बढेर ३.८ प्रतिशत पुगको छ ।

यो तथ्यांकले सावधानीको स्तरमा सुधार आएन र लकडाउन गरिएन भने संक्रमण झन्झन् बढ्ने संकेत गर्छ । यता, सर्वसाधारण निस्फिक्री देखिन्छन् । सरकारले एक जिल्लाबाट अर्कोमा जान कडाइ गरेको भने पनि पूर्वको साँगा र पश्चिमको नागढुंगा नाकाबाट ओहोरदोहोर गरिरहेका सर्वसाधारणको भीडले आवागमन नरोकिएको देखाउँछ ।

तरकारी बजार, सार्वजनिक स्थल, सरकारी कार्यालयलगायतमा सर्वसाधारणको उपस्थिति बाक्लै देखिन्छ । साउन ११ गते १० बजे ललितपुरको एकान्तकुनास्थित यातायात व्यवस्था कार्यालय पुग्दा महाशिवरात्रिका दिन पशुपतिमा देखिनेजस्तै भीड थियो । साउनका मन्दिरहरूमा देखिने घुइँचोले पनि सर्वसाधारणले कोरोनालाई ठूलो रूपमा नलिएको देखाउँछ । लकडाउन हटेयता संक्रमण बढेसँगै गृह मन्त्रालयले हालै मातहतका निकायलाई एक जिल्लाबाट अर्कोमा हुने आवागमनमा कडाइका साथ रोक लगाउन निर्देशन दिएको छ ।

संक्रमणको थामिनसक्नु हुन थालेपछि वीरगन्ज र विराटनगरमा पुनः लकडाउन घोषणा गरिएको छ । नेपालगन्ज त्यही विकल्पमा गइसकेको छ । महोत्तरी सदरमुकाम जलेश्वरमा गत साता नै पाँचदिने निषेधाज्ञा जारी गरिएको छ । काठमाडौंलगायत अन्य सहरी क्षेत्रमा पनि पुनः लकडाउन गर्नुपर्ने अवस्था आउन सक्ने स्वास्थ्यमन्त्रीले संकेत गरेका छन् ।

कोरोना जित्ने खोप र औषधी नभएको अवस्थामा संक्रमण रोक्ने एक्लो विकल्प लकडाउन नै हो । ९९ दिनसम्म एउटै संक्रमित नभेटिएको मुलुक भियतनामले समुदायमा पहिलो संक्रमण भेटिएसँगै अत्यावश्यक वस्तु र सेवा बाहेकका व्यवसाय तथा पर्यटकीय आकर्षणका केन्द्र बन्द गरेको छ ।

हवाई उडान, यात्रुबाहक बस, ट्याक्सी, रेललगायत सेवा १४ दिनका लागि स्थगित गरिएको छ । चीनले पनि कोराना संक्रमणको दोस्रो लहर रोक्न लकडाउनकै सहारा लिएको छ ।

समुदायमा कोरोना विस्तार र पुनः लकडाउनको सम्भावनाले आर्थिक गतिविधि कहिलेदेखि सामान्य हुन्छ भन्नै सकिँदैन । यस्तोमा अर्थतन्त्रको भावी दिशा र दशाबारे अनुमानै गर्न नसकिने ठान्छन् अर्थशास्त्री ।

पूर्वअर्थमन्त्री प्रकाशचन्द्र लोहनीले अर्थतन्त्रको उन्नति, अवनति वा यथास्थिति कोरोना महामारीको अवस्थामा भर पर्ने बताए । अबको दुई महिनाभित्र कोरोना नियन्त्रण गर्न सके १ देखि १.५ प्रतिशतले अर्थतन्त्रको आकार बढ्न सक्ने बताउँछन् उनी ।

चार महिने लकडाउनले स्वदेश र विदेशमा हजारौंको रोजगारी खोसेको छ । कर्मचारी कटौती गर्नेमा सरकारी संस्थादेखि निजी क्षेत्रका बैंक वित्तीय संस्था हुँदै एक जना सहयोगी राखेर काम गर्ने व्यवसायीसम्म छन् । नेपाल वायुसेवा निगमले १ सय ४५ करार कर्मचारीलाई अवकाश दियो । पर्यटन बोर्डले ४० जना कर्मचारीको करार नवीकरण नगरेको र पर्यटन, तथा नागरिक उड्डयन मन्त्रालयअन्तर्गतकै पशुपति क्षेत्र विकास कोष कर्मचारी कटौतीको तयारीमा रहेको रिपोर्ट सरकारी समाचार संस्था राससले बाहिर ल्याएको छ ।

निजी विद्यालयका २ लाख शिक्षक र कर्मचारीको जागिर धरापमा छ । ६० देखि ७० हजार जनशक्तिलाई रोजगारी दिएका देशभरका पर्यटकस्तरीय रेस्टुरेन्ट र बारमध्ये ३० प्रतिशत जति ग्राहक अभावमा बन्द हुन सक्ने रेस्टुरेन्ट एन्ड बार एसोसिएसन (रेबान) को अनुमान छ । यसबाट पनि बेरोजगार नै थपिने हुन् । धेरैले रोजगारी पाएको घरेलु, साना, मझौला उद्यम र स्वरोजगारमूलक व्यवसायमा कोभिड असरको अध्ययन नै भएको छैन ।

निजी क्षेत्रका बैंक, वित्तीय संस्थाबाट उल्लेख्य संख्याका कर्मचारीको करार नवीकरण नभएको बुझिएको छ । 'यकिन संख्या त छैन तर कतिपय संस्थामा करार नवीकरण नभएको सुनेको छु,' नेपाल बैंकर एसोसिएसनका अध्यक्ष भुवन दाहालले भने, 'स्थायी कर्मचारी हटाएका छैनन् ।' पछिल्लो समय बैंक, वित्तीय संस्थामा कामको चाप घटेकाले निश्चित कामका लागि करारमा लिएका कर्मचारीलाई बिदा दिएका हुन सक्ने उनले बताए । ठूलामध्येमा पर्ने निजी क्षेत्रको एक बैंकका सञ्चालकले सुरक्षा गार्ड र करार सेवाका गरी सात सय कर्मचारी कटौती गरेको सुनाए ।

खाडीमुलुक यूएईको एक रोजगारदाता कम्पनीले केही दिनअघि एकैपटक २५ सय जति नेपाली कामदार हटाएको त्यहाँस्थित नेपाली राजदूतावासले केही दिनअघि पुष्टि गरेको थियो । खाडी क्षेत्रका अन्य रोजगारदाताले पनि कर्मचारी हटाइरहेका गैरआवासीय नेपाली संघले जनाएको छ । संघको अध्ययनले कोभिडका कारण विदेशमा रहेका कम्तीमा १० लाख नेपालीको रोजगारी गुम्ने देखाएको छ । गत चैतदेखि

रोजगारीका लागि बिदेसिनेको लर्को ठप्प छ । सरकारले खर्च कटौतीका लागि कर्मचारी भर्ना नगर्ने नीति लिएको छ । यो सबको नतिजा चरम बेरोजगारीको रूपमा प्रकट हुन्छ । आर्थिक चक्रमा अनिश्चयको प्रस्थान बिन्दु पनि बेरोजगारी नै हो ।

बेरोजगारीले आम जनताको क्रयशक्ति घटाउँछ । जनताको क्रयशक्ति घट्दा वस्तु र सेवाको माग घट्छ । माग घटेपछि नेपालमा बढी संख्यामा रहेका घरेलु बजार लक्षित उद्योग उत्पादन कटौती गर्न बाध्य हुन्छन् । यसले अझ बढी कर्मचारी हटाउनुपर्ने स्थिति ल्याउँछ र बेरोजगारी झन्झन् गहिरिन्छ । वस्तु र सेवाको बिक्री घट्दा सरकारी राजस्व पनि घट्छ ।

नेपालको हकमा वैदेशिक रोजगारीले माग सिर्जनामा ठूलो भूमिका खेलेको छ । झन्डै एक दशकअघि केन्द्रीय तथ्यांक विभागले गरेको अध्ययनले ५६ प्रतिशतभन्दा बढी नेपाली परिवारमा विदेशबाट रकम आउने देखाएको थियो । अहिले उक्त प्रतिशत अझै माथि पुगेको अनुमान गरिन्छ । तसर्थ मध्यपूर्व र अन्य मुलुकमा रोजगारी कटौती हुँदा नेपालले कुल गार्हस्थ उत्पादनको २५ प्रतिशत आकारमा प्राप्त गर्ने विप्रेषण घट्छ । कोभिड महामारीजन्य प्रतिकूलताले विप्रेषण आप्रवाहमा गिरावट सुरू भइसकेको छ ।

नेपाल राष्ट्र बैंकका अनुसार अघिल्लो वर्षको तुलनामा यस वर्षको ११ महिनामा विप्रेषण आप्रवाह ३ प्रतिशतले घटिसकेको छ । नेपाली कामदार बिदेसिन नपाएको, वैदेशिक रोजगारी खुल्ने टुंगो नलागेको र विश्व श्रम बजारमा कामदारको मागसमेत घट्ने प्रक्षेपण भइरहेकोले विप्रेषण आप्रवाह तत्काल बढ्ने सम्भावना पनि छैन । पूर्वअर्थमन्त्री प्रकाशचन्द्र लोहनी त विप्रेषणमा गिरावट र पर्यटन क्षेत्र बन्दको असर विदेशी विनियम संकटको रूपमा प्रकट हुने आशंका गर्छन् ।

विश्व स्वास्थ्य संगठनले शताब्दीमै पहिलोपल्ट देखिएको यो स्वास्थ्य संकटको असर आगामी कैयौं दशकसम्म कायम रहने जनाएको छ । संगठनका महानिर्देशक टेड्रोस अधानोम घेब्रेयेसुसले केही दिनअघिको आपतकालीन कमिटीको बैठकमा भनेका छन्, 'यसको खोप विकास कीर्तिमानी गतिमा भइरहे पनि हामीले यो भाइरससँग बाँच्न सिक्नुपर्छ र आफूसँग भएको सामर्थ्य र साधनले योसँग लड्नुपर्छ ।' यो समाचार तयार पार्दासम्म संसारका २ करोडभन्दा बढीमा फैलिएको कोरोना भाइरसबाट करिब ७ लाखको ज्यान गएको छ ।

नेपाल उद्योग वाणिज्य महासंघका पूर्वअध्यक्ष पशुपति मुरारका अर्थतन्त्रको भविष्यबारे अहिले नै केही भन्न नसकिने बताउँछन् । नागरिकसँगको कुराकानीमा उनले भने, 'कोभिड महामारी कति लम्बिन्छ, त्यसमै भर पर्छ ।'

कोभिडजन्य संकटबाट मुरारका ज्यादै निराश भने छैनन् । 'हामी उठ्नै नसक्ने गरी थला परेका छैनौं । निर्यातमुखी अर्थतन्त्र नभएको र विश्वव्यापी रूपमा एक्स्पोज पनि नभएकोले ठूलो समस्या नआउला !' मुरारका भविष्यप्रति आशावादी हुन खोजे ।

सरकारी खर्च बढाएर उद्योगलाई सहुलियत दिए अर्थतन्त्र चाँडै तंग्रिने उनको विश्वास छ । अहिले मागमा आएको गिरावटलाई मुरारकाले बचत गर्ने मुडको परिणाम मानेका छन् । रोजगारीको हकमा पनि अहिलेका कर्मचारी/कामदार जोगाउन सके पुग्ने उनको बुझाइ छ ।

अर्थशास्त्री खनालतिर फर्किंदा कोभिड १९ महामारीसँगै विकसित सर्वसाधारणको मनोविज्ञानले पनि आगामी दिनमा आर्थिक गतिविधि प्रभावित हुन सक्ने धारणा राख्छन् । लकडाउनले स्वाट्टै पुछार पुगेको अर्थतन्त्र सोही गतिमा पुरानो लयमा फर्किने अपेक्षालाई पनि लम्बिँदो कोभिड महामारीले धमिलो बनाइदिएको छ । लकडाउनले थलिएको अर्थतन्त्रले अंग्रेजी अक्षर 'भी' आकारको रिकभरी गर्ने सम्भावना टरिसकेको अर्थशास्त्री खनालको निष्कर्ष छ ।

'अहिलेसम्ममा कोरोना नियन्त्रणमा आइसकेको भए भी-आकारको रिकभरीमा जान सक्थ्यो, अब सम्भव छैन', खनालले भने । पूर्वअर्थमन्त्री लोहनीले पनि अनेक कारणलाई अघि सार्दै यस्तै आशय व्यक्त गरे ।

विदेशी मुद्राको संकट आउन सक्छ

प्रकाशचन्द्र लोहनी, पूर्वअर्थमन्त्री

अन्य क्षेत्र नराम्ररी प्रभावित भए पनि अनुकूल मौसमले कृषि क्षेत्रलाई साथ दिएको थियो, तर सरकारले बेलैमा मल दिन सकेन । तसर्थ यो वर्ष मौसम अनुकूल हुँदाहुँदै पनि कृषि क्षेत्रबाट ठूलो अपेक्षा गर्न सक्ने अवस्था रहेन ।

दुई महिनाभित्र कोभिड नियन्त्रणमा आएन भने वृद्धिदर ऋणात्मक हुन सक्छ, नत्र १ देखि १.५ प्रतिशतको वृद्धि हासिल हुन सक्छ । विदेश जाने नेपाली रोकिएको र विदेशमा रहेकाले पनि रोजगारी गुमाइरहेकाले रेमिट्यान्स घट्छ । यस्तोमा पर्यटक पनि नआउँदा विदेशी मुद्राको संकट आउन सक्छ । बेरोजगारीको आकार बढ्नेछ ।

अर्थतन्त्रमा ठूलो योगदान दिने साना र मझौला उद्योग बेवास्ताको सिकार बनेका छन् । तिनलाई माथि उठाउने चिन्तन नै छैन । यस्ता उद्योगलाई राहत हुने कार्यक्रम ल्याइएन । जब कि विकसित देशमा समेत जीडीपी र रोजगारीमा यिनकै योगदान बढी हुन्छ । यहाँ त २-४ वटा ठूला घरानालाई निजी क्षेत्र मान्ने चलन छ ।

यहाँ गरिब र किसानसम्म पुग्ने तथा तिनका उत्पादनको प्रशोधन र बजारीकरण गर्ने संयन्त्र छैन । सरकारी अनुदान कार्यकर्ताले लिन्छन् । भएका स्रोत, साधनको उपयोग भइरहेको छैन । सत्तारूढ दलका नेता यस्तो संकटका बेला पनि कलहमा अल्मलिएका छन् । अनि कसरी आर्थिक उन्नति हुन्छ ?

स्वरोजगार र मझौलालाई "सर्भाइभ" गर्ने सकस

नवराज अधिकारी

काठमाडौं । लकडाउन सुरू भएयता काठमाडौंको पर्यटकीय गन्तव्य ठमेल क्षेत्रका २ सय हाराहारी व्यवसायीले सटर छाडे । ठमेल पर्यटन विकास परिषद्का उपाध्यक्ष भवि शर्मा खर्च धान्न नसकेर ती व्यवसायी पलायन भएको बताउँछन् । 'आम्दानी ठप्प भयो, घरधनीहरु भाडा छुट दिन सकारात्मक भएनन् । व्यवसायी संकट लम्बिने निष्कर्षमा पुग्दा पलायनको विकल्प देखेनन्,' उपाध्यक्ष शर्माले भने, 'अहिले आएर ९० प्रतिशत व्यवसायी र घरधनीबीच ३० देखि ७० प्रतिशतसम्म घरबहाल छुट दिने सहमति भएकोले पलायनको डर हराएको छ ।'

उनका अनुसार सम्बद्ध व्यवसायी र घरधनीको समझदारीमा ३० देखि ७० प्रतिशतसम्म छुट लिने-दिने सहमति भएको छ । 'बाँकी १० प्रतिशतमा अझै पनि विवाद छ,' शर्माले भने ।

विदेशी पर्यटकलाई सेवा दिने रेस्टुरेन्टहरूको छाता संगठन रेस्टुरेन्ट एन्ड बार एसोसिएसन अफ नेपाल (रेबान) का महासचिव, एकराज अधिकारी संगठनमा आबद्ध ४ सय १५ रेस्टुरेन्ट जीवन-मरणको दोसाँधमा रहेको बताउँछन् ।

फास्ट फुड एसोसिएसन नेपालका अध्यक्ष केशरबहादुर श्रेष्ठ चैतयता ३-४ वटा पार्टी प्यालेस बन्द भइसकेको र अनुमान गरेभन्दा फरक किसिमले व्यापार भएन भने दसैंसम्म एसोसिएसनअन्तर्गतका १५ देखि २० प्रतिशत फास्टफुड रेस्टुराँहरु बन्द हुने अनुमान गर्छन् ।

क वर्गका मानिने रेबानमा आबद्ध उपत्यकाका रेस्टुराँ र बारहरूमा लकडाउन खुकुलो भएसँगै कूटनीतिक नियोगमा कार्यरत र नेपालमै अड्किएका विदेशीहरु फाट्टफुट्ट आउन थाले पनि सौराहा, लुम्बिनी, पोखरा जस्ता अधिकांश क्षेत्रका रेस्टुराँमा ग्राहकको आगमन लगभग शून्य रहेको रेबानका अधिकारीले बताए ।

काठमाडौं उपत्यकामा ४० को संख्यामा आउटलेट रहेको बर्गर हाउस एन्ड क्रन्ची फ्राइड चिकेनका संस्थापक बसन्त तामाङ व्यवसायको आकार दुई तिहाइले घटेको बताउँछन् । करिब हजार हाराहारीले काम गर्ने बर्गर हाउसले अचेल ३ सय हाराहारी कर्मचारीबाट सेवा

दिइरहेको उनले बताए ।

आवश्यक संख्यामा ग्राहक नआएको उनको भनाइ छ । अहिलेको आम्दानीले चालू खर्च मात्र धानिरहेको तामाङ बताउँछन् । 'सबै कर्मचारी नफर्केकोले आम्दानी-खर्च बराबर छ,' उनले भने, 'कर्मचारी फर्केपछि यो आम्दानीले धान्दैन ।'

फास्ट फुड एसोसिएसनका अध्यक्ष श्रेष्ठ पनि तामाङको भनाइसँग सहमत छन् । महाराजगन्ज, सुकेधारा, सातदोबाटो र बागडोलमा युनिभर्सल क्याफेको नाममा फास्ट फुड चलाइरहेका श्रेष्ठ एसोसिएसनअन्तर्गतका फास्टफुड रेस्टुरेन्टमध्ये भाडा र कर्मचारी तलब धान्न नसक्नेहरू अहिलेसम्म नखलुकेको बताउँछन् । 'खोल्नेबित्तिकै कर्मचारी बोलाउनुपर्‍यो, बोलाएपछि तलब दिनुपर्छ,' श्रेष्ठले भने, 'बरू अहिले त उनीहरू घरमै छन् ।' लाजिम्पाटको एम्बेसी फास्टफुड धान्न नसकेर बन्द भएको श्रेष्ठले बताए ।

सरकारले तोकेको मितिपछि फास्टफुड रेस्टुरेन्टहरू सञ्चालनमा आए पनि तिनीहरूले पहिलेजस्तो ग्राहक नपाउने उनको अनुमान छ ।

आम्दानी ठप्प, खर्च उस्तै

फास्टफुड र रेस्टुरेन्टहरूको आम्दानी ठप्प भए पनि फुड र बेभरेज खरिद बाहेकको खर्च यथावत छ । महासचिव अधिकारीका अनुसार रेबानमा आबद्ध कुनै पनि रेस्टुरेन्टले कर्मचारी कटौती गरेका छैनन् । यो सजिलो पनि छैन । एकातिर मजदुर युनियन छन्, अर्कोतिर श्रम ऐनले मनोमानी पजनीमा रोक लगाएको छ । व्यवसायीहरू पनि कर्मचारी कटौतीको मुडमा नरहेको दाबी गर्छन् अधिकारी । व्यवसायले पुनर्जीवन पायो भने कर्मचारी चाहिन्छ । पर्यटकलाई सेवा दिने रेस्टुरेन्ट-बारमा प्रशिक्षित र अनुभवी कर्मचारी चाहिने हुँदा कटौतीबारे सोच्दै नसोचेको उनले बताए ।

'कामदारको हकमा हामी अभिभावक पनि हौं, अप्ठेरो अवस्थामा उनीहरूलाई अलपत्र छाड्न सक्दैनौं । सबै बाच्ने गरी सहमति हुन्छ,' उनले भने । रेबानले होटल एसोसिएसन अफ नेपाल (हान) र विभिन्न ट्रेड युनियनबीच भएको सहमतिकै मोडलमा जान चाहेको महासचिव अधिकारीले सुनाए ।

हान र मजदुर युनियनबीच काम सुचारू नहुञ्जेल कर्मचारीलाई होटल वा रिसोर्टको स्तर अनुसार निश्चित रकम पाउने गरी बिदामा पठाउने सहमति भएको छ ।

रेस्टुरेन्ट-बारहरूको अर्को प्रमुख खर्च घरबहालको विषय अन्योलमा छ । आर्थिक गतिविधि र व्यवसाय फस्टाए मात्र पछिसम्म आकर्षक बहाल लिन पाइने सोच राखेर घरधनीले छुट दिन सक्ने ठाउँ रहे पनि सबैमा त्यो नियम लागू नहुने व्यवसायी स्वयं बताउँछन् । 'उहाँहरूका पनि आफ्नै समस्या छन्, तसर्थ छुट दिनैपर्छ भनेर जिद्दी गर्ने ठाउँ छैन । राज्यले त केही नदिएको बेला ऋण काढेर घर बनाउने व्यक्तिलाई दबाब दिने पक्षमा व्यवसायी छैनन्,' अधिकारी भन्छन्, 'तर सक्ने घरधनीले विवेक प्रयोग गर्नेमा आशावादी छौं ।' घरभाडा छुट नपाए ३० प्रतिशत रेस्टुरेन्ट बन्दै हुन सक्ने एसोसिएसनको आँकलन छ ।

भ्रमण वर्षले डुबायो

पर्यटन क्षेत्रका अधिकांश व्यवसायीको गुनासो छ- केही होला भन्ने आश गरेको भ्रमण वर्षले नै डुबायो । सरकारले सन् २०२० मा २० लाख पर्यटक भित्र्याउने घोषणाका साथ 'नेपाल भ्रमण वर्ष' को तयारी गर्‍यो । व्यवसायीलाई २० लाख पर्यटक धान्ने गरी पूर्वाधार तयार गर्न आह्वान गर्‍यो । साविकको तुलनामा दोब्बर पर्यटक ल्याउने सरकारी योजनामा व्यवसायी लोभिए र क्षमता बढाउन तथा आकर्षक ढंगले सजावट गर्नतिर लागे । नयाँ लगानीकर्ता पनि आए । धमाधम ठूला होटल बन्न थाले । त्यसो गर्दा कतिपयले भएको पैसा सकाए, कतिले बैंकको ऋण बोके । कोरोना महामारीले एकाएक पर्यटक आगमन रोकिएपछि व्यवसायीको लगानी जोखिममा परेको छ ।

'महामारी नआएको भए तपाईंको फोन रिसिभ गरेर यति लामो कुरा गर्ने फुर्सद मसँग नहुन सक्थ्यो ?' महासचिव अधिकारीले भने । अधिकारीले ठमेलमा के टू नामको रेस्टुरेन्ट सञ्चालन गरेका छन् । भ्रमण वर्षलाई लक्ष्य गरेर लगानी थप्दा अधिकांश व्यवसायीमाथि आर्थिक बोझ बढेको उनले सुनाए ।

परिषद् उपाध्यक्ष भवि शर्मा पनि भ्रमण वर्षको आसमा बैंकबाट कर्जा लिएर व्यवसाय विस्तार गर्ने धेरै व्यवसायी अहिले अप्ठेरोमा परेको बताउँछन् । सर्भाइभललाई नै प्रमुख चुनौतीको रूपमा चित्रण गरेका शर्मा भन्छन्, 'घरबहाल, कर्मचारीको तलब र बैंक ऋणको साँवाब्याज तिर्ने रकम जुटाएर स्थिति सामान्य नहुन्जेल व्यवसाय बचाइराख्न हामीलाई गाह्रो परेको छ ।'

शून्य सहयोग

रेबानका महासचिव अधिकारी कोभिड-१९ को महामारी र लकडाउन सिर्जित समस्यासँग जुध्ने सवालमा कतैबाट सहयोग मिल्ने सम्भावना नदेखेको बताउँछन् । 'अरू व्यवसायको विषयमा संसदमा पनि कुरा उठ्यो, केन्द्रीय बैंकले पनि सहुलियत प्याकेज ल्याएको छ, तर ६० हजारभन्दा बढीलाई रोजगारी दिएका रेस्टुरेन्ट-बारका समस्याबारे कोही बोलेन,' महासचिव अधिकारीले भने ।

नेपाल राष्ट्र बैंकले मौद्रिक नीतिमार्फत अघि सारेको सहुलियतबाट रेस्टुरेन्टहरू वञ्चित हुने अवस्था छ । महासचिव अधिकारीका अनुसार बैंकहरूले पर्यटन व्यवसायका लागि भनेर घोषणा गरिएको सुविधा रेस्टुरेन्ट-बारलाई दिन मानिरहेका छैनन् । 'हामीले विदेशी पर्यटकलाई सेवा दिए पनि पर्यटन उद्योगको रूपमा

दर्ता छैनौं । घरेलु तथा साना उद्योगमा दर्ता रहेका कारण बैंकहरूले पर्यटन व्यवसाय लक्षित सहुलियत दिन नमिल्ने बताइरहेका छन्,' महासचिव अधिकारीले भने । फास्टफुडको अवस्था पनि यो भन्दा फरक छैन ।

नेपाल विद्युत् प्राधिकरणले लकडाउन अवधिमा बिजुली महसुल छुट दिने हल्ला चलाए पनि चैतदेखि जेठसम्म फागुनको सरह बिल पठाएर झन् बढी पैसा असुलेको अधिकारीको भनाइ छ । 'जुन बेला रेस्टुरेन्ट ठप्पै थियो त्यही बेला बिजुली महसुल बढी तिर्नुपऱ्यो,' महासचिव अधिकारीले भने । प्राधिकरणले चैत र वैशाखमा लकडाउनका कारण मिटर रिडिङ गर्ने कर्मचारी पठाउन नसकेको भन्दै ग्राहकलाई फागुन महिनाको बराबर बिल पठाएको थियो । जेठमा अनलाइनमार्फत मिटर रिडिङ गर्न सकिने व्यवस्था मिलायो । प्राधिकरणले चैतको विद्युत् महसुलमा सहुलियत दिने भने पनि ग्राहकले अहिलेसम्म पाएका छैनन् । राज्यले पनि पुनर्कर्जा र सहुलियत दरको ब्याज बाहेक विदेशमा जस्तो राहत प्याकेज ल्याएको छैन ।

पर्यटन विभागमा दर्ता नभएका रेस्टुरेन्ट व्यवसायीले पर्यटन व्यवसाय लक्षित सुविधा र सहुलियत पाउने सम्भावना १० प्रतिशत मात्र रहेको महासचिव अधिकारीको भनाइ छ । 'त्यसैले हामी राष्ट्र बैंकका उच्च अधिकारी भेटेर हाम्रा समस्या राख्ने तयारीमा छौं,' रेबानका अधिकारीले भने ।

मरेको छैन आशा

तत्कालका लागि महामारीले व्यवसाय क्षतविक्षतजस्तो देखिए पनि व्यवसायीको आशा मरेको छैन । एक दिन महामारीको अन्त्य हुने र व्यवसाय पहिलेकै लयमा चल्ने विश्वास छ । महामारीको अन्त्य नै भएन भने पनि दुनियाँले योसँगै भिडेर बाँच्न सिक्ने ठमेलमा पर्यटकस्तरीय होटल निर्माण गरिरहेका व्यवसायी बसन्त अधिकारी बताउँछन् । भन्छन्, 'भर्खरै कोरोना विरोधी खोपको दोस्रो चरणको परीक्षण सफल भएको खबर आएको छ । सन् २०२१ सुरूतिर उक्त खोप सर्वसाधारणसम्मको पहुँचमा पुग्ने कुरो पनि आएको छ । त्यसपछि त पक्कै राम्रा दिन आउँछन् ।'

रेबानका अधिकारी लकडाउन खुले पर्यटक आउने विश्वासमा छन् । टुर र ट्रेकिङ व्यवसायीले दिएको सूचनाले विश्वास बढाएको उनले सुनाए । 'एक चौथाइ पर्यटकले आगामी नोभेम्बरको बुकिङ रद्द गरेका छैनन् रे,' महासचिव अधिकारीले भने, 'फ्लाइट चाँडो खुलिदिए पर्यटक आउने-नआउने थाहा हुन्थ्यो ।' पर्यटकसम्बद्ध व्यवसायको भविष्य कता जान्छ भन्ने कुरा पनि अन्तर्राष्ट्रिय उडान सुरू भएपछि मात्र यकिन हुने उनको भनाइ छ ।

हेल्थ क्लब, रेस्टुरेन्ट, ट्राभल एजेन्सीलगायत व्यवसाय सञ्चालन गरिरहेका ठमेल पर्यटन विकास परिषद्का उपाध्यक्ष शर्मा पनि कोरोना संक्रमणको हिसाबले नेपाल अहिलेसम्म ग्रिनजोनमै रहेकाले भविष्यप्रति आशावादी रहेको बताउँछन् । परिवारका सदस्य र थोरै संख्यामा कामदार राखेर चमेनागृह चलाउने साना व्यवसायी पनि भविष्यप्रति चिन्तित छन् । बालाजुको माछापोखरी र अनामनगरको हनुमानस्थान नजिकै लुम्बिनी तन्दुरीको नाममा चमेनागृह चलाइरहेका टेकराज पोखरेल भविष्यमा ग्राहकै पाइन्न कि भन्ने चिन्ता व्यक्त गर्छन् ।

पोखरेल लुम्बिनी तन्दुरीको ब्रान्डमा सहरी क्षेत्रमा लोकप्रियता कमाएका चमेनागृहहरू 'धेरै कारोबार, थोरै मुनाफा' को सिद्धान्तमा चलेको दाबी गर्छन् । यस्तो व्यवसाय चल्न बढी चहलपहल आवश्यक पर्ने उनले बताए । 'हामी सस्तोमा बढीभन्दा बढीलाई सेवा दिए नाफा कमाउने किसिमका व्यापारी हौं । हाम्रो व्यवसाय चल्न ग्राहकहरू आइरहनुपर्छ,' पोखरेल भन्छन्, 'तर सामाजिक दूरीको नियम र आम मान्छेको मनोविज्ञान हाम्रा लागि सबैभन्दा ठूलो चुनौती बन्ने देखिन्छ ।' उनको अनुमानमा दम पनि छ ।

युगोभ डटकमले गरेको एक अध्ययनअनुसार कोरोना महामारीसँगै संसारभरका मानिसमा भीडफोबिया विकास भएको छ । उक्त अध्ययनले जरूरी काम नपरी घरबाट ननिस्किने, फेस मास्क लगाउने बानी पछिल्लो समय संसारका धेरै देशमा विकास भएको देखाएको छ ।

यकिन तथ्यांक नभए पनि मास्क लगाउने, सकेसम्म बाहिर खाजा-नास्ता नगर्ने मानिसको संख्या नेपालमा पनि ह्वात्तै बढेको छ । कोरोना महामारीसँगै सहरी क्षेत्रमा चहलपहल घटेको छ । सरकारले लकडाउन खुकुलो गरेर सार्वजनिक यातायातका साधन चल्न दिए पनि बसहरू रित्तारित्तै गुडिरहेको दृश्यले यही भन्छ । कोरोना महामारीअघि आफ्नो क्षमताअनुसार होटल, रेस्टुरेन्ट र चमेनागृह पसेर खाना र खाजा खाने कामकाजीले अचेल घरबाटै बोक्न थालेका छन् । यो सबको असर पर्ने भनेको व्यवसायमै हो ।

समाधान के ?

रेबानका महासचिव अधिकारी सरकारले सामाजिक सुरक्षा कोषको पैसाबाट सहुलियत कर्जा दिए अप्ठेरोमा परेका व्यवसायीलाई सर्भाइभ गर्न सक्ने बताउँछन् । ' आखिर व्यवसायी र कामदारले जम्मा गरेको कोषकै पैसाबाट सहुलियत कर्जा दिए पनि ठूलो राहत हुन्थ्यो,' उनले भने ।

फास्टफुड एसोसिएसनका श्रेष्ठ घरबेटीले घरभाडा छुट दिए व्यवसाय बच्ने बताउँछन् । अहिलेकै भाडा तिरेर आगामी दिनमा व्यवसाय सञ्चालन गर्न नसकिने उनको बुझाइ छ । उनीहरूसामु रहेको अर्को विकल्प कर्मचारी कटौती हो । 'तर कर्मचारी कटौती गरेर चल्ने व्यवसायबाट प्रगति हुँदैन,' श्रेष्ठले भने ।

भूकम्प, नाकाबन्दी र कोरोना संकट : भिन्नता र प्रभाव

पवन तिमिल्सिना

काठमाडौं । चीनको उहानबाट सुरू भएको कोभिड-१९ ले विश्वको अर्थतन्त्र नै अस्तव्यस्त बनाएको छ । गत वर्ष विश्वका ठूला अर्थतन्त्र भएका मुलुक अमेरिका र चीनबीचको व्यापार युद्धको प्रभावले विश्व अर्थतन्त्रमा आएको मन्दीको निकास ननिस्किँदै कोरोना संक्रमणले विश्व अर्थतन्त्र डगमगाएको हो ।

विश्व अर्थतन्त्र बिग्रिएसँगै अतिकम विकसित मुलुक नेपालले अर्थतन्त्रमा बेहोरेको संकट पहिलो भने होइन । ०७२ मा विनाशकारी महाभूकम्पले संरचना ढलेसँगै सोही वर्ष भारतले नाकाबन्दी गरेको थियो ।

तर, अहिलेको संकट विगतको भन्दा निकै फरक छ । चैतदेखि बन्दाबन्दी जारी रहेका बेला नेपालको व्यापार-व्यवसाय चौपट भएको छ । विकासका गतिविधि ठप्प छन् र दैनिक जनजीवनसमेत प्रभावित भएका छन् ।

०७२ वैशाख १२ को महाभूकम्प र त्यसपछिका पराकम्पले मानवीय क्षतिसँगै ठूला संरचना ढाल्यो । सोही वर्ष असोजमा नयाँ संविधानको विरोधमा भारतले नाकाबन्दी लगाएको थियो । नेपालका राजनीतिक दलहरूले भारतको सहमति नलिइकनै फास्टट्रयाकबाट संविधान जारी गरेकाले उसले नाकाबन्दी लगाएको थियो । ६२ प्रतिशतसम्म व्यापार विस्तार भएको भारतले लगाएको नाकाबन्दले नेपालको हुक्कापानी प्रभावित भएको थियो ।

०७२ मा महाविनाशकारी भूकम्पपछि नेपाल करिब ५ महिना नाकाबन्दीमा पर्दा यहाँको सामाजिक, राजनीतिक तथा आर्थिक क्षेत्र निकै संकटमा परेको थियो । अर्थतन्त्र लगभग शून्य अवस्थामा पुगेको थियो ।

तर, नेपालले भूकम्पपछि बेहोरेको नाकाबन्दीभन्दा भयानक छ, विश्वभर महामारीका रूपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) । मानव जीवन नै संकटमा परेको यो अवस्थामा आर्थिक संकट गौण देखिएको छ ।

बजेट अधिवेशनमा संसद्का प्रश्नहरूको जवाफ दिने बेला अर्थमन्त्री डा. युवराज खतिवडाले भनेका थिए, 'भूकम्पमा जस्तो संरचना ढलेको होइन, आर्थिक क्रियाकलाप बन्द मात्रै भएको हो । हामी छिट्टै रिकभर हुन सक्छौं ।'

कोरोना भाइरसले विकसित, विकासशील एवं अल्पविकसित मुलुक भनेको छैन । जुन मुलुकलाई पनि यससँग लड्न गम्भीर बन्न बाध्य पारेको छ । सोही कारण कोरोना भाइरससँग लड्न विश्व एक हुनुपर्ने सन्देश विकसित मुलुकले नै दिइरहेका छन् ।

कोरोना संक्रमण कहिलेसम्म टुंगिन्छ भन्ने नै अन्योल बढिरहँदा यसको प्रभावबारे अध्ययन प्रभावकारी बन्न नसकेको विज्ञहरू बताउँछन् । दिनप्रतिदिन विश्वमा कोरोनाको संक्रमणको रूप फेरिरहँदा यसको प्रभावबारे ठोस निष्कर्षमा पुग्न नसकिने अर्थविद् केशव आचार्य बताउँछन् ।

चीनको उहानबाट सुरू भएको यो संक्रमण विश्वव्यापी फैलिदाँसम्म त्यहाँ सुधार आइसकेको छ । तर, अन्य मुलुकहरूमा भने तीव्र रूपमा फैलिरहेको अन्तर्राष्ट्रिय सञ्चार माध्यमले जानकारी दिइरहेका छन् ।

छिमेकी भारतमा कोरोना संक्रमण नियन्त्रणमा नआउँदासम्म नेपालमा के हुन्छ भन्ने अवस्था नरहेको आचार्य बताउँछन् । उनी भन्छन्, 'अहिले विश्व नै अन्योलको अवस्थामा रहेका बेला कोरोना कहिलेसम्म रहन्छ र यसको प्रभाव के हुन्छ, यत्तिकै भन्न सकिँदैन । दिनप्रतिदिन अवस्था बदलिँदो छ ।'

नाकाबन्दीमा जस्तै कोरोनाको प्रभाव आँकलन गर्न सकिने अवस्था नभएको अर्का अर्थविद् रामेश्वर खनाल बताउँछन् । मुख्यतः अति प्रभावित क्षेत्रहरूमा सुधार गर्नका लागि योजना ल्याउन सकिने उनी बताउँछन् ।

कृषकले उत्पादन गरेका कृषिजन्य उत्पादनले लकडाउनका कारण बजारीकरण हुन नपाएको बताउँदै उनले त्यसका लागि सरकारले व्यवस्थापन मिलाउनुपर्ने बताए । उनी भन्छन्, 'रोजगारी गुमाएका दैनिक ज्यालादारीमा काम गर्नेलाई हिजोआज चल्न निकै सकस भइरहेको र त्यसका लागि सरकारले प्रदेश स्थानीय सरकारसँग समन्वय गरेर सरकारले राहत प्याकेज कार्यान्वयनमा ल्याउनुपर्छ ।'

खनालका अनुसार प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत खर्च हुने रकम अहिले गैरसंगठित क्षेत्रमा

रहेका ज्यालादारी कामदारलाई दिएर सरकारले काम लगाउनुपर्छ ।

बन्दाबन्दीमा आपूर्ति सहज

लामो समयसम्म बन्दाबन्दी लम्बिँदै जाँदा खाद्यान्न र अत्यावश्यक वस्तुको अभाव सिर्जना हुने हो कि भन्ने सर्वसाधारणमा त्रास देखिन्थ्यो । सुरूआतमा त उपभोक्ताले बढी स्टक राख्न थाले । व्यापारीले समेत कालोबजारी गरेको पाइयो । नाकाबन्दीमा भोगेको अभावले सबैलाई संकटमा जोहो गर्न झस्काएको थियो । तर, यसपालि कसैले अभाव भोग्नु परेन ।

सरकारले अत्यावश्यक वस्तुको पर्याप्त मौज्दात राखेर बजारमा अभाव सिर्जना हुन दिएन । भारतबाट निर्वाध रूपमा भइरहेको आयातले पनि समस्या भएन । सरकारको तथ्यांकले भन्छ- विभिन्न व्यवधान छिचोल्दै भए पनि विदेशबाट आयात बढाइएको छ ।

'लकडाउन लम्बिँदै जाँदा खाद्यान्न तथा दैनिक अत्यावश्यक वस्तुको आयात र भण्डारण बढाइएको छ', उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री लेखराज भट्ट भन्छन्, ' आपूर्ति प्रणाली थप व्यवस्थित पारिएको छ ।'

विपद्मा आपूर्ति व्यवस्था सहज बनाउन भूकम्प र नाकाबन्दीले पाठ सिकाएकाले पनि लकडाउन अवधिमा आपूर्तिमा खासै समस्या नआउने देखिन्छ । अहिले अत्यावश्यक वस्तुको आयातमा कुनै असर परेको छैन ।

सवारी आवतजावत र चहलपहल नहुँदा संकटमा समेत पेट्रोल पम्पमा ताँती लागेको छैन । सुरूमा ग्यासको अभाव देखिए पनि आयल निगमले चाँडै व्यवस्थापन गऱ्यो । बजारको चहलपहल ठप्प भएपछि पेट्रोलियम इन्धनको माग घटेको छ । अत्यावश्यक वस्तु ढुवानी गर्ने साधनबाहेक अन्य सवारी साधनको चहलपहल रोकिएको छ । आपूर्ति चुस्त पार्न केही समय आधा तौलको सिलिन्डर बजारमा पठाइए पनि पछि उपभोक्ताले पूर्ण सिलिन्डर पाउन थाले ।

चामल, दाल, नुन, चिनीलगायत दैनिक उपभोग्य वस्तुको हालको मौज्दात सहज देखियो ।

बजारीकरण अभाव

नाकाबन्दीताका टोलबजारदेखि सरकारी वृत्तसम्म आत्मनिर्भरताको विषय चर्चामा आएको थियो । तर, बन्दाबन्दीमा आपूर्ति सहजताले आन्तरिक उत्पादनमा आत्मनिर्भरताको विषय छायामा पऱ्यो ।

बन्दाबन्दीको मौका छोप्दै व्यापारीले सस्तो मूल्यमा तरकारी किन्ने र महँगोमा बेच्न थाले । केही किसानले त भाउ नपाउँदा खेतमै कुहाउनुपऱ्यो । महँगो ज्यालामा टिपेको गोलभेँडा बढीमा दुई रूपैयाँमा बिक्री गर्नुको सट्टा बारीमै कुहाएर मल बनाएका खबर विभिन्न सञ्चार माध्यममा आए ।

लकडाउन सुरू भएयता भारतबाट करिब ६ अर्बभन्दा बढीको तरकारी आयात भयो ।

सुक्दै सरकारी ढुकुटी

भुकम्पपछि सरकारले दातृ मुलुकहरूबाट ठूलो मात्रामा आर्थिक सहायता पाएको थियो । तर कोभिडको असर न्यूनीकरण गर्न त्यति आर्थिक सहायताको अपेक्षा गर्ने स्थिति छैन ।

विश्व अर्थतन्त्र तहसनहस भएको समयमा नेपालले वैदेशिक सहायताबाट ठूलो अपेक्षा गर्न मिल्ने अवस्था नरहेको अर्थविद् केशव आचार्य बताउँछन् ।

भूकम्पपछिको पुनर्निर्माणका लागि आवश्यक रकमको ३५ प्रतिशतसम्मको रकम दाताहरूबाट जुटाएको थियो । ठूला अर्थतन्त्र भएका अमेरिका, चीन, युरोपेली मुलुकहरूबाट यसपालि अपेक्षित रूपमा सहायता आउने स्थिति छैन ।

त्यसबाहेक उद्योग, व्यापार, उत्पादन, रोजगारी र विदेशी आम्दानीसमेत घट्दा सरकारी ढुकुटीमा जम्मा हुने पैसा घट्छ । आउँदा वर्षमा अर्थतन्त्रलाई पुनरूत्थान गर्न सरकारसँग अहिलेजति पनि पैसा हुने छैन । फलतः जनतामा आशा जगाउन भन्ने गरिएका ठूला विकासे आयोजनाहरू अघि बढाउने हैसियत सरकारसँग हुने छैन ।

अघिल्लो आर्थिक वर्ष विदेशमा रोजगारी गरिरहेका लाखौँ नेपालीहरूले कमाएर घर पठाएको विप्रेषण आम्दानी ८ खर्ब ७९ अर्ब रूपैयाँ थियो, जुन देशको कुल गार्हस्थ्य उत्पादनको एक चौथाइ हो ।

ठूलो योगदान गर्ने यो क्षेत्र कोरोना संक्रमणका कारण गम्भीर जोखिममा परेको छ । यसले आगामी दिनमा पार्ने असर दोहोरो देखिन्छ ।

नेपाली धेरै जाने खाडी देशहरू पेट्रोलियम पदार्थको माग र मूल्यमा आएको भारी गिरावटसँगै आर्थिक मन्दीमा पर्ने खतरा छ ।

कोरोना महामारीले विश्वभरि नै सबैभन्दा मारमा परेको भनेको पर्यटन तथा यातायातको क्षेत्र नै हो ।

जीविका नै खतरामा परेपछि बाहिर डुल्न निस्किन सक्नेको संख्या लामैसम्म कम रहने देखिन्छ । लकडाउन र सामाजिक दूरी कायम राख्नुपर्ने समयमा मानिस घुमफिरमा उत्सुक देखिँदैनन् ।

समग्रतामा बैंक तथा वित्तीय संस्थाको अवस्था पनि नाजुक बन्दै छ ।

सहज आर्थिक गतिविधि ठप्प भएकाले कारोबारमा असर परेको छ । अन्य क्षेत्रमा परेका सबै किसिमका नकारात्मक असरले बैंक तथा वित्तीय संस्थाहरूले प्रवाह गरेको कर्जा जोखिममा पर्न सक्छ ।

आपूर्ति सहज, स्वदेशी उत्पादनलाई निरूत्साहन

पवन तिमिल्सिना

काठमाडौं । कोरोना महामारी नियन्त्रणका लागि बन्दाबन्दी लागू भएपछि उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री लेखराज भट्टले गर्वसाथ भनेका थिए, 'भारतबाट आयात सहज छ, अत्यावश्यक वस्तुको आपूर्तिमा कुनै समस्या हुँदैन ।'

निर्वाध रूपमा वस्तुको आयात गरेर बजारको आपूर्ति सहज पार्ने उद्घोष गरिरहँदा आन्तरिक उत्पादनले बजार नपाएकामा कृषकहरूले गुनासो गरिरहेका थिए । नेपालमै उत्पादन हुने वस्तुको बजारीकरणलाई बेवास्ता गरेको सरकारले सहज आपूर्तिका नाममा आयातलाई प्रोत्साहन गरिरहेको विज्ञहरु बताउँछन् ।

२०७२ को भारतीय नाकाबन्दीताका आयातमा समस्या भएपछि आपूर्ति व्यवस्थापन गर्न सरकारलाई हम्मेहम्मे परेको थियो । बन्दाबन्दीमा अत्यावश्यक वस्तुको निर्वाध आयातले बजारको मागलाई पूर्ति गरेपछि सरकारले जस लिने ठाउँ छाडेन । तर, स्थानीय उत्पादनले बजार नपाउँदा बारीमै कुहिने अवस्थामा पुग्यो ।

उसो त नेपाली उपभोक्ताहरु नुनदेखि सुनसम्मका लागि आयातमै निर्भर छन् । लम्बिएको लकडाउनले भोजपुर नगरपालिका-१२, टक्सारकी रीता सुवेदीको करिब ५ रोपनीमा लगाएको टमाटर, काउली र बन्दा बारीमै कुहियो । तरकारी बेचेर वृद्ध रोगी बाबुआमा र नाबालक छोराको भरपेट चल्ने गर्छ । तर, लकडाउनका कारण तरकारी बारीमै खेर गएपछि आम्दानीको स्रोत चौपट बनेको उनी सुनाउँछिन् ।

'लकडाउनले डेढलाख जतिको बन्दा, काउली, टमाटर खेर गयो, एक रूपैयाँ पनि आम्दानी भएन, घर गर्जो टार्ने समस्या भएको छ', रिताले अन्नपूर्णसँग भनिन्, 'सिजनमा ५ लाखसम्म आम्दानी हुन्थ्यो, यो पाली तरकारी बेच्न पाइएन, धेरै बारीमै कुहिए, यतिबेला बजार खुला भएकाले यसो अलिअलि भएको टमाटर बेच्ने गर्छु ।'

सुवेदी मात्रै होइन, लम्बिएको बन्दाबन्दीले सबैजसो कृषक मारमा छन् । व्यावसायिक रूपमा गरिएको तरकारी नबिकेपछि लगानी र श्रम खेर गएको उनीहरु सुनाउँछन् ।

विडम्बना कतिसम्म छ भने कृषिप्रधान भनिने देशमा चामल, दाल, कोदो, फापर, मकै, खानेतेललगायत अधिकांश दैनिक जीवनयापनका वस्तुमा भारतकै भर पर्नु परिरहेको छ ।

जेठ १५ मा सरकारले घोषणा गरेको बजेटले ४० प्रतिशत भन्सार महसुल लाग्दै आएको आयातित चकलेटमा घटाएर ३० प्रतिशत पुऱ्यायो । पोहोर औद्योगिक संरक्षणका लागि भन्दै आयातीत चकलेटमा भन्सार बढाइएको थियो । औद्योगिक उत्पादनको संरक्षण गर्ने नीतिविपरीत आयातित वस्तुलाई

भन्सारमा छुट दिँदा आन्तरिक उत्पादन प्रभावित हुने देखिएको छ । आत्मनिर्भरताको बाटो अँगाल्ने नीतिअनुरूप निजी क्षेत्रले आयात प्रतिस्थापनका लागि उच्च सम्भावना बोकेका आठवटा क्षेत्रका उद्योगको पहिचान गरिसकेका छन् । दुई वर्षअघि नेपाल उद्योग वाणिज्य महासंघले उद्योगका लागि आठवटा क्षेत्र पहिचान गरेर ती क्षेत्रअन्तर्गका वस्तुमा दुई वर्षभित्र मुलुकलाई आत्मनिर्भर बनाउने योजना अघि सारेको थियो । खाद्य वस्तु प्रशोधन तथा प्याकेजिङ उद्योग, क्लिंकर तथा सिमेन्ट उद्योग, औषधि उद्योग, पल्प तथा कागज उद्योग, फुटवेयर उद्योगलाई उच्च प्राथमिकतामा राख्ने भनिएको थियो ।

आयात प्रतिस्थापन प्रयास असफल

वार्षिक विकास कार्यक्रम बजेट, नीति तथा कार्यक्रम तथा अन्य सरोकारवाला मन्त्रालयले घाटा कम गर्ने उपाय भन्दै वर्षैपिच्छे नयाँ-नयाँ नारा ल्याउँछन् । वर्षैपिच्छे मुलुकको निर्यात सम्भावना उच्च भएका वस्तुको सूची तयार गरी प्रवर्द्धनात्मक कार्यक्रमसमेत भइरहे पनि उपलब्धि निराशाजनक छ ।

सरकारले व्यापार घाटा कम गर्न समय-समयमा थुप्रै नीतिगत प्रयास गरे पनि उपलब्धि हासिल हुन सकेको छैन । सरकारले निजी क्षेत्रसँग सहकार्य गरी त्यस्ता क्षेत्रका दर्जनौं वस्तुको सूची तयार पारेको थियो । चालू आवमै सरकारले आयात प्रतिस्थापन गर्ने २० वटा वस्तुको सूची तयार पार्ने बताइरहँदा अहिलेसम्म कुनै सुरसार देखिँदैन ।

उद्योग मन्त्रालयका सहसचिव पुष्पराज शाही भने आयात प्रतिस्थापनका लागि सरकारले नीति, लगानीमैत्री वातावरण र उद्योगको सुरक्षामा कुनै कमी नगरेको दाबी गर्छन् । तर, व्यवसायीहरु भने उत्पादनभन्दा नाफामुखी व्यापारमा केन्द्रित रहेकाले आयात बढिरहेको बताउँछन् ।

मुलुकमा औद्योगिकीकरणको विकास गर्न विदेशी लगानी भएका उद्योगको प्रोत्साहन गर्न, कच्चा पदार्थहरूको सहज आपूर्ति बढाउन र स्वदेशमा स्थापित उद्योगहरूलाई स्वस्थ प्रतिस्पर्धी वातावरण तयार गर्न कच्चा पदार्थको भन्सार महसुल र तयारी वस्तुको भन्सार महसुल दरबन्दीबीच कम्तीमा १५ प्रतिशत फरक बनाउनुपर्ने उनी बताउँछन् । अझ १३ प्रतिशत भ्याट अग्रिम तिरेर कच्चा पदार्थ ल्याउने व्यवस्था छ । यसरी उद्योग फस्टाउने अवस्था हुँदैन । यसका लागि बैक ग्यारेन्टी वा अन्य उपायहरु गरी सहजीकरण गर्नुपर्ने उनको भनाइ छ ।

विज्ञहरूका अनुसार कृषिको आधुनिकीकरण र व्यवसायीकरण नहुँदाको परिणाम आयातमा निर्भर हुनु परेको हो । यसका लागि कृषिमा ठूलो लगानी प्रवर्द्धन र त्यसलाई रोजगारीसँग जोड्नुपर्ने विज्ञहरूको मत छ । मन्त्रालयका अनुसार हाल ४१ लाख परिवार कृषिमा आबद्ध छन् । तर, उक्त संख्याको ठूलो हिस्सा निर्वाहमुखी छ । उत्पादनको परिमाण बढ्न नसक्नुको मुख्य कारण पनि यही हो ।

कृषि र उत्पादनसँग जोडिएको अर्को पक्ष पनि छ । त्यो हो, भूमिको असमान वितरण । छैटौं कृषि गणना २०६८ ले १ लाख १६ हजार व्यक्तिले आफ्नै जमिन नभएका कारण कृषि पेसा अपनाउन नपाएको औंल्याएको छ ।

४२ प्रतिशत कृषकले व्यावसायिक खेती गर्न ऋण उपलब्ध नभएको र कृषिबाटै रोजगार गर्न चाहनेहरूका लागि राज्यले सहज लगानी वातावरण मिलाउन नसकेको गुनासो गर्दै आएका छन् ।

यसबाहेक कृषिलाई रोजगारीसँग जोड्न नसक्नु पनि उत्पादन वृद्धिमा बाधक देखिन्छ । हाल करिब ५० लाख नेपाली रोजगारीका लागि विश्वका विभिन्न कुनामा छन् । ती सबै काम गर्न सक्ने उमेर समूहका हुन् । उनीहरूलाई कृषिसँग जोड्न सके रोजगारी र उत्पादन दुवै बढ्नेमा शंका छैन ।

यसको अर्थ हो, खेतीयोग्य कुल क्षेत्रफलको ४० प्रतिशतमा मात्रै सिँचाइ पूर्वाधार पुगेको छ । समयमा रासायनिक मल उपलब्ध नहुँदा पनि उत्पादन बढ्न सकेको छैन । यसबाहेक उन्नत प्रविधि र बेला-बेलामा आउने प्राकृतिक विपत्ति पनि यसका कारक हुन् । सरकारी तथ्यांकअनुसार नेपालमा करिब ४१ लाख हेक्टर खेतीयोग्य छ । तर, त्यसमध्ये १० लाख हेक्टर बाँझो छ ।

जबकि, मुलुकको कुल १ करोड ४७ लाख १८ हजार हेक्टरमध्ये करिब २० प्रतिशत क्षेत्रफलमा कृषिको उच्च सम्भावना छ । सिँचाइ सुविधा पुगेको क्षेत्रफलमध्ये पनि २६ लाख हेक्टरमा मात्र खेती भइरहेको मन्त्रालयको तथ्यांक छ ।

यस कोणबाट विश्लेषण गर्दा अहिले खेती भइरहेको जमिनको उत्पादनले नै स्वदेशी माग धान्न पर्याप्त देखिन्छ । उत्पादित खाद्यान्नको उपभोगमा सन्तुलन ल्याउने हो भने चामल आयात गर्नै नपर्ने हुन्छ ।

खासगरी तराईमा भारतसँगको खुला सीमाका कारण पनि उत्पादित धान विभिन्न माध्यमबाट भारत जाने तर त्यसको अभिलेख नरहने समस्या छ । हाल १० वटा औद्योगिक क्षेत्रहरु सञ्चालनमा रहेका छन् । ती औद्योगिक क्षेत्रमा स्थापित ६ सय ९८ वटा सञ्चालनमा रहेको र १५ हजार ८ सय ८३ जनाले रोजगारी प्राप्त गरेका छन् । साथै, औद्योगिक क्षेत्रमा स्थापना भएका उद्योगहरूबाट कुल राजस्वमा करिब २१ देखि २२ अर्ब योगदान रहेको छ । ३२ वटा औद्योगिकग्राम घोषणा भइसकेको अवस्था छ र थप औद्योगिक ग्राम घोषणा हुने क्रममा रहेका छन् ।

कुल गार्हस्थ उत्पादनमा औद्योगिक उत्पादनको योगदान आव ०७५/७६ मा ५.६ प्रतिशत रहेको छ । आव ०७६/७७ चैत मसान्तसम्म उद्योग संख्याको आधारमा ठूला, मझौला र विदेशी लगानीका साना उद्योगको दर्ता संख्या ८ हजार २ सय १९ रहेको र त्यसमा कुल लगानी २११३ अर्ब रहेको छ । यसमध्ये ३ सय २४ अर्ब वैदेशिक लगानी रहेको छ ।

नेपालको वैदेशिक व्यापारको स्थितिलाई हेर्दा निर्यातमा न्यून मात्रामा वृद्धि भएको छ भने आयात निरन्तर रूपमा बढिरहेको छ । चालू मूल्यमा वस्तु तथा सेवाको खुद निर्यात १२.०७ खर्ब ऋणात्मक छ ।

रेमिट्यान्स घटे के होला ?

रूद्र खड्का

काठमाडौं । कोरोना भाइरसको महामारीले रोजगारी गुमाएपछि तीन सातायता भारत बाहेकका मुलुकबाट करिब १४ हजार नेपाली घर फर्किएका छन् ।

यस अवधिमा देशका विभिन्न नाका प्रयोग गरेर भारतबाट घर फर्कनेको संख्या चार लाख हाराहारी रहेको अनुमान छ । अहिले फर्किएकाले चार्टर्ड हवाई उडान प्रयोग गरेका हुन् । अवरूद्ध अन्तर्राष्ट्रिय हवाई उडान सुरू भएपछि रोजगारी गुमाएर ठूलो संख्यामा नेपाली विदेशबाट फर्कने अनुमान कायमै छ ।

रोकिएको अन्तर्राष्ट्रिय हवाई उडान सुरू नहुँदै परराष्ट्र मन्त्रालयले विदेशमा रोजगारी गुमाएकामध्ये कम्तीमा २५ हजार जनालाई उद्धार गर्नुपर्ने अवस्था देखिएको जनाउँदै आएको छ । रोजगारी गुमाएर अलपत्र परेकालाई उद्धार गर्न तीन सातादेखि चार्टर्ड उडान सुरू गरिएको थियो । यही क्रममा सर्वोच्च अदालतले हवाई टिकटको व्यवस्था गर्न नसक्नेलाई सरकारले नै निःशुल्क उद्धार गर्न आदेश दिइसकेको छ । आदेशपछि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले निःशुल्क उद्धार गर्न कार्यविधि तयार भइसकेको जनाएको छ । मन्त्रालयका सहसचिव सुमन घिमिरे कार्यविधि स्वीकृतिका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा पेस भइसकेको बताउँछन् । उनी भन्छन्, ' कार्यविधि मन्त्रिपरिषद्ले स्वीकृत गर्ने बित्तिकै कार्यान्वयनमा जान्छ ।'

रोकिएको अन्तर्राष्ट्रिय हवाई उडान सुरू भएसँगै रोजगारी गुमाएर विदेशबाट फर्कने नेपालीको संख्या बढ्ने र त्यसको असर आगामी वर्ष बढी पर्ने धेरैको अनुमान छ । वैदेशिक रोजगारीका क्रममा समस्यामा पर्दै आएकालाई निःशुल्क रूपमा कानुनी सहायता प्रदान गरिरहेका अधिवक्ता सोमप्रसाद लुइँटेल विदेशमा रोजगारी गुमाएर नेपाली फर्कने क्रम बल्ल सुरू भएको बताउँछन् ।

रेमिट्यान्सको अवस्था

पछिल्लो ६ वर्षयता देशको कुल गार्हस्थ्य उत्पादनमा औसत २५ प्रतिशत हाराहारी रेमिट्यान्सको हिस्सा छ ।

आर्थिक वर्ष ०७२/७३ मा त जिडिपीमा रेमिट्यान्सको हिस्सा २९.६ प्रतिशतसम्म पुगेको थियो । गत आर्थिक वर्ष यो हिस्सा २५.४ प्रतिशत थियो । गत वर्ष वैदेशिक रोजगारीमा गएका युवाले ८ खर्ब ७९ अर्ब रूपैयाँ रेमिट्यान्स पठाएका थिए । चालू आर्थिक वर्षको जेठसम्म ७ खर्ब ८० अर्ब रूपैयाँ रेमिट्यान्स भित्रिएको छ ।

नेपालमा कोरोना संक्रमण देखिनुअघि मासिक औसत ७५ अर्ब रूपैयाँ रेमिट्यान्स भित्रिने गरेको थियो । गत फागुनमा ७९ अर्ब, चैतमा ३४ अर्ब र वैशाखमा ५४ अर्ब रूपैयाँ रेमिट्यान्स भित्रिएको थियो । त्यस्तै, जेठमा १ खर्ब रूपैयाँ रेमिट्यान्स भित्रिएको नेपाल रेमिटर्स एसोसिएसनले जनाएको छ । यसलाई हेरी कतिपयले कोरोनाका कारण वैदेशिक रोजगारीमा खासै असर नपर्ने तर्क गर्न थालेका छन् । अर्थमन्त्री युवराज खतिवडा कोरोनाले महामारीको रूप लिँदै गर्दा रेमिट्यान्समा ठूलै धक्का लाग्ने अनुमान गरिए पनि पछिल्लो तथ्यांक हेर्दा त्यस्तो असर पर्लाजस्तो नदेखिएको बताउँछन् ।

जेठमा १ खर्ब रूपैयाँ रेमिट्यान्स भित्रिनुमा चैत र वैशाखमा आउन नसकेको रेमिट्यान्सलाई मानिएको छ । वैदेशिक रोजगारीलाई सूक्ष्म ढंगले अध्ययन गरिरहेका विज्ञ 'जेठमा रेमिट्यान्स वृद्धि हुँदैमा वैदेशिक रोजगारीलाई कोरोनाले असर गर्दैन भन्न नसकिने' तर्क गर्छन् ।

वैदेशिक रोजगार व्यवसायी संघका पूर्वअध्यक्ष रोहन गुरूङ जेठमा रेमिट्यान्स वृद्धि हुनुलाई नेपालीले घर फर्कने तयारी गरेको अर्थमा बुझ्नुपर्ने बताउँछन् । घर फर्कनुपर्ने भएकाले जम्मा गरेको रकम एकैचोटि पठाउन खोज्दा रेमिट्यान्स बढेको देखिएको उनको भनाइ छ ।

कोरोनाका कारण नेपालजस्ता विकासोन्मुख मुलुकको अर्थतन्त्र जोखिममा पर्ने अन्तर्राष्ट्रिय संस्थाले समेत प्रक्षेपण गरिसकेका छन् । विश्व बैंकका अनुसार, यो वर्ष नेपालको अर्थतन्त्र १.८ देखि २.५ प्रतिशतमा खुम्चने अनुमान छ । अघिल्लो वर्ष ७.१ प्रतिशत आर्थिक वृद्धि प्राप्त हुँदा हौसिएको सरकारले चालू आर्थिक वर्ष आर्थिक वृद्धिदर ८.५ प्रतिशत हुने अनुमान गरेको थियो ।

कोरोना महामारी नआएको भए अघिल्लो आर्थिक वर्षको तुलनामा यो वर्ष रेमिट्यान्स कम्तीमा पाँच प्रतिशतले वृद्धि हुने अनुमान गरिएको थियो । नेपाल राष्ट्र बैंकका प्रवक्ता गुणाकर भट्ट पनि कोरोना भाइरसका कारण चालू आर्थिक वर्षमा कम्तीमा १० प्रतिशतले रेमिट्यान्स घट्ने अनुमान गरिएको बताउँछन् ।

कोरोना त्रासले फर्कन सक्ने

वैदेशिक रोजगार विभागका अनुसार, हालसम्म श्रम स्वीकृति लिएका करिब ५० लाखमध्ये ९०-९५ प्रतिशत खाडीमुलुक र मलेसिया जाने गरेका छन् । यति बेला यी मुलुकमा श्रम स्वीकृति लिएकामध्ये २५-३० लाख नेपाली रहेको अनुमान छ । विभागले श्रम स्वीकृति लिनेको मात्र विवरण राख्ने तर फर्कनेको नराख्ने गर्दा विदेशमा रहेका नेपालीको संख्या यकिन हुन सकेको छैन ।

रोजगारीका लागि धेरै नेपाली युवा जाने खाडीमुलुक (साउदी अरेबिया, कतार, संयुक्त अरब इमिरेट्स, कुवेत, ओमान, बहराइन) तथा मलेसिया, युरोप, अमेरिका र छिमेकी मुलुक भारतसमेत यतिखेर कोरोना महामारीबाट ग्रसित छन् ।

श्रम स्वीकृति जारी गरिएको संख्याका आधारमा नेपाली कामदार सबभन्दा बढी रहेका मुलुक खाडी र मलेसिया हुन् । यतिखेर ती मुलुकमा कोरोनाले महामारीको रूप लिइरहेको छ । रोजगारीका लागि कतार पुगेका १८ हजार ४ सयभन्दा बढी नेपाली कोरोना महामारीको संक्रमणमा परेको गैरआवासीय नेपाली संघ (एनआरएनए) ले जनाएको छ ।

ओमानका लागि नेपाली राजदूत शर्मिला पराजुली ढकाल खाडी मुलुकमा बन्द गरिएका हवाई उडान सुरू भएपछि घर फर्कनेको संख्या बढ्ने बताउँछिन् । त्यस्तै, बहराइनका लागि नेपाली राजदूत पदम सुन्दासले कोरोना फैलिएपछि बहराइन सरकारले लामो समयदेखि अवैध रूपमा बस्दै आएका नेपालीलाई दण्ड, जरिवानाबिनै घर फर्कने अवसर दिएको बताएका छन् । रोगबाट संक्रमित भएर भन्दा पनि गन्तव्य मुलुकका रोजगारदाता धराशयी हुँदा र त्रासका कारण घर फर्कने नेपालीको संख्या बढ्ने अनुमान गरिएको छ ।

वैदेशिक रोजगार व्यवसायी संघका महासचिव सुजितकुमार श्रेष्ठ गन्तव्य मुलुकहरूमा गरिएको लकडाउन सकिएपछि नेपाली घर फर्कन थाल्ने बताउँछन् । 'लकडाउन सकिएपछि र अन्तर्राष्ट्रिय उडान सुरू भएपछि कोही रोजगारी गुमाएर त, कोही त्रासका कारण घर फर्कने देखिन्छ,' उनले भने । रोजगारी नगुमाएकाको पनि पारिश्रमिक र काम गर्ने अवधि कटौती हुने भएकाले त्यसको असर नेपाल भित्रिने रेमिट्यान्समा पर्ने नै छ ।

रेमिट्यान्स घट्दाको असर

केही वर्षको अन्तरालमा नेपालको गरिबी दर घटेर १८ प्रतिशतमा झरेको छ । पहिलेको तुलनामा ग्रामीण क्षेत्रमा बसोबास गर्नेका घरको छानामा फुसको साटो रंगीन जस्तापाता थपिएका छन् । निजी शिक्षण संस्थामा अध्ययन गर्ने बालबालिकाको संख्या बढेको छ । जनसंख्याको अनुपातमा धेरै मानिएका वित्तीय संस्थाले मनग्गे निक्षेप पाइरहेका छन् ।

सके गाडी, नभए मोटरसाइकल चढ्नेको संख्या महिनैपिच्छे वृद्धि भइरहेको छ । ग्रामीण बस्ती तीव्र गतिमा सहरीकरणमा रूपान्तरण भइरहेका छन् । सर्वसाधारणको खर्च गर्ने क्षमता बढेको छ । यसरी सर्वसाधारणको जीवनस्तर परिवर्तन हुनुको मुख्य कारण हो- रेमिट्यान्स । आमसर्वसाधारणको जीवनस्तर सुधार हुने गरी स्वदेशमै रोजगारीका कार्यक्रम सुरू गरिएका छैनन् । र, गरिएका त्यस्ता कार्यक्रमबाट अहिलेसम्म नतिजा पनि देखिएका छैनन् ।

आर्थिक सर्वेक्षण ०६७/६८ का अनुसार वैदेशिक रोजगारीमा

जाने युवाले पठाउने रेमिट्यान्स ५६ प्रतिशत घरधुरीमा प्रत्यक्ष रूपमा पुग्छ । त्यसयता पनि वैदेशिक रोजगारीमा जाने क्रम उस्तै रहेकाले रेमिट्यान्स अझ धेरै (५६ प्रतिशतभन्दा बढी) घरधुरीमा पुगेको अनुमान छ । पछिल्लो १० वर्षयता त्यस्तो सर्वेक्षण हुन सकेको छैन ।

राष्ट्र बैंकका प्रवक्ता भट्ट बैंकहरूको निक्षेप संकलन र कर्जा प्रवाहमा वृद्धि हुनुको कारण रेमिट्यान्समा निरन्तर भइरहेको वृद्धिलाई ठान्छन् । त्यस्तै, नेपालले आयात गर्ने वस्तुको भुक्तानी गर्न पनि रेमिट्यान्सले सहयोग पुऱ्याउँदै आएको छ । आर्थिक वर्ष २०७५/७६ मा नेपालले विभिन्न मुलुकबाट करिब १३ खर्ब रूपैयाँको आयात गरेको थियो । त्यस्तो सामानको भुक्तानी गर्न पनि रेमिट्यान्सले सहयोग पुऱ्याउँदै आएको छ । विश्वका कतिपय मुलुक आयात गरिएको सामानको भुक्तानी गर्न नसकेर समस्यामा पर्ने गर्छन् ।

वर्षौंदेखि रेमिट्यान्समा धानिएको अर्थतन्त्रमा एकाएक रेमिट्यान्स घटे के होला ?

नेपालमा रेमिट्यान्स एक चक्रीय प्रणालीजस्तै भइसकेको धेरैले बुझेको पाइँदैन । अझै पनि केहीले स्वदेशमा कुनै विकल्प तयार नपारी युवालाई वैदेशिक रोजगारीमा पठाउन नहुने ओठे-भाषण गर्छन् । स्वदेशमा कुनै विकल्प तयार नभएका बेला वैदेशिक रोजगारीमा आएको संकटले कुनै एउटा व्यक्ति मात्र नभई सिंगो समाज र अन्ततः राज्य नै प्रभावित हुने देखिन्छ ।

एउटा घरको सदस्य वैदेशिक रोजगारीमा जाँदा त्यसको लाभ त्यही परिवारले मात्र लिने गरेको छैन । वैदेशिक रोजगारीबाट आर्जित धनले घर-जग्गा किन्ने वा घर बनाउने, जीवनस्तर सुधार्ने, बैंकमा निक्षेप जम्मा गर्ने, सन्तानलाई निजी शिक्षण संस्थामा अध्ययन गराउनेसम्मका काम हुन्छन् । यसरी रेमिट्यान्स एकैपटक धेरै व्यक्तिको हातमा पर्छ । जसबाट सिंगो अर्थतन्त्र चलायमान हुन्छ ।

वैदेशिक रोजगारीमा संकट आउँदा त्यसको असर रोजगारी गुमाएका व्यक्ति र उसको परिवारमा मात्र नभई यहाँ सञ्चालित वित्तीय संस्था, विद्यालयदेखि सिंगो जनजीवनमा पर्ने देखिन्छ । अर्थविद्हरू रेमिट्यान्समा गिरावट आउँदा नेपालमा गरिबी बढ्ने, राजस्व घट्ने र सर्वसाधारणको गुणस्तरीय जीवनमा ह्रास आउने बताउँछन् ।

समस्यासँगै अवसर

नेपाली कामदारका लागि खाडी मुलुक असुरक्षित रहेको भन्दै लामो समयदेखि नयाँ गन्तव्य खोजी गर्नुपर्ने बहस चल्दै आएको छ । पारिश्रमिक र बसाइका दृष्टिकोणले ती मुलुक असुरक्षित मानिए पनि नयाँ गन्तव्य मुलुकबाट कामको माग ल्याउन नसक्दा वर्षौंदेखि खाडी मुलुक र मलेसियाको विकल्पमा अन्य मुलुक आउन सकेका छैनन् ।

यहीबेला कतिपय विज्ञले नेपाली कामदारका लागि नयाँ गन्तव्य मुलुक अवसरको रूपमा सिर्जना हुन सक्ने धारणा राखेका छन् । श्रमविज्ञ डा. गणेश गुरूङ संकटले थुप्रै अवसर सिर्जना गर्ने भएकाले कम जोखिम रहेका गन्तव्यमा अवसर आउने र त्यस्तो अवसर लिन सबै चनाखो हुनुपर्ने बताउँछन् ।

चालू आवमा कति भित्रियो रेमिट्यान्स

महिना	रेमिट्यान्स (रूपैयाँमा)
साउन	७५ अर्ब
भदौ	७८ अर्ब
असोज	७७ अर्ब
कात्तिक	७४ अर्ब
मंसिर	७२ अर्ब
पुस	७१ अर्ब
माघ	६६ अर्ब
फागुन	७९ अर्ब
चैत	३४ अर्ब
वैशाख	५४ अर्ब
जेठ	९४ अर्ब

स्रोत : नेपाल राष्ट्र बैंक

बर्सेनि वैदेशिक रोजगारीमा जाने करिब पाँच लाखमध्ये (नयाँ र पुराना समेत) ९०-९५ प्रतिशत खाडी मुलुक र मलेसिया जाने गरेका छन् । तर, ती मुलुकमा राम्रो पारिश्रमिक नभएकाले एकातिर ती युवा सस्तो श्रम बेच्न बाध्य छन् भने अर्कोतर्फ मुलुकले न्यून रेमिट्यान्स प्राप्त गरिरहेको छ ।

वैदेशिक रोजगारीमा अहिले गइरहेका युवालाई राम्रा मुलुकमा पठाउन सक्ने हो भने रेमिट्यान्स कम्तीमा दुई गुणाले वृद्धि हुने धेरैको भनाइ छ । खाडी मुलुक र मलेसिया जाने युवाको औसत मासिक पारिश्रमिक ४० हजार रूपैयाँ हाराहारी हुन्छ । त्यो पारिश्रमिक पनि समयमा नपाउने र रोजगारदाताले अनेक बहानामा श्रमिकको शोषण गरेको गुनासो पटक-पटक आएका छन् ।

विदेशबाट रोजगारी गुमाएर फर्केकाले त्यहाँ पाएको दुःख र पीडा बुझेका हुन्छन् । उनीहरूको भोगाइ र अनुभव स्वदेशमै उत्पादनमूलक काम गर्न सहयोगी हुन सक्ने अनुमान गरिएको छ । सरकारले केही पहल गर्ने हो भने रोजगारी गुमाएर फर्केकालाई देशमै काममा लगाउन सकिन्छ । अमेरिकाको वासिङ्टनस्थित पियु रिसर्च सेन्टरको एक अध्ययनअनुसार, नेपालबाट सन् २०१७ मा तीन खर्ब ६४ अर्ब ५३ करोड ८० लाख रूपैयाँ रेमिट्यान्स बाहिरिएको थियो । भारतलगायत मुलुकबाट आउने कामदारले नेपालबाट यो रेमिन्टेन्स लगेका थिए । अहिले विदेशबाट फर्केकाले स्वदेशमै काम गर्दा यही रेमिट्यान्स रोक्न सकिन्छ । अर्कोतिर, विदेश जानैपरे राम्रो पारिश्रमिक पाइने युरोपलगायत मुलुकमा पठाउन सकिन्छ ।

हामीकहाँ सीप सिक्नुको साटो कोरा किताबी ज्ञानमा रमाउने

प्रवृत्ति बढ्दो छ । अब भने देशमै सीप सिक्ने वा विदेशबाट सीप र अनुभव लिएर आएकालाई अवसर दिनुपर्ने कतिपयको धारणा देखिन्छ । कोरा किताबी शिक्षामा सीमित हुँदा यतिखेर सीपमूलक र बढी पारिश्रमिक पाउने काम विदेशीले गरिरहेका छन् ।

कोरोनाबाट विदेशमा १ सय ३० नेपालीको मृत्यु

कोरोनाका कारण विदेशी भूमिमा १ सय ३० नेपालीको ज्यान गएको छ । गैरआवासीय नेपाली संघ (एनआरएनए) ले १३ मुलुकमा रहेका नेपालीले कोरोनाका कारण ज्यान गुमाएको जनाएको छ ।

संघअन्तर्गतको स्वास्थ्य समितिका संयोजक डा. सञ्जीव सापकोटाका अनुसार सबैभन्दा बढी बेलायतमा ६७ जनाको मृत्यु भएको छ । त्यसपछि संयुक्त अरब इमिरेट्स (युएई) मा १९, अमेरिकामा १७, साउदीमा नौ, कतारमा सात, बहराइनमा तीन, टर्की, आयरल्यान्ड, जापान, नेदरल्यान्ड र स्विडेनमा एक-एकजनाले ज्यान गुमाएका छन् ।

विदेशमा २६ हजार नेपाली संक्रमित

विभिन्न मुलुकमा २६ हजार दुई सय २७ नेपाली कोरोना भाइरसबाट संक्रमित भएका छन् । सबभन्दा बढी कतारमा १८ हजार चार सय नेपाली संक्रमित भएको संघले जनाएको छ । संघका अनुसार, अमेरिकामा १ हजार ६ सय, बेलायतमा एक हजार दुई सय २१, साउदी अरेबियामा ६ सय ७४, बहराइनमा ३ सय ११, युएईमा दुई सय, कुवेतमा ८४ नेपाली कोरोनाबाट संक्रमित छन् । यस्तै, मलेसियामा ४९, पोर्चुगलमा २९, आयरल्यान्डमा २२, स्पेनमा १३, क्यानाडामा १३, अस्ट्रेलियामा १२, जापानमा १०, मालदिभ्समा १०, बेल्जियममा ६, स्विट्जरल्यान्डमा पाँच, जर्मनीमा चार, फिनल्यान्डमा चार, साइप्रस र न्युजिल्यान्डमा तीन-तीन, माल्टा, हङकङ, पोल्यान्डमा दुई-दुई, म्यानमार र फ्रान्समा एक-एक नेपाली कोरोनाबाट संक्रमित भएका छन् ।

पछिल्लो समय धेरै नेपाली कार्यरत कतार, साउदी अरेबिया, बहराइन र युएईमा संक्रमणको खतरा बढी छ । त्यहाँ रहेका नेपाली कामदारबीच त्रासको वातावरण बनेको छ । वैदेशिक रोजगारीका सिलसिलामा मलेसिया र खाडी मुलुकमा २५-३० लाख नेपाली श्रमिक कार्यरत रहेको अनुमान छ ।

'स्वदेशमै रोजगारीका अवसर सिर्जना गर्नुपर्छ'

डा. पोषराज पाण्डे, अर्थशास्त्री

रेमिट्यान्स कुनै पनि देशको स्थायी स्रोत हुँदैन । गन्तव्य मुलुकमा कुनै एउटै समस्या आउँदा पनि त्यसको असर पर्छ । जस्तो, खाडीमुलुकमा इन्धनको मूल्यमा फेरबदल हुनेबित्तिकै आप्रवासी श्रमिकमा त्यसको असर पर्छ । जीडीपीमा थोरै सहभागिता जनाउने देशभन्दा हाम्रोजस्तो ठूलो हिस्सा राख्ने मुलुकका लागि रेमिट्यान्स जोखिमपूर्ण स्रोत हो ।

त्यसैले अहिले कोरोना महामारीका कारण रोजगारी गुमाएर फर्कनेलाई स्वदेशमै केही गर्न सहज वातावरण बनाइदिनुपर्छ । यसका लागि सरकारले अल्पकालीन र दीर्घकालीन योजना बनाउनुपर्छ । अल्पकालीन रूपमा कृषि, निर्माणजस्ता क्षेत्रमा विदेशबाट फर्कनेलाई लगाउन सकिन्छ । तर, सबैलाई कृषिमा लगायो भने त्यसले अर्थतन्त्रलाई क्षति पुऱ्याउँछ । अल्पकालीन रूपमा वन पैदावर, काष्ठजन्य क्षेत्रमा पनि रोजगारी सिर्जना हुन सक्छ । अल्पकालीनसँगै दीर्घकालीन काम पनि तत्काल सुरू गरिहाल्नुपर्छ । दीर्घकालका लागि औद्योगिकीकरण र उत्पादनमूलक उद्योग (म्यानुफ्याक्चरिङ) मा जोड दिनुपर्छ । अहिले जीडीपीमा ५ प्रतिशत हाराहारी हिस्सा राख्ने म्यानुफ्याक्चरिङलाई १५-२० प्रतिशतसम्म पुऱ्याउन सकिन्छ । यसका लागि सरकारका जुन निकायले रोजगारी सिर्जना गरिरहेका छन्, त्यस्ता संस्थालाई मर्न दिनुभएन । त्यस्ता संस्था टाट पल्टने अवस्थामा छन् भने बचाउनुपऱ्यो ।

नयाँ रोजगारी सिर्जना गर्नुपर्ने कतिपय संस्थाबाटै कयौं श्रमिकले रोजगारी गुमाउनुपरेको सुनिन्छ । कोरोना महामारीपछि आन्तरिक रूपमा कम्तीमा १२ लाख रोजगारी सिर्जना गर्नुपर्ने बाध्यता सिर्जना भएको छ । सर्भिस सेक्टरमा त्यति धेरै रोजगारी बढ्ने देखिँदैन । साथै, अहिलेको पुस्तालाई सीप पनि त्यति नै आवश्यक छ । सीप सिकेर काम गर्दा नाफा हुने हो । नाफा नभएको क्षेत्रमा युवालाई आकर्षण गर्न सकिँदैन ।

कोराना भाइरस संक्रमण कम भएपछि युवालाई विदेश जान प्रोत्साहन गर्न हुँदैन । सरकारले पुनः श्रम स्वीकृति दिन थालेको सुन्नमा आएको छ । सायद त्यस्तो निर्णय मनोवैज्ञानिक सन्देश दिनलाई होला । तर विश्वका जति पनि देशले आर्थिक, भौतिक रूपमा प्रगति गरेका छन्, त्यो सबै देशभित्रकै मेहनत र उत्पादनले हो ।

वैदेशिक रोजगारीले तत्कालको समस्यालाई दुई/चार वर्ष पछि त धकेल्ला तर त्यसपछि पुनः चुनौती आइहाल्छ नै । त्यसैले अहिले विदेशबाट फर्केकालाई उत्पादनमूलक काममा लगाउन सकियो भने अन्ततः देशलाई नै फाइदा हुन्छ ।

(कुराकानीमा आधारित)

लकडाउनको असर

अन्य व्यवसाय विस्थापित, अनलाइन मार्केट स्थापित

शर्मिला ठकुरी

काठमाडौं । काँडाघारी बस्ने संगम बस्नेतले थुप्रै डटकमबाट किताब किने । सो अनलाइन सपले किताब दैलोमै ल्याइदियो । उनले मोबाइलबाटै किताबको पैसा तिरे ।

लकडाउन अवधिभर उनले यसैगरी करिब ५ हजार रूपैयाँको किताब किनेर अनलाइन पेमेन्ट गरे । त्यस्तै, बालकोटकी सरिता तिमिल्सिनाले पनि नेपवे डटकमबाट लकडाउन अवधिमा आफूलाई आवश्यक परेका लुगा मगाइन् र मोबाइलबाटै फोन पेएप प्रयोग गरेर रकम तिरिन् ।

तिमल्सिना र बस्नेत एक प्रतिनिधि पात्रमात्र हुन् । गत डिसेम्बर अन्त्यतिर चीनमा देखा परेको कोभिड-१९ को संक्रमण नेपालमा पनि पर्न सक्ने सम्भावनालाई दृष्टिगत गर्दै नेपाल सरकारले गत चैत ११ गतेदेखि लकडाउन गरेको थियो ।

लकडाउनका कारण मानिसहरु बाहिर जान नपाएपछि अनलाइनमार्फत किनमेल गर्नेको संख्या ह्वात्तै बढ्यो । जसका कारण अनलाइनको मार्केट लकडाउनको बेला फस्टायो । अरु व्यवसायलाई लकडाउनले समस्यामा पारे पनि अनलाइन व्यवसायलाई भने स्थापित गरायो ।

करिब ६ वर्षदेखि काठमाडौं महानगरपालिकामा फ्रेस तरकारीलाई घरघर पुऱ्याउँदै आएका मेट्रो तरकारी डटकमका संस्थापक अनिल बस्नेतका अनुसार लकडाउनका बेला अनलाइन बजारले धेरै मार्केट लियो ।

'लकडाउनका बेला निकै ठूलो अर्डर आयो, लकडाउन अगाडि करिब ८ देखि १० वटासम्म तरकारीका अर्डर आउने गरेकामा लकडाउन बेलामा करिब ८ सयसम्म पनि अर्डर आएको थियो,' उनले भने ।

आफूहरूले अर्डरअनुसार सामग्रीको डेलिभरी दिन नसकेको बताउँदै लकडाउनका बेला अनलाइनबाट सामान किन्ने ट्रेन्ड बढेको र यसले आगामी दिनमा अनलाइन व्यवसायको विस्तारमा ठूलो फड्को मार्ने बताए ।

मेट्रो तरकारी डटकमजस्तै पछिल्लो समय अनलाइन व्यवसायको बाढी नै आइरहेको छ । विगत केही वर्षदेखि सञ्चालनमा रहेको मुन्चा डटकम, हाम्रो बजार डटकम, फुडमान्डु, सस्तोडिल डटकमलगायतका अनलाइन सञ्चालनमा थिए । लकडाउनभन्दा अगाडि धेरै व्यापार नभएका यी अनलाइनहरूको व्यापार भने लकडाउनको अवधिमा अत्यधिक भयो । कतिपय नामै नसुनेका अनलाइनहरूले पनि चर्चा कमाए भने राम्रो व्यापार गर्न सक्षम भए । त्यस्तै, यही अवधिमा कतिपय अनलाइनहरु कम्पनी रजिस्ट्रारको कार्यालयमा दर्ता भएर सञ्चालनमा समेत आए ।

कम्पनी रजिस्ट्रार कार्यालयका अनुसार हालसम्म अनलाइनमार्फत व्यवसाय गर्ने कम्पनीहरु ४ सयवटा दर्ता भएका छन् । कम्पनी रजिस्ट्रारका उपरजिस्ट्रार एवं सूचना अधिकारी रामप्रसाद ढकालका अनुसार लकडाउनको समय जम्मा ४ वटा मात्र व्यावसायिक अनलाइन दर्ता भए पनि त्यसअघि ४ सयवटा अनलाइन दर्ता भएर सञ्चालनमा थिए ।

कसैले व्यावसायिक रूपमा अनलाइनमार्फत व्यापार गर्न चाहे उद्योग विभागअन्तर्गत कम्पनी रजिस्ट्रारको कार्यालयमा दर्ता भई कर कार्यालयमा अनिवार्य रूपमा भ्याटमा दर्ता हुनुपर्छ । तर, अधिकांश व्यापारिक अनलाइनहरु दर्ताबिनै सञ्चालन भइरहेका छन् ।

अनलाइनको अनुगमन तथा नियमन भने वाणिज्य विभागले गर्ने गरेको छ । विभागका निर्देशक सागर मिश्रका अनुसार लकडाउनको अवधिमा अनलाइनबाट मात्र १४ लाख रूपैयाँ बराबरको जरिवाना गरिएको छ ।

उनले भने, 'लकडाउनको समयमा मात्र हामीले व्यावसायिक अनलाइनहरूबाट १४ लाख रूपैयाँ जरिवाना उठाएका छौं । चैत ११ गतेदेखि जेठ १० गतेसम्म २२ वटा अनलाइनहरु कारबाहीमा परेका छन् । त्यसमध्ये १८ वटा अनलाइन विभागमा दर्ता नै नभई सञ्चालन गरेको पाइएको छ भने चारवटा अनलाइनले उपभोक्ता हितविपरीत काम गरेको पाइएको छ ।'

मिश्रका अनुसार दर्ता नभइकन चलाएका अनलाइनहरूलाई उपभोक्ता संरक्षण ऐनको दफा २० को उपदफा (२) अनुसार ५० हजार रूपैयाँ र उपभोक्ताको हितविपरीत काम गरेको पाइए उपभोक्ता संरक्षण ऐन २०७५ को दफा ३८ (ङ) बमोजिम बढी मूल्यमा बिक्री गरेको पाइए २ लाखसम्म जरिवाना गरिएको

छ । केही अनलाइनलाई भने स्पष्टीकरण लिएर मात्र छाडिएको मिश्रले जानकारी दिए ।

तर, मेट्रो तरकारी डटकमका संस्थापक अनिल बस्नेत भने अनलाइन व्यापारको अनुगमन तथा नियमनका लागि छुट्टै निकाय चाहिने बताउँछन् । उनका अनुसार सरकारले अनलाइन व्यवसायलाई अझै पनि व्यवसायको रूपमा नस्वीकारेको र जथाभावी अनुगमन गरी कारबाही गरेको बताए ।

उनका अनुसार अनलाइन व्यवसाय प्राविधिक विषय भएकाले यसको अनुगमन र नियमनका लागि पनि प्राविधिक मानिस नै हुनुपर्ने एनं अनलाइन व्यवसाय प्रवर्द्धन गर्नका लागि सरकारले चासो देखाउनुपर्छ ।

त्यस्तै, नेपाल राष्ट्र बैंकका भुक्तानी प्रणाली विभागका कार्यकारी निर्देशक भुवन कँडेलका अनुसार पछिल्लो समय अनलाइन भुक्तानी अत्यधिक बढेको छ । यसबाट के प्रस्ट हुन्छ भने अनलाइन मार्केटिङको ट्रेन्ड बढ्दो छ ।

राष्ट्र बैंकका अनुसार लकडाउनभन्दा पहिला दैनिक ४० अर्बको कारोबार हुने गरेको थियो । सो कारोबारमध्ये ४० प्रतिशत अनलाइन कारोबार हुने गरेको थियो । तर, लकडाउन अवधिमा व्यापार व्यवसाय बन्द रहेको र एक तिहाइ बैंकले मात्र काम गरिरहेको अवधिमा पनि दैनिक १२ /१३ अर्बको हाराहारी अनलाइन कारोबार हुने गरेको छ ।

बैंकर्स एसोसिएसनका अध्यक्ष भुवनकुमार दाहालका अनुसार मोबाइल बैंकिङको कारोबार ६० प्रतिशतले वृद्धि भएको छ । कुनै राम्रो चलेको बैंकको शाखामा दैनिक ५ सय हाराहारी ग्राहक आउने गरेकामा लकडाउन खुकुलो भएपछि पनि जम्मा १ सय ४० हाराहारी मात्र ग्राहक आउने गरेको दाहालले बताए । उनका अनुसार अनलाइन कारोबार ह्वात्तै बढेको छ ।

राष्ट्र बैंकका अनुसार हालसम्म पेमेन्ट भुक्तानी सेवाप्रदायक संस्था (पीएसपी) १४ वटा रहेका छन् भने भुक्तानी प्रणाली सञ्चालक (पीएओ) ९ वटा दर्ता भइ सञ्चालनमा छन् । लकडाउनको अवधिमा जम्मा एक वटा कुराकानी पे प्रालि मात्र थपिएको छ ।

कारोबार बढेसँगै चुनौती पनि

अनलाइन कारोबार बढेसँगै चुनौती पनि थपिँदै गएका छन् । हाल नेपालमा पीएसपी र पीएसओ गरी जम्मा २४ वटा भुक्तानी प्रणाली रहेका छन् । तिनीहरूकै माध्यमबाट विगतमा बैंकिङ सिस्टममै ह्याक गरेर रकम चोरी भएका घटना सार्वजनिक भइरहेका छन् । यही प्रणालीमा जोडिएर अनलाइन कारोबार हुने गरेकाले यसबाट बैंकहरूमा समेत समस्या पर्न सक्ने बैंकरहरु बताउँछन् । अनलाइन कारोबारले बैंकहरूलाई समेत थ्रेड उत्पन्न गराउँछ, किनभने यो कारोबार कुनै पनि ग्राहकको खातासँग सम्बन्धित हुन्छ । यदि कुनै पनि पीएसओ वा पीएसपीमार्फत भुक्तानी गर्दा बैंकमा भुक्तानीका लागि आग्रह आउँछ र बैंकले भुक्तानी गर्नुपर्ने हुन्छ ।

हिमालयन बैंकका प्रमुख कार्यकारी अधिकृत अशोक राणा भने भुक्तानी प्रणाली सञ्चालकका माध्यमबाट ह्याकरहरूले बैंक ह्याक गर्न सक्ने बताउँछन् । उनका अनुसार विगतका बैंकिङ ह्याकको अवस्था हेर्ने हो भने पीएसओहरूको माध्यमबाटै बैंकहरु ह्याक भएका छन् । जस्तै, नेप्स, एसटीसीलगायतका पीएसओहरूको माध्यमबाट नै बैंकहरूको सिस्टम ह्याक भएर रकम चोरी भएका थुप्रै उदाहरण छन् । गत दसैंका बेला भएको एनआईसी, नबिललगायतका बैंकहरूमा सिस्टम ह्याक गरेर भएको रकम चोरीको उदाहरणले प्रस्ट पारेको छ, अनलाईन कारोबार अत्यधिक चुनौतीपूर्ण रहेको छ भन्ने ।

केही समयअघि १८ वटा वाणिज्य बैंक जोडिएको भुक्तानी प्रणाली सञ्चालक नेपाल इलेक्ट्रोनिक पेमेन्ट सिस्टम (नेप्स) बाट छिरेर बैंकहरूको सिस्टम ह्याक गरी चिनियाँहरूले करोडौँ रकम चोरी गरेका थिए । साइबर सेक्युरिटीको धेरै नै खतरा रहेको अनलाइन पेमेन्टलाई राष्ट्र बैंकले उचित व्यवस्थापन गरी अनलाइन कारोबारलाई थप सुरक्षित बनाउनुपर्ने बैंकरहरूको भनाइ छ ।

ग्राहक, व्यवसायी र नियमनका आ-आफ्नै गुनासा

अनलाइन व्यवसायीका अनुसार यो व्यवसाय गर्दा समयमै डेलिभरी गर्न नसकिने, लकडाउनमा सवारी साधन गुड्न नदिँदा समयमै अर्डरअनुसारको सामग्री पुऱ्याउन नसक्दा ग्राहक बिच्किने समस्या आएको छ । त्यस्तै, टाढा-टाढाबाट अर्डर आउँदा पुऱ्याउन समय लाग्ने हुँदा त्योसमेत जोडेर बिल तिर्न ग्राहकलाई दिँदा उनीहरूले महँगो भनी सिकायत गर्ने गरेका छन् । साथै, अझैसम्म अनलाइन व्यापारमा नेपालीहरूको बानी नपरेको हुँदा अनलाइन सामग्री खरिदमा विश्वासको खाडल देखिएको मेट्रोतरकारी डटकमका बस्नेतको अनुभव छ ।

त्यस्तै, ग्राहकहरु भने अर्डर गरिएको सामग्री महँगो हुने गरे पनि गुणस्तरीय नहुने बताउँछन् । अनलाइनको अनुगमन र नियमन राम्रो नहुँदा विभिन्न समयमा ग्राहकले वाणिज्य विभागलाई गुनासो गर्दा पनि सुनुवाइ हुने गरेको छैन ।

त्यस्तै, अनलाइनहरूले महँगोमा सामग्री बेच्ने, भुक्तानी भइसकेको सामग्रीको बिल नदिने, कर छल्नेलगायतका काम गरिरहेको विभागले जनाएको छ । उनीहरूलाई हेर्ने छुट्टै निकाय नहुँदा समस्या भइरहेको विभागले स्वीकारेको छ ।

अनलाइन भुक्तानीमा पनि समस्या हुने गरेको छ । नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त पीएसओ र पिएसपीमार्फत कारोबार गर्दा कहिलेकाहीँ सपोर्ट नहुने हुँदा घरमा नै सामान ल्याउँदा पनि फिर्ता गर्नु परेको ग्राहक सीता उप्रेती बताउँछिन् ।

तर ई-सेवा फोनपे प्रालिका अनुसार समस्या आउनेबित्तिकै आफूहरु समाधानका लागि तयारी अवस्थामा रहेकाले असहज अवस्था नआउने बताउँछन् ।

जलविद्युत

खोइ बिजुली बजार ?

न आन्तरिक खपत बढ्यो, न विदेशी बजार खुल्यो

भीम गौतम

२०६८ सालमा सरकारले पश्चित सेती चिनियाँ कम्पनीलाई दिएपछि कम्पनीका अधिकारीहरूले आयोजना अघि बढाउन तीन शर्त अघि सारे । एउटा विद्युत् खरिद सम्झौता (पीपीए) को ग्यारेण्टी, प्रसारणलाइन निर्माणको सुनिश्चितता र आयोजनाको जग्गा प्राप्ति । नेपाल विद्युत् प्राधिकरण र लगानी बोर्डले सुनिश्चितता पनि गरिदियो । तर, २०७५ सालमा चिनियाँ कम्पनीले हात झिक्यो ।

डेढ वर्षअघि लगानी बोर्डले आयोजना गरेको लगानी सम्मेलनमा सोकेस गरेका ७७ मध्ये २५ आयोजना ऊर्जा क्षेत्रका थिए । लगानी सम्मेलनको क्रममा पनि यस क्षेत्रमा ठूलै प्रतिवद्धता आयो तर अधिकांश आयोजनाहरूको प्रगति खास अघि बढ्न सकेको छैन । पछिल्लो समयमा लगानी बोर्ड आएका अधिकांश लगानीकर्ताको प्रश्न हुन्छ, "लगानी त गछौ तर सम्पन्न भएपछि बिजुली बिक्री हुने ग्यारेण्टी के छ ?" केही समयअघि मात्र लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत रहेका र हाल नेपाल राष्ट्र बैंकको गभर्नर भएका महाप्रसाद अधिकारीलाई धेरै लगानीकर्ताहरूले यही सोधिरहन्थे । एक लगानीकर्ताले प्रश्नपछिको उनको उत्तरबारे प्रतिक्रिया दिए, "पहिला लगानी गर्नोस्, पीपीए, बजारको कुरा त त्यो बेला भैहाल्छ नी, भनेर उहाँले भन्नुभयो तर विश्वास गर्ने वातावरण नै छैन ।"

पछिल्लो समयमा लगानी बोर्डमात्र होइन, जलविद्युत् लगानी तथा विकास कम्पनीका पदाधिकारीहरूसँग पनि यस्तै प्रश्नहरूको बाढी आउन थालेको छ । ६ महिनाअघिसम्म जापान, कोरिया लगायतका देशहरूका सरकारी कम्पनीका लगानीकर्ताहरूले नेपालमा लगानी गर्ने भन्दै उत्साहका कुरा लिएर आउने गर्दथे । तर, अहिले बिजुली बजार के हुन्छ भनेर बारम्बार प्रश्न गरिरहन्छन् । उनीहरूको प्रश्न प्रश्न हुन्छ- पीपीए हुन्छ कि हुँदैन ? बजारको के छ ? यसको ग्यारेण्टी कस्ले गर्छ, विद्युतीय सवारी साधनमा बढी कर लगाएर के विद्युत् खपतलाई निरूत्साहित गर्न खाजेको हो ? सरकारको ऊर्जा नीति के हो ? बिजुली खेर जाने भनेर भनिएको छ तर त्यो हो भने भविष्यमा हाम्रो भुक्तानीको ग्यारेण्टी कसरी हुन्छ ? हाल विस्तृत अध्ययन भइरहेको नलगाढ जलाशययुक्त आयोजनामा जाइकाले लगानी गर्ने कुरा अघि बढाएको थियो भने तमोर जलाशयमा चाइनीज कम्पनी र जलविद्युत् लगानी तथा विकास कम्पनीले संयुक्त लगानी गर्ने प्रारम्भिक समझदारी भैसकेको छ । तर पछिल्लो समयमा उनीहरूको प्रश्न पनि त्यही छ । "छलफलमा आएका कम्पनीहरूले बिजुली बजार के हुन्छ ? भनेर भनिरहेका छन्," जलविद्युत् कम्पनीका प्रमुख कार्यकारी अधिकृत छविलाल पोखरेल भन्छन्, "सबैका लागि बिजुली बजारको कुरा महत्वपूर्ण हुन थालेको छ ।"

हुन पनि विद्युत् प्राधिकरणको प्रक्षेपण अनुसार अहिले विद्युत्को खपत २१ सय मेगावाटभन्दा बढी हुनुपर्ने हो तर लकडाउन अघिको समयलाई हेर्ने हो भने १३ सय मेगावाटभन्दा कम छ भने लकडाउनको अविधिमा त नौ सय मेगावाटसम्म झऱ्यो । विद्युत् प्राधिकरणले रातीको समयमा त दुई सय मेगावाट अहिले पनि खेर जाने बताईरहेको छ । विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले त आगामी वर्षको बर्षामा रातीको समयमा ६ सय मेगावाटभन्दा बढी खेर जाने बताईरहेका छन् । उत्पादनको तीन वर्षको प्रक्षेपण मात्र हेर्ने हो भनेपनि तीन वर्षमा मात्र निजी क्षेत्रबाट ४ हजार मेगावाट थपिन्छ भने प्राधिकरणका कम्पनीमार्फत ७ सय मेगावाट थपिदैछ । चालू वर्षमा ५ सय, अर्को बर्षे १५ सय र त्यसपछि दुई हजार मेगावाट विद्युत् उत्पादन निजी क्षेत्रबाट थप हुने प्रक्षेपण छ । अहिलेकै गतिले भने विद्युत्को माग दुई हजार मेगावाट पुग्न पनि मुस्किल देखिएको र विद्युत् खपत नबढ्दा ऊर्जा क्षेत्रनै ध्वस्त हुने अवस्थामा पुगेको स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था (इप्पान) का महासचिव आशिष गर्गको टिप्पणी छ । "भारतले प्रतियुनिट ४ रूपैयाँ भारू र वंगलादेशले ६ रूपैयाँमा किन्न सक्छ । एक हजार मेगावाट ढल्केबरर-मुजफपुर अन्तरदेशीय प्रसारण लाइन पनि छ तर भौतिक, मानसिक र राजनीति संरचना निर्माण गर्न बाँकी छ । पहिला राजनीतिक रूपमा पहिला पहल गरिएन, अहिले सम्बन्ध बिग्रदै छ । यसको खराब प्रभाव ऊर्जा क्षेत्रमा पर्छ," उनी भन्छन् ।

पछिल्लो समयमा नेपाल विद्युत् नियमन आयोगले औद्योगिक क्षेत्रको महशुल बढाएको, देशको समग्र अर्थतन्त्रको हिसाबले पनि तीन वर्ष आन्तरिक खपत बढ्ने अवस्था नदेखिएको, बिजुली बेच्नका लागि सरकारले पहल शून्य जस्तै रहेको लगायतका कारणले लगानीमा जोखिमता बढेको उनको तर्क छ । "विद्युत् बिक्रीका लागि संरचना छ नेपालबाट कस्ले बेच्ने, भारतमा कसले किन्ने समस्या छ । निर्माणमा गएका आयोजनाहरूमा बैकको, जनताको र लगानीकर्ताका धेरै लगानी डुब्ने अवस्था आईसक्यो, ५ हजार मेगावाटभन्दा बढी पीपीए गरेर बसेका छन्, ती आयोजनाहरूलाई नेपाली बैकले ऋण दिन सके," उनी भन्छन्, "स्वदेशमा खपत बढ्ने अवस्था छैन, विदेशीले पनि २१६

मेगावाटपछि नेपालमा लगानी गरिरहेका छैनन् । लगानी बोर्डमा जति प्रतिवद्धता जनाएपनि सुको पैसा नआएको बताउँदै उनी थप्छन्-'अहिले बनाउन सुरू हुन त १० वर्षपछि बन्ने हो तर ११ औ वर्षमा बिजुली बेच्ने कसरी, अहिलेनै बजार छैन भने त्यो बेला के होला ? विदेशीको ढोका बन्द हुँदै थियो, पछिल्लो घटनाक्रमले अर्को ताल्वा लाउने अवस्था आएको छ ।"

हुन पनि नेपालसँग बिजुली बेच्ने योजना नभएका होइनन् । चार वर्षअघि अर्थात सन् २०१६ मा नेपाल र भारतका संयुक्त प्राविधिक समूहले अन्तरदेशीय प्रसारण लाइनकोसन् २०३५ अर्थात आगामी २४ हजार ५ सय मेगावाट बिजुली बेच्ने र यसका लागि ११ अन्तरदेशीय प्रसारणलाइन निर्माण बनाउने योजना छ । यस्तै वंगलादेशको विद्युत् मन्त्रालयले सार्वजनिक गरेको योजनामा नेपालबाट सन् २०४० भित्र ९ हजार मेगावाट बिजुली किन्ने उल्लेख छ । वंगलादेशसँग सरकारले ऊर्जा सहकार्यबारे समझदारी पनि सरकारले गरिसकेको छ ।
विद्युत् व्यापारका लागि निजी क्षेत्रका जलविद्युत् प्रवर्द्धकहरूले नेपाल पावर एक्सचेन्ज लिमिटेड (नेपेक्स) गठन गरेर भारत र बंगलादेशमा बिजुली बेच्ने प्रयास सुरू गरेका छन् । स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था (इप्पान) आवद्ध उनीहरूले निजी क्षेत्रले करिब १७ हजार मेगावाट विद्युत् छिमेकी राष्ट्र भारत र वंगलादेशमा बेच्ने सक्ने भन्दै दुवै देशमा पुगेर छलफलनै गरे । नेपेक्सले ५ सय २९ मेगावाट बराबरका पाँच आयोजनाबाट उत्पादित बिजुली भारतमा निर्यातका लागि स्वीकृति प्राप्तिका लागि विद्युत् विकासका लागि निवेदननै दिइसकेको छ ।

यस्तै, सरकारी तबरबाट विद्युत् व्यापारका लागि प्रयास नै नभएको भने होइन । १२ वर्ष अघिदेखि भारतसँग इनर्जी बैकिङको प्रयास भएपनि गत वर्षसम्म दुई देशबीच सम्झौता भएपनि अझै कार्यान्वयनमा आएको छैन । नेपाल र भारतबीच २०७१ भदौमा ऊर्जा व्यापार सम्झौता (पीटीए) मा सम्झौता भयो । पीटीएकै आधारमा दुई देशबीच सचिवस्तरीय र सह-सचिवस्तरीय समिति गठन भएर यसका लागि व्यापारबारे छलफल गर्ने बैठक जारी नै छ । भारत सरकारले सन् २०१६ मै अन्तरदेशीय विद्युत् व्यापार निर्देशिका ल्याएकोमा त्यसलाई परिमार्जन गरेर सन् २०१८ डिसेम्बरमा अन्तिम रूप पनि थियो । पीटीए भएको ६ वर्षपछि यसका लागि भारतको केन्द्रीय विद्युत् प्राधिकरणले मस्यौदा तयार गरिसकेको कन्डक्ट अफ विजनेश रूल (सीबीआर) अर्थात यसबारेको कार्यविधि नआउँदा अझै विद्युत् व्यापारको सम्भावना छैन । त्यहाँको प्राधिकरणले मस्यौदा तयार गरेको एक वर्ष नाघेपनि भारतको विद्युत् मन्त्रालयले स्वीकृति दिएको छैन ।

पछिल्लो ६ महिनायता भने भारतीय अधिकारीहरूले विद्युत् व्यापारको विषय राजनीतिसँग जोडिएको भन्दै 'माथि कुरा' मिलाएर आउनु भन्न थालेका छन् । यसले विद्युत् व्यापार दुई देशको चिसिँदो सम्बन्धसँग किचिने अवस्था देखिएको छ । तर ऊर्जा सचिव दिनेश घिमिरेले अन्तरिम रूपमा कार्यविधि ल्याएर विद्युत् व्यापारका लागि सहजीकरण गर्न भारतीय विद्युत् सचिवसँग पहल गरिरहेको र भारत यसतर्फ सकारात्मक भएको तर्क गर्छन् ।

सन् २०१९/२० पछि नेपालमा ऊर्जा मन्त्री र विद्युत् प्राधिकरणका कार्यकारी निर्देशकले बारम्बार बिजुली बेच्ने घोषणा गरेपनि उच्च राजनीति तहबाट सार्थक पहल नहुँदा कुरामै सीमित बनेको छ । भारतका मन्त्री र सचिव नेपाल आउँदा वा नेपालको टोली भारत जाँदाबाहेक अन्य अवस्थामा बिजुली विक्रीका लाग सार्थक पहल हुन नसकेको प्राधिकरणका अधिकारीहरू बताउँछन् ।

बिहारसँग सन् १९७१ देखि अघि बढेको विद्युत् एक्सचेन्ज सम्झौता अनुसार नेट मिटरिङ अनुसार थोरै विद्युत् आदानप्रदान भएपनि धेरैका लागि बिजुली व्यापार र इनर्जी बैकिङ अत्यावश्यक छ । सन् २००८ देखि इनर्जी बैकिङको कुरा अघि बढेपनि पूरा भएको छैन भने अन्तरदेशीय प्रसारण लाइनबाट विद्युत् व्यापारको सम्भावना पनि कमजोर बन्दै गएको छ तर ऊर्जा, जलस्रोत तथा सिञ्चाई मन्त्रालयका सह-सचिव एवं प्रवक्ता प्रवीणराज अर्याल विद्युत प्राधिकरणका पावर ट्रेड कम्पनी बनाईसकेको, आउन लागेको प्रस्तावित विद्युत विद्येयकले विद्युत व्यापारका लागि ढोका खुल्ने तथा भारतले बनाएको अन्तरदेशीय विद्युत व्यापार सम्बन्धी निर्देशिकामा इनर्जी बैक समावेश गर्न अनुरोध गरिएको र भारत सकारात्मक रहेकोले विद्युत व्यापार अघि बढाउन सकिने अवस्था रहेको बताउँछन् ।

२०७५ सालमा सरकारले १० वर्षभित्र १५ हजार मेगावाट उत्पादन गर्ने र त्यसमध्ये १० हजार मेगावाट आन्तरिक बजारमै खपत गर्ने योजना अघि सारेको छ तर विद्युत् खपत बढ्न सकेको छैन । प्राधिकरणका कार्यकारी निर्देशक घिसिङ भने प्राधिकरण विद्युत् खपत वृद्धिको योजना निर्माण गरिरहेको बताउँछन् । "विद्युत् खपत सबैभन्दा ठूलो चुनौतीको बिषय बनेको छ, आन्तरिक खपत बढाउन नसके र विदेशी निर्यात गर्न नसके प्राधिकरणले विद्युत् खेर गएर ठूलो नोक्सानी बेहोर्नुपर्ने हुनाले यसका लागि पहल गरिरहेका छौं," उनी भन्छन् ।

हुन पनि आन्तरिक विद्युत्त खपत बढाउन सक्ने अवस्था हुँदै नभएको होइन । इप्पानका महासचिव गर्गको भनाइमा अहिले रहेका १० लाख रहेको पेट्रोलियम पदार्थबाट चल्ने सवारीसाधनको प्रतिस्थापन गरी विद्युतीय सवारी साधनबाट दुई हजार मेगावाट तथा दाउरा र ग्यासलाई विद्युत्मार्फत विस्थापन गर्नसके झण्डै अर्को दुई हजार मेगावाट विद्युत् खपत बढाउन सकिने अवस्था छ । यो एकै वर्ष नभए पनि सरकारले यसलाई वृहत् अभियानको रूपमा अघि बढाए केही वर्षमा सम्भव छ तर सरकारले ल्याएको बजेटनै विद्युतीय सवारी साधनलाई निरूत्साहिन गर्ने गरी आएपछि ऊर्जाका लगानीकर्ताहरू झन निराश बनेका छन् । पूर्व ऊर्जासचिव सुमन शर्मा त अझै सबै उद्योगहरूमा डिजेल-पेट्रोलको सट्टा गुणस्तरीय र भरपर्दो विद्युत् पुऱ्याउन सके पनि विद्युत्को खपत बढाउन सकिने अवस्था रहेको बताउँछन् ।

भारतको ऊर्जा सन्तुलन मिलाउन नेपालको बिजुली निर्यात निर्विकल्प

भीम गौतम

काठमाण्डौ, २२ साउन । भारतको ऊर्जा प्रणालीको सन्तुलन मिलाउनका लागि नेपालको बिजुली निर्विकल्प देखिएको छ ।

साढे तीन लाख ६० हजार ४ सय ६८ मेगावाट विद्युत उत्पादन रहेको र र वातावरण मैत्री नमानिने कालो ऊर्जाको रूपमा लिइएको कोलबाट उत्पादित ऊर्जाको बर्चस्व रहेको भारतका लागि नेपालको बिजुली निर्विकल्प देखिएको हो । हाल ऊर्जा प्रणालीमा कोलको योगदान मात्र ५५ प्रतिशत अर्था १ लाख ९८ हजार मेगावाट छ भने हिस्सालाई पाँच बर्षभित्र ३० प्रतिशतमा झार्ने घोषणा गरेको छ । मे २०२० सम्मको तथ्यांक अनुसार, कुल उत्पादन क्षमतामध्ये कोलबाहेक जलविद्युतको हिस्सा १४ प्रतिशत अर्थात ५० हजार ३ सय ८२ मेगावाट, सोलारको ९.७ प्रतिशत अर्थात ३४ हजार ९ सय १५ मेगावाट, वायुको १०.५ प्रतिशत अर्थात ३७ हजार ७ सय ५६ मेगावाट, न्यूनक्लियरको १.९ र अन्यको ८.९ प्रतिशत अर्थात ३२ हजार १ सय ११ मेगावाट छ ।

सन् २०३० मा ५ लाख ९ हजार ९ सय ६७ मेगावाट पुर्‍याउने लक्ष्य छ । कोइरालाई ३० प्रतिशतमा झार्नका लागि १ लाख ३० हजार मेगावाटमा कोललाई सीमित गर्नुपर्छ भने जलविद्युतसहित नवीकरण ऊर्जाको हिस्सालाई दोब्बर बढाउनुपर्छ । भारतले हाइड्रोपावर अब्लिगेसन (एचपीओ) पनि जारी गर्दै विद्युतको २५ प्रतिशत जलविद्युतको हुनुपर्छ भनेर उल्लेख गरिसकेको छ । यसका आधारमा भारतसँग जलविद्युतको हिस्सा मात्र १ लाख ३० हजार मेगावाट पुग्नुपर्छ, ताकि अहिले १४ प्रतिशत अर्थात ५० हजार मेगावाट मात्र छ । ।भुटानबाट हाल १२ सय मेगावाट आयात गरिरहेको भारतले निर्यात गर्नका लागि त्यहाँ ३ हजार मेगावाट निर्माण गरिरहेको छ । भुटानसँग ३०

हजार मेगावाट विद्युत उत्पादन क्षमता रहेकोमा २३ हजार ७ सय ६० मेगावाट मात्र व्यापारिक रूपमा उत्पादन गर्ने क्षमता छ । भारतको छिमेकी देश वंगलादेश र म्यानमारमा जलविद्युत छैन भने नेपाल र भुटानबाहेक अन्य छिमेकी देशसँग भारतले विद्युत विद्युत आयात गर्नुपर्ने अवस्था छैन । स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था (इप्पान) का महासचिव आशिष गर्ग भारतले प्रणालीलाई सन्तुलन गराउन नेपालबाट विद्युत आयात गर्नुको विकल्प नभएको बताउँछन् । "हालसम्मको अध्ययनले नेपालमा ४३ हजार मेगावाट व्यापारिक उत्पादन हुने देखिएको छ, भारतले आफ्नो लक्ष्य पूरा गर्नका लागि नेपालबाट विद्युत निर्यात गर्नैपर्छ ।"-उनी भन्छन् ।

हुन त भारतले ८० हजार मेगावाटको सोलार बनाउने घोषणा गरी अघि बढाएको छ तर यसले २४ घण्टानै विद्युत उत्पादन दिन सक्दैन । ऊर्जा प्रणालीको सन्तुलन र प्रणालीको दिगोपनताका लागि जलविद्युतले २४ घण्टानै विद्युत उपलब्ध गराउन सक्छ । नेशलन हाइड्रो पावर एशोसियसन र चेलन कन्टी पब्लिक युटिलीटी डिष्टिकले गरेको अध्ययन अनुसार, जलविद्युत फेक्जिवल क्यापासिटी, फर्म क्यापासिटी, बार्षिक ऊर्जा, रेलुलेसन, स्पीन रिजर्भ, नन स्पीन रिजर्भ, लङटम, जडत्व (इनेरसिया), ब्यालक स्टार्ट र कार्बन फ्रितर्फ सबैभन्दा उपयुक्त स्रोत भएको देखाएको छ । अध्ययनले कोल भने फर्म क्यापासिटी र जडत्वतर्फ मात्र उपयुर्क्त देखिएको छ भने सोलार र वायु पनि कार्बन फ्रि, जडत्व, फर्म क्यापासिटी र बार्षिक ऊर्जातर्फ मात्र उत्कृष्ट छन् । जेनेरेट रिलाविटीतर्फ समेत जलविद्युत फ्रेक्वेन्सी, भोल्टेज कन्ट्रोल, फेक्जिविलीटी लगायतका अधिकांशमा उत्कृष्ट देखिएको छ भने कोल प्रणाली सञ्चालनतर्फ पनि उपयुर्क्त देखिएको छैन ।

विश्वमै ऊर्जाको सबैभन्दा भरपर्दो स्रोत जलविद्युत रहेको र नेपालमा शत प्रतिशत जलविद्युत उत्पादनको सम्भावना भएपनि हालसम्म निर्यात भने गर्न सकेको छैन । हिउँदमा भने अझै नेपालले ५ सय मेगावाट बराबर आयात गरिरहेको छ तर नेपालसँग एक हजार मेगावाटसम्म निर्यात गर्नका लागि ढल्केबर मुजफपुर अन्तरदेशीय प्रसारण लाइन भने निर्माण गरिसकेको छ । ५ बर्ष अघि बनेको अन्तरदेशीय प्रसारण लाइन गुरूयोजनामा भने सन् २०३५ भित्र ११ अन्तरदेशीय प्रसारण लाइन निर्माण गरेर २४ हजार मेगावाट विद्युत निर्यात गर्ने लक्ष्य भने छ । दुई बर्ष अघि सरकारले १० बर्षभित्र १५ हजार मेगावाट उत्पादन गर्ने र त्योमध्ये ५ हजार मेगावाट निर्यात गर्ने लक्ष्यसहित कार्यक्रम पनि ल्याएको छ तर कोरोना महमारीपछि विद्युतको माग घटेर रातीको समयमा तीन सय मेगावाट बराबर खेर गएपछि विद्युत सरकार र नीजि क्षेत्र दुवैका लागि टाउको दुखाईको विषय बनेको छ । नेपालमा लगानी गर्न चाहाने अधिकांश विदेशी लगानीकर्ताहरूले नेपालको बिजुलीको बजार खोई भनेर प्रश्न गरिरहेका छन् । सरकारले भने भारतले अन्तरदेशीय व्यापार निर्देशिका ल्याएर विद्युत व्यापारका लागि ढोका खुला गरिसकेको र कार्यान्वयनका लागि कडक्ट अफ विजेनेश रूल (सीबीआर) लाई अन्तिम रूप दिन बाँकी रहेकोले व्यापार हुन नसकेको बताउँदै आएको छ । तर इप्पान महासचिव गर्ग सीबीआरविनै व्यापार गर्न सकिने भएपनि सरकारले सार्थक पहल नगरेको बताउँछन् । ऊर्जा मिश्रण र लागत दुवै हिसाबले नेपालको बिजुली बेच्न सकिने भन्दै उनी यसका लागि सरकारले पहल गर्नुपर्ने र निजी क्षेत्रले समेत यसका लागि प्रयास अघि बढाईसकेकोले निजी क्षेत्रका लागि पनि ढोका खुल्ला गर्नुपर्ने बताउँछन् । " नेपालको जिुली विक्रीयोग्य छ , भारतका लागि यो ठूलो एसेर्ट छ । किन विक्री गर्न सकिएन, त्यसको उत्तर छैन । "-उनी भन्छन्-" नेपालको विद्युत कसरी खपत बढाउने र निर्यात बढाउनेभन्नेबारे सरकारले दीर्घकालीन सोच बनाएन । पाँच बर्ष अघिनै बन्नुपर्दथ्यो ।"

ऊर्जा, जलस्रोत तथा सिञ्चाई मन्त्रालयका सचिव दिनेश घिमिरे लोड सन्तुलन, वातावरण र निर्यात सम्भावनाको हिसाबले नेपालको बिजुली भारतमा निर्यातको सम्भावना प्रशस्त रहेको बताउँछन् । " पिकिङको आवश्यकता सौर्य, वायु ऊर्जाले पुरा गदैन । यसका लागि जलविद्युतनै चाहिन्छ, सन्तुलन गर्न आवश्यक छ, भारतले जम्मा ऊर्जाको २५ प्रतिशत जलविद्युतको हुनुपर्छ भनेर एचपीआ जारी गरिएको छ । प्रणालीमा जलविद्युत पुग्दो नभएकोले नेपालबाट विद्युत किन्नुको विकल्प छैन ।"-उनी भन्छन्-" कोलको लागत, वातावरण प्रदुषण कुरा, यसको लागि गर्नुपर्ने खर्च, अर्न्तराष्ट्रिय दायित्वको कुरा लगायतले जलविद्युतको हिस्सा बढाउनैपर्ने भारतको आवश्यकता छ, नेपालबाट प्रशस्त जलविद्युत निर्यातको सम्भावना छ । यसलाई हेरेर नेपालसँग भारत विद्युत निर्यातका लागि धेरै लचक भएको छ । निर्देशिका बनाईसकेको छ, सीबीआर बनाएर अन्तिम रूप दिन बाँकी छ ।"

सन् २०१४ मा नेपाल र भारतबीच विद्युत व्यापार सम्झौता (पीटीए) भएपछि भारतले २०१८ मा अन्तरदेशीय व्यापार निर्देशिकालाई अन्तिम रूप दिएको थियो । त्यसपछि सीबीआरको मस्यौदा बनाएको पनि एक बर्ष नाघिसकेको छ तर यसलाई अन्तिम रूप दिएको छैन । यसकारण विद्युत व्यापारका लागि ढोका खुलेको छैन । पछिल्लो समयमा दुई देशबीच बढेको राजनीति द्धन्द्धको कारण विद्युत व्यापारमा असर परेको विश्लेषण पनि गर्ने गरिएको छ तर बजारको दृष्टिकोणले नेपालसँग भारतलाई निर्यात गर्नुको विकल्प पनि छैन । नेपाल विद्युत प्राधिकरणको प्रक्षेपण अनुसार, नेपालको हालको विद्युत माग २२ सय मेगावाट हुनुपर्ने हो तर १३ सय मेगावाट मात्र छ । अहिलेको अवस्थामा नेपालले न विद्युतको खपत बढाउन सकेको छ, न व्यापार गर्ननै तर कोरोना महामारीपछिको अहिलेको अवस्थामा देशभित्र विद्युत खपत धेरै बढाउन सक्ने अवस्था पनि छैन । ऊर्जा विज्ञहरू अहिलेको अवस्थामा सरकारले आन्तरिक विद्युत वृद्धि र निर्यात दुवैलाई उत्तिकै महत्वको साथ अघि बढाउनुपर्ने बताउँछन तर यसका लागि उनीहरूको गुनासो छ-न विगतमा सरकारले यसका लागि विशेष पहल गर्‍यो, न अहिलेनै गरेको छ ।

बिजुली व्यापारमा निजी क्षेत्रको अग्रसरता
नयाँ कानुनबाट बाटो खुल्ने आशा

काठमाडौं,साउन २१ । नेपालमा उत्पादित बिजुलीको बजार फराकिलो हुन नसकिरहेको अवस्थामा ब्यापार बढाउन निजी क्षेत्रले अग्रसरता लिएको छ।

उत्पादनको तुलनामा खपत बढ्न नसकेपछि बिजुली उत्पादनमा लगानी गरिरहेका प्रबर्द्धकहरू आफै व्यापारका लागि कस्सिएका छन।

बिजुलीको अन्तरदेशीय व्यापारका लागि १३ जना प्रबर्द्धक मिलेर कम्पनी बनाएर उनीहरूले पहल गरिसकेका छन।

उनीहरूले नेपाल पावर एक्सचेन्ज कम्पनि लिमिटेड दर्ता गरी पहल गरेका हुन।

आजभन्दा डेढ वर्ष पहिले नै कम्पनी दर्ता गरेर ब्यापार विस्तारका लागि भारत तथा बांगलादेशका व्यापारीसँग डिल पनि गरिसकिएको प्रबर्द्धक मध्येका एक स्वतन्त्र उर्जा उत्पादक संघका महासचिव आशिष गर्गले जानकारी दिए।

'हामी आफैले भारत र बांगलादेशका सरकारी निकाय र त्यहाँका निजी क्षेत्रसँग छलफल गरेर ६ सय मेगावाटको तमोर बेसिनमा बन्ने चारओटा आयोजको बिजुली बेच्नका लागि एक प्रकारको समान बुझाइ निर्माण गरेका थियौं। त्यो कुरा नेपाल सरकारले अस्वीकृत गरेको छ' उनले भने।

सरकारले कानूनी संरचना नभएको भन्दै उक्त कम्पनीलाई लाइसेन्स पनि दिएको छैन।

नेपालमा तत्काल १र२ वर्षसम्म बिजुलीको खपत बढ्ने सम्भावना नभएको तर निर्माणाधिन आयोजनाबाट उत्पादन हुने बिजुली खेर जाने अवस्था आएकाले प्रबर्द्धकहरू आफै अगाडि सर्नुपरेको उनको भनाइ छ।

हाल नेपालमा जडित क्षमता १३ सय मेगावाट पुगेको छ। तर माग भने लकडाउन अघि पनि १२ सय भन्दा बढी रहेको थिएन।

'सरकारले बिजुलीको खपत बढाउनेगरी कुनै उत्प्रेरणा ल्याएको छैन। त्यसैले घरायासी प्रयोग बढ्ने सम्भावना तत्काल छैन। औद्योगिक खपत पनि छिटै बृद्धि हुने सम्भावना नै हुँदैन। त्यसैले हामीले बिदेशमा बिजुली बिक्री त गर्नैपर्छ' उनले भनेयसका

लागि विद्युत प्राधिकरणकोमात्र भर परेर हुँदैन।'

पछिल्लो समय कुनै पनि विदेशी लगानीका आयोजना नयाँ सुरू नभएको, स्वदेशी लगानीकर्ताहरू पनि आकर्षित नभएको र बैंकहरूले पनि ऋण दिन कन्जुस्याइ गरिरहेको एउटै कारण बजार नहुनु बुझेको निजी क्षेत्रले आफ्नै पहलमा बजार निर्माणका प्रयास गरेको छ।

गएको वर्ष नेपालमा स्वतन्त्र उर्जा उत्पाद संघले काठमाडौंमा बांगलादेश, भुटानका उर्जामन्त्रीलाई नेपाल ल्याएको थियो। भारतीय उर्जामन्त्रालयका अधिकारी पनि सम्मिलित उक्त फोरमा नेपालका उर्जामन्त्रीले छलफल गरेका थिए।

'हामी आफैले अग्रसरता लिएको त्यही प्रमाण हो। हामी ब्यापार पनि गर्न सक्छौ। फरक केमात्र हो भने सरकारले जिटुटी मोडलबाट गर्नुपर्ने काम गर्नुपर्छ हामी बिटुबी मोडलबाट हुने काम गर्छौं'उनले भने।

नयाँ विद्युत विधेयकमा निजी क्षेत्रलाई व्यापारमा प्रवेश गराउने प्रस्ताव

प्रस्तावित विद्युत विधेयकले बिजुलीको व्यापारमा निजी क्षेत्रलाई पनि खुला गर्ने व्यवस्था गरेको छ।

मन्त्रीपरिषदबाट स्वीकृत भएर संसादमा दर्ता भइसकेको यो विध्येयकले बिजुलीलाई अन्य उपभोग्य वस्तु सरह मान्दै यसको व्यापार विनिमयलाई प्रतिस्पधी बनाउन निजी क्षेत्रलाई पनि सहभागी गराउने प्रस्ताव गरेको छ।

यसअघिकै कानूनी व्यवस्थामा पनि बिजुलीको व्यापारमा निजी क्षेत्रलाई प्रतिबन्ध नलगाइएको भएपनि अनुमतिका लागि निकै कडा शर्तहरू राखिएको थियो।

ुत्यस्तै व्यवस्थाका कारण निजी क्षेत्रलाई अनुमति लिन असम्भव जस्तै थियो स्वतन्त्र उर्जा उत्पादक संघका महासचिव तथा उर्जा उत्पादक आशिष गर्गले भने।

अहिलेसम्म नेपालमा बिजुलीको प्रसारण तथा व्यापारमा सरकारी स्वामित्वको नेपाल विद्युत प्राधिकरणकोमात्र उपस्थिति छ।

प्रस्तावित विध्येयकले भने बिजुलीको उत्पादनदेखि ग्राहस्थ सेवासम्मको गतिविधिमा अनुमति लिएर सबैलाई अवसर खुला गरिदिएको छ।

नयाँ प्रस्तावले विशेषगरी नेपाल विद्युत प्राधिकरणको एकाधिकार हटाउने छ।

अन्य बस्तु विनिमय सरह माग र आपूर्तिको आधारमा विद्युतको व्यापार गर्न सकिने मान्यता र अवधारणाको विकास भएको र अन्य देशमा विद्युत व्यापार सम्बन्धी प्रणालीको विकास भइसकेकाले सोहीअनुसार नेपालमा पनि व्यापारलाई प्रबर्द्धन र सहज बनाउन नयाँ प्रस्ताव गरिएको सरकारले प्रष्ट पारेको छ।

व्यापार गर्नका लागि अनुमति लिनुपर्ने छ। यस्तो अनुमति भने सरकारले औचित्यको आधारमा दिने प्रस्ताव गरिएको छ। आन्तरिक र अन्तरदेशीय व्यापार तथा ग्राहस्थ सेवाका लागि पनि अनुमति पाउने छन।

बिजुलीको व्यापारमा निजी क्षेत्रको प्रवेशबाट अहिलेको निराशा तथा अनिश्चिता कम हुने गर्गको भनाइ छ।

अहिलेको अवस्थामा सरकारले सबथोक गरिदिएपछि मात्र हामीले उत्पादन गर्दै गरेको बिजुली के हुन्छ भन्ने कुरा थाहा हुन्छ। तर हामी आफै पनि व्यापारमा सहभागी भयौ भने हाम्रो बजार आफै खोज्न सक्छौ उनले भने।

निजी क्षेत्रले उत्साह देखाएपनि विशेषगरी अन्तरदेशीय व्यापारका लागि कुटनीतिक तहको सम्झौता आवश्यक पर्छ। पहिलो ढोका सरकार आफैले नखोलिदिएसम्म निजी क्षेत्र आफैले गर्ने सम्भावना भने हुँदैन।

सरकारले सरकारी स्तरमा कानूनी समस्या हल गरिदिएपछि निजी क्षेत्रले त्यहाँ व्यापारिक दृष्टिकोणबाट आफ्नो बजार खोज्ने,मोलमोलालइ गर्ने जस्ता कामहरू हुने भएकाले द्रूत गतिमा काम हुने उनको विश्वास छ।

यदि व्यापारको एकाधिकार सरकारी तहमामात्र सिमित भयो भने त्यहाँ धेरै औपचारिकता हुन्छ। भारतमा रहेका व्यापारिक कम्पनीसँग यहाँको सरकारी कम्पनीको डिल व्यावसायिक लाभ हानीका हिसाबलेमात्र सम्भव हुन्न। फरक लेयर उत्पन्न हुन्छ। यस्तोमा निजी क्षेत्र भयो भने समान हुन्छ। दुवैतिरबाट व्यापारिक सोचमात्र हुन्छ। तर सरकारी तहबाट हुँदा फरक हुन्छु उनले भने।

विद्युत् उत्पादनमा सरकारलाई उछिन्दै निजी क्षेत्र

सरकारलाई खपत् बढाउने चुनौति

विजय तिमल्सिना

शनिबार साँझ ६ बजे कूल विद्युत् माग २६ हजार ६ सय २२ मेगावाट आवर थियो । यो माग परिपूर्तिको लागि निजी क्षेत्रबाट निर्माण गरिएका आयोजनाबाट १२ हजार १ सय ६४ मेगावाट आवर ऊर्जा राष्ट्रिय प्रणालीमा जोडिएको थियो भने नेपाल विद्युत् प्राधिकरणले निर्माण गरेका आयोजनाबाट १० हजार १९ मेगावाट आवर राष्ट्रिय प्रणालीमा जोडिएको थियो । उक्त अवधिमा ४ हजार ४ सय ९ मेगावाट आवर विद्युत् भारतबाट आयात भइरहेको र ७ सय ४४ मेगावाट आवर विद्युत् भारततर्फ निर्यात गरिएको थियो ।

विद्युत् माग धान्नको लागि निजी क्षेत्रबाट उत्पादित विद्युत्ले दिने योगदान बढिरहेको भए पनि आगामी दिनमा माग बढाउन नसक्दा विद्युत् खेर जाने चिन्तामा छ निजी क्षेत्रका प्रवर्द्धक ।

विद्युत् विकास विभागको तथ्यांक अनुसार १५ हजार ८ सय ३० मेगावाट क्षमताका २ सय ४१ वटा आयोजनालाई सर्वेक्षण अनुमति पत्र जारी गरिएको छ । तिमध्ये ७ वटा अनुमति पत्र नेपाल विद्युत् प्राधिकरणको छ भने अरू सबै आयोजनाको अनुमति पत्र निजी क्षेत्रका प्रवर्द्धकहरूले लिएका छन् ।

उत्पादन अनुमति पाएका १ सय ९९ वटा विद्युत् आयोजनामध्ये ६ वटा मात्रै सरकारी आयोजना हुन् भने बाँकी निजी क्षेत्रले निर्माण गरिरहेका आयोजना हुन् । विभागका अनुसार उत्पादन अनुमति पत्र पाएका सबै आयोजनाको कूल जडित क्षमता ६ हजार ९ सय ६७ मेगावाट छ ।

उत्पादन अनुमति पत्र पाएका मध्ये करिब ३ हजार मेगावाट जडित क्षमता रहेका आयोजनाहरूले आयोजना निर्माणको लागि वित्तीय व्यवस्थापन गरिसकेको स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था (इपान) अध्यक्ष शैलेन्द्र गुरागाईं बताउँछन् । वित्तीय व्यवस्थापन गरिसकेका मध्ये आधा आयोजनाको भौतिक प्रगति ६० प्रतिशत भन्दा बढी रहेको उनको दाबी छ । तीन हजार मेगावाट बराबरका आयोजना वित्तीय व्यवस्थापनको लागि विभिन्न चरणमा रहेको गुरागाईंले जानकारी दिए ।

निजी क्षेत्रले हालसम्म विद्युत् उत्पादनको लागि २ खर्बजति लगानी गरिरहेको इपानको तथ्यांक छ । 'तीन हजार विद्युत् मेगावाटको लागि करिब ६ खर्ब लगानी आवश्यक पर्छ,' गुरागाईं भन्छन्,'यो बराबरका आयोजनाको वित्तीय व्यवस्थापन भइसकेकाले निजी क्षेत्रले ६ खर्ब खर्चको प्रतिबद्धता जुटाइसकेका छन् ।'

ऊर्जा क्षेत्रमा निजी क्षेत्रको ५० अर्बजति स्वपूँजी लगानी भइसकेको र तीन हजार मेगावाट निर्माण हुञ्जेल एक खर्ब ८० करोड स्वपूँजी लगानी उनको दाबी छ । यो भारतीय सरकारी कम्पनी सतलजले निर्माण गरिरहेको अरूण तेस्रो र जीएमआरले निर्माण गर्ने भनेको माथिल्लो कर्णालीमा गरेको लगानी बाहेकको तथ्यांक भएको गुरागाईंले जानकारी दिए ।

'सरकारी र निजी क्षेत्र गरेर जडित क्षमता करिब १ हजार ४ सय मेगावाट पुगिसकेको छ,' उनी भन्छन्,'तर विद्युत् माग बढाउन र निर्यातको लागि सरकारको तयारी देखेर निजी क्षेत्र आत्तिएको छ ।'

'कोभिड-१९ महामारीको प्रभाव नपरेको भए १ हजार ३ सय मेगावाट जति राष्ट्रिय प्रणालीमा थपिने थियो,' उनी भन्छन्,'तर पनि विद्युत् व्यवस्थापनको लागि सरकारी तयारी सुस्त छ ।'

नेपाल विद्युत् प्राधिकरणका अनुसार हाल दैनिक उच्च विद्युत माग १३ सय मेगावाट हाराहारीमा छ । राष्ट्रिय प्रणालीमा जडित विद्युत्को क्षमता करिब १४ सय पुगे पनि हालकै उत्पादन खपत् गराउन समस्या भइरहेको गुरागाईंको दाबी छ ।

आन्तरिक माग उच्च बनाएर वा निर्यात गरेर भए पनि विद्युत् व्यवस्थापनमा सरकारले तयारी थाल्नुपर्ने उनको सुझाव छ । भन्छन्,'सरकारी तयारीमा समय लाग्ने हो भने तत्काल निजी क्षेत्रलाई निर्यातको बाटो दिनुपर्छ ।

विद्युत् खपत् बढाउनको लागि सरकारले तत्कालिन र दीर्घकालिन नीति तयारी गर्नुपर्ने पूर्व ऊर्जा सचिव अनुपकुमार उपाध्यायको सुझाव छ । 'केही सिमेन्ट उद्योगले डिजेलमार्फत ऊर्जा उत्पादन गरेर उद्योग चलाइरहेको सुनेको छु,' उनको सुझाव छ,'त्यस्ता उद्योगलाई तत्काल विद्युत् प्रयोगको लागि प्रोत्साहित गर्नुपर्छ ।' उपभोक्तालाई पनि ग्यास विस्थापित गरी विद्युतीय चुल्हो प्रयोगको लागि प्रोत्साहित गरेर तत्कालको लागि आन्तरिक विद्युत् खपत् बढाउन सकिने उनको सुझाव छ ।

यसको लागि दुई वटा पक्षमा ध्यान दिन उपाध्याय सुझाउँछन् । 'उपभोक्तालाई ग्यास र डिजेल भन्दा विद्युत् सस्तो हुन्छ अनुभूति हुने गरी महसुल तय गर्नुपर्छ,' उनी भन्छन्,'वितरण प्रणालीलाई पनि स्तरोन्नती गर्नुपर्छ ।' वितरण प्रणालीको अभावमा कतिपय उद्योगले विद्युत् नपाएकाले प्रणाली सुधारे केही सय मेगावाट विद्युत् आन्तरिक रूपमा खपत् बढाउन सकिने उनले बताए ।

'वितरण प्रणाली र प्रसारण लाइन बनाउन पनि जग्गा प्राप्तिको बिषय र वन क्षेत्रको जग्गा भाडामा लिन लाग्ने पुरानै समस्या छन्,' उनी भन्छन्,'यस्ता पुराना बिषय सुल्झाएर प्रसारण र वितरण प्रणाली सुधार गर्नुपर्छ ।'

ऊर्जा सन्तुलनको लागि पनि अन्तर्राष्ट्रिय बजारसँग जोडिनुको विकल्प नभएको उपाध्याय बताउँछन् । 'सधैं विद्युत् पुग्ने र सधैं खेर जाने अवस्था छैन्, यस्तो अवस्थामा पनि अन्तर्राष्ट्रिय बजारसँग जोडिनु आवश्यक हुन्छ,' उनी भन्छन्,'ऊर्जा सन्तुलनको लागि अन्तरदेशिय प्रसारण लाइन पनि आवश्यक हुन्छ ।'

नेपालमा विद्युत् बढी भए भारत लैजाने र कमी हुँदा ल्याउने गरी दुई देशबीच इनर्जी बैंकिङको अवधारणामा सहमति भए पनि हालसम्म कार्यान्वयनमा आएको छैन । निकट भविष्यमा उत्पादित विद्युत् बढी हुने भन्दै केही साता अघि सरकारले नेपाल विद्युत् प्राधिकरणलाई भारतको डे अहेड र टर्म अहेड बजारमा विद्युत् बिक्रीको लागि स्वीकृति दिइसकेको छ । तर भारतीय केन्द्रिय विद्यत् प्राधिकरणले तयार पारेको कन्डक्ट अफ विजनेस रूल (सीबीआर) भारतीय ऊर्जा मन्त्रालयले स्वीकृत गरेपछि मात्रै प्राधिकरणले उक्त बजारमा आफ्नो पहुँच पाउनेछ ।

प्राधिकरणले आफ्नो तर्फबाट उक्त बजारमा प्रतिनिधित्व गर्न भारतीय कम्पनी एनभीभीएनलाई आफ्नो नोडल एजेन्सी तोकिसकेको भए पनि भारतीय पक्षले सीबीआर स्वीकृति गर्ने पर्खामा रहेको प्राधिकरणले जनाएको छ ।

विद्युत् उत्पादनमा नयाँ नयाँ लक्ष्य, प्रक्रिया उस्तै

विजय तिमल्सिना

विद्युत्को माग परिपूर्ति र निर्यातको लागि भन्दै सरकारले पटक पटक विद्युत् उत्पादनको महत्वकांक्षी लक्ष्य तय गरिरहेको भए प्रवर्द्धको लागि प्रशासनिक झमेला भने वर्षौंदेखि उस्तै छ । ऊर्जा जलस्रोत तथा सिंचाइँ मन्त्रालयले पछिल्लो पटक २०७५ वैशाख २५ गते आगामी १० वर्षमा १५ हजार मेगावाट उत्पादन गर्ने लक्ष्य तय गर्दै ऊर्जा दशकको घोषणा गरेको थियो ।

सरकारले महत्वकांक्षी लक्ष्य हासिल गर्न र निजी प्रवर्द्धकलाई जलविद्युत् आयोजनामा लगानीको लागि प्रोत्साहित गर्न प्रशासनिक झन्झट छोट्याउने घोषणा गरेको भए पनि ति वार्चाहरू पूरा भएका छैनन् । सरकारले यसअघि पनि ऊर्जा उत्पादनको लागि यस्तै महत्वकांक्षी घोषणा गरेको भए पनि कुनै पनि घोषणा कार्यान्वयन भएको छैन । २०६३ सालमा पुष्पकमल दाहाल नेतृत्वको सरकारले १० वर्षमा १० हजार मेगावाट उत्पादन गर्ने घोषणा गरेको थियो तर १५ वर्ष हुँदा पनि आन्तरिक उत्पादन १ हजार ३ सय हाराहारीमा रहँदै आएको छ ।

त्यसपछिका सरकारले पनि विभिन्न योजना दिएर विद्युत् उत्पादन बढाउने योजना सार्वजनिक गरेको भए पनि तिमध्ये कुनै पनि योजना हालसम्म कार्यान्वयन भएका छैनन् ।

सरकारले उत्पादन बढाउन विभिन्न कार्ययोजना ल्याए पनि प्रशासनिक र कानुनी झन्झटले विद्युत् उत्पादन सहज हुन नसकेको प्रवर्द्धकहरूको आरोप छ । ऊर्जा उत्पादनलाई प्राथमिकतामा राख्दा यसका प्रशासनिक प्रक्रिया सरल हुनुपर्नेमा झन् बोझिलो हुँदै गएको प्रवर्द्धकहरूको अनुभव छ ।

सरकारले बनाएको वातावरणीय अध्ययन र विद्युत् आयोजना सम्बन्धी कार्यविधिहरू झन् झन् बोझिलो हुँदै गएको स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इपान) उपाध्यक्ष कुमार पाण्डेको अनुभव छ ।

जलविद्युत् आयोजनाका प्रवर्द्धकहरूले विद्युत् विकास विभागमा निवेदन दिएर मात्रै पुग्दैन । एउटा आयोजना निर्माण गर्ने कामको प्रशासनिक प्रक्रिया कति झन्झटिलो छ भन्ने बुझ्न वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदनको लागि कतिवटा कार्यालयको स्वीकृति चाहिन्छ र कति समय लाग्छ भन्ने तथ्य केलाउँदा पनि पुग्छ ।

विद्युत् विकास विभागमा बुझाएको वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन विभागको कमेन्ट सहित ऊर्जा मन्त्रालय र वातावरण मन्त्रालयमा पठाउँन मात्रै चार महिना भन्दा बढी लाग्छ, वातावरण मन्त्रालयको टिप्पणी राखेर ऊर्जा मन्त्रालयले प्रतिवेदन स्वीकृत गर्न कति समय लाग्ने हो ठेगाना हुँदैन ।

वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन जस्तै आयोजनाको लागि रूख कटानको स्वीकृति वा वन क्षेत्रको जग्गा भाडामा लिनुपर्‍यो भने विद्युत् आयोजना प्रवर्द्धकको लागि अर्को टाउको दुखाइको बिषय हुन्छ । यस्तो स्वीकृतिको लागि प्रवर्द्धकले कम्तिमा पनि ९ तहमा फाइल स्वीकृत गराउनुपर्ने हुन्छ । रूख कटान वा वन क्षेत्रको जग्गा भाडा लिने स्वीकृतिको लागि वन विभागबाट सुरू हुने फाइलको चक्र जिल्ला वन अधिकृत हुँदै रेञ्जपोष्ट र उपभोक्ता समूहसम्म पुग्छ । यहाँबाट आएको सिफारिस पुन जिल्ला वन कार्यालय हुँदै वन विभागमा पठाउनुपर्ने हुन्छ । वन विभागले स्वीकृत गरेमा फाइल वन मन्त्रालय र मन्त्रालयले स्वीकृतिको लागि मन्त्रिपरिरषद्मा फाइल पठाउनुपर्ने हुन्छ । मन्त्रिपरिषद्ले स्वीकृत गरेको फाइल पुनः वन मन्त्रालय आएपछि बन विभागले अन्तिम स्वीकृति दिनुपर्ने हुन्छ । यो चरण पार गरेपछि मात्रै प्रवर्द्धकले वन क्षेत्रको जग्गा भाडामा दिने वा रूख काट्ने अनुमति दिन्छ ।

'सजिलो हुनुपर्नेमा हामीले धाउनुपर्ने कार्यालय र समन्वय गर्नुपर्ने निकाय झन् थपिएका छन्,' पाण्डे भन्छन्, 'अहिले तीन तहका सरकारसँग समन्वय गर्नुपर्ने अवस्था छ ।'

रूख कटानको स्वीकृतिको लागि त करिब एक दर्जन स्थानमा फाइल सदर गराउनुपर्छ भने आयोजना निर्माण अवधिभर प्रवर्द्धकले अर्को एक दर्जन सरकारी निकायमा पटक पटक धाउनुपर्ने बाध्यता छ । 'पुरानो निकायले आफ्नो अधिकार छाडेका छैनन् भने अधिकार पाएका नयाँ निकायहरू बनेका छन्,' उनी भन्छन्,'पहिला केन्द्रबाट चिठी लिएर गए हुनेमा अहिले वडा कार्यालयदेखि मन्त्रालयसम्म धाउनुपर्ने अवस्था छ ।'

ऊर्जा उत्पादकहरूले सर्वेक्षण अनुमतिपत्रको लागि आवेदन दिंदादेखि आयोजना सम्पन्न हुञ्जेलसम्ममा ऊर्जा, वन, गृह, उद्योग, अर्थसहित आधा दर्जन मन्त्रालय र दुई दर्जन भन्दा बढी सरकारी कार्यालयसँग समन्वय गर्नुपर्ने हुन्छ ।

इपान अध्यक्ष शैलेन्द्र गुरागाईं तीन तहको सरकार भए पनि ऊर्जा उत्पादकहरूले ६ खाले सरकारको सामना गर्नुपरेको दुःखेसो गर्छन् । 'सिंहदरबारभित्र छुट्टै सरकार छ, नेपाल विद्युत् प्राधिकरणभित्र अर्को सरकार छ,' उनी भनछन्, 'हरेक पटक स्वीकृति गर्नुपर्ने र फाइल सदर गराउनुपर्दा धेरै हण्डर खेप्नुपर्छ ।'

परियोजना निर्माण गर्नुभन्दा फाइल सदर गराउने काम बढी झन्झटिलो हुने उनको अनुभव छ । 'तीन तहको सरकार गठन र विद्युत् नियमन आयोग गठनपछि हामीले धाउनुपर्ने कार्यालयको संख्या झन् बढेको छ,' उनी भन्छन्, 'परियोजना निर्माणको क्रममा झेल्नुपर्ने दबाब उस्तै छ ।'

सरकारले गर्नुपर्ने काम पनि आयोजनाले गर्नुपर्दा लागत बढ्ने गरेको गुरागाईंको गुनासो छ । 'पहुँच मार्ग बनाउनेदेखि स्थानीय विद्यालय, स्वास्थ्य चौकी र क्लबहरूलाई सहयोग गर्नैपर्ने हुन्छ,' उनी भन्छन्,'यसबाहेक पनि स्थानीयको कयौं माग आयोजनाले पूरा गर्दा हाम्रो अनुमानित लागत भन्दा बढी लगानी गर्नुपर्ने हुन्छ ।'

उर्जामा कसको के अधिकार ?

कानुन संसोधन हुन नसक्दा अझै स्पष्ट भएनन स्थानीय तह र प्रदेश सरकार

एलिजा उप्रेती

देशले संविधान पाएको पाँच वर्ष भयो । संविधान बनेको पाँच वर्ष वितिसक्दा प्रदेश र स्थानीय तहबिच जलविद्युत क्षेत्रको अन्योलताले उर्जाको विकासमा बाधा पुगेको विज्ञहरू बताउँछन् । स्रोतको दोहोनमा दायित्व र जिम्मेवारी छुट्टिएको छैन ।लामो समयसम्म कानुन संसोधन हुन नसक्दासंघियताको मर्म अनुसार विद्युत उत्पादन, वित्तरण र प्रसारण हुन सकेको छैन ।

संघियता सँगै देश ७ प्रदेशमा बाँडिए पछि सरकारले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग गठन गर्‍यो । यो आयोगले केन्द्र, प्रदेश र स्थानीय तहमा स्रोत उपयोगको व्यवस्थापन तथा राजस्व बाँडफाँड गर्ने उल्लेख छ । यद्यपि, पानी, विद्युत र यसको उपयोगबारे स्पष्ट किटान गरिएको छैन ।

अर्को तर्फ जलविद्युत निर्माणमा कसले कति मेगावाटसम्मको क्षेत्राधिकार पाउने भन्ने विषय अझै टुङ्गो लाग्न सकेको छैन । वितरण, प्रसारण र उत्पादनको विषय स्पष्ट हुनुपर्ने विज्ञहरू बताउँछन् । विद्युत उत्पादन, प्रसारण र वितरण फरक प्रकृतिका विषय भएकाले विकेन्द्रीकरण गर्न वितरण

सजिलो हुने विज्ञको धारणा छ । उर्जा विज्ञ सुमन प्रसाद शर्मा वित्तरणको लागि स्थानीय निकायमा वित्तरण केन्द्रहरू खोल्नुपर्ने बताउँछन् । उर्जाको एकिकृत योजना ल्याएर तीनै तहको अन्यौलता हटाउनु पर्ने उनको धारणा छ ।

वितरण गाउँपालिका वा नगरपालिकाका समुदायलाई छोड्दा तिनले प्राधिकरणबाट थोकमा विद्युत किन्छन र आफैँ वितरण गर्छन् । यसले सम्पूर्ण कार्यको लागि केन्द्रको मुख ताक्नुपर्ने अवस्थाको अन्त्य गर्छ भन्नेहरू पनि छन् ।

स्थानीय तथा प्रदेश स्तरमा अस्पष्ट हुदा केन्द्रकै मातहतमा अथवा पुरानै अवस्थाबाट काम गर्नु परेको उर्जा प्रवर्द्धक कुमार पाण्डे बताउँछन् । स्वतन्त्र उर्जा उत्पादकसंघको उपाध्यक्ष समेत रहेका पाण्डेले सरकारले विद्युत विधेयक बनाएर संसदमा पेश गरेको तर हालसम्म संसदमै विचाराधिन रहेको बताए । देश संघियतामा गइसकेकाले स्थानीय तथा प्रदेश तहलाई जिम्मेवारी स्पष्ट पारिदिदा केन्द्रनै धाइरहनुपर्ने अवस्था नहुँने उनको भनाइ छ ।

संसदमा विचाराधिन विद्युत विधेयक पारित भयो भने यसले केन्द्र, प्रदेश र स्थानीय तहको क्षेत्राधिकार स्पष्ट पार्नेछ, उनले भने । सो विधेयकमा स्थानीय तहदेखि केन्द्रसम्मको क्षेत्राधिकार स्पष्ट छ ।

यता देशको संविधानले पनि तीनै तहको अधिकार र कार्य जिम्मेवारी निश्चित गरेको छ । नेपालको संविधानमा विद्युत आयोजनाको विकास र नियमन तिनै तहका सरकारको अधिकार रहने व्यवस्था छ । तथापि, स्पष्ट रूपमा किटान भने गरिएको छैन । नेपालको संविधानको धारा ५१ को खण्ड ख मा संघिय इकाइबिच जिम्मेवारी, स्रोत, साधन र प्रशासनको साझेदारी गर्दै सुमधुर र सहयोगात्मक सम्बन्धको विस्तार गर्ने उल्लेख छ । सोही अनुसार कानुन नबन्दा संविधानको मर्म अनुसार काम हुन सकेन । हालसम्मको अन्यौलतालाई नयाँ आउने विद्युत ऐनले हटाउँने अपेक्षा सरोकारवालाको छ ।

संघिय संरचना अनुसार स्पष्ट गराउँन विद्युत विधेयक संसदमा प्रस्तुत गरिएको उर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालयले जनाएको छ । यता प्राकृतिक स्रोत तथा वित्त आयोगका सुचना अधिकारी लक्ष्मी प्रसाद रेग्मीका अनुसार स्थानीय सरकार सञ्चालन ऐनमा भने १ मेगावाटसम्मको जलविद्युत आयोजना स्थानीय तहको क्षेत्राधिकारमा पर्ने उल्लेख छ । १ मेगावाटको रोयल्टी उठाउँन पाइदैन । स्थानीय तहको सो अधिकारमा सरकारलाई कुनै पनि रोयल्टी आउँदैन ।

उर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालयलका सुचना अधिकारी बाबुराज अधिकारीले कानुनने स्थानीय तह, प्रदेश तहको क्षेत्राधिकारबारे उल्लेख नगरेको बताउँछन् । पुरानै अवस्थाबाट १ मेगावाटभन्दा माथि केन्द्रबाट स्विकृत हुने गरेको छ । प्रदेशमा अधिकार छैन । यद्यपि, संघ, प्रदेश र स्थानीय तहको कार्य जिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजनाको बर्गीकरण तथा बाँडफाँट सम्बन्धी मापदण्ड २०७६ मा ३ मेगावाटसम्मको जलविद्युत आयोजनाको सञ्चालन तथा निर्माण स्थानीय तह, ३ देखि २० मेगावाटसम्म प्रदेश तह र २० मेगावाट भन्दा माथिको संघले गर्ने उल्लेख गरिएको थियो तर कानुनमा सो व्यवस्था नहुँदा मापदण्ड लागु गर्न नसकिएको उर्जा मन्त्रालयका सुचना अधिकारी बाबुराज अधिकारीले बताए । उनले भने,'मन्त्रालयले काम गर्ने भनेको ऐन अनुसार हो । यसकारण कानुनले व्यवस्था नगर्दा समेत कुनै पनि मापदण्ड कार्यान्वयनमा लैजान सक्ने अवस्था हुँदैन । यसकारण यसलाई कार्यान्वयनमा लैजान सकिएन ।'

उर्जामा आत्मनिर्भर दशक तर प्रक्रियामा छैन स्पष्ट

संघीयतामा जाँदा विद्युत ऐन कस्तो हुनुपर्ने, कुन काम स्थानीय निकायले गर्न सक्छ, बजार वा समुदायको क्षमता के हो, विद्युतको चरित्र लगायतका आधारमा पहिला विद्युत ऐन हुनुपर्ने हो । यसले विद्युत विकासको खाका तयार गर्न सघाउँथ्यो तर ऐन संसोधनमै ढिलाइ भएको छ ।

सरकारले अहिले उर्जा दशक मनाइरहेको छ ।उर्जामा आत्म निर्भर हुने लक्ष्य लिएको सरकारको तर्फबाटऊर्जा तथा सिञ्चाइमन्त्री वर्षमान पुनले २०७५ देखि २०८५ सम्मको दशकमा एकीकृत राष्ट्रिय जलस्रोत नीति बनाई उर्जामा आत्मनिर्भर बन्ने घोषणा गरिसकेका छन् । सरकारले प्रादेशिक सन्तुलन, माग र आपूर्ति, उत्पादन सम्मिश्रण तथा ऊर्जा सुरक्षा आदिलाई मध्यनजर गर्दै सम्भव भएसम्म हरेक प्रदेशमा कम्तिमा एउटा जलाशययुक्त आयोजना निर्माण गर्नेसरकारको नीति छ । चालु आर्थिक बर्षको बजेटमा आगामी २ वर्षभित्र सबै परिवारमा नवीकरणीय उर्जाको पहुँच पुर्‍याइ उज्यालो नेपाल अभियान सम्पन्न गर्ने लक्ष्य छ ।

दिगो विकासको लक्ष्यमा उर्जाको विकास

राष्ट्रिय योजना आयोगले करिब ३ वर्ष अघि ७५३ स्थानीय तहमा उर्जा उत्पादनको सम्भाव्यता अध्ययन गरेको थियो । दिगो विकास लक्ष्य अनुसार स्वच्छ उर्जामा सबैको पहुँच पुर्याउन राष्ट्रिय ग्रिडबाटमात्र सम्भव नहुने भन्दै आयोगले प्रत्येक स्थानीय तह आफैले उर्जा उत्पादन गर्नसक्ने भन्दै सम्भाव्यता अध्ययन गरेको थियो ।स्थानीय तहलाई विजुली उत्पादन, वितरणको जिम्मा संवैधानिकरूपमै दिइएको छ । संविधान कार्यान्वयनमा लैजाने कानुनी आधार बन्न नसक्दा जिम्मेवारीमा अन्यौलता छ

संयुक्त राष्ट्र संघले २०१६ देखि दिगो विकासको लक्ष्य कार्यान्वयनमा ल्याएको छ । दिगो विकासको लक्ष्यको १७नं. बुँदा छन् जसलाई २०३० सम्म पुरा गर्नुपर्नेछ । यसको बुँदा नम्बर ७ मा सबैको लागि भरपर्दो र धानिन सक्ने आधुनिक उर्जाको पहुँचको सुनिश्चितता उल्लेख छ । स्थानीय स्तरमा जिम्मेवारी दिदा अपनत्व हुने र उर्जा विकासमा सघाउ पुग्नेछ । यता सरकारले उज्यालो नेपाल अभियान २ वर्षभित्र साकार बनाउँने भनेको छ । यसका लागि पनि तल्लो तहसम्म विद्युतको पहुँच र अधिकार हुनुपर्ने विज्ञहरूको राय छ ।

वातावरण स्विकृतिको झन्झटिलो प्रावधानले जलविद्युत लगानीकर्तालाई सास्ती

समन्वय अभावमा फाइल घुमेको घुम्यै

एलिजा उप्रेती

वातावरण स्विकृतिको झन्झटिलो प्रावधानले जलविद्युत आयोजनामा लगानी गर्नेहरूलाई सास्ती दिएको छ । वातावरण स्विकृति पाउँनै मुस्किल, पाइहाले पनि बर्षौ त्यसमै रूमलिनुपर्ने बाध्यताले आयोजनामा लगानी गर्नेहरू आजित भएका छन् । यसको प्रमुख जिम्मेवार सरकारी निकायहरूनै रहेको लगानीकर्ताको गुनासो छ ।

वातावरणीय स्विकृतिका लागि गरिने अध्ययन प्रक्रियाका लागि सरकारी निकायहरू विच नै समन्वयन हुन नसक्दा आफुहरूले दुःख पाउने गरेको र खर्च पनि त्यतिकै बढी हुने गरेको लगानीकर्ताहरू बताउँछन् । स्वतन्त्र उर्जा उत्पादकसंघका उपाध्यक्ष समेत रहेका कुमार पाण्डेलेलाइसेन्सको समयावधि पाँच वर्ष हुने तर सो समयभित्र प्राविधिक अध्ययन गरेर वातावरण प्रभाव अध्ययन (इआइए) गर्न नसकिने बताउँछन् । उनी भन्छन्, 'स्थानीय तहको स्विकृति लिनुपर्ने, त्यहाँको मुचुल्का उठाउँनुपर्ने, अझै आयोजना निकुञ्ज क्षेत्रभित्र छ भने उसको स्विकृति नपाइकन अध्ययन समेत गर्न सकिदैन । त्यसको स्विकृतिको लागि डेढ/दुई वर्ष लगाइदिन्छ । यो समस्या निकै विकराल छ । नेपालको उत्तरी भागको धेरै क्षेत्र निकुञ्ज भित्र छ ।'

तर सरकारी निकायहरू लगानीकर्ताले भनेजस्तै सास्ती भएको, प्रक्रिया झन्झटिलो छ भन्ने कुरा मान्न तयार छैनन । उर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालयका सुचना अधिकारी बाबुराज अधिकारी कागजात सबै पुर्याए र प्रक्रिया पुर्याएर आउँनेहरूका लागि झन्झटिलो नभएको बताउँछन् । उनी भन्छन, 'सबैको आफ्नो कार्यक्षेत्र हुन्छ त्यसमा सबैले आफ्ना नियम पालना गर्नुपर्छ ।'

विद्युत विकास विभागकी सुचना अधिकारी निशा रिजाल राष्ट्रिय निकुञ्ज संरक्षण भित्रको आयोजनाको हकमा लामो प्रक्रिया रहेको स्विकाछिर्न । एकद्धार प्रणाली हुँदा सजिलो हुने भएपनि अहिले त्यसको सम्भावना देखिदैन, सबैले आफ्नो क्षेत्र अनुसारको काम गर्नुपर्छ, उनले भनिन ।

कुनै पनि जलविद्युत आयोजना बनाउँदा सबैभन्दा पहिले सर्वेक्षण अनुमति लिनुपर्छ । सर्वेक्षण अनुमति पाएपछि वातावरणीय अध्ययन पनि अघि बढ्छ । यदि आयोजना राष्ट्रिय निकुञ्ज संरक्षण क्षेत्रभित्र छ भने उसले कुनै पनि काम गर्न राष्ट्रिय निकुञ्ज विभागको स्विकृति लिनुपर्छ । यद्यपि, हरेक संरक्षण क्षेत्रको आफ्नै विधि तथा नियम छन् ।

आर एम ग्रुपको ताप्लेजुङ स्थित घुन्सा खोला जलविद्युत आयोजनाले (१५५ मेगावाट) लाइसेन्स लिएको २ वर्षमा अहिलेसम्म सम्भाव्यता अध्ययनको अनुमति नै पाएको छैन । सो आयोजनाले राजस्व मात्रै ३ करोड रूपैयाँ बुझाइसकेको आयोजना सम्बद्ध स्रोतले बताएको छ । सो आयोजनाका एक अधिकारीले राज्यकै एउटा निकायले राजस्व उठाउँने र अर्को निकायले अनुमति नदिने (समन्वय नहुँने) हुँदा कतिपय आयोजनाको त लगानी नै डुब्ने खतरा रहेको बताए ।

यता मनाङ स्थित २१ मेगावाटको सुतिखोला जलविद्युत आयोजनाले पनि अध्ययन सहमति लिन प्रक्रियामा आएको २ बर्ष भयो तर अझै पाएन । यी त प्रनिनीधि उदाहरण हुन् । यस्ता कैयौ आयोजना छन् जसले सम्भाव्यता अध्ययनमै सास्ती खेप्नुपर्ने र त्यसपछि हुने वातावरणीय स्विकृतिमा झनै समस्या बेहोर्नु परेको छ ।

वातावरण स्विकृतिको लागि यि चरण पार गर्नुपर्छ

जलविद्युत आयोजनाको हकमा अनुमति दिने निकाय विद्युत विकास विभाग हो । उसले १००मेगावाटसम्मको लागि अनुमति दिनसक्छ । सो भन्दामाथि २ सय मेगावाटसम्म उर्जा मन्त्रालय र सो भन्दामाथि लगानीबोर्डले स्विकृति दिने प्रावधान छ । जलविद्युत आयोजना बनाउँदा सर्वेक्षण अनुमति प्राप्त भएको अवस्थामा मात्रै वातावरणीय अध्ययनको विषय अघि बढ्छ । राष्ट्रिय निकुञ्ज, संरक्षण क्षेत्र, मध्यवर्ती क्षेत्र अथवा हन्टिङ रिजर्भ भित्र परेका अयोजनाको हकमा सबैभन्दा पहिले राष्ट्रिय निकुञ्ज विभागबाट स्विकृति लिनुपर्छ । यद्यपि, हरेक संरक्षण क्षेत्रको आ– आफ्नै विधि छन् ।

अध्ययन सहमतिको लागि स्थलगत अनुगमन हुन्छ । सो अनुगमनबाट प्रतिवेदन आएपछि बनाउँन योग्य छ छैन भनेर राय लिइन्छ ।

त्यसपछि राष्ट्रिय निकुञ्ज विभागमा मिटिङ हुन्छ । अनुगमनबाट आएको प्रतिवेदन ठिक छ भन्ने लाग्यो भने स्विकृति दिन्छन् । सम्भाव्यता अध्ययनको लागि कति समय लगाउँने भन्ने मै स्पष्ट छैन ।

त्यसपछि मात्र इआइए र आइइ (प्रारम्भिक वातावरणीय

परिक्षण) को प्रक्रिया अघि बढछ । तर, अहिलेको वातावरण संरक्षण नियमावली २०७७मा संक्षिप्त वातावरणीय मूल्यांकन पनि उल्लेख छ। वातावरणीय अध्ययनका लागि जहाँ आयोजना बन्ने हो त्यहिको निकायको सिफारिस आवश्यक पर्छ । सिफारिसका लागि सार्वजनिक सुनुवाइमा जानुपर्छ । त्यसमा स्थानीयका आफ्ना आफ्नै माग हुन्छन् । आयोजना र स्थानीय बिच मोलमोलाई हुन्छ । दुबैको समझदारीपछि मात्र स्थानीय निकायले सिफारिस पत्र दिन्छ । सार्वजनिक सुनवाइमै लगानीकर्ताले दिनसक्ने भन्दा धेरै माग राख्दा सार्वजनिक सुनुवाइनै पटक पटक स्थगित गर्नुपर्छ ।

यसको उदाहरण हो साउन १० (शनिबार) मा पोखराको सेती खोला आयोजनाको सार्वजनिक सुनुवाइ हुने कार्यक्रम तय भएको थियो तर स्थानीयको माग धान्न सक्ने भन्दा बढीभएपछि सार्वजनिक सुनुवाइ नै स्थगित गरियो । जबसम्म स्थानीको माग सम्बोधन हुन सक्तैन तबसम्म सार्वजनिक सुनुवाइमै पटक पटक समय सार्नुपर्ने बाध्यता छ । १०० मेगाबाट भन्दा कमको आयोजनाले आफ्नो कुल खर्चको ०.७५ प्रतिशत सामाजिक काममा खर्च गर्नुपर्ने र १०० भन्दा ठुलोले ०.५ प्रतिशत खर्च गर्नुपर्ने कानुनी प्रावधान छ ।

आइइ उर्जा मन्त्रालयले स्विकृत दिनेछ भने इआइए विद्युत विकास विभागमा निवेदन दिएपछि त्यहाँबाट ऊर्जा जलस्रोत तथा सिञ्चाई मन्त्रालय पुग्छ । त्यहाँबाट वन तथा वातावरण मन्त्रालय पुग्छ । वन मन्त्रालयबाट वन विभाग, जिल्ला वन, इलाका वन हुँदै पुन त्यही बाटो हुँदै वन मन्त्रालय आईपुग्छ । वन मन्त्रालयबाट मन्त्री परिषदमा पुगेपछि पारित भएरू पुन वन मन्त्रालय, उर्जा मन्त्रालय हुँदै विद्युत विकास विभाग आउनुपर्छ । मन्त्रालयभित्रका महाशाखा, विभाग हुन्दै तल्लो निकायसम्म पुग्नुपर्ने हुनाले यसमा धेरै समय लाग्न सक्छ । सामान्य विवरण नपुगेमा सिधै थप माग्नुको सट्टा फाइल फर्काएर फेरि सुरूकै निकाय पुग्ने र फेरि त्यो निकायबाट दोहोर्याएर प्रकृया अघि बढाउनुपर्ने अवस्था रहन्छ । जलविद्युत लगानीकर्ताका अनुसार, सामुदायिक वनदेखि मन्त्रालय र यी निकायका कर्मचारीहरूको माग र खुशी पार्नुपर्ने व्यथाभित्रका कथाहरू पनि लामै छन् ।अझ पछिल्लो समयमा स्थानीय सरकारले सामान्य स्वीकृतिका लागि समेत महिनौ लगाएर सास्ती दिने गरेका छन् । सार्वजनिक सुनुवाई लगायतका स्वीकृतिका लागि समेत वार्गेनिङ गर्ने गरेको लगानीकर्ताहरूको गुनासो छ । लामो समय लागेपनि लगानीकर्ताले त्यहासम्म आउँदा भोगेको सास्ती र आर्थिक नोक्सानको भरपाइ हुने प्रावधान भने छैन । सम्भाव्यता अध्ययन सहमति पछि सबै प्रक्रिया ठिक ढंगले चल्यो र निकाय विच र लगानीकर्ताविच राम्रो समन्वय हुँदा आइइको हकमा १ बर्ष र इआइएको हकमा औसतमा २ वर्ष जति समय लाग्ने वातावरणीय अध्ययन परामर्शदाता नारायण खनाल बताउँछन् । तर वातावरण अध्ययन स्वीकृतिका लागि चार बर्षसम्म लागेका उदाहरण पनि छन् ।

कानुनी पाटो

वातावरण संरक्षण नियमावली २०७७ को परिच्छेद २ मा वातावरणीय अध्ययनको विषय उल्लेख छ । संक्षिप्त वातावरणीय अध्ययनका लागि कार्यसुचि तयार गर्दा सरोकारवालाले उठाएको सवाल, अध्ययनदलले देखेका सवाल, वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन तयार पार्न प्राथमिकिकरण गरिएको सवाल, सरोकारवालाले उठाएका र प्राथमिकतामा नपरेको सवाल हटाउँनुको कारण उल्लेख गर्नुपर्नेछ ।

यसैगरी प्रारम्भिक वातावरणीय परिक्षण गर्दा माथिकै सवालको प्रभाव पहिचान, तह निर्धारण उल्लेखनियताको मूल्यांकन गर्ने विधि तथा औजारको व्याख्या गर्नुपर्छ । यसमा सकारात्मक र नकारात्मक दुबै खालका प्रभाव खुलाउनुपर्नेछ ।

वातावरणीय प्रभाव मूल्यांकन संग सम्बन्धित कार्यसुचि वनाउँदा आयोजना सञ्चालन नहुँदाको स्थिती, आयोजनाको प्रकार वनक्षेत्रको प्रयोग, आयोजनाको डिजाइन, समय तालिका, प्रयोग गरिने कच्चा पदार्थ प्रस्ताव कार्यान्वनबाट जोखिम उत्पन्न हुने/नहुँने लगायत विश्लेषण गर्नुपर्छ ।

वातावरणीय प्रस्ताव मूल्यांकन तयार गर्नुअघि आयोजना स्थलका सरोकारवाला निकायलाई आयोजना कार्यानवयनबाट पर्न सक्ने प्रभाव सात दिनभित्र उपलब्ध गराउँन सार्वजनिक स्थलमा सुचना टास्नुपर्ने व्यवस्था छ । सो सुचना राष्ट्रियस्तरको दैनिक तथा आफ्नो वेभसाइटमा प्रकाशन गर्नुपर्नेछ । त्यसपछि नेपाल सरकारको सम्बन्धित मन्त्रालयमा पठाउनुपर्ने छ । उसले आवश्यक जाँच बुझ गरी राय भए उल्लेख गरी स्विकृतिका लागि मन्त्रालयमा सफिरिस गर्छ । सबै कागजात पुगेको अवस्थामा सम्बपन्धित मन्त्रालयले १५ दिनभित्रि स्विकृति दिन्छ ।

समन्वयमा चुकेकै हुन सरकारी निकाय?

लाइसेन्स पाएको जलविद्युत आयोजनाले सम्भाव्यता अध्ययन र वातावरणीय स्विकृतिकै लागि रूमल्लिदा सरकारी निकायविचको समन्वयमा प्रश्न उठेको छ । विद्युत विकास विभागकी सुचना अधिकारी निशा रिजाल सबैको आफ्नो आफ्नो कार्यक्षेत्र भएकाले ती प्रक्रिया अयोजनाले पालना गर्नुपर्ने बताउँछिन् । राष्ट्रिय निकुञ्ज संरक्षण भित्रको आयोजनाको हकमा लामो प्रक्रियारहेको आफुहरूले बुझेको बताउँछिन् । तर पनि सबैले आफ्नो कार्यक्षेत्रभित्र रहेर काम गर्नुपर्ने भएकाले लगानीकर्ताहरूले प्रक्रिया पुर्याउँदा झन्झट मान्ने गरेको बताउँछिन् ।

उर्जा मन्त्रालयका सुचना अधिकारी बाबुराज अधिकारी प्रक्रिया पुर्याएर आउनेलाई सास्ती नभएको बताउँछन् ।

कोरोना पछिको जलविद्युत क्षेत्र र बैंकिङ लगानी

डेढ खर्ब प्रतक्ष लगानी र ३ खर्बको लगानी प्रतिवद्धता गरेका बैंकले आगामी दिनमा कति लगानी गर्लान ?

काठमाडौं। कोभिड-१९ प्रभावका कारण निर्माण अवधि पछाडि धकेलिँदा निर्माणाधीन जलविद्युत आयोजना पूरा गर्दा कम्तिमा एक खर्ब रूपैयाँ वित्तीय भार थपिने निजीक्षेत्रका ऊर्जा प्रवर्द्धकहरूले बताएका छन।

कोरोना महामारीका कारण अहिले आयोजनाको निर्माणमा ढिलाई हुँदा थप एक खर्ब रूपैयाँ अतिरिक्त लगानी चाहिने अवस्था आएको स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था ९इप्पान० का अध्यक्ष शैलेन्द्र गुरागाइँको भनाइ छ। उनी भन्छन्‌ परियोजना निर्माण पछाडि धकेलिँदा थप एक खर्ब रूपैयाँ लगानी गर्नुपर्ने क्षमता न त प्रवर्द्धक सँग छ न त बैंक सँग नै। अतिरिक्त लगानी आवश्यकतामा यो ग्यापले आयोजना झनै समस्यामा पर्ने भएको छ।

कोरोना महामारीका कारण विश्व नै प्रभावित भएकाले वैदेशिक ऋण ल्याएर आयोजना बनाउने अवस्था समेत नभएकाले सरकारले नै पहलकदमी नलिए जलविद्युत क्षेत्रमा भएको खबौ लगानी जोखिममा पर्ने गुरागाइँले बताए।

यसरि बढेको थियो जलविद्युतमा बैंक लगानी

२०७७ बैशाख सम्ममा बैंक तथा वित्तीय संस्थाबाट जलविद्युत क्षेत्रमा एक खर्ब ५४ अर्ब रूपैयाँ लगानी भइसकेको छ। २०६८ बैशाख सम्ममा जलविद्युत क्षेत्रमा जम्मा १० अर्ब रूपैयाँ मात्रै लगानी भएको थियो।

पछिल्लो ५ वर्षमा मात्रै यो क्षेत्रमा एक खर्ब २० अर्ब रूपैयाँ लगानी भएको राष्ट्र बैंकको तथ्यांक छ। जवकी त्यो भन्दा अघिल्लो ४ वर्षमा जम्मा २० अर्ब रूपैयाँ मात्रै लगानी भएको थियो।

जलविद्युत क्षेत्रको लगानीमा सबैभन्दा ठूलो हिस्सा वाणिज्य बैंकहरूको रहेको छ। वाणिज्य बैंकले अहिले सम्म एक खर्ब ३० अर्ब रूपैयाँ भन्दा बढी लगानी गरेका छन। विकास बैंकले ४ अर्ब ५६ करोड रूपैयाँ लगानी गर्दा फाइनान्सबाट १३ करोड रूपैयाँ लगानी भएको छ।

शैलाजा आचार्य ऊर्जा मन्त्री हुँदा २०५०र५१ पछि मात्रै निजी क्षेत्रलाई जलविद्युत आयोजनामा लगानी गर्न खुला गरेकी थिइन। त्यसपछि २०५४ सालबाट निर्माण सुरू भएको ७।५ मेगावाटको इन्द्रावती(३ जलविद्युत आयोजना स्वदेशी लगानीमा निजी क्षेत्रबाट निर्माण गरिएको पहिलो जलविद्युत आयोजना हो। नेश्नल हाइड्रोपावर कम्पनीले प्रवर्द्धन गरेको उक्त आयोजनाले २०५९ असोज २१ गतेदेखि नियमित विद्युत उत्पादन गरेको थियो।

त्यसभन्दा अघि २०५८ माघ १० गते स्याङ्जे खोला जलविद्युत आयोजना सञ्चालनमा आएपनि यसको निर्माण कहिले देखि सुरू भएको थियो भन्ने आधिकारिक तथ्यांक छैन। त्यसमाथी १८३ किलोवाटको मात्रै आयोजना भएकोले यसमा बैंक तथा वित्तीय संस्थाबाट लगानी भए नभएको पनि एकिन छैन।

त्यसपछि विस्तारै अरू आयोजना पनि सञ्चालनमा आएका छन। ३ मेगावाटको पिलुवा खोला २०६०, २।६ मेगावाटको सुनकोशी साना जलविद्युत आयोजना २०६१, ३ मेगावाटको चाकु खोला २०६२, ४ मेगावाटको खुदी खोला २०६३, १।६५ मेगावाटको थप्पल खोला र ४।५ मेगावाटको माइखोला २०६४ सालमा सञ्चालनमा आएका थिए। त्यसपछि वर्षेनी एक भन्दा बढी आयोजना सञ्चालनमा आउन थालेका हुन।

अहिले सम्म निजी क्षेत्रका ९० बढी आयोजनाबाट करिब ७०० मेगावाट विद्युत उत्पादन भइसकेको छ। ३ हजार मेगावाटका आयोजना निर्माणाधिन छन भने, थप ३ हजार मेगावाट बराबरका आयोजनाले पीपीए गरेर बसेका छन। त्यो बाहेक १८ हजार मेगावाट बराबरका अरू जलविद्युत आयोजनाले अध्ययनको काम सकेर पीपीएको चरणमा रहेको स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था ९इप्पान०का अध्यक्ष शैलेन्द्र गुरागाइले बताए।

हजारौ जलविद्युत आयोजना विभिन्न चरणमा रहेकोले अहिलेसम्म भएको खबौ लगानी जोखिममा छ। जलविद्युत आयोजनामा जुनसुकै बैंकले लगानी गरेको भएपनि उक्त रूपैयाँ अन्तत्वगत्व आम सर्वसाधारणकै लगानी भएकोले आयोजना असफल भएमा बैंक र प्रवर्द्धमात्रै नडुबेर देश नै डुब्नेमा प्रवर्द्धकहरू चिन्तित छन।

जलविद्युत क्षेत्रमा कुन वर्ष कति लगानी?

२०६८ बैशाख सम्ममा जलविद्युत क्षेत्रमा जम्मा १० अर्ब रूपैयाँ मात्रै लगानी भएको थियो। त्यसपछिको ४ वर्षमा २० अर्ब रूपैयाँ लगानी गरेका बैंकले पछिल्लो ५ वर्षमा भने ६ गुणा लगानी बढाउँदै एक खर्ब २० अर्ब रूपैयाँ लगानी गरेको तथ्यांक छ।

वर्ष ९बैशाख देखि बैशाख सम्म०	लगानी रू अर्बमा
२०६९	२।६९
२०७०	६।५४
२०७१	५।३६
२०७२	८।४३
२०७३	१०।२४
२०७४	१७।४५
२०७५	१९।७१
२०७६	३२।७८
२०७७	४०।४३

नेपाल राष्ट्र बैंकको तथ्यांक अनुसार २०६९ सालमा कूल दुई अर्ब ६९ करोड रूपैयाँ जलविद्युत क्षेत्रमा लगानी गरेका थिए। २०७० सालमा लगानी बढेर ६ अर्ब ५४ करोड रूपैयाँ पुगेको थियो। २०७१ मा ५ अर्ब ३६ करोड रूपैयाँ मात्रै लगानी गरेका बैंकले २०७२ मा भने ८ अर्ब ४३ करोड रूपैयाँ लगानी गरेका थिए। २०७३ मा पहिलोपटक एकै वर्षमा १० अर्ब रूपैयाँ लगानी गरेका बैंकले त्यसपछि भने वार्षिक १० अर्ब भन्दा धेरै लगानी गर्दै आइरहेका छन। २०७४ मा १७ अर्ब ४५ करोड रूपैयाँ लगानी गरेकोमा २०७५ मा १९ अर्ब ७१ करोड रूपैयाँ लगानी गरेका थिए। २०७६ मा भने अघिल्लो वर्षको तुलनामा १३ अर्ब रूपैयाँले लगानी बढाएर ३२ अर्ब ७८ करोड रूपैयाँ लगानी गरेका थिए।

२०७७ बैशाख सम्ममा थप ८ अर्ब रूपैयाँ लगानी बढाउँदै ४० अर्ब ४३ करोड रूपैयाँ लगानी गरेका छन।

'क', 'ख' र 'ग' वर्गका बैंक तथा वित्तिय संस्थाले कुन वर्ष कति लगानी गरे ?

कूल एक खर्ब ५३ अर्ब रूपैयाँ लगानी मध्ये 'क' वर्गका वाणिज्य बैंकले एक खर्ब २९ अर्ब ३७ करोड रूपैयाँ, 'ख' वर्गका विकास बैंकले ४ अर्ब ५६ करोड रूपैयाँ र 'ग' वर्गका फाइनान्स कम्पनीले १३ करोड रूपैयाँ मात्रै जलविद्युत क्षेत्रमा लगानी गरेका छन।

वर्ष	वाणिज्य बैंक	विकास बैंक	फाइनान्स
२०६९	३।५४	०।११	०।०४
२०७०	५।८	०।७	०।०५
२०७१	३।७३	१।१५	०।६८
२०७२	६।९६	१।४६	(०।८१
२०७३	१०।९१	(०।८	०।१४
२०७४	६।१९	१।३७	(०।१२
२०७५	२०।७३	(१।	०
२०७६	३०।२५	२।४	०।१४
२०७७	४१।२६	(०।८२	०।०१
जम्मा	१२९।३७	४।५६	०।१३

जलविद्युत क्षेत्रमा धेरै लगानी गर्ने बैंकहरू

जलविद्युतमा धेरै लगानी गर्ने बैंकमा नबिल बैंक, एनएमबी बैंक, प्राइम बैंक, सानीमा बैंक, नेपाल इन्भेष्टमेन्ट बैंक, एभ्रेष्ट बैंक, ग्लोबल आइएमई बैंक, राष्ट्रिय वाणिज्य बैंक लगायतका बैंकहरू रहेको गुरागाइले बताए। नबिल बैंकले १८ सय मेगावाट क्षमताका १८ बढी जलविद्युत आयोजनमा १८ अर्ब रूपैयाँ भन्दा बढी लगानी गरेको नबिल बैंकका नेश्नल कर्पोरेट हेड मोहन राज जोशीले बताए।

यसमा विदेशी लगानीमा निर्माण भइरहेको ९०० मेगावाटको अरूण ३ जलविद्युत आयोजना सहित ९०० मेगावाट क्षमताका अन्य २० वटा स्वदेशी जलविद्युत आयोजना रहेको जोशीले बताए।

यसकारण अव जलविद्युत क्षेत्रको लगानी प्रभावित

राष्ट्र बैंकले कूल लगानीको १५ प्रतिशत जलविद्युत क्षेत्रमा लगानी गर्नै पर्ने बाध्यकारी व्यवस्था गर्दा बैंकले साना ठूला जस्ता सुकै परियोजनामा पनि लगानी गरेका थिए। तर अहिले जलविद्युत मात्रै नभएर उद्योग, पर्यटन लगायतका क्षेत्रमा समेत गरेर २५ प्रतिशत लगानी गर्ने व्यवस्था गरेको छ। अव बैंकले लगानी गर्दा राम्रो रिटर्न दिने जलविद्युत आयोजनामा मात्रै लगानी गर्न सक्ने जोशी बताउँछन।

बैंकले जुन क्षेत्रमा कम जोखिम देख्छ त्यहि क्षेत्रमा लगानी गर्ने हो। जलविद्युत आयोजना भन्दा उद्योगमा गरिने लगानी बढी सुरक्षित हुँदा पक्कै पनि बैंकको प्राथामिकता फेरिन सक्छ। यसो भन्दैमा जलविद्युत आयोजनमा लगानी नै गर्नैनै भन्ने होइन। आकर्षक आयोजनामा त बैंकले लगानी गरिनै हाल्छन।

अहिलेको अवस्था हेर्दा ठूला भन्दा साना जलविद्युत आयोजना बढी प्रभावित भएका छन। ठूला आयोजनामा लागत बढ्दा पनि समायोजन गर्न सकिन्छ। त्यसले बैंकलाई त्यति धेरै फरक पार्दैन। तर साना आयोजनामा लगात बढ्दा बैंकको रिटर्नमा समस्या आउँछ। १०१० वर्षको लागि गरिएको लगानी १५ वर्षपछि मात्रै उठ्दा त्यसले पक्कै पनि बैंकलाई अफ्ठेरो पार्ने जोशी बताउँछन।

जलविद्युत क्षेत्र बैंकको लागि आकर्षक क्षेत्र नहुने अकी कारण भनेको आयोजनाको विद्युत खरिद बिक्रि सम्झौता निश्चित हुन्छ। लागत बढी हालेमा पनि प्रवर्द्धकहरूले अकी उपाएबाट बढी भएको लागत उठाउन सक्दैनन। त्यसपछि बैंकले आफ्नो कर्जाको तालिकानै परिमार्जन गर्नुपर्ने अवस्था आउँछ।

त्यस्तै अहिले बैंकले जलविद्युत क्षेत्रमा लगानी गर्दा सावधान हुनुपर्ने अकी कारण भनेको टेक अर पे पीपीए गरिएपनि प्रसारणलाइन समयमै निर्माण नहुनु हो। प्राधिकरणले एकपटक प्रसारणलाइनमा विद्युत जोडेपछि मात्रै टेक अर पे पीपीए अनुसार विद्युत खपत नभएपनि भुक्तानी गर्छ। तर प्रसारणलाइननै समयमै निर्माण नभएपछि आयोजनाको निर्माण अवधि लम्बिने र बार्षिक १० प्रतिशतले लागत बढ्ने भएपछि त्यसबाट पनि बैंकलाई समस्या हुन्छ।

बढ्दो विद्युत उत्पादन, घट्दो खपतः

२०७७ भित्र २५ सय मेगावाट विद्युत उत्पादन हुने, माग १५०० मेगावाट मात्रै पुग्ने

बिजमाण्डू । काठमाडौं। कोरोना रोकथामका लागि सरकारले गरेको लकडाउनका कारण उद्योग धन्दा देखि सामान्य व्यापार व्यावसाय सम्म चल्न नसकेपछि विद्युत खपत ह्वात्तै घटिसकेको।

दैनिक दुई करोड ५० लाख युनिट सम्म विद्युत खपत हुँदै आएकोमा लकडाउनको समयमा दैनिक एक करोड ५० लाख युनिट मात्रै विद्युत खपत हुने गरेको थियो। अहिले लकडाउन केहि खुकुलो बनाएपनि विद्युत खपत दुई करोड ३० लाख युनिट भन्दा बढी हुन सकेको छैन। तर प्राधिकरणले यतिबेला करिब दुई करोड ८० लाख देखि तीन करोड युनिट सम्मै खपत हुने प्रक्षेपण गरेको थियो।

हिजो सम्म भारतबाट विद्युत आयात गरेर माग धानिरहेकोले विद्युत खपत घट्दा पनि विद्युत प्राधिकरणलाई ठूलो समस्या भएन। नेपालमा माग कम हुँदा भारतबाट आयात गर्ने विद्युत कटौती गरिदिए पुग्थ्यो।

तर भोलिका दिनमा भने भारतबाट आउने विद्युतको लाइन काटेर मात्रै समस्या समाधान हुने अवस्था छैन। किनकी नेपालमा पछिल्लो समय निर्माणमा गएका ५० बढी जलविद्युत आयोजनाले यहि वर्ष मात्रै कम्तिमा थप १३०० मेगावाट विद्युत उत्पादन गर्दै छन अहिले उत्पादन भइरहेको १३०० मेगावाट विद्युत समेत खपत गराउन नसकिरहेको प्राधिकरणका लागि निजी क्षेत्रबाट आउने थप १२०० मेगावाट विद्युत खपत गराउनु ठूलो चुनौती हुनेछ।

१० वर्षको विद्युत उत्पादन र खपतको परिमाण

वर्ष (सन)	उत्पादन क्षमता (MW)	पिक डिमाण्ड (MW)	उत्पादन (GW/h)	आयत (GW/h)	कूल खपत (GW/h)
२०१०-११	७१५	८८५	२७१३	६३८	३३५१
२०११-१२	७१६	९४६	३१६४	६९४	३८५८
२०१२(१३	७४२	१०२६	३४३२	७४६	४१७८
२०१३-१४	७६१	१०९४	३४६७	७९०	४२५८
२०१४-१५	८१२	१२००	३३६८	१३१८	४६८७
२०१५-१६	८३२	१२९१	३६३७	१३७०	५००५
२०१६-१७	९३५	१३८५	३२९९	१७७७	५०७७
२०१७-१८	१०५८	१४४४	४०८२	२१७५	६२५७
२०१८-१९	१०९०	१५०८	४४७६	२५८१	७०५७
२०१९-२०	१२९४	१३२०	४७३८	२८१३	७५५१
२०२०-२१ (प्रक्षेपण)	२५५७	१२००	८०००	२०००	७२००
२०२१-२२ (प्रक्षेपण)	३०००ं	१५००			

यस्तो छ नेपालमा विद्युत उत्पादनको इतिहास

बि। स। १९६८ सालमा दक्षिण एसियाकै दोस्रो ५०० किलोवाटको फर्पिङ जलविद्युत आयोजना निर्माण गरेसँगै नेपालमा जलविद्युत युग सुरू भएको थियो। त्यसपछि १९९१ मा ६०० किलोवाटको सुन्दरीजल आयोजना निर्माण गरेपनि पहिलो आयोजना निर्माण गरेको ५० वर्ष सम्म थप आयोजना आउन सकेनन्।

नेपालमा ठूलै जलविद्युत उत्पादन क्षमता भएपनि तत्कालिन अवस्थामा २०२० सालमै हेटौडा डिजेल प्लान्टको स्थापना गरियो। २०२२ सालमा गएर २।४ मेगावाटको पनौती जलविद्युत आयोजनाको निर्माण गरियो।

२०२४ सालमा २४ मेगावाटको त्रिशुली जलविद्युत आयोजना निर्माण गरिएपनि त्यसपछिको १५ वर्षमा जम्मा १५ मेगावाट मात्रै विद्युत उत्पादन गरिएको छ।

२०३९ सालमा ६० मेगावाटको कुलेखानी जलाशययुक्त आयोजना निर्माण गरिएको छ। त्यसपछिको ५ वर्षमा थप ६२ मेगावाट विद्युत उत्पादन गरिएको छ। यसरि २०४५ साल सम्म नेपालमा १५ आयोजनाबाट १९१ मेगावाट विद्युत उत्पादन क्षमता पुगेको थियो।

कुन मितिमा कति विद्युत उत्पादन?		
समय	आयोजना संख्या	उत्पादन मेगावाट
१९६८(२०२५	५	४२
२०२६(२०३०	२	११
२०३१(२०३५	१	१५
२०३६(२०४०	२	६१
२०४१(२०४५	५	६२
२०४६(२०५०	३	११७
२०५१(२०५५	०	०
२०५६(२०६०	८	२८३
२०६१(२०६५	१३	४५
२०६६(२०७०	१४	१२४
२०७१(२०७५	४४	३३५
२०७६(२०७६	१७	२०४
२०७७(२०७७	५४	१२६४

त्यसपछिको १० वर्षमा ३ वटा आयोजनाबाट ११७ मेगावाट विद्युत उत्पादन गर्दै २०५५ साल सम्ममा ३०० मेगावाट भन्दा बढी विद्युत उत्पादन क्षमता पुगेको थियो। त्यसपछिको ५ वर्षमा भने ८ आयोजनाबाट झण्डै ३०० मेगावाट विद्युत थप भएर २०६० सम्म आइपुग्दा नेपालको विद्युत उत्पादन क्षमता ६०० मेगावाट पुगेको थियो।

त्यसपछिको एक दशकमा २०७० सम्म आइपुग्दा थप २७ वटा आयोजनाबाट १७० मेगावाट विद्युत थप भएर कुल जडित क्षमता ७७० मेगावाट पुगेको थियो।

त्यसपछिको ५ वर्षमा थप ४४ आयोजनाबाट ३३५ मेगावाट विद्युत थप भएको थियो। २०७५ सम्म नेपालको विद्युत उत्पादन क्षमता करिब ११०० मेगावाट पुगेको थियो। पछिल्लो २ वर्षमा विद्युत उत्पादन क्षमता दोब्बरले बढेर २०७७ भित्र २५०० मेगावाट पुग्ने भएको छ।

३ वर्षमै दोब्बर भयो विद्युत उत्पादन क्षमता

करिब ३ वर्ष अघि मात्रै एक हजार मेगावाट पुगेको नेपालको विद्युत उत्पादन क्षमता पछिल्लो ३ वर्षमानै दुई गुणाले बढ्ने भएको छ। तर विद्युत उत्पादन बृद्धि भए जसरी खपत भने बढ्न सकेको छैन। उल्टो पिक डिमाण्ड समेत घट्दो क्रममा रहेको छ।

२०१८र१९ मा १५०८ मेगावाट पुगेको पिक डिमाण्ड अकौ वर्ष घटेर १३२० मेगावाटमा सिमित भएको थियो। यो वर्ष पनि अहिले सम्मको पिक डिमाण्ड १२५० देखि १३०० मेगावाट भन्दा बढी नपुगेको विद्युत प्राधिकरणको तथ्या छ।

आर्थिक वर्ष २०२१र२२ मा पिक डिमाण्ड बढेर १५०० मेगावाट पुग्ने ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयको प्रक्षेपण छ। तर त्यतीबेला विद्युत उत्पादन करिब ३००० मेगावाट पुगिसक्ने हुनाले सबै विद्युत खपत गराउनु प्राधिकरणलाई ठूलै चुनौती हुने छ।

विद्युत खेर गए प्राधिकरण एकै वर्षमा टाट पल्टिन सक्ने

यो वर्ष लकडाउनका कारण सबै विद्युत खपत नहुँदा प्राधिकरणले आफ्ना पिकिङ आयोजनालाई विद्युत माग कम हुने समयमा बन्द गर्ने गरेको छ। रातको समयमा त विद्युत माग धेरै नै कम हुन थालेपछि नदि प्रबाहमा आधारित आयोजनाको समेत पानी खेर फाल्ने गरेको प्राधिकरणका अधिकारीहरू बताउँछन्।

घरयासी ग्राहक बढेर विद्युत खपत गराउन नसकिने हुनाले औद्योगिक ग्राहक बढाउने रणनीतिमा प्राधिकरण लागिरहेको नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ बताउँछन्। तर कोरोना महामारीका कारण नयाँ लगानीका ठूला उद्योग आउने सम्भावना कम भएकाले प्राधिकरणले सोचे जसरी औद्योगिक ग्राहक बढ्ने अवस्था छैन।

उद्योगीहरूको माग सम्बोधन गरेर विद्युत महसुलमा सहुलियत दिएमा अहिले भएका उद्योगले पनि थप केहि विद्युत खपत गर्न सक्छन्। तर विद्युत नियमन आयोगले भरखरै जारि गरेको नयाँ महसुल दरमा औद्योगिक ग्राहकको महसुल घटाइएको छैन। बरू ६६ केभी तर्फका ग्राहहको महसुलमा साबिकको भन्दा १० देखि १५ प्रतिशत सम्म महसुल बृद्धि गरिएको छ। सरकारको यो कदमले धेरै विद्युत खपत गर्ने ठूला उद्योगलाई निरूत्साहीत गरेको उद्योगीको भनाई छ।

त्यसकारण औद्योगिक क्षेत्रमा पनि धेरै विद्युत खपत हुने सम्भावना नभएको अधिकारीहरू बताउँछन।

विद्युतीय गाडी र इन्डक्सन चुलो प्रयोगका लागि प्रोत्साहन गर्ने सरकारी रणनीति छ। तर विद्युतीय गाडी र चुलोले मात्रै एकै वर्ष थपिने १३ सय मेगावाट विद्युत खपत गर्न सक्ने अवस्था भने छैन।

बढी भएको विद्युत निर्यात गर्ने अकी विकल्प पनि छ। तर यो विकल्प सहज भने छैन। नेपाल भारत इनजी बैंकिङको लागि सहमति भएपनि भारत सरकारले त्यसलाई पूर्णता नदिएकाले तत्कालै विद्युत निर्यातको बाटो खोलि नसकिएको ऊर्जा मन्त्रालयको भनाई छ।

हिउँदमा एक तिहाई मात्रै विद्युत उत्पादन हुने भएकाले जडित क्षमता २५०० मेगावाट भएपनि कुनै समस्या नहोला। तर वर्षातको समयमा ४ महिना भने प्राधिकरणले आफ्ना सबै आयोजना बन्द गरेपनि निजी क्षेत्रको सबै विद्युत खपत गराउन सक्ने अवस्था छैन।

निजी क्षेत्रले एक पटक प्रसारणलाइनमा विद्युत जोडिसकेपछि प्राधिकरणले खपत गरेपनि नगरेपनि उत्पादित विद्युतको भुक्तानी गर्ने पर्ने गरि विद्युत खरिद बिक्री सम्झौता गरिएको छ। जसले गर्दा वर्षायाममा प्राधिकरणले विद्युत खपत गराउन नसकेपनि मासिक अबौ रूपैयाँ भुक्तानी गर्नुपर्ने अवस्था आउन सक्ने प्राधिकरणकै कर्मचारीहरू बताउँछन।

विद्युत नियमन आयोगले गरेको महसुल समायोजन, बढ्दो विद्युत उत्पादन, घट्दो खपत, बढ्दो कर्मचारी खर्च लगायतका कारण वार्षिक १० औं अर्ब रूपैयाँ सम्म नाफा कमाइरहेको विद्युत प्राधिकरणको वित्तीय अवस्था १२२ वर्षमै टाट पल्टिने चिन्तामा प्राधिकरका उच्च अधिकारीहरू छन।

२५०० मेगावाट उत्पादन हुँदा पनि कुनै समस्या हुँदैनः प्राधिकरण

पिक डिमाण्ड नबढेपनि २५०० मेगावाट विद्युत उत्पादन हुँदा सम्म खपत गर्न सकिने नेपाल विद्युत प्राधिकरणको भनाई छ। वर्षा याममा ४ महिना केहि विद्युत बढी भएपनि ८ महिना भने २५०० मेगावाट उत्पादनले पनि नपुग्ने अवस्था आउने प्राधिकरणको ठहर छ।

'जडित क्षमता २५०० मेगावाट भएपनि हिउँदमा भने एक तिहाई देखि एक चौथाइ सम्म मात्रै विद्युत उत्पादन हुन्छ।' नेपाल विद्युत प्राधिकरणका उपकार्यकारी निर्देशक हरराज न्यौपानेले भने, 'निजी क्षेत्रका सबै आयोजना नदि प्रबाहमा आधारित भएकाले पानीको बहाब घट्ने वित्तीकै उत्पादन कम हुन्छ। त्यसैले वर्षायामको ४ महिना मात्रै खपतको चिन्ता हो। त्यो पनि विद्युतीय गाडी र इन्डक्सन चुल्होको प्रयोग बढाउन सक्यौ भने २५०० मेगावाट खपत गर्न समस्या हुँदैन।'

गत वर्ष सम्म करिब ३००० गिगावाट आवर विद्युत भारतबाट आयात गरिरहेको प्राधिकरणले यो वर्षदेखिनै आयात ह्वात्तै कटौती गरिसकेको छ। अहिले दैनिक ५० देखि १००० मेगावाट आवर सम्म मात्रै भारतबाट विद्युत आयात भइरहेको छ। यो भनेको दैनिक ५० हजार देखि १० लाख युनिट सम्म हो।

ँनेपालमा जलविद्युत उत्पादनको इतिहास १०० वर्ष भन्दा बढी छ। तर नेपालले सय वर्ष लगाएर जम्मा ७०० मेगावाट मात्रै विद्युत उत्पादन गर्न सकेको थियो। त्यसपछिको एक दशकमा भने विद्युत उत्पादन क्षमता ३ गुणाले बृद्धि हुने भएको छँ।

ँअहिले सम्म १७ हजार २७२ मेगावाट क्षमताका २८८ आयोजनालाई सर्वेक्षण अनुमति दिइएको छ। जसमा २५४ वटा जलविद्युत आयोजना, ३० वटा सोलार आयोजना र ४ वटा वीन लगायतका अन्य आयोजना रहेका छन्ँ

ँअहिलेसम्म ७ हजार ९३५ मेगावाट क्षमताका २३५ आयोजनालाई उत्पादन अनुमति दिइएको छ। जसमा २२४ वटा जलविद्दयुत आयोजना, ९ वटा सोलार आयोजना र २ वटा अन्य आयोजना रहेका छन्ँ

ँत्यस्तै २ हजार ६५७ मेगावाट क्षमताका ४४ आयोजनाले उत्पादन अनुमतिका लागि निवेदन दिएका छन। जसमा ३५ वटा जलविद्युत आयोजना र ९ वटा सोलार आयोजना रहेका छन्ँ

ँअहिले सम्म एक सय जलविद्युत आयोजना, २ वटा डिजेल प्लान्ट र २ वटा सोलार आयोजनाबाट करिब १३०० मेगावाट विद्युत उत्पादन सुरू भएको छ। त्यस मध्ये केहि जलविद्युत आयोजना र डिजेल प्लान्ट अहिले बन्द छन्ँ

निजीभन्दा सरकारी आयोजना किन महंगा हुन्छन् ?

काठमाडौं,साउन २२ । नेपालमा बिजुली उत्पादन गर्नेआयोजनाको लागत निजीको तुलनामा सरकारी महंगा छन। सरकारी स्वामित्वको नेपाल विद्युत प्राधिकरणले विभिन्न स्रोतबाट बनाउने आयोजनाको लागत निजीको तुलनामा उच्च देखिएको छ।

आयोजनाको प्रकृति र भुगोलले लागतमा फरक पार्ने भएपनि नेपालको सन्दर्भमा प्राय एकै खालको वातावरण भएपनि सरकारी लगानीमा बन्ने आयोजना निजीको तुलनामा महंगो रहेको छ।

नेपाल विद्युत प्राधिकरणले विभिन्न समयमा उपलब्ध गराएका आयोजनाहरूको प्रति मेगावाट लागत हेर्दा निजीको तुलनामा महंगो देखिएको हो। पछिल्लो समय बनेका अधिकांस आयोजनाको लागत झनै उच्च रहेको छ। बिजुली उत्पादनका लागि बन्ने आयोजनाको लागतको निर्धारण र मापणका धेरै तत्वहरू हुने भएपनि सांगोपांगो उच्च देखिएको हो।

प्राधिकरणले बनाएको ३० मेगावाट क्षमताको चमेलिया जलिविद्युत आयोजनाको लागत प्रति मेगावाट ५६ करोड रहेको छ। यद्यपी यो आयोजनामा बिजुली उत्पादन बाहेकका अन्य लागतहरू पनि जोडिएको छ। बिजुलीकै लागत प्रति मेगावाट ५० करोड रहेको छ।

त्यस्तै कालिगण्डकी ए को ३४ करोड छ भने मध्यमर्स्याङ्दीको लात ३८ करोड रहेको छ। त्यस्तै पछिल्लो समय निर्माणाधिन रहेको माथिल्लो तामाकोशी आयोजनाको लागत पनि बढ्दै गएको छ। सुरूमा निकै सस्तो हुने भनिएको यो आयोजनाको लागत बढेर १ खर्ब पुग्ने प्रक्षेपन गरिएको छ।

नेपाल विद्युत प्राधिकरणले बनाउने आयोजनाको प्रति मेगावाट लागत अधिक देखिनुमा निजीको तुलनामा फरक प्रकृतिका आयोजना हुनु र फरक भौगोलिक अवस्थालाई बताउने गरिन्छ। बिजुली उत्पादनसँगै अन्य पूर्वाधारमा गरिने लगानी पनि सोही आयोजनामा गणना गरिने हुँदा बढी देखिने सरकारी दाबी रहँदै आएको छ।

निजी क्षेत्रका प्रबर्द्धकहरूले बनाउने आयोजनाको औषत लागत भने २० करोड रहेको छ। निजी क्षेत्रका आयोजनाको औषत लागत प्रति मेगावाट २० करोड रहेको स्वतन्त्र उर्जा उत्पादक संघका महासचिव आशिष गर्गले जानकारी दिए।

निजी प्रबर्द्धककै आयोजनाको औषत लागत पनि नेपालमा उच्च देखाउने गरिएको आरोप लागिरहेका बेला सरकारी पनि त्यो भन्दा उच्च हुनु उत्पादन प्रणाली किफायति नभएको आरोप लाग्ने गरेको छ।

यद्यपी त्यस्ता आयोजनाको संख्या धेरै नभएपनि विद्युत सरकारले बनाएका आयोजना महंगा देखिएका छन। अहिलेसम्मको घरेलु बजारमा जति महंगो बिजुली उत्पादन भएपनि हुने भएपनि अब भने कठिन हुनसक्ने बताइएको छ।

उत्पादन लागत धेरै भएमा बजारमा प्रतिस्पधी नहुने खतरा भएको छ। सरकारले आफूले छानेरै आयोजना बनाउने सुविधा पाउँदा पनि महंगिने गरेका छन।

निजी प्रबर्द्धकहरू भने सरकारी आयोजना महंगा हुनुमा व्यवस्थापकीय कमजोरी रहेको ठान्छन।

सरकारी आयोजना महंगो हुनुमा सुरूमै राजनीतिक स्वार्थमा आयोजनाको छनौट, ऋण लिने दाताहरूको अनुचित शर्तहरू पालना गर्नुपर्ने कारणहरू भएको गर्गको बुझाइ छ।

एउटा आयोजना छनौटमै राजनीति हुन्छ। प्राविधिक र वित्तीय रूपमा राम्रो आयोजना नभएपनि राजनीतिक दबाबमा कुनै आयोजना छनौट हुन्छन। त्यस्तै कतिपय आयोजनमा विदेशी ऋण तथा अनुदान हुन्छ। त्यस्तोमा उनीहरूका शर्त हुन्छन। यी कारणले गर्दा पनि आयोजना महंगो हुन जान्छ। यतिमात्र होइन काम गर्ने सरकारी शैलीका कारण ढिला हुँदै जान्छ जसको कारणले आयोजनाको अवधि लामो हुन्छ। जसले स्वतस् लागत बढाउछु उनले भने।

जलबिद्युत उत्पादन गर्नका लागि सरकारी निकायले आफै बनाउँदा छनौटको अवसर हुन्छ। सबैभन्दा राम्रो आयोजना छनौट गर्ने सुविधा हुन्छ। तर पनि बनिसक्दासम्म निजीको तुलनामा निकै महंगो हुन्छ।

यस्तो हुनुमा सरकारी तहबाट निर्णमा जसरी ढिलासुस्ती हुँदा अरू विकास आयोजनाहरू महंगो हुँदै जान्छन् त्यसैगरी बिद्युत आयोजना पनि महंगो हुने पूर्व उर्जासचिव अनुप उपाध्यायाको बुझाइ छ।

ुकुनै पनि विकास आयोजनामा विभिन्न समस्याहरू आउछन। सामाजिकदेखि प्राविधिकसम्मका समस्या आइपर्छन।त्यस्ता समस्या जति छिटो समाधान हुन्छन् आयोजना त्यति नै छिटो बन्छन। निजीले त्यस्ता समस्या सकेसम्म छिटो समाधान गरिहाल्छन् तर सकारको त ढिला हुन्छुउनले भनेगरिदिनुपर्ने निर्णय समयमै नगरिदिंदा महंगो हुन्छन। जस्तो चमेलियाको सुरूङ भत्कियो त्यसपछि यो मोडलमा गर्ने भनेर सुरू गरिदिएको भए तुरून्त निर्णय हुन्थ्यो। एक वर्षको समय पनि बचत हुन्थ्यो। डलरको कस्ट सस्तो पथ्र्यो। तर भएन। ढिला भयो महंगो पर्न गयो। उनले भने।

बजेट खर्च निराशाजनक

नेपालको उर्जा क्षेत्रमा वजेट खर्चको अवस्था निकै नै दयनिय देखिएको छ । प्रत्येक वर्ष उर्जा विकासका लागी ठुलो आकार वजेट विनियोजन भएपनि खर्च भने आधा भन्दा पनि कम हुने गरेको तथ्यांकले देखाउँछ । परियोजना निर्माणमा भएको ढिलाई निर्माण सामाग्रीको अभाव र अन्तरसरकारी द्धन्द मुख्य कारण भएको विज्ञहरू वताउँछन् । १००।।

गत आर्थिक उर्जा जलस्रोत तथा सिँचाई मन्त्रालयमा ४६ अर्व २३ करोड खर्च गर्ने लक्ष्य राखिएकोमा २६ अर्व ३० करोड रूपैयाँ मात्रै खर्च भएको छ । गत आर्थिक वर्षमा वजेट खर्च नहुनुको मुख्य कारण कोरोना भाइरस रहेको सरकारी दावी रहेपनि विगतका वर्षहरूमा पनि वजेट खर्चको अवस्था भने सन्तोषजनक देखिदैन् । आर्थिक वर्षमा २ हजार ७५/७६ मा उक्त मन्त्रालयका लागी कुल ५६ अर्व २७ करोड ५४ लाख रूपैयाँ विनियोजन भएमा उक्त वर्षको अनत्यमा करिव ५७ प्रतिशत अर्थात ३१ अर्व ८० करोड ५३ लाख मात्रै खर्च भयो । यसरी उर्जाको क्षेत्रमा प्रत्येक वर्ष विनियोजित वजेटको ५० प्रतिशत भन्दा पनि कम वजेट खर्च हुने गरेको । यसको मुख्य कारण मन्त्रालयले समयमा नै आयोजनाको निर्माण ठेक्का समयमा नै उपलब्ध नगराईनु , आयोजना अगाडी वढाउनका लागी विभिन्न निकाय मन्त्रालयसंग लिनुपर्ने स्वकृति , कर्मचारीतन्त्रमा काम नगर्दा कारवाही नहुने उन्मुक्ती पाइने जस्ता कारणले वजेट खर्च हुन नसकेको जानकारहरू वताउँछन् ।

बाइटः शैलेन्द्र गुरागाँई , अध्यक्ष , स्वतन्त्र उर्जा उत्पादक संघ

बाइटः ज्ञानेन्द्रलाल प्रधान , अध्यक्ष , उर्जा विकास समित , नेपाल उद्योग परिसंघ

भौगोलिक विकटताका कारण यातायातको अभावमा आयोजनास्थलमा निर्माण समाग्रीको समयमा नै उपलब्ध नहुदा पनि वजेट खर्चको हुन सकेको छैन् । सरकारले जथाभावी राष्ट्रिय गौरवको आयोजनाको घोषणा गर्दा पहिले नै ठुलो रकम खर्च भइसकेको हुन्छ । जसका कारण सरकार अर्को वर्षपनि वजेट विनियोजन गर्नुपर्ने दवावमा हुन्छ । तर ति आयोजनाले विनियोजित वजेटको ३० प्रतिशत पनि खर्च गर्ने नसक्ने अवस्थाका कारण उर्जाको क्षेत्रमा वजेट खर्च न्युन हुने गरेको जानकारहरू वताउँछन् ।

बाइटः प्रकास दुलाल, उर्जा उत्पादक

मन्त्रालयले वजेट खर्चलाई पहिलो प्राथमिकतामा राखेपनि विभिन्न प्राविधक जटिलताका कारण खर्च गर्न हुन नसकेको मन्त्रालय वताउँछ ।

बाइटः प्रविणराज अर्याल , प्रवक्ता, उर्जा जलस्रोत तथा सिचाई मन्त्रालय

नेपाल सरकारले निर्माण गर्ने भनेका ठुला जलविद्युत आयोजनाको पिपिए वतावरण मुल्या प्रतिवेदन अनुमति पत्र तथा विभिन्न मन्त्रालयगत तथा विभागसंग गर्नुपर्ने प्रकृयागत झन्झटका कारण नेपालको उर्जाको वजेट खर्च हुन नसकेको तर्क विज्ञहरूको छ ।

उत्पादित विद्युत खेर

किशोर दाहाल

सरकारले विद्युत प्रसारण र वितरणमा भएका नीतिगत अडचनहरू नहटाउदा उत्पादित विजुलीले वजार नपाउने खतरा वढेको छ । प्रसारण लाईनको निर्माणमा प्राधिकरणले तिव्रता दिन नसक्दा नीजि क्षेत्रवाट उत्पादित विजुली खेर गइरहेको छ । १००।।

नेपालमा १३ सय ३५ मेगावट जलविद्युत उत्पादन भइसकेको छ भने नीजि क्षेत्रवाट करिव २८ सय मेगावट क्षमताका जलविद्युत आयोजनाहरू निर्माणको अन्तिम चरणमा रहेका छन् । प्रसारण लाईनको अभावमा नीजि क्षेत्रवाट उत्पादित करिव ९१ मेगावट जलविद्युत खेर गइरहेको महालेखा परिक्षकको ५७ औ प्रतिवेदनमा समेत उल्लेख गरिएको छ । नीजि क्षेत्रवाट पछिल्लो समयमा जलविद्युतको क्षेत्रमा ३ खर्व भन्दा वढी लगानी गरेका छन् । तर सरकारले विद्यूतको वितरण प्रसारण र व्यापारमा सहजीकरण नगर्दा उत्पादित विजुली खेर जाने अवस्था आएको नीजि क्षेत्रको भनाई छ ।

बाइटः ज्ञानेन्द्रलाल प्रधान, अध्यक्ष , उर्जा विकास समिति नेपाल उद्योग परिसंघ

नेपालमा उत्पादन हुन लागेको विद्यूतको व्यपारका लागी सरकारले स्पस्ट नीति निर्माण गर्न सकेको छैन् । वंगलादेशले नेपालसंग विजुली खरिद गर्न चाहेपनि नेपाल सरकारले आवश्यक प्रकृया अगाडी वढाएको छैन् भने भारत नेपालको विजुली खरिद गर्नेपक्षमा देखिदैन् । त्यस्तै नेपाल सरकार विद्युतको खपत वढाउने कुरामा पनि स्पस्ट देखिदैन् । वजेट मार्फत इन्डक्सन चुलो तथा विद्युतिय सवारी साधानमा कर वढाउनुले विद्युतको खपत वढाउने कुरामा सरकार ढुलमुले नीतिमा देखिन्छ । नेपालमा औद्योगिकरण वढाउन नसक्दा उर्जाको खपत वढ्न सक्ने अवस्था छैन् । सरकारले उत्पादिन विजुलीको व्यपार वढाउन ततकाल ध्यान दिन नसकेमा यसले मुलुकको अर्थतन्त्रमा भुकम्प ल्याउने तर्क नीजि क्षेत्रको छ ।

बाइटः शैलेन्द्र गुरागाईं , अध्यक्ष, स्वतन्त्र उर्जा उत्पादन संघ

निजी क्षेत्रबाट विकास गरिने विद्युत् आयोजनाबाट उत्पादित विद्युत् प्रसारणलाइनमा जोड्न १२औं आवधिक योजनादेखि नै कालीगण्डकी प्रसारण कोरिडोर, मर्स्याङ्दी कोरिडोर, कोसी कोरिडोर, सोलु कोरिडोरलगायतका प्रसारणलाइनको निर्माण

कार्यलाई प्राथमिकतामा राखे पनि परियोजनाको काम भने सम्पन्न हुन सकेको छैन । प्रसारण लाईन निर्माण योजनामा नै समस्या रहेको जानकारहरू वताउँछन् । प्राधिकरणले ततकालको मागका आधारमा उत्तर दक्षिण र पुर्व पश्चिम प्रसारणलाई १ सय ३२ केभी क्षमताको मात्रै वनाइयो । धेरै आयोजनाहरू निर्माण भइसकेपछी उक्त क्षमताले धान्ने अवस्था रहेन र हाल सरकारले विभिन्न कोरिडोर मार्फत २ सय २० केभी प्रासारण लाईन निर्माण गरिरहेको छ तर त्यसले पनि धान्ने अवस्था नरहेको उत्पादकहरू वताउँछन् । प्रसारण लाईन निर्माण नहुनुमा जग्गा प्राप्ति र मुल्यांकन, प्रकृयागत झन्जट , टन्डर दिने प्रकृया र अन्तर्राष्ट्रिय ठेक्केदार कम्जोर अवस्थाका कारण प्रसारण लाइन निर्माण नभएको जानकारहरू वताउँछन् ।

बाइटः प्रकास दुलाल, विद्युत उत्पादक

उर्जा मन्त्रालयले पनि प्रसारण लाईन निर्माण भएको ढिलाईलाई स्कार गरेको छ । नेपाल विद्युत प्राधिकरणले बैकल्पिक उपायहरू अपनाएर केहि आयोजनाहरूको विद्युत खरिद गरिरहेको तर्क गरेको छ ।

बाइटः प्रविनराज अर्याल, प्रवक्ता, उर्जा जलस्रोत तथा सिचाई मन्त्रालय

सरकारले प्रसारण तथा वितरण र व्यपारमा भएका नीतिगत अडचनहरूलाई हटाउदै खेर गइरहेको विद्युतको खपत वढाउने काम तिव्रता दिन आवश्यक देखिन्छ । विद्युत नपुगेका तथा डिजेल पेट्रोलवाट चल्ने प्लान्टलाई विद्युतवाट विस्थापन गर्न सकेमा पनि विद्युतको खपत र व्यपार वढ्ने देखिन्छ।

सरकारले विद्युत प्रसारण र वितरणमा भएका नीतिगत अडचनहरू नहटाउदा उत्पादित विजुलीले वजार नपाउने खतरा वढेको छ । प्रसारण लाईनको निर्माणमा प्राधिकरणले तिव्रता दिन नसक्दा नीजि क्षेत्रवाट उत्पादित विजुली खेर गइरहेको छ । १००।।

नेपालमा १३ सय ३५ मेगावट जलविद्युत उत्पादन भइसकेको छ भने नीजि क्षेत्रवाट करिव २८ सय मेगावट क्षमताका जलविद्युत आयोजनाहरू निर्माणको अन्तिम चरणमा रहेका छन् । प्रसारण लाईनको अभावमा नीजि क्षेत्रवाट उत्पादित करिव ९१ मेगावट जलविद्युत खेर गइरहेको महालेखा परिक्षकको ५७ औ प्रतिवेदनमा समेत उल्लेख गरिएको छ । नीजि क्षेत्रवाट पछिल्लो समयमा जलविद्युतको क्षेत्रमा ३ खर्व भन्दा वढी लगानी गरेका छन् । तर सरकारले विद्यूतको वितरण प्रसारण र व्यपारमा सहजीकरण नगर्दा उत्पादित विजुली खेर जाने अवस्था आएको नीजि क्षेत्रको भनाई छ ।

बाइटस् ज्ञानेन्द्रलाल प्रधान, अध्यक्ष , उर्जा विकास समिति नेपाल उद्योग परिसंघ

नेपालमा उत्पादन हुन लागेको विद्यूतको व्यपारका लागी सरकारले स्पस्ट नीति निर्माण गर्न सकेको छैन् । वंगलादेशले नेपालसंग विजुली खरिद गर्न चाहेपनि नेपाल सरकारले आवश्यक प्रकृया अगाडी वढाएको छैन् भने भारत नेपालको विजुली खरिद गर्नेपक्षमा देखिदैन् । त्यस्तै नेपाल सरकार विद्युतको खपत वढाउने कुरामा पनि स्पस्ट देखिदैन् । वजेट मार्फत इन्डक्सन चुलो तथा विद्युतिय सवारी साधानमा कर वढाउनुले विद्युतको खपत वढाउने कुरामा सरकार ढुलमुले नीतिमा देखिन्छ । नेपालमा औद्योगिकरण वढाउन नसक्दा उर्जाको खपत वढ्न सक्ने अवस्था छैन् । सरकारले उत्पादिन विजुलीको व्यपार वढाउन ततकाल ध्यान दिन नसकेमा यसले मुलुकको अर्थतन्त्रमा भुकम्प ल्याउने तर्क नीजि क्षेत्रको छ ।

बाइटस् शैलेन्द्र गुरागाईं , अध्यक्ष, स्वतन्त्र उर्जा उत्पादन संघ

निजी क्षेत्रबाट विकास गरिने विद्युत् आयोजनाबाट उत्पादित विद्युत् प्रसारणलाइनमा जोड्न १२औं आवधिक योजनादेखि नै कालीगण्डकी प्रसारण कोरिडोर, मर्स्याङ्दी कोरिडोर, कोसी कोरिडोर, सोलु कोरिडोरलगायतका प्रसारणलाइनको निर्माण कार्यलाई प्राथमिकतामा राखे पनि परियोजनाको काम भने सम्पन्न हुन सकेको छैन । प्रसारण लाईन निर्माण योजनामा नै समस्या रहेको जानकारहरू वताउँछन् । प्राधिकरणले ततकालको मागका आधारमा उत्तर दक्षिण र पुर्व पश्चिम प्रसारणलाई १ सय ३२ केभी क्षमताको मात्रै वनाइयो । धेरै आयोजनाहरू निर्माण भइसकेपछी उक्त क्षमताले धान्ने अवस्था रहेन र हाल सरकारले विभिन्न कोरिडोर मार्फत २ सय २० केभी प्रासारण लाईन निर्माण गरिरहेको छ तर त्यसले पनि धान्ने अवस्था नरहेको उत्पादकहरू वताउँछन् । प्रसारण लाईन निर्माण नहुनुमा जग्गा प्राप्ति र मुल्यांकन, प्रकृयागत झन्जट , टन्डर दिने प्रकृया र अन्तर्राष्ट्रिय ठेक्केदार कम्जोर अवस्थाका कारण प्रसारण लाइन निर्माण नभएको जानकारहरू वताउँछन् ।

बाइटस् प्रकास दुलाल, विद्युत उत्पादक

उर्जा मन्त्रालयले पनि प्रसारण लाईन निर्माण भएको ढिलाईलाई स्कार गरेको छ । नेपाल विद्युत प्राधिकरणले बैकल्पिक उपायहरू अपनाएर केहि आयोजनाहरूको विद्युत खरिद गरिरहेको तर्क गरेको छ ।

बाइटस् प्रविनराज अर्याल , प्रवक्ता , उर्जा जलस्रोत तथा सिचाई मन्त्रालय

सरकारले प्रसारण तथा वितरण र व्यपारमा भएका नीतिगत अडचनहरूलाई हटाउदै खेर गइरहेको विद्युतको खपत वढाउने काम तिव्रता दिन आवश्यक देखिन्छ । विद्युत नपुगेका तथा डिजेल पेट्रोलवाट चल्ने पालान्टलाई विद्युतवाट विस्थापन गर्न सकेमा पनि विद्युतको खपत र व्यपार वढ्ने देखिन्छ।

७ वर्षमा जलविद्युत्मा सर्वसाधारणका लागि झन्डै ३९ अर्ब बराबरको आईपीओ निष्कासनको अनुमति, साढे ८ लाख जनता सेयरधनी

काठमाडौं । पछिल्लो ७ वर्षको अवधिमा सर्वसाधारणका लागि झन्डै ३९ अर्ब बराबरको प्रारम्भिक सार्वजनिक सेयर(आईपीओ) निष्कासनका लागि अनुमति दिइएको छ । नेपाल धितोपत्र बोर्ड अनुसार, आर्थिक वर्ष २०७०/०७१ देखि आव २०७६/०७७ सम्म विभिन्न जलविद्युत् कम्पनीले सर्वसाधारणका सो रकम बराबरको सेयर निष्कासन अनुमति पाएका हुन् ।

बोर्डले आव २०७०/०७१ मा विभिन्न चारओटा जलविद्युत् कम्पनीले ३८ करोड २३ लाख बराबरको पब्लिक सेयर निष्कासन अनुमति दिएको छ । २०७१/०७२ मा पनि चारओटै जलविद्युत् कम्पनीले ४ अर्ब ४ करोड ९२ लाख बराबरको सार्वजनिक सेयर निष्कासनको स्वीकृती पाएका छन् ।

त्यस्तै, २०७२/०७३ मा २ अर्ब ५७ करोड १७ लाख, २०७३/०७४ मा १ अर्ब ३९ करोड ६९ लाख, आव २०७४/०७५ मा ६ अर्ब ८ करोड १० लाख, आव २०७५/०७६ मा १५ अर्ब ४२ करोड ३२ लाख र आव २०७६/०७७ मा ९ अर्ब ७ करोड १५ लाख बराबरको आइपीओ निष्कासनका लागि बोर्डले स्वीकृति दिएको हो ।

जलविद्युत् उत्पादक कम्पनीले सर्वसाधारणका लागि आईपीओ जारी गर्न बोर्डको स्वीकृती अनिवार्य लिनुपर्छ । बोर्डले जलविद्युत् कम्पनीको वित्तिय विवरण हेरेर जलविद्युत् आयोजनाको ५० प्रतिशत भौतिक प्रगति पूरा भएपछि आईपीओ निष्कासन गर्न स्वीकृती दिने गर्छ । धितोपत्र बोर्डको धितोपत्र दर्ता तथा निष्कासन नियमावली २०७३, अनुसार, जलविद्युत् आयोजनामा १० प्रतिशत सर्वसाधारणका लागि अनिवार्य सेयर निष्कासन गर्नुपर्ने बाध्यकारी व्यवस्था छ ।

S.N	Name of company	Rate	Public issue amount	% of issue capital	Date of approved
1.	Sanima mai hydro power Ltd.	100	211,000,000	-	2070/05/21
2.	Ridi hydropower dev. com. Ltd.	100	30,000,000	-	2070/05/31
3.	Ridi hydropower dev. com. Ltd.	100	117,000,000	-	2070/10/20
4.	Barun hydropower com. Ltd.	100	24,300,000	-	2071/01/25
	Total(2070/071)=A		382300000		
1.	Upper tamakoshi hydro Ltd.		3,600,600,000	-	2071/09/18
2.	api power com. Ltd.		100,000,000	-	2071/09/30
3.	api power com. Ltd.		300,000,000		2072/03/11

4.	Barun hydropower com. Ltd.		48,600,000	-	2071/10/25
	Total(2071/072)=B		4049200000		
1.	Hydroelectricity investmernt & development com. Ltd.		2000,000,000	-	2072/05/28
2.	Ngadi group power Ltd.		48,686,800	-	2072/07/13
3.	khanikhola hydropower com. Ltd.		46571,400		2072/07/13
4.	Dibyashwari hydropower Ltd.		26,400,000		2072/11/16
5.	Ngadi group power Ltd.		57,373,700		2072/11/18
6.	Arun kabeli power Ltd.		150,000,000		2073/01/22
7.	khanikhola hydropower com. Ltd.		93,142,900		2073/01/29
8.	Dibyashwari hydropower Ltd.		39,600,000		2073/02/32
9.	Synergy power dev.Ltd.		70,000,000		2073/03/28
	Total(2072/073)=C		2571774800		
1.	United modi hydropower Ltd.	100	115,000,000	10%	2073/05/01
2.	Arun kabeli power Ltd.	100	300,000,000	20%	2073/06/16
3.	Nepal hydro dev. Ltd.	100	26,000,000	10%	2073/07/02
4.	Synergy power dev.Ltd.	100	210,000,000	30%	2073/08/23
5.	Himalayn power partner Ltd.	100	106,541,700	10%	2073/08/24
6.	chhyangdi hydropower Ltd.	100	27,000,000	10%	2073/08/24
7.	United modi hydropower Ltd.	100	172,500,000	10%	2073/10/19
8.	Ridi hydropower com. Ltd.		41,000,000	10%	2073/12/03
9.	chhyangdi hydropower Ltd.		54,000,000	20%	2074/01/11
10.	Rairang hydropower dev. com. Ltd.		56,000,000	10%	2074/01/24
11.	Himalayn power partner Ltd.		213,000,000	20%	2074/02/16
12.	Nepal hydro dev. Ltd.		39,000,000	15%	2073/03/23
13.	mailungkhola jal.bidhyut com. Ltd		36,814,400	10%	2074/01/24
	Total(2073/074)=D		1396939500		
1.	Ridi hydropower com. Ltd.		76,455,000	15%	2074/07/27
2.	panchkanya mai hydropower		110,000,000	10%	2074/08/05
3.	sanjen jalbidhyut com. Ltd.		876,000,000	24%	2074/08/26
4.	joshi hydropower Ltd.		37,140,000	10%	2074/12/28
5.	suvam power Ltd.		20,000,000	10%	2074/12/28
6.	Rairang hydropower dev. com. Ltd.		84,000,000	15%	2075/01/09
7.	upper tamakoshi hydropower Ltd.		2,647,500,000	25%	2075/02/23
8.	mountain hydro power Ltd.		125,000,000	10%	2075/03/01

9.	ghalemdi hydropower Ltd.		55,000,000	10%	2075/03/06
10.	panchkanya mai hydropower		110,000,000	10%	2075/03/08
11.	union hydropower Ltd.		75,000,000	10%	2075/03/14
12.	ankhukhola jalbidhyut com. Ltd.		200,000,000	25%	2075/03/27
13.	rasuwagadi hydropower co. Ltd.		1,642,104,000	24%	2074/09/20
14.	kalika power co. Ltd.		60,000,000	10%	2074/09/21
	Total(2074/075)=E		6081059000		
1.	Kalika power com. Ltd	100	120,000,000	10%	2075/05/03
2.	Himalayan urja bikash com.	100	990,000	30%	2075/06/02
3.	Madhya bhotekoshi jalabidhyut com. Ltd	100	1440,000,000	24%	2075/06/29
4.	Joshi hydropower development com. Ltd	100	169,047,000	46%	2075/07/18
5.	Ghalemdi hydro Ltd.	100	155,577,000	28%	2075/08/16
6.	Universal power com. Ltd.	100	9,661,610	46%	2075/08/27
7.	shiv shree hydropower ltd	100	147,640,000	10%	2075/09/10
8.	Pachthar power com. Ltd.	100	192,500,000	20%	2075/09/13
9.	Greenlife hydro Ltd.	100	180,000,000	10%	2075/09/17
10.	Himalayan urja biksah com.	100	148,500,000	15%	2075/10/21
11.	Union hydro limited	100	353,434,000	47.12%	2075/10/26
12.	Mountain hydro Nepal ltd.	100	181,611,000	14.53%	2075/11/01
13.	Trisuli jal.bidhyut com. ltd.	100	370,500,000	15%	2075/11/30
14.	Sanjen jal. bidhyut com. ltd.	100	547,500,000	15%	2075/12/10
15.	Rasuwagadi hydro. com. ltd.	100	10,626,315,000	15%	2075/12/10
16.	Himal dolakha hydropower com. ltd.	100	780,000,000	48.75%	2075/01/25
	Total (2075/076)= F		15,423,275,610		
17.	Shiv shree hydropower ltd.	100	33,551,140	22.69%	2076/06/01
18.	Liberty energy com. ltd.	100	150,000,000	10%(local)	2076/11/08
19.	Liberty energy com. ltd.	100	225,000,000	15%(general)	2076/11/08
20.	United Idi mardi & RB hydropower ltd.	100	105000,000	25%	2076/11/08
20.	Mountain energy nepal ltd.	100	393,605,400	20%	2077/03/25
	Total(2076/077)=G		9071,565,540		
	Total upto(A+B+C+D+E+F)		38,976,114,450		

सरकारले पनि दश वर्षमा १० मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य लिएको छ । ऊर्जा विज्ञका अनुसार, प्रतिमेगावाट बिजुली उत्पादन गर्न २० करोड लागत लाग्ने अनुमान गर्दा सरकारले दश वर्षमा २० खर्ब रूपैयाँ पूँजी जुटाउनुपर्छ । सरकार र निजीक्षेत्रको गर्ने लगानी लक्ष्य प्राप्तीका लागि चुनौतीपूर्ण छ । त्यस कारण सरकारले आयोजना प्रभावित क्षेत्र र सर्वसाधारणको

समेत लगानी र सहभागीता सुनिश्चित गरेको छ ।

वि.सं १९६८ मा पहिलो पटक फर्पिङ जलविद्युत् आयोजनाले ५०० किलोवाट विद्युत् उत्पादन पश्चात नेपालमा जलविद्युत् आयोजना निर्माण लगानीको वातावरण बन्दै गयो । जलविद्युत् उत्पादनको इतिहास हेर्ने हो भने विद्युत् प्राधिकरण र निजी क्षेत्र गरी हालसम्म साढे १ हजार ३०० मेगावाटउत्पादन छ । तर, हिउँदमा भने एकतिहाई ४५० मेगावाटसम्म मात्र विद्युत उत्पादन हुन्छ । अहिले भारतबाट ३५० मेगावाटभन्दा बढि विद्युत् आयात भइरहेको छ ।

सरकारी योजना र लक्ष्यअनुसार विद्युत उत्पादन भएको भए अहिले सम्म राष्ट्रिय प्रणालीमा यो अवधिमा १० हजार मेगावाट बिजुली जोडिसक्थ्यो । । तर, राजनीतिक र नीतिगत अस्थिरता सँगै समयमै आयोजना सम्पन्न हुन नसक्नु, प्रसारण लाइन नबन्नु, जग्गा, बनको उपयोगमा समस्या लगायतका मुख्य कारणले ऊर्जा क्षेत्रले फड्को मार्न सकेको छैन् ।

सरकारले जलविद्युत् आयोजना निर्माणमा स-साना पूँजी जुटाउने भनेर सर्वसाधारणका लागि सेयर निष्कासन गर्ने नीति लिएपनि त्यसमा शेयर लगानीकर्ता र जनता उत्साहित छैनन् । जलविद्युत् कम्पनीबाट सेयर किनेको सर्वसाधारणले निश्चित प्रतिफलको आसा गरेका हुन्छ । तर, अधिकांश जलविद्युत् कम्पनीले सर्वसाधारणलाई प्रतिफल दिन सकेका छैनन् ।

प्रतिफल पाउन लामो समय पर्खनुपर्ने, सेयर घटबढ हुने, जलविद्युत् आयोजना निर्माणमा हुने ढिलाईका लगायतका कारणले जलविद्युत् आयोजनामा जनताको सेयर आकर्षण घट्दै गएको स्वंयम लगानीकर्ताहरू बताउँछन् । सेयर खरिद गरेका लगानीकर्ता तथा सर्वसाधारणले पनि जसरी पनि सेयर बेच्ने मनस्थितिमा छन् । अहिले नेपाल सेयर एक्सचेन्ज कम्पनी(नेप्से) बजारमा ३३ ओटा जलविद्युत् कम्पनी सुचीकृत भइ सेयर कारोबार गरिरहेका छन् । त्यसमध्ये १८ ओटा जलविद्युत् कम्पनीको सेयर मुल्य अंकित मुल्य(प्रतिकित्ता एक सय) भन्दा कम छन् ।

नेप्सेमा सेयर कारोबार भएकामध्ये आँखुखोला जलविद्युत् कम्पनी, अरूण भ्याली हाइड्रोपावर डेभलपमेन्ट कम्पनी, बरूण हाइड्रोपावर कम्पनी, छ्याङ्दी हाइड्रोपावर कम्पनी, दिव्यश्वरी हाइड्रोपावर कम्पनी,घलेम्दी हाइड्रोपावर कम्पनी, हिमाल दोलखा हाइड्रोपावर कम्पनी लिमिटेड, हिमालय ऊर्जा विकास कम्पनी लिमिटेड, जोशी हाइड्रोपावर कम्पनी, खानीखोला हाइड्रोपावर कम्पनी, नेसनल हाइड्रोपावर कम्पनी, पन्चकन्या माइ पावर कम्पनी, माउन्टेन हाइड्रोपावर कम्पनी, रिदी हाइड्रोपावर कम्पनी लिमिटेड, सिनर्जी पावर कम्पनी, युनियन हाइड्रोपावर कम्पनी, युनिभर्सले पावर कम्पनी र रैराङ हाइड्रोपावर कम्पनीको सेयर मुल्य सय रूपैयाँ प्रतिकित्ताभन्दा कम छ ।

क्र.सं	जलविद्युत् कम्पनीको नाम	प्रतिकित्ता सेयर मुल्य(रू.मा)
१.	आँखुखोला जलविद्युत् कम्पनी	५१
२.	अरूण भ्याली हाइड्रोपावर डेभलपमेन्ट कम्पनी	९३
३.	बरूण हाइड्रोपावर कम्पनी	८२
४.	छ्याङ्दी हाइड्रोपावर कम्पनी	८३
५.	दिव्यश्वरी हाइड्रोपावर कम्पनी	५०
६.	घलेम्दी हाइड्रोपावर कम्पनी	५९
७.	हिमाल दोलखा हाइड्रोपावर कम्पनी लिमिटेड	९१
८.	हिमालय ऊर्जा विकास कम्पनी लिमिटेड	९३
९.	जोशी हाइड्रोपावर कम्पनी	५६
१०.	खानीखोला हाइड्रोपावर कम्पनी	४९
११.	नेसनल हाइड्रोपावर कम्पनी	५३
१२.	पन्चकन्या माइ पावर कम्पनी	७२
१३	माउन्टेन हाइड्रोपावर कम्पनी	८२
१४	रिदी हाइड्रोपावर कम्पनी लिमिटेड	८४
१५	सिनर्जी पावर कम्पनी	९७
१६	युनियन हाइड्रोपावर कम्पनी	५८
१७	युनिभर्सले पावर कम्पनी	७०
१८	रैराङ हाइड्रोपावर कम्पनी	९५

चिलिमे हाइड्रो पावर कम्पनी, बुटवल पावर कम्पनी, अपर तामाकोशी जलविद्युत् कम्पनी लगायतका केही जलविद्युत् कम्पनीको मात्रै सेयर मुल्य सयभन्दा बढि छ ।सेयर प्रतिकित्ता सयभन्दा कम हुने जलविद्युत् कम्पनीको वित्तीय क्षमता निकै कमजोर हुने गर्छ । त्यस्ता जलविद्युत् कम्पनीले विद्युत् विक्रि गरेको आम्दानीले पनि ऋणको व्याज तिर्न र सञ्चालन खर्च समेत जुटाउन सक्दैन् । अहिले अधिकांश जलविद्युत् कम्पनीको वित्तीय क्षमता कमजोर छ ।

कम्पनीका सेयरधनीले राम्रो प्रतिफल नपाएपछि लगानीकर्ता तथा सर्वसाधारण निराश हुनुपर्ने अवस्था छ । यसरी, दोस्रो सेयर बजारमा अधिकांश जलविद्युत् आयोजनामा लगानीकर्ताको आकर्षण हुन नसक्दा कम्पनीका प्रवर्द्धकहरू निराश छन् ।

जलविद्युत सँग सम्वन्धीत जलविद्युत् कम्पनीहरूको वित्तिय विवरण जे जस्तो भएपनि सर्वसाधारणले १० कित्ताका लागि १००० रूपैयाँ जलविद्युत् विकासका त हो नी भन्ने ढंगले लगानी गर्दा पनि सेयरबाट प्रतिफल पाउन नसक्ने अवस्था छ ।

सरकाले 'स्किम' परियोजनाका रूपमा जनताको जलविद्युत कार्यक्रम अर्न्तगत २१ ओटा जलविद्युत् आयोजनालाई आकर्षण आयोजनाको सुचीमा राखेको छ । 'नेपालको पानी जनताको लगानी, हरेक घरधुरी विद्युत् सेयरको धनी' भन्ने नारा लिएर सरकार ती आयोजनामा सर्वसाधारणलाई सेयरधनी बनाउने योजना लिएको छ ।

यसबीचमा ३७ मेगावाटको त्रिशूली थ्री बीको प्राथमिक निष्कासन गरी प्रतिकित्ता १० रूपैयाँका दरले पैसा उठाउनेबाहेक अरू काम अघि बढ्न सकेको छैन । त्यसको केही समयपछि सर्वसाधारणमा सेयर निष्कासनको अन्तिम तयारीमा रहेको १ सय ११ मेगावाटको रसुवागढी र ४२.५ मेगावाटको सान्जेन जलविद्युत् आयोजनालाई पनि आकर्षक आयोजनाका रूपमा छनौट गरिएको छ ।

रसुवागढी र सान्जेनले सर्वसाधारणमा सेयर बिक्री गरीकन दोस्रो बजारमा व्यापारिक कारोबार सुरू भइसकेको छ । तर, सुरू गर्ने भनिएका लक्षित आयोजनाको अहिलेसम्म कुनै प्रगति भएको छैन ।

यद्यपी, तामाकोसी 'पाँचौं', होङ्सा र भेरी बबई जलविद्युत् आयोजनाको सेयर चालू आर्थिक वर्षभित्रै निष्कासन गर्ने सरकारले बताइरहे पनि अझै त्यसको तयारी गरिएको छैन ।

तर, सरकारी अधिकारीहरू भने छोटो समयमै उपलब्धि प्राप्त नहुने भन्दै दिर्घकालीन रूपमा कार्यक्रम सफल हुने दाबी गर्छन् । 'अहिलेसम्म तीनवटा ठूला आयोजनामा सेयर निष्कासन भइसक्यो । यस वर्ष तीनवटा आयोजनाको सेयर निष्कासन हुन्छ,' ऊर्जा सचिव दिनेशकुमार घिमिरेले भने, 'तयारी भइरहँदा 'आउटपुट' नदेखिएको होला । जनता उत्साहित नै छन् ।'

केही आयोजनाको अध्ययन पूरा भएको र केही अध्ययन भइरहेकाले ५ वर्षभित्र जनताको लगानी हुने आयोजना सम्पन्न गर्ने लक्ष्य पूरा हुने दाबी गर्न भने उनी चुकेनन् ।

सरकारले आकर्षक प्रतिफल दिने जलविद्युत् आयोजना भनेर घोषणा गरेका आयोजनामा मात्रै होइन्, अहिले निजी जलविद्युत् कम्पनीको लगानीमा निर्माण हुने र निर्माणधीन जलविद्युत् आयोजनाको हालत पनि उस्तै छ ।

बैंकको बढ्दो व्याजदर, प्रसारण लाइन नबन्नु, बनेका जलविद्युत् आयोजनाको विद्युत् विद्युत् खरिद विक्रि मुल्य(पीपीए) दर निश्चित हुनु लगायतका नीतिगत तथा पूर्वाधारका समस्याले पनि सर्वसाधारण लगानीकर्ता जलविद्युत् कम्पनीको सेयरप्रति आकर्षित हुन नसकेको स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था(इपान) का उपाध्यक्ष कुमार पाण्डे बताउँछन् ।

जलविद्युत् कम्पनीले सेयर लगानीकर्तालाई प्रतिफल दिन सक्षम नहुँदा सर्वसाधारणको सेयर खरिदप्रति आकर्षण बढ्न नसकेको उनको भनाइ छ ।

'आयोजना प्रभावितका स्थानीयलाई स्थानीय स्रोतमाथिको अधिकार दिनुपर्छ भन्ने हिसावले सेयर निष्कासन पहिला देखि सुरू भएको हो । झट्ट सुन्दाखेरी यो आकर्षक पनि छ । र, थियो पनि ।तर, सेयर किन्नुपर्छ भनेर उक्साइयो पनि । उनीहरूले सेयरबारे त्यति बुझेनन् । तर, जलविद्युत् आयोजना समय र लागतमा नसकिने, लगानी गर्ने जनताको नियन्त्रणमा नहुने र आयोजनाले लाभांश नै दिन नसक्ने कारणले यसको लक्ष्य प्राप्त हुन सकेको देखिँदैन् ।' उनले भने । जनताले आफ्नो सेयर लगानीबाट केही न केही फाइदा गरून भन्ने उद्धेश्यले सेयर दिन थालेपनि त्यो उद्धेश्यण पूरा हुन नसकेको उनको भनाई छ । त्यस्तै, दोस्रो बजार नेप्सेबाट भने छरिएको पूँजीलाई संकलन गरी जलविद्युतमा लगानी गर्ने लक्ष्य केही हदसम्म सफल भएको उनी बताउँछन् ।

जलविद्युत् कम्पनीमा लगानी गर्ने सर्वसाधारण तथा जुनसुकै लगानीकर्ता पनि सम्वन्धीत कम्पनीको वित्तिय अवस्था, निरन्तर 'अपडेट' र लगानी गरिसकेपछि प्रतिफल दिन सक्छ कि सक्दैन भन्ने विचार गरेर सेयर खरिद गर्नुपर्ने धितोपत्र बोर्डका प्रवक्ता निरज गिरीको तर्क छ ।

बोर्डले तोकेको मापदण्ड अनुसार निवेदन प्राप्त जलविद्युत् कम्पनी आईपीओ निष्कासनका लागि अनुमति पाउने भएकाले कुन जलविद्युत्मा कम्पनीमा सेयर हाल्ने वा नहाल्ने भन्ने विचार पुऱ्याएर सेयर खरिद गर्नुपर्ने उनको भनाइ छ ।

अहिले नेप्सेमा झन्डै ३३ ओटा जलविद्युत् कम्पनी सुचीकृत भइ सेयर कारोबार गरिरहेका छन् । ती जलविद्युत् कम्पनीमार्फत सेयर कारोबार गर्ने झन्डै साढे ८ लाख सर्वसाधारण लगानीकर्ता रहेको इपान स्रोतले जनाएको छ ।

प्रसारण लाइन अभावमा वार्षिक झन्डै २ अर्बको बिजुली खेर

निजी जलविद्युत् उत्पादकलाई नोक्सान

हरिप्रसाद शर्मा

काठमाडौं । चार वर्षअघिसम्म पनि यस्तो बेला थियो, बत्ती आयो भनेर शहरका चोकचोकमा उल्लास हुन्थ्यो । सामान्य परिवारका अधिकांस मानिसहरू समयतालिका हेरेर आफ्नो काम गर्ने कार्यतालिका बनाउँथे अर्थात् विद्युत आउने समयलाई एकीन गरेर आफ्नो कामको योजना अघि बढाउँथे । करीव १८ घण्टासम्मको लोडसेडिङमा मानिसहरू टुकी र मैनबत्तीमा निर्भर रहन्थे । तर, अहिले परिस्थिति फेरिएको छ । लोडसेडिङ तालिका कुन चराको नाम हो, खोज्नुपर्ने छ । यद्यपी यदाकदा भ्याप्प भ्याप्प बत्ती जाने समस्या भने समाधान भईसकेको छैन ।

तत्कालीन ऊर्जामन्त्री जनार्दन शर्माले नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक मुकेश काफ्लेलाइ हटाएर २०७३ भदौ २९ गते कुलमान घिसिङलाई प्राधिकरणको जिम्मेवारी सुम्पिएको एक वर्षभित्रै मुलुक लोडसेडिङ मुक्त बन्न पुग्यो । त्यसका लागि प्राधिकरण आँफैले उत्पादन गरेको विद्युत्, निजी क्षेत्रबाट उत्पादित भएको र भारतबाट आयातित विद्युत उपयोग गरेर अहिले मुलुकमा लोडसेडिङ अन्त्य भएको घोषणा गरिएको छ । प्राधिकरण र निजी क्षेत्रबाट गरी हाल वर्षायाममा साढे १३ सय मेगावाट र हिउँदमा ४५० मेगावाटसम्म विद्युत उत्पादन हुन्छ ।

यता, स्वदेशी बिजुलीको माग धान्न भारतबाट समेत आयात गर्नुपर्ने अवस्था विद्यमान छ ।गत आर्थिक वर्षको २०७६/०७७ मा भारतबाट झन्डै १३ अर्ब बराबरको बिजुली आयात भएको प्राधिकरणका स्रोतले जनाएको छ । अघिल्लो आव २०७५/०७६ को तुलनामा ४५ प्रतिशत आयात कम भएको हो । गत आवमा भारतबाट २ अर्ब ९० करोड १५ लाख युनिट हाराहारीको बिजुली आयात भएको प्राधिकरणले जनाएको छ । अहिले मुलुकभर करीव १५०० मेगावाट विद्युतको माग छ ।

हाल प्राधिकरण र निजी क्षेत्रबाट उत्पादित विद्युत		
विद्युत् क्षमत (मे.वा)	आयोजनाको संख्या	उत्पादित बिजुली(मे.वा)
० देखि १०	९५	२९५.६७
१० देखि ५०	२३	४६६.५१
५० देखि १००	६	३६९
१०० देखि माथि	१	१४४
जम्मा	१२५	१२७५.१८
स्रोतःविद्युत प्राधिकरण र निजी क्षेत्र		

विद्युतको वितरणमा एकलौटी राज गरेको प्राधिकरणले मागअनुसारको बिजुली आपूर्ति भईरहेको जनाएको छ । ४५६ मेगावाटको माथिल्लो तामाकोशी जलविद्युत् आयोजना सम्पन्न भए (आगामी मंसीर)पछि सबै आयोजना पूर्ण रूपमा सञ्चालन आएमा रातको समयमा झन्डै २०० मेगावाट बिजुली खेर जाने प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ बताउँछन् । गत चैतदेखी विश्वव्यापी रूपमा देखापरेको कोरोना भाईरसको संक्रमण नेपालमा पनि देखिएको छ । गत चैत ११ गतेदेखि सरकारले बन्दाबन्दी (लकडाउन) घोषणा गरेसँगै उद्योग तथा कलकारखाना बन्द हुँदा विद्युत खेर गएको स्थिति थियो । यद्यपी साउन सुरूबाट लकडाउन अन्त्य भएको घोषणासँगै फेरी पुर्ववत् अवस्थामा विद्युतको माग आएको प्राधिकरणकै भनाई छ ।

नेपालका अधिकांस जलविद्युत् आयोजना रन अफ दि रिभर (नदी प्रवाही) प्रकृतिका छन् । जसका कारण बर्षायाममा नदी प्रवाह बढ्ने हुँदा विद्युत् उत्पादन क्षमता बढ्छ । गत आर्थिक वर्ष २०७६/०७७ मा ४५६ मेगावाटको माथिल्लो तामाकोशीसहितका ५० ओटा जलविद्युत आयोजना सम्पन्न गर्ने योजना रहेकोमा कोभिड-१९ का कारणले प्राधिकरणको लक्ष्यमा धक्का लागेको छ । र चालू आर्थिक वर्षमा सम्पन्न हुने प्राधिकरणको विश्वास छ ।

लकडाउनकै अवधिमा निजीक्षेत्रका ४ ओटा आयोजना सम्पन्न भएर १४ मेगावाट बिजुली राष्ट्रिय ग्रीडमा थपिएको छ । गत आर्थिक वर्षभरी १५९ मेगावाट बिजुली थप भएसँगै २०७७ असारसम्म राष्ट्रिय प्रसारण लाईनमा १ हजार ३ सय ८० मेगावाट विद्युत जोडिएको चालू वर्ष माथिल्लो तामाकोशीसहित थप आयोजनाहरू निर्माण भई राष्ट्रिय ग्रीडमा जोडिने विश्वास गरिएको छ ।

आव २०७६/०७७ मा सम्पन्न गर्ने लक्ष्य लिएर पूरा नभएका जलविद्युत् आयोजना

क्र.सं	जलविद्युत् आयोजना	क्षमता(मेगावाट)
१.	घट्टेखोला जलविद्युत् आयोजना	५
२.	लोवर खारे खोला	११
३.	इदीखोला	०.९७५
४.	लोवर मोदी	२०
५.	सिंगटीखोला	२५
६.	अपर रवाखोला	३
७.	मिस्त्रीखोला	४२
८.	अपर दोर्दी ए	२५
९.	नमार्जुन मादी	११.८८०
१०.	अपर खादम	०.९९०
११.	बिजयपुर २ खोला	४.५
१२.	गेलुन खोला	३.२
१३.	अपर पराजुली खोला	२.१५०
१४	अपर सान्जेन	१४.८
१५.	रिचेटखोला	४.९८०
१६.	दोर्दीखोला	२७
१७.	न्यादी	३०
१८.	हाडीखोला सुनकोशी ए	०.९९७
१९	बुटवल सोला	८.५
२०.	मिथिला सोलार पीभी इलेक्ट्रिसिटी	१०
स्रोतः नेपाल विद्युत् प्राधिरकण		

विद्युत खपतको अवस्था

विद्युत् प्राधिकरणकै तथ्यांकलाई आधार मान्ने हो भने ८६ प्रतिशत जनसंख्यामा पहुँच पुगेको छ । अर्थात् २०७७ असारसम्म ४२ लाख २० हजार घरायशी ग्राहक छन् । सामुदायिक थोक ग्राहक र उनीहरूका ग्राहक गरी पौने ६ लाख विद्युत् ग्राहक रहेका छन् । यसरी झन्डै ४७ लाख ग्राहकसमक्ष बिजुली पुगेको प्राधिकरणका उपकार्यकारी निर्देशक हरराज न्यौपाने बताउँछन् । यो सवै गरेर झन्डै ९० प्रतिशत जनसंख्यामा बिजुलीको पहुँच छ । प्राधिकरणकै तथ्यांकअनुसार पनि अझै १० प्रतिशत जनसंख्यामा विद्युत आपूर्ति गर्न बाँकी नै छ ।

विद्युत खपतका लागि हामीसँग प्रसस्त स्रोतहरू छन् । विभिन्न उद्योग, कलकारखाना, बिजुली बस, विद्युतीय चुल्होलाई व्यापक रूपमा विस्तार गर्ने सम्भावना छ । त्यसैगरि सबै नेपाली घरघरमा विद्युत पुऱ्याउनुपर्ने आवश्यकता पनि त्यत्तिकै छ । अझै पनि धेरै ग्रामीण क्षेत्रहरू विद्युतको अभावमा टुकी र मैनबत्तीमै निर्भर छन् । ओद्योगिक कलकारखानाले पनि क्षमता/आवश्यकताअनुसार विद्युत् पाएनौं भनेर भनिरहेका छन् । यस्तो स्थितिमा गुणस्तरीय विद्युत दिन सकेको स्थितिमा खपत गर्ने पर्याप्त ठाउँ छ भन्ने बुझ्न गाह्रो छैन । बारम्बारको लाईन ट्रिपिङको समस्याले औद्योगिक क्षेत्रले विद्युत प्रयोग नगरी पेट्रोलियम पदार्थ प्रयोग गरि विद्युतीय अभाव पुरा गर्नुपर्ने वाध्यता अद्यापी कायमै छ । सरकारी अधिकारीहरू नै औद्योगिक क्षेत्रमा ३५० देखि ४०० मेगावाट बिजुली खपत गर्न सकिने बताउँछन् । त्यस्तै, बिद्युतिय सवारीसाधन र विद्युतीय चुल्होको प्रयोग बढाउँदा कम्तीमा २०० देखि ३०० मेगावाट बिजुली थप खपत हुने अनुमान प्राधिकरणको छ ।

सरकारले स्वदेशमा विद्युत खपत गरी बढी भएको बिजुली निर्यात गर्ने नीति अख्तियार गर्दै आएको छ । साथै बर्षायाममा बढी हुने बिजुली निर्यात गर्ने र हिउँदमा आवश्यक पर्दा आयात गर्न 'इनर्जी बैंकिङ' प्रणाली लागू गर्न पनि प्राधिकरणले

गृहकार्य गरिरहेको छ । ५ हजार मेगावाट बिजुली बंगलादेश बेच्ने सहमति भइसकेको छ । त्यस्तै, भारतसँग पनि बिजुली निर्यातका लागि अनुमति लिइसकेको छ ।

अहिले पनि उद्योगले चाहिएजति बिजुली पाएका छैनन् । नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष शेखर गोल्छाले निर्यात गर्नुपर्ने बिजुली सस्तो दरमा उद्योगलाइ दिँदा उद्योगमैत्री वातावरण बन्ने र त्यसले थप रोजगारी सिर्जनामा सहयोग पुग्ने बताए । 'नेपालकै उद्योगले सस्तोमा बिजुली पाउन सक्यो भने उद्योग फस्टाउँछ । बढी रोजगारी पैदा गर्छ र यसले व्यापार घाटा पनि कम गराउँछ' गोल्छाले भने, 'भारत/बंगलादेशलाइ बेच्नु भन्दा पहिलो चरणमा बढी भएको बिजुली उद्योगलाई बेच्न भनेका छौं तर, कार्यान्वयन हुन सकेको छैन ।'

प्राधिकरणले भने बिजुली उत्पादनसँगै विश्वसनीय र भरपर्दो वितरण प्रणालीमा जोड दिइरहेको दावी गर्दै आएको छ । ' प्राधिकरणको पूरै ध्यान (फोकस) वितरण प्रणाली मजबुद बनाउन केन्द्रित छ' कार्यकारी निर्देशक घिसिङ भन्छन्, 'विगत २/३ वर्षदेखी धेरै ठाउँमा प्रसारण लाइन निर्माण, मर्मत/सम्भार र सवस्टेशन निर्माण भएका छन् । यो वर्ष पनि लाइन मर्मत र निर्माणको द्रुत गतिमा अघि बढ्छ ।' बढी भएको बिजुलीको माग बढाउने र आवश्यक परे निर्यातका लागि पनि इनर्जी बैंकिङमार्फत भारत पठाउने तयारीमा रहेको कार्यकारी निर्देशक घिसिङले बताए । उनले कुनै पनि बहानामा विद्युत खेर जान नदिइने बताए ।

किन विद्युत् खेर जान्छ ?

बिजुली किन र कसरी खेर जान्छ भन्ने बारेमा धेरै नै बहस हुने गरेको छ । खासगरि विद्युत उत्पादन बढेपनि खपत बढ्न सकेन भने विद्युत खेर जान्छ । आगामी दिनमा विद्युत उत्पादन बढेर माग कम अर्थात् कम हुँदा खेर जाने सम्भावना रहेपनि तत्काल भने विद्युत् गृहसम्म पुग्ने क्षमताअनुसारको प्रसारण लाईन नहुँदा खेर जाने गरेको छ । खासगरि विद्युत आयोजना बनेर विद्युत गृहबाट विद्युत उत्पादन सुरू भईसक्दा पनि प्रसारण लाईन समयमै नबन्दा विद्युत खेर जाने कारण बनेको छ । प्रसारण लाइन नबनेर विद्युत खेर जाने समस्या अहिले पनि कतिपय आयोजनामा देखिएको छ भने निर्माणधीन धेरै आयोजनाहरू यसको मारमा पर्ने सम्भावना छ । निजीक्षेत्रबाट विद्युत उत्पादन गर्न सक्रिय प्रवर्धकहरू प्रसारण लाईनका कारण बिजुली खेर जाने चिन्तामा छन् । विद्युत् प्रसारण लाईन नभए विद्युत राष्ट्रिय प्रणालीमा नजोडिँदा खेर जाने अवस्था आउँछ ।

प्रसारण लाईनको समस्या ठूला परियोजना भन्दा पनि साना जलविद्युत आयोजनामा छ । अधिकांस साना जलविद्युत् आयोजना ११/३३ केभी प्रसारण लाइनमा जोडिएका छन् । दशक/दुई दशकअघिदेखी बनाइएको प्रसारण लाइनको क्षमता अभिवृद्धि हुन नसक्दा अहिले विद्युत खेर जाने अवस्था आएको ऊर्जा विज्ञ तथा इन्जिनियर सुर्य अधिकारी बताउँछन् । प्रसारण लाईनको क्षमता विस्तारमा र विद्युत गृहसम्म प्रसारण लाईन पुऱ्याउने सवालमा प्राधिकरणले कुरा बढी गर्ने तर, काममा सिन्को नभाँच्दा समस्या भएको अधिकारीका बुझाई छ । 'क्षमता अभिवृद्धि नगरी नयाँ आयोजना थपिँदा पहिलेकै लाइनले धान्न सक्दैन । अभिवृद्धि गर्ने कुरा चल्या हो । तर, प्राधिकरणले त्यसमा सिन्कोसम्म भाँचेको छैन' अधिकारीले भने, 'यो समस्या विगत ८/९ वर्षदेखिकै हो ।' खासगरी वर्षायाममा विद्युत् गृह पूर्ण क्षमतामा चल्दा विद्युत खेर जाने गरेको छ । यसले गर्दा निजी ऊर्जा उत्पादकले आर्थिक नोक्सानी बेहोर्नु परेको छ ।

निजी क्षेत्रका विद्युत उत्पादकहरूको साझा संस्था स्वतन्त्र ऊर्जा उत्पादक संस्था (इपान) नेपालले अतिरिक्त वा खेर जान सक्ने बिजुलीको व्यवस्थापन गर्न पहल गर्दै आएको छ । तर, ऊर्जा मन्त्रालय, उद्योग मन्त्रालय र प्राधिरकण एउटै टेबुलमा बसेर निर्णय गर्ने संयन्त्र (मेकानिज्म) नहुँदा समस्या सल्टिन नसकेको इपानका अध्यक्ष शैलेन्द्र गुरागाइँ बताउँछन् । 'इपानले सुरू देखि नै अतिरिक्त वा बढी हुने बिजुली व्यवस्थापन गर्न ऊर्जा, उद्योग र प्राधिकरणबीच एउटै टेबलबाट निर्णय (सिंगल डेस्क डिसिजन)को संयन्त्र हुनुपर्छ भन्दै आएको छ' गुरागाईंले भने, 'हामीसँग उत्पादित बिजुलीको व्यवस्थापन कसरी गर्ने, निर्माणाधीन आयोजना कसरी चाँडो सक्ने, लाइसेन्स 'स्टडी' भएका आयोजना कति छन् र तिनलाई कसरी निर्माण प्रक्रियामा लैजाने भन्ने कुरा एउटै डेस्कबाट निर्णय हुन सक्यो भने मात्र समस्या समाधान हुन्छ । अन्यथा, सबै कुरा कागजमै सीमित हुने देखिन्छ ।' उनले अतिरिक्त बिजुली उद्योगमै व्यवस्थापन गर्न सकिने बताए ।

झन्डै ३० मेगावाट बिजुली खेर

खासगरी, १३२/३३ केभीएको सवस्टेशन र सिँगटीदेखि लामो साँघुसम्मको १३२ केभी प्रसारण लाइन बनेको छ । तर, लाइनको क्षमता अभिवृद्धि तथा स्तरोन्नती नगरिँदा लोड धान्न सकेको छैन । दोलखा र रामेछापमा उत्पादित २०.४३ मेगावाटमध्ये १४ मेगावाट मात्रै ग्रीडमा जोडिएको छ । बाँकी करिव ६ मेगावाट खेर गइरहेको छ । सिप्रिङखोला जलविद्युत आयोजनाको क्षमता १० मेगावाट हो । प्रसारण लाइनको अभावले ४.८५ मेगावाट मात्रै मुस्किलले ग्रीडमा जोडिएको छ । यता, खानीखोला जलविद्युत आयोजनाको ६.४ मेगावाट विद्युत् प्रसारण लाइनले नधान्दा पूर्ण क्षमतामा सञ्चालनमा आउन सकेको छैन । विगत ३ वर्षदेखि यो आयोजनाको ३० प्रतिशत बिजुली ग्रीडमा जोडिएको छ भने ७० प्रतिशत (४.४८ मेगावाट) विद्युत खेर गइरहेको छ ।

पूर्वी कोशी करिडोरमा ३३ केभी करिडोरमा विभिन्न ४ ओटा जलविद्युत् आयोजनाको क्षमता २६ मेगावाट छ । तर, प्रसारण लाइनको नबनाइदा १६ मेगावाट मात्र ग्रीडमा जोडिएको छ । त्यो क्षेत्रमा १० मेगावाट विजुली खेर गइरहेको छ । त्यस्तै, म्याग्दीको थापाखोला जलविद्युत् आयोजनाको १३ मेगावाटमध्ये

८ मेगावाट मात्र ग्रीडमा जोडिएको छ । त्यहाँ पनि ५ मेगावाट बिजुली खेर गइरहेको प्रवर्द्धकको भनाई छ ।

लमजुङमा उदीपुर देखि मनाङ जोड्ने लाइन स्तरोन्ती तथा नयाँ नबन्दा निर्माणधीन अपर सान्गे जलविद्युत आयोजनाको २.४ मेगावाट खेर जाने स्थितिमा छ । आयोजना निर्माणको अन्तिम चरणमा रहेपनि प्रसारण लाइन नहुँदा विद्युत उत्पादन भएकै दिनदेखी खेर जाने अवस्था छ ।

अहिले खासगरी ११ र ३३ केभीए लाइनमा सवैभन्दा ठूलो समस्या छ । ललितपुरको टुंगुनखोलाबाट उत्पादित २.४ र खानीखोलाको ४ मेगावाटमध्ये १.४ मेगावाट मात्र प्रयोगमा आएको छ । अर्थात त्यहाँ ५ मेगावाट विद्युत खेर गएको छ । यसरी निजीक्षेत्रका साना आयोजनाबाट करिव ३० मेगावाट बिजुली अहिले पनि खेर गईरहेको छ । विद्युत् बढेसँगै विद्युत खेर जाने सम्भावना पनि बढी रहेको यसले देखाउँछ । यसले वर्षेनी नीजि जलविद्युत उत्पादकले बिजुली खेर जाँदा नोक्सानी व्यहोर्नुपरेको छ । १० वर्षअघि विद्युत् खरिद सभ्भौता(पीपीए) गर्दा

विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङका अनुसार, अहिले निजी जलविद्युत् कम्पनीबाट प्राधिकरणले प्रतिघण्टा/प्रतियुनिटको औसत ७ रूपैयाँ ४० पैसा विद्युत खरिद गर्ने गरेको छ । हिउँदको र बर्खायामको सिजनमा दर घटबढ हुने भएतापनि औसत ७ रूपैयाँ ४० पैसामा प्रतियुनिट खरिद गर्ने घिसिङले बताए ।

यस आधारमा हिसाव गर्दा, एक महिनामा ३० मेगावाट खेर जाँदा १५ करोड ९८ लाख ४० हजार रूपैयाँ निजी जलविद्युत् प्रवर्द्धकलाई नोक्सान हुन्छ । वार्षिक रूपमा हेर्दा, १ अर्ब ९१ करोड ८० लाख रूपैयाँ बिजुली खेर जाँदा नीजि लगानीकर्ताले घाटा व्यर्होछन बराबरको नोक्सानी व्यहोर्दै आएका छन् ।

क्र.सं	आयोजनाको नाम	कुल क्षमता(मे.वा)	हाल उत्पादित विद्युत्(मे.वा)	खेर गएका बिजुली(मे.वा)
१.	सिप्रिङखोला जलविद्युत् आयोजना	१०	४.८५	५.१५
२.	खानीखोला ज.वि आयोजना	६.४	१.९२	४.४८
३.	थापाखोला ज.वि. आयोजना	१३	८	५
४.	पिलुवाखोला जलविद्युत आयोजना	३	१.८	१.२
५.	तल्लो पिलुवाखोला ज. वि.	०.९९	०.६०	०.३९
६.	हेवाखोला जलविद्युत आयोजना	४.५	२.७	१.८
७.	सभाखोला जलविद्युत् आयोजना	४	२.४	१.६
८	खोरङ्गोखोला जलविद्युत आयोजना	७.५०	४.५	३
९.	पिखुवाखोला जलविद्युत आयोजना	५	३	२
१०.	टम्सार पिखुवाखोला ज.वि.	८	५	३
	जम्मा	६१.९९	३२.३७	२९.६२ मेगावाट(खेर)
				स्रोतः सम्वन्धित जलविद्युत् आयोजना प्रवर्द्धक

कोभिड १९ ले ऊर्जा क्षेत्रमा भित्रियो संकट

हिमाल लम्साल

काठमाडौं, साउन ११ । १२ मेगावाट नार्माजुन मादी जलविद्युत् आयोजनाको हाइड्रोमेकानिकल, सिभिल इन्जियिरिङ तथा विद्युत्गृहको शतप्रतिशत निर्माण गत चैत १० गतेअगावै सकियो । जटिल र महत्वपूर्ण मानिएको काम सकिएसँगै प्रवर्द्धक कम्पनीका कर्मचारीहरू एक साताभित्रै परीक्षण प्रसारण हुनेमा खुसी देखिन्थे । उत्पादित बिजुली एक साताभित्रै कास्कीको मोदी बेसिनस्थित लेखनाथ सबस्टेसनमा जोडेर परीक्षण प्रसारणको तयारी थियो । पूर्वनिर्धारित तालिका अनुसार उत्पादित बिजुली सबस्टेसनमा जडान गर्न र परीक्षण प्रसारण गर्न चिनियाँ प्राविधिक साइटमा आइसकेका थिए । तर, सरकारले चैत ११ मा लकडाउन गरेसँगै प्रसारण लाइनमा जडान र परीक्षण प्रसारणको काम रोकियो । लकडाउनसँगै चिनियाँ प्राविधिक स्वदेश फर्किंदा आयोजनाबाट उत्पादित बिजुली राष्ट्रिय ग्रिडमा जोडेर परीक्षण प्रसारण गर्ने सपना अहिलेसम्म अधुरो छ ।

हिमालयन हाइड्रोपावर कम्पनीका निर्देशक शिवकृष्ण श्रेष्ठले एक साता छिटो लकडाउन हुँदा आयोजनाबाट उत्पादित बिजुली राष्ट्रिय ग्रिडमा जोडेर परीक्षण प्रसारण गर्न नपाई करौडौं रूपैयाँ नोक्सान बेहोर्नुपरेको बताए । उनले भने, 'एक साता ढिलो मात्रै लकडाउन घोषणा भएको भए उत्पादित बिजुली राष्ट्रिय ग्रिडमा जोडेर परीक्षण प्रसारण गर्न पाउँथ्यौं ।'

आयोजनाको स्विचार्डबाट सबस्टेसनसम्म बिजुली जोड्न नसक्दा मासिक साढे चार करोडभन्दा धेरै घाटा बेहोर्नुपरेको उनले बताए । 'परीक्षण प्रसारणसँगै मासिक साढे दुई करोड रूपैयाँ आम्दानी गर्न सक्थ्यौं,' उनले भने, 'समयमै त्यो काम नसक्दा मासिक साढे दुई करोड ऋणको भार बढेको छ, पूर्ण क्षमतामा उत्पादन गर्न सक्ने बिजुली खेर गइरहेको छ ।' निर्देशक श्रेष्ठले आयोजनाले लकडाउनकै कारण १२ करोडभन्दा धेरै नोक्सान बेहोरेको बताए । आयोजना सम्पन्न हुँदा कुल दुई अर्ब २७ करोड लागत लाग्ने अनुमान छ ।

निर्देशक श्रेष्ठ चिनियाँ प्राविधिक नफर्केसम्म बिजुली खेर जाने बताउँछन् । 'चिनियाँ प्राविधिक नफर्केसम्म विद्युत् जडान गर्ने अवस्था छैन,' उनले भने, 'अचाक्ली ढिला भएकाले अब जहाज चार्टर गरेरै भए पनि चिनियाँ प्राविधिक ल्याउने तयारी छ ।' कोभिड १९ को कारण समस्यामा परेको निर्माणाधीन यो एउटा मात्रै आयोजना होइन, गत आवमा निर्माण सम्पन्न गर्ने तर्खरमा रहेका एक दर्जनभन्दा धेरै आयोजना समयमै सम्पन्न हुन सकेनन् ।

असारमा सक्ने लक्ष्य राखिएको १४.८ मेगावाटको माथिल्लो साञ्जेन, ४२ मेगावाटका तल्लो साञ्जेन लगायत थुप्रै आयोजना कामदार र उपकरण अभावमा रोकिएका छन् । नेपाल विद्युत् प्राधिकरणले आर्थिक वर्ष ०७६/७७ मा हजार मेगावाट थप बिजुली उत्पादन गर्ने लक्ष्य राखेको थियो । लकडाउनले निर्धारित समयमै सम्पन्न नहुँदा एकातर्फ ऋणको ब्याज र लागत बढ्ने जोखिम छ, अर्कोतर्फ आयोजना थप एक वर्ष धकेलिने लगभग निश्चित छ ।

इप्पानका अनुसार निजी लगानीका करिब ३२०२ मेगावाटका १३६ वटा जलविद्युत् आयोजना निर्माणाधीन अवस्थामा छन् । प्रतिमेगावाट २० करोड लागतलाई आधार मान्दा ३२ सय दुई मेगावाटको लागि ६ खर्ब ४० करोड रूपैयाँ लाग्ने देखिन्छ । स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान)का उपाध्यक्ष कुमार पाण्डे कोभिड १९ को कारण निर्माणाधीन आयोजनाको लागत १० देखि १२ प्रतिशत र ओभरहेड खर्च बढ्ने बताउँछन् । कोभिड १९ को कारणले निर्माण कार्य ठप्प जस्तै छ । त्यसले आयोजनाको निर्माण सम्पन्न हुने मिति धकेलिएको छ,' उनले भने, 'एकातर्फ लागत बढेको बढ्यै छ, अर्कोतर्फ ऋणको ब्याज समेत थपिँदै गएर आयोजनामाथि भार बढिरहेको छ ।'

उपाध्यक्ष पाण्डे भूकम्प र नाकाबन्दीपछि जलविद्युत् क्षेत्र कठिन मोडबाट गुज्रिएको बताउँछन् । 'भूकम्प र नाकाबन्दीपछि जलविद्युत् आयोजना नराम्रोसँग प्रभावित भएको छ,' उनले भने, 'कोभिडले यस क्षेत्रमा अहिलेसम्मकै ठूलो संकट निम्त्याएको छ । तर संकटलाई अवसरमा बदल्नेतर्फ सरकारले अहिलेसम्म पर्याप्त ध्यान दिन सकेको छैन ।'

उपाध्यक्ष पाण्डे कोभिड १९ नियन्त्रणमा नआएकाले असर कहिलेसम्म पर्छ भन्न नसकिने बताउँछन् । 'निर्माणाधीन, उत्पादन गरिरहेका, प्रसारण लाइन, निर्माणको पूर्वतयारीमा रहेका, विद्युत् उत्पादन गर्ने लगायत सम्भाव्यता र सर्वेक्षणको क्रममा रहेका आयोजनासमेत नराम्रोसँग प्रभावित भए,' उनले भने, 'कोभिडले जलविद्युत्मा असर नपारेको क्षेत्र नै छैन । सबै क्षेत्रमा केही न केही प्रभाव परेको छ ।'

उपाध्यक्ष पाण्डेले लकडाउनले आयोजनाका दक्ष प्राविधिक, परामर्शदाता, इन्जिनियर, निर्माण सामग्री र उपकरण ल्याउन

नसक्दा निर्माण कार्य प्रभावित भएको बताउँछन् । 'कोभिडकै कारणले विश्वभर नै विद्युत्का उपकरण निर्माण हुन सकिरहेका छैनन् । यस्तो अवस्थामा कसरी आयात हुनु ?' उनले भने, 'अहिले विमान चार्टर गरेर प्राविधिक ल्याउने अवस्था समेत छैन । त्यसैले ठूलो संकट आइपरेको छ ।'

पिपिए सम्झौता भएकालाई स्रोत जुटाउन सकस

२१२५ मेगावाट क्षमताका ११२ वटा आयोजना प्रवर्द्धक कम्पनीले प्राधिकरणसँग विद्युत् खरिद-बिक्री सम्झौता (पिपिए) गरेका छन् । तिनले अहिलेसम्म वित्तीय व्यवस्थापन गर्न सकेका छैनन् । कोभिड १९ को कारणले सबैभन्दा धेरै संकट भोग्नेमा यी आयोजना छन् । निजी क्षेत्रका आयोजना प्रवर्द्धकलाई कोभिड संकटकै बीचमा ३० प्रतिशत स्वःपुँजी जुटाउनुपर्ने अवस्था छ । बाँकी ७० प्रतिशत बैंक, वित्तीय संस्थाबाट जुटाउनुपर्ने बाध्यता छ । प्रतिमेगावाट २० करोडलाई आधार मान्दा यी आयोजनाको लागि चार खर्ब २५ करोड रूपैयाँ पुँजी आवश्यक पर्छ । त्योमध्ये प्रवर्द्धकले एक खर्ब २७ अर्ब र बैंकले दुई अर्ब ९७ अर्ब रूपैयाँ लगानी गर्नुपर्ने अवस्था छ ।

आरती हाइड्रोपावर कम्पनी लिमिटेडका प्रबन्ध निर्देशक प्रकाश दुलालले कोरोना महामारीले पिपिए भएका आयोजनालाई वित्तीय स्रोत जुटाउन निकै समस्या भएको बताए । 'प्रवर्द्धकले वित्तीय व्यवस्थापन गर्न सकिरहेका छैनन्, अध्ययनको काम पनि ठप्प जस्तै छ,' उनले भने, 'कोभिड नियन्त्रणमा नआएकाले कहिलेसम्म संकट कायम रहन्छ भन्न सक्ने अवस्था छैन ।'

उनका अनुसार पिपिए भएका आयोजनाको विस्तृत डिजाइन, वातावरणीय प्रभाव मूल्यांकन, सार्वजनिक सुनुवाइ, टोपोग्राफिकल सर्भे, हाइड्रोलोजिकल सर्भे, ड्रिलिङ, सामाजिक तथा वातावरणीय प्रभाव मूल्यांकन जस्ता काम रोकिएका छन् । प्राधिकरणका प्रवक्ता प्रबल अधिकारी खरिद-बिक्री सम्झौता भएर वित्तीय व्यवस्थापन गर्न नसकेका आयोजनालाई दीर्घकालसम्म असर पर्ने बताउँछन् । 'निजी क्षेत्रका सयभन्दा धेरै आयोजनाले पिपिए गरेका छन् । तर उनीहरूले अहिलेसम्म वित्तीय व्यवस्थापन गर्न सकेका छैनन्,' उनले भने, 'प्रवर्द्धक कम्पनीले सबै लगानी आफैं गर्न सक्ने अवस्था छैन । बैंक, वित्तीय संस्थाले पनि पर्याप्त मात्रामा लगानी गर्न सक्ने अवस्था नदेखिएकाले यस्ता आयोजना अझै केही वर्ष धकेलिने सम्भावना बढेर गएको छ ।'

विद्युत् विकास विभागबाट २३ सय ६३ मेगावाट ३५ आयोजनाको उत्पादन अनुमतिपत्र जारी हुने तर्खरमा छ । विभागबाट १६ हजार पाँच सय आठ मेगावाटका २५३ आयोजनाको अध्ययन अनुमतिपत्र जारी भइसकेको छ । निर्माणाधीन र पिपिए भएका आयोजनालाई वित्तीय व्यवस्थापनमा समस्या भइरहेको बेला उत्पादन र अध्ययन अनुमतिपत्र जारी भएका आयोजनालाई थप स्रोत जुटाउन अझै कठिन हुने देखिन्छ ।

बिजुली खपत नहुँदा चार अर्ब नोक्सान

कोभिड १९ ले बिजुली उत्पादन गरिरहेका निजी र प्राधिकरण स्वामित्वका आयोजना पनि नराम्रोसँग प्रभावित छन् । प्राधिकरणका अनुसार चारवटा आयोजनाको मर्मतसम्भार गर्न नपाउँदा उत्पादन प्रभावित छ । नियमित मर्मतसम्भार नहुँदा मोलुङ जलविद्युत् आयोजनाको एउटा युनिटबाट साढे तीन मेगावाट, रूदी खोलाको एउटा युनिटबाट ३.३ मेगावाट र चोखेखोलाको २.८३ मेगावाट उत्पादन रोकिएको छ । लकडाउनले उद्योगधन्दा, कलकारखाना र व्यापारिक क्षेत्र बन्द हुँदा दैनिक ६ हजार मेगावाट आवर विद्युत् खपत घटेर प्राधिकरणलाई मासिक दुई अर्बको दरले दुई महिनामा चार अर्ब रूपैयाँ घाटा लागिसकेको छ । लकडाउनपछि चैत र वैशाखमा बिजुली माग अत्यधिक घटेको थियो ।

प्रसारण लाइनमा पनि धक्का

नेपाल विद्युत् प्राधिकरणले आर्थिक वर्ष ०७६/७७ मा वर्षौंदेखि अलपत्र आठवटा प्रसारण लाइन निर्माण सक्ने लक्ष्य राखेको थियो । ती आठवटै सम्पन्न हुन सकेनन् । प्राधिकरणले चालु आर्थिक वर्षमा सिंगटी-लामोसाँघु १३२ केभी, सोलु करिडोर १३२ केभी लगायत दाना-कुश्मा, दोर्दी करिडोर, भरतपुर-बर्दघाट, मर्स्याङ्दी-काठमाडौं, चिलिमे-त्रिशूली, समुद्रटार-त्रिशूली ३ बी हब, कोसी करिडोर (इनरूवा-तुम्लिङटार खण्ड) प्रसारण लाइनको निर्माण सक्ने योजना सहित काम गरेको थियो ।

तर कोभिड १९ ले गर्दा आव ०७६/७७ भित्रै सम्पन्न हुनुपर्ने प्रसारण लाइन पनि समयमै निर्माण सम्पन्न हुन सकेनन् । प्रसारण लाइन नबन्दा उत्पादित बिजुली खेर जाने र लागत बढ्ने जोखिम बढेको छ । प्राधिकरण प्रवक्ता अधिकारी समयमै प्रसारण लाइन नबन्दा धेरै जटिलता देखापर्ने बताउँछन् । गत आर्थिक वर्षमा निर्माणाधीन एउटा पनि प्रसारण लाइन सम्पन्न भएन । सिजनमै लकडाउन भएर काम रोकिएपछि जलविद्युत् क्षेत्रमा एकपछि अर्को संकट देखापरेको हो ।

मौद्रिक नीतिको मलमपट्टि

चालु आर्थिक वर्षको मौद्रिक नीतिले कोभिड १९ ले आक्रान्त जलविद्युत् क्षेत्रका प्रवर्द्धकलाई केही हदसम्म मलमपट्टि लगाउने काम गरेको छ । नेपाल राष्ट्र बैंकले हालसालै सार्वजनिक गरेको मौद्रिक नीतिले वाणिज्य बैंकले कुल कर्जाको १० प्रतिशत हिस्सा ऊर्जा क्षेत्रमा लगाउनुपर्ने प्रावधानको व्यवस्था गरेसँगै केही राहत महसुल गरेका हुन् । निजी क्षेत्रका जलविद्युत् प्रवर्द्धकले ढिलै भए पनि सरकारले मौद्रिक नीतिमार्फत ऊर्जामा लगानीको वातावरण बनाउन खोजेको बताएका छन् ।

इप्पान उपाध्यक्ष पाण्डेले वाणिज्य बैंकले कर्जाको १० प्रतिशत ऊर्जा क्षेत्रमा लगानी गर्नैपर्ने व्यवस्था सकारात्मक भएको बताए । 'वाणिज्य बैंकले १० प्रतिशत लगानी गर्नुपर्ने नीतिले जलविद्युत् आयोजना प्रवर्द्धन गर्ने देखिएको छ,' उनले भने, 'कोभिड १९ ले जलविद्युत् आयोजनामा लगानीको वातावरण बनेको थिएन । यो नीतिले लगानी बढ्ने आशा पलाएको छ ।' यसअघि कृषि, पर्यटन र ऊर्जामा १५ प्रतिशत न्यूनतम कर्जा प्रवाह गर्नुपर्ने व्यवस्था थियो ।

प्रसारण लाइन

प्रक्रियागत झन्झटले दशकौं बन्दैनन्

हिमाल लम्साल

काठमाडौं, साउन ५ । २०५५-५६ सालमा सशस्त्र द्वन्द्वका कारण बाहिरी जिल्लाबाट काठमाडौं उपत्यकामा जग्गा किनेर बसाइँसराइ सर्ने क्रम ह्वात्तै बढ्यो । बसाइँसराइ बढेसँगै उपत्यकाको जनघनत्व क्रमशः बढ्दै गइरहेको थियो । नेपाल विद्युत् प्राधिकरणले उपत्यकाको बढ्दो जनघनत्वबीच बिजुलीको मागलाई भरपर्दो र विश्वसिलो बनाउन थानकोट-चापागाउँ-भक्तपुर १३२ केभीको प्रसारण लाइन निर्माण गर्ने योजना अघि सार्‍यो ।

त्यो बेला प्रसारण लाइन निर्माण गर्नुको उद्देश्य थियो- उपत्यकाको प्रसारण लाइनको क्षमता बढाउने, विद्युत् चुहावट नियन्त्रण गर्ने र भोल्टेजमा सुधार गर्ने । प्राधिकरणले अघि सारेको प्रसारण लाइन निर्माण कार्यमा एसियाली विकास बैंक (एडिबी) र तेल उत्पादक पेट्रोलियम एक्सपोर्टिङ कन्ट्री (ओपिइसी) समेत लगानी गर्न तयार भए । त्यो बेला उक्त प्रसारण लाइनको अनुमानित लागत २३ मिलियन डलर थियो । विद्युत् विकास विभागले प्राधिकरणलाई २०६१ मंसिर १७ गते प्रसारण लाइन निर्माणको लागि जेनेरेसन लाइसेन्स (उत्पादन अनुमतिपत्र समेत) जारी गरिदियो ।

त्यसको केही समयभित्रै प्रसारण लाइन निर्माणको काम सुरू भयो । प्रसारण लाइन निर्माणको ठेक्का चिनियाँ ठेकेदार

कम्पनी सेन्डोङ इलेक्ट्रिक टावर कम्पनी र हुनान चेन्डियन इन्टरनेसनल कम्पनीले पाए । ठेकेदार कम्पनीले काम अघि बढाउन खोजेका मात्र के थिए, ललितपुरका स्थानीयबासीको चर्को विरोध सुरू भयो । निर्माणले गति लिन सकेन ।

प्राधिकरणले स्थानीयको अवरोधको कारणले प्रसारण लाइन निर्माण गर्न नसकेको बहाना देखाउँदै आव ०६६/६७ मा ठेक्का सम्झौता तोड्ने निर्णय गऱ्यो । तर प्राधिकरणले निर्माण सुरू भएको डेढ दशकसम्म पनि मुआब्जा तथा क्षतिपूर्ति विवाद सल्टाउन नसक्दा अहिले पनि उक्त आयोजना लथालिंग अवस्थामा छ ।

थानकोट-चापागाउँ-भक्तपुर १३२ केभी प्रसारण लाइन आयोजना प्रमुख सुनिलकुमार महतो लामो समयदेखि मुआब्जा तथा क्षतिपूर्तिको विवाद टुंगो नलाग्दा डेढ दशकदेखि आयोजना अलपत्र रहेको बताउँछन् । 'स्थानीयको अवरोधले अहिले पनि ललितपुर खण्डमा काम गर्न पाएका छैनौं । विवाद सल्टिने हो भने ६ महिनाभित्रै आयोजनाको प्रसारण लाइन सम्पन्न गर्न सकिन्थ्यो,' उनले भने, 'हामीले स्थानीयसँग पटकपटक समन्वय गरिसक्यौं । तर अहिलेसम्म प्रसारण लाइन अघि बढाउने बाटो खुलेको छैन ।'

प्राधिकरणका एक उच्च अधिकारीले प्रसारण लाइन निर्माणमा जतातते अवरोध आउने भएकाले अब स्याटेलाइनबाट विद्युत् पठाउनुपर्ने भन्दै व्यंग्य गर्छन् । उनी भन्छन्, 'न जमिनबाट प्रसारण लाइन निर्माण गर्न पाइन्छ, न वनमै । अब त स्याटेलाइटबाटै बिजुली घरघरमा पुऱ्याउनुपर्ने बाध्यता आइसक्यो ।' ललितपुर खण्डमा ५१ वटा टावर निर्माण गर्नुपर्नेमा अहिलेसम्म १७ वटामा टावरको फाउन्डेसन र इरेक्सनको कुनै पनि काम भएको छैन । बाँकी ३४ वटा टावरको आंशिक रूपमा मात्रै काम भएको छ । तर स्थानीयको अवरोधले टावरको फाउन्डेसन बने पनि खडा गर्न दिएका छैनन् । नेपालको जलविद्युत्को निर्माण क्षेत्रमा हुने ढिलासुस्ती, प्रक्रियागत झन्झट, मुआब्जा र क्षतिपूर्तिको विवाद निहाल्ने एक कुरूप आयोजना हो- थानकोट-चापागाउँ-भक्तपुर १३२ केभीको प्रसारण लाइन ।

मुलुकको राजधानी सहर काठमाडौं, ललितपुर र भक्तपुर तिनै जिल्ला जोड्ने डेढ दशकदेखि निर्माणाधीन अवस्थामै अलपत्र छ । जलविद्युत् आयोजनाको पूर्वाधार निर्माणमा कतिसम्म भद्रगोल र अस्तब्यस्त छ भनेर हेर्नको लागि थानकोट-चापागाउँ-भक्तपुर प्रसारण लाइन आयोजनाको नामै काफी छ । समयमै निर्माण सम्पन्न नहुने यो मात्रै एउटा आयोजना भने होइन, निर्माण सुरू गरिएका जलविद्युत् आयोजनाका प्रसारण लाइन दशकौंदेखि यस्तै खाले समस्या भोगिरहेको अर्को प्रसारण लाइन हो सिंगटी-लामोसाँघु १३२ केभी प्रसारण लाइन आयोजना । त्यसैगरी, हेटौंडा-ढल्केबर-इनरूवा ४०० केभी प्रसारण लाइन सम्झौता अनुसार २०७२ असोज १४ गतेसम्म निर्माण सम्पन्न हुनुपर्नेमा २०७७ असार मसान्तसम्म पनि सम्पन्न भएको छैन । खिम्ती-ढल्केकर २२० केभी प्रसारण लाइन सम्झौता अनुसार २०७० पुस २६ गतेसम्म सम्पन्न हुनुपर्नेमा अहिलेसम्म अधुरै छ । सिंगटी-लामोसाँघु आयोजनाको लम्बाइ ४० डबल सर्किट किलोमिटर छ । सन् २०१० मा १५ महिनामा निर्माण सम्पन्न गर्ने लक्ष्यसहित सुरू गरिएको आयोजना एक दशक बित्दासमेत अझैसम्म निर्माण सम्पन्न हुने सुरसार देखिदैन । प्राधिकरणले सन् २०१० मा सिंगटी लामुसाँघु १३२ केभीको प्रसारण लाइन निर्माणको लागि भारतीय आरभाली इन्फ्रापावर लिमिटेडसँग सम्झौता भएको थियो । उक्त आयोजना ४२ करोड लागतमा निर्माण गर्ने सम्झौता भएको थियो । यो प्रसारण आयोजना ठेकेदार कम्पनी आरभालीको ढिलासुस्ती, भूकम्प, नाकाबन्दी लगायत कारणले झण्डै एक दशकसम्म अलपत्र छ ।

एउटै आयोजनालाई नौपटक म्याद थप

सिंगटी लामुसाँघु १३२ केभी प्रसारण लाइन आयोजनाका प्रमुख राजन ढुंगेल नौपटकसम्म म्याद थप भए पनि अहिलेसम्म प्रसारण लाइनको निर्माण सम्पन्न नभएको बताउँछन् । 'एकातर्फ ठेकेदार कम्पनीको ढिलासुस्ती देखिन्छ, अर्कोतर्फ स्थानीयको अवरोधले काम सम्पन्न हुन सकेको छैन ।'

आयोजना प्रमुख ढुंगेलले ठेकेदार कम्पनी आरभाली भए पनि नेपाली प्रवर्द्धक कम्पनीको सहायतामा बाँकी काम भइरहेको बताए । आयोजनामा १२५ टावर निर्माण गर्नुपर्नेमा हालसम्म ११८ वटाको निर्माण सम्पन्न भएको छ । अझै पनि पनि सातवटा टावर खडा हुन सकेको छैन । महालेखापरीक्षक कार्यालयको ५७औं प्रतिवेदनले यो आयोजना निर्माणअघिको पूर्वतयारी पर्याप्त नगरी खरिद कारवाही गरेको तथा सम्झौता कार्यान्वयनको क्रममा देखिएको समस्या समाधान नगर्दा आठ वर्ष म्याद थप हुँदासमेत कार्य सम्पन्न भएको औंल्याएको छ ।

सिन्धुपाल्चोकतर्फ दुईवटा टावर खडा गर्न बाँकी छ । दोलखाको झिगाँनेमा स्थानीयको अवरोधको कारणले चारवटा टावर निर्माण हुन सकेको छैन । दोलखाको बोझमा एउटा टावर निर्माणको काम बाँकी छ । आयोजनाका अनुसार ४० डबल सर्किट किलोमिटरमध्ये हालसम्म एकतर्फी ३४ किलोमिटर प्रसारण लाइनमा तार तान्ने काम सकिएको छ ।

यो प्रसारण लाइन दोलखाको सिंगटीदेखि सिन्धुपाल्चोकको लामोसाँघुसम्म फैलिएको छ । आयोजना प्रमुख ढुंगेलले समयमै प्रसारण लाइन निर्माण नभए पनि जलविद्युत् आयोजनाको प्रवर्द्धक कम्पनीलाई क्षतिपूर्ति तिर्न नपरेको बताए । 'निजी क्षेत्रका जलविद्युत् प्रवर्द्धकले समयमै बिजुली उत्पादन गर्न नसकेकाले क्षतिपूर्ति तिर्नबाट जोगियौं,' उनले भने, 'उनीहरूले चाँडै बिजुली उत्पादन गरेको भए धेरै क्षतिपूर्ति तिर्नुपर्ने हुन्थ्यो ।' उनका अनुसार समयमै आयोजना निर्माण सम्पन्न नहुँदा लागत नबढे पनि कार्यालय व्यवस्थापन खर्च भने बढेको छ । उक्त प्रसारण लाइनबाट २५ मेगावाटको सिंगटी जलविद्युत् आयोजना, ११ मेगावाटको तल्लो खाँडे जलविद्युत् आयोजना, ६ मेगावाटको घट्टेखोला, ४० मेगावाटको खानीखोलाबाट उत्पादित बिजुली ल्याउन सकिन्छ ।

प्रक्रियागत झन्झटले लम्बिन्छ आयोजना

राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेडका प्रमुख कार्यकारी अधिकृत नेत्रप्रसाद ज्ञवालीले प्रसारण लाइन निर्माण कार्य प्रक्रियागत झन्झटकै कारणले लामो समय लाग्ने बताउँछन् । 'प्रसारण लाइनको आयोजना सम्पन्न हुन छिटोमा पाँच वर्षभित्र र ढिलो भएको खण्डमा १० वर्षसम्म लाग्ने गर्छ,' उनले भने, 'प्रसारण लाइन निर्माण कार्य एकद्वार प्रणालीबाट कहिल्यै गर्न सकिँदैन । प्रक्रियागत झन्झट र अन्तरसरकारी निकायबीच समन्वयको अभावमा लामो समय लाग्ने गरेको देखिन्छ ।' प्रसारण लाइन निर्माणको सम्पूर्ण चक्र पूरा गर्न छिटोमा पाँच वर्ष र ढिलोमा १० वर्षभन्दा धेरै लाग्ने गरेको उदाहरण प्रशस्त मात्रामा छ ।

प्रसारण लाइन निर्माणको आयोजना छनोट, बजेट व्यवस्थापन, सम्भाव्यता र विस्तृत अध्ययन, वातावरणीय प्रभाव मूल्याकंन, मुआब्जा र क्षतिपूर्ति वितरण अन्तरसरकारी निकाय समन्वय, टेन्डर डकुमेन्ट तथा आह्वान, ठेक्का सम्झौता, निर्माण लगायतका चरण पूरा गर्न निकै लामो समय लाग्ने गरेको छ । तर प्राधिकरणका प्रसारण निर्देशनालयका प्रमुख तथा उपकार्यकारी निर्देशक चौधरी भने प्रसारण लाइन निर्माणको प्रक्रियागत चरण पूरा गर्न तीनदेखि पाँच वर्ष लाग्ने दाबी गर्छन् ।

मुआब्जा र क्षतिपूर्तिमै चर्को विवाद

प्रसारण लाइन निर्माणको सबैभन्दा जटिल विषय स्थानीय जनता, सामुदायिक वन र सरकारी वन क्षेत्रमा निर्माण गरिने टावरको मुआब्जा र राइट अफ वेको क्षतिपूर्ति हो । यसले धेरै समस्या निम्त्याउने गर्छ । सरकारले टावर प्याड (टावर हुने स्थान) को शतप्रतिशत मुआब्जा र राइट अफ वे (तारमुनिको स्थान) को २० प्रतिशत मात्रै क्षतिपूर्ति उपलब्ध गराउने भएकाले धेरै विवाद हुने गर्छ ।

प्राधिकरणका प्रसारण निर्देशनालयका उपकार्यकारी निर्देशक बज्रभूषण चौधरी भने प्रसारण लाइन निर्माणमा अन्य कारणभन्दा टावरप्याड र राइटअफ वे कै कारणले मुआब्जा तथा क्षतिपूर्तिको समस्या आउने दाबी गर्छन् । 'जनताले बिजुली बाल्न मरिहत्ते गर्छन् । तर कोही पनि प्रसारण लाइन विस्तारको लागि जग्गा उपलब्ध गराउन मान्दैनन्,' उनले भने, 'सडक बनेपछि छेउछाउको जग्गाको भाउ अत्यधिक मात्रामा बढ्ने गर्छ । तर प्रसारण लाइन बनेपछि जग्गाको भाउ घट्छ भन्ने गलत मानसिकताको कारण प्रसारण लाइन निर्माण कार्य दिन प्रतिदिन जटिल बन्दै आइरहेको छ ।'

स्थानीय तह तथा प्रदेश सरकारले प्रसारण लाइन निर्माणमा समन्वयकारी भूमिका नखेल्ने हो भने प्रसारण लाइन निर्माण कार्य फलामे चिउरा चपाउनुसरह हुने उनको भनाइ छ । महालेखापरीक्षकको ५७औं प्रतिवेदनले नेपाल विद्युत् प्राधिकरणले सम्बन्धित निकायहरूसँग समन्वय गरी एलाइन्मेन्ट छनोट, रूखहरूको कटान स्वीकृति र मुआब्जा वितरण आदि पूर्वतयारी गरेर मात्रै ठेक्का व्यवस्थापन गर्नुपर्ने औंल्याएको छ ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका पूर्वसचिव तुलसीप्रसाद सिटौला मुख्यतया तीन कारणले प्रसारण लाइन समयमै नबन्ने बताउँछन् । उनका अनुसार बिनातयारी ठेक्का, निर्माण व्यवसायीले लापरवाही गर्दा पनि ठेक्का तोड्न नसक्नु र बारम्बार म्याद थप गर्ने प्रावधानकै कारण समयमै प्रसारण लाइन बन्न नसकेका हुन् । 'साइट क्लियर भएकै हुँदंन ठेक्का दिन हतार गरिन्छ,' उनले भने, 'अनि कसरी समयमै बन्छ ? सार्वजनिक खरिद ऐनमा निर्धारित समयमा काम नसक्ने ठेकेदार कम्पनीलाई एक वर्षदेखि तीन वर्षसम्म कालोसूचीमा राखेर जरिवाना लिन सकिने प्रावधान छ । तर ऐन कार्यान्वयन गर्ने सरकारी निकायले ठेकेदारप्रति उदार व्यवहार देखाउँछन् ।'

समयमै प्रसारण लाइन मर्मत नहुँदा ३८ करोड नोक्सान

कम्पनीका कार्यकारी अधिकृत ज्ञवालीले ठेक्का व्यवस्थापन, खरिद ऐन तथा नियमावली, जग्गा अधिग्रहण तथा मुआब्जा, वनको क्षेत्राधिकार विवाद, सरकारी निकायबीच समन्वयको अभावले गर्दा प्रसारण लाइन निर्माणमा जटिलता थपिँदै गइरहेको बताउँछन् । 'प्रसारण लाइन समयमा सम्पन्न नहुँदा निर्माण लागत बढ्ने गरेको देखिएको छ,' उनले भने, 'उत्पादित विद्युत् राष्ट्रिय ग्रिडमा जोडिन नसकी खेर जाने अवस्था आउन सक्छ । त्यसैले पूर्वसतर्कता अपनाउनुपर्छ ।'

महालेखाको ५७औं प्रतिवेदनले आव ०७५/७६ सम्म प्राधिकरणले प्रसारण लाइनको नियमित मर्मतसम्भार र गुणस्तरको कमीले निजी क्षेत्रबाट उत्पादित १८ जलविद्युत् आयोजनाको ९५.६१ गिगावाट प्रतिघन्टा विद्युत् खेर जाँदा ३८ करोड २४ लाख रूपैयाँ नोक्सान भएको औंल्याएको छ । सोही ९५.६१ गिगावाट प्रतिघन्टा भारतबाट आयात गर्दा प्राधिकरणले ७६ करोड रूपैयाँ बुझाउनुपर्ने देखिन्छ ।

प्रतिवेदनले अधिकांश निर्माणाधीन प्रशारण लाइन परियोजनाको प्रगति सन्तोषजनक नभएको र तोकिएको समयमा सम्पन्न हुन नसकेको औंल्याएको छ । 'लालपुर्जा नभएका जग्गाधनीको जग्गामा टावरप्याड र राइट अफ वे मा पर्ने जग्गाको मुआब्जा र क्षतिपूर्ति दिने स्पष्ट नीति निर्धारण नहुँदा मुआब्जा वितरणमा समस्या आई निर्माण कार्यमा जग्गा भोगकर्ताबाट अवरोध हुने गरेको छ,' महालेखाको प्रतिवेदनमा भनिएको छ, 'सरकारबाट ऐलानी जग्गाको मुआब्जा वितरण सम्बन्धमा स्पष्ट नीतिगत निर्णय गर्नुका साथै ऊर्जा मन्त्रालय र नेपाल विद्युत् प्राधिकरणबाट सम्बन्धित सरकारी निकायहरु र स्थानीय तहसँग प्रभावकारी समन्वय एवं सम्बन्ध स्थापित गरी जग्गा अधिग्रहणको कार्यलाई छिटो सम्पन्न गरेमा मात्रै सहजै गर्न सकिन्छ ।'

महालेखाको प्रतिवेदनले सरकारले राइट अफ वेको जग्गा आफ्नो स्वामित्वमा नल्याएकाले नै जग्गाधनीले क्षतिपूर्ति नबुझ्ने र राइट अफ वे नै परिवर्तन गर्न दबाब दिने गरेको औंल्याएको छ ।

प्रसारण लाइन नबन्दाको अर्थतन्त्र प्रभाव

धना ढकाल

काठमाडौं । अहिले निजी क्षेत्रको लगानीमा करिब २८ सय मेगावाटका जलविद्युत आयोजना निर्माणाधीन छन् । यी मध्ये केही अन्तिम चरणमा पुगिसकेका छन् । बाँकी आयोजना पनि अबको २-३ वर्षभित्र सम्पन्न हुँदैछन् । तर, अधिकांशमा प्रसारण लाइनको समस्या छ ।

निर्माण सम्पन्न भई विद्युत उत्पादन चरणमा पुगिसकेका आयोजनाले पनि यो समस्या झेलिरहेका छन् । यसको पछिल्लो उदाहरण हो, सोलुखुम्बुमा निर्माण सम्पन्न २३.५ मेगावाटको सोलु खोला ।

२०७६ चैत १० गतेबाट विद्युत उत्पादन सुरू गरेको यो आयोजनाको १७ मेगावाट विद्युत प्रसारण लाइन अभावमा खेर गइरहेको छ । प्राधिकरणसँग भएको प्रसारण सम्झौताअनुसार उत्पादित विद्युत १३२ केभी सोलु कोरिडोरमा जोडिनुपर्ने थियो । तर, अहिलेसम्म सोलु कोरिडोर सम्पन्न नहुँदा वैकल्पिकरूपमा ३३ केभी ओखलढुंगा-बुईंपा-सल्लेरी लाइनमा जोडिएको छ ।

३३ केभी लाइनमा सबै विद्युत प्रवाह नहुँदा मध्य-बर्खामा पनि सोलुले करिब ६.५ मेगावाट मात्र उत्पादन गरिरहेको अप्पर सोलु हाइड्रो इलेक्ट्रिक कम्पनीका कार्यकारी निर्देशक शशीसागर राजभण्डारी बताउँछन् । ' यो बेला आयोजना पूर्ण क्षमतामा चल्ने हो तर प्रसारण लाइन छैन,' उनी भन्छन्, 'अहिले जसोतसो ३३ केभीमा

जोडेका छौं । ट्रिपिङ भइरहने हुँदा कहिले काहीँ मेसिन बन्द गर्नुपर्छ ।'

उक्त ३३ केभी लाइनमा ७.५ मेगावाटको मोलुङ खोला आयोजना पनि जोडिएकाले उसको उत्पादनका आधारमा सोलुको उत्पादन निर्भर हुने राजभण्डारी बताउँछन । उनका अनुसार मोलुङ पूर्ण क्षमतामा चलेमा साढे ५ मेगावाटभन्दा कम क्षमतामा उपकरण चलाउन मिल्दैन र विद्युतगृह नै बन्द गर्नुपर्छ ।

निर्माण थालेको ३० महिनामा सम्पन्न हुनुपर्ने सोलु कोरिडोर ३ पटक म्याद थपिँदा पनि सकिएको छैन । प्रसारण लाइनको रूट पर्ने उदयपुरको मरूवामा स्थानीय विवादले १० वटा टावरको निर्माण सुरू हुन सकेको छैन । स्थानीयले ऐलानी जग्गाको मुआब्जा खोजेपछि लामो समयदेखि त्यहाँ विवाद छ । सोलुखुम्बु र ओलढुंगामा पनि ५ ठाउँमा विवाद छ । कोरोना भाइरस (कोभिड-१९) को असरसमेत प्रसारण लाइन निर्माणमा परेकाले चैत ११ गतेदेखि काम ठप्प छ ।

यता आयोजना प्रमुख जनार्दन गौतम प्रसारण लाइन सम्पन गर्न अझै ९ महिना (२०७६ चैत) लाग्ने बताउँछन् । 'उदयपुरको विवाद समाधान हुन सकेको छैन,' उनी भन्छन्, 'समस्या समाधान भइहाले पनि बर्खामा काम हुँदैन । जाडो महिनामासमेत काममा असर पर्छ ।'

उनले दिएको पछिल्लो तालिका अनुसार सोलुको १७ मेगावाट विद्युत् आउने चैतसम्म खेर जाने देखिन्छ । एक वर्षसम्म पूर्ण क्षमतामा उत्पादन गर्न नसक्दा सोलुका प्रवर्द्धकले करिब ५५ करोड रूपैयाँ बराबरको रूपैयाँको आम्दानी गुमाउनेछ ।

सोलु कोरिडोरमा जोडिने ८२ मेगावाटको तल्लो सोलुको निर्माण करिब ९० प्रतिशत पूरा भइसकेको छ । यसको पनि विद्युत खेर जाने भन्दै प्रवर्द्धकहरु चिन्तित छन् । उता ८६ मेगावाटको सोलु-दूधकोसी, ८२ मेगावाटको तल्लो सोलु, १८ मेगावाटको माथिल्लो सोलु, ५.२ मेगावाटको जुनबँसी लगायत सोलु कोरिडोरमै जोडिने आयोजना हुन् ।

सोलुकै जस्तो समस्या दोखलामा निर्माण सम्पन्न भएको २५ मेगावाटको सिंगटीले पनि भोगिरहेको छ । परीक्षण उत्पादन सकिएको आयोजना राष्ट्रिय प्रणालीमा जोडिन तयारी अवस्थामा छ तर लाइन छैन । प्राधिकरणले १३२ केभी सिंगटी-लामोसाँघु लाइन समयमा सम्पन्न नगर्दा विद्युत खेर गइरहेको छ ।

आयोजना सञ्चालन हुन नपाउँदा मासिक ६ करोड रूपैयाँ बराबरको आम्दानी गुम्ने प्रवर्द्धक सिंगटी हाइड्रो इनर्जी कम्पनीका अध्यक्ष बटु लामिछाने बताउँछन् । प्रसारण लाइन सम्पन्न नहुन्जेल २-३ महिना विद्युत खोलामा बगेर जानेछ,' उनले भने ।

सिंगटीसँगै यो प्रसारण लाइनमा प्रवाह हुने ४० मेगावाटको खानीखोला-१ र ११ मेगावाटको तल्लो खारेखोला पनि निर्माणको अन्तिम चरणमा छन् । यसअघि नै सम्पन्न भइसक्नु पर्ने यी आयोजना प्रसारण लाइनकै कारण पछि धकेलिएका हुन् ।

दोलखामा ५ र सिन्धुपाल्चोकमा ३ गरी प्रसारण लाइनको अझै ८ वटा टावर निर्माण हुन बाँकी छ । दोलखाको बोचमा स्थानीय तिलोत्तमा हिमाली फुड एण्ड रिसर्च सेन्टर गैरसरकारी संस्थाले प्रसारण लाइनको रूटमा पर्ने जग्गा अधिग्रहण प्रक्रिया नमिलेको भन्दै उच्च अदालत पाटनमा मुद्दा दायर गरेको छ । अहिले मुद्दा खारेज भएपछि निर्माण सुचारू भएको आयोजना प्रमुख राजन ढुंगेलले बताए ।

उनका अनुसार अब बिनाअवरोध काम भए दशैंअघि प्रसारण लाइन सञ्चालनमा आउनेछ । उनकै भनाइलाई आधार मान्दा पनि ३ महिनाभन्दा बढी समय सिंगटीको विद्युत खेर जाने देखिन्छ । यसबाट प्रवर्द्धकले प्रत्यक्ष मात्र झन्डै २० करोड रूपैयाँ गुमाउनेछन् ।

करिब ३५ करोड रूपैयाँ आम्दानी गुमाएपछि दक्षिणी ललितपुरस्थित ६.४ मेगावाटको टुंगुन ठोस्नेरखानी खोला भर्खरै माण्डु सबस्टेसनमा जोडियो । विद्युत जोडिने माल्टा-मातातीर्थ प्रसारण लाइन अलपत्र भएपछि साढे ३ वर्षसम्म वैकल्पिक ११ केभी लाइनमा जोड्दा आधा विद्युत खेर फालिएको थियो ।

३३ केभी दुहबी-धरान-धनकुटा-संखुवासभा-तेह्रथुम प्रसारण लाइन ओभल लोड हुँदा संखुवासभा, भोजपुर र तेह्रथुममा सञ्चालित ६ जलविद्युत आयोजनाले मासिक ४ करोड रूपैयाँ आम्दानी गुमाइरहेका छन् । हिउँदमा समस्या नभए पनि बर्खामा प्रसारण लाइनले लोड नलिँदा २५ मेगावाटका आयोजनाको ११ मेगावाट विद्युत खेर जाँदा प्रवर्द्धकले आम्दानी गुमाइरहेका हुन् ।

चालू आर्थिक वर्षमा प्रणालीमा जोडिएको ७.५ मेगावाटको माथिल्लो खोरूङ्गा खोलाले १.७-३.८ मेगावाटको बीचमा चलाउनु परेको तेह्रथुम पावर कम्पनीका प्रबन्ध निर्देशक मोहनकुमार डाँगी बताउँछन् । 'क्षमता घटाएर चलाउनु भन्ने प्राधिकरणको मौखिक सूचनाका आधारमा कम विद्युत उत्पादन गर्नुपरेको छ,'उनले भने, 'सरकारकै कारण आयोजना रूग्ण बन्ने अवस्था आउन लागेको छ ।'

डाँगीका अनुसार निर्माणाधीन २२० केभी कोसी कोरिडोर नबन्दासम्म यहाँ देखिएको समस्या समाधान हुँदैन । प्रसारण लाइनकै कारण जेठ यता आयोजनाबाट २ करोड रूपैयाँ आम्दानी गुमिसकेको छ । प्राधिकरणले फेरि क्षमता घटाएर २ मेगावाटमा चलाउनु भन्ने खबर गरेकाले उत्पादन अझै घट्ने देखिएको छ ।

यस क्षेत्रमा सञ्चालित ३ मेगावाटको पिलुवाखोला, ५ मेगावाटको पिखुवा खोला, ४।४ मेगावाटको हेवा खोला, ४ मेगावाटको सभा खोला र १ मेगावाटको तल्लो पिलुवा पनि पूर्ण क्षमतामा चलेका छैनन् । प्रसारण सम्झौता गर्ने तर निर्माण नगर्ने प्राधिकरणको चरित्रले आर्थिक नोक्सानी बेहोर्नु परेको यी आयोजनाका प्रवर्द्धक बताउँछन् ।

प्राधिकरणका अनुसार कोसी कोरिडोरको इनरूवा-धनकुटा-बसन्तपुर-बानेश्वर-तुम्लिङटार खण्ड कात्तिकभित्र पूरा हुनेछ । यहाँ जोडिने आयोजना आउन अझै १ वर्ष लाग्ने हुँदा विद्युत खेर नजाने आयोजना प्रमुख राजन ढकालको दाबी छ । आर्थिक वर्ष २०७२/७३ मै सम्पन्न हुनुपर्ने लाइन ठाउँ-ठाउँमा देखिएको स्थानीय अवरोधले अहिलेसम्म पूरा भएको छैन । २२० केभी कालीगण्डकी कोरिडोर प्रसारण लाइन निर्माणमा भएको ढिलाईले मुस्ताङमा निर्माण भएको १३.६ मेगावाटको थापाखोला पूर्ण क्षमतामा चलेको छैन । २ वर्षअघि नै सम्पन्न हुनुपर्ने यो लाइन नबन्दा थापा खोलाले अहिलेसम्म अर्बौंको रूपैयाँ गुमाइसकेको छ ।

महालेखापरीक्षक कार्यालयले असार ३१ गते सार्वजनिक गरेको ५७औं वार्षिक प्रतिवेदनमा प्रसारण लाइनको भार बहन क्षमता कमी, नियमित मर्मत तथा स्तरोन्नति नहुँदा निजी क्षेत्रको वार्षिक ९१.६१ गिगावाट घन्टा विद्युत खेर गएको उल्लेख छ । यसरी विद्युत खेर जाँदा एक वर्षमा ३८ करोड २४ लाख ५९ हजार रूपैयाँ आर्थिक नोक्सानी भएको महालेखाको ठहर छ ।

प्रसारण लाइन समस्याले विद्युत खेर गएका सोलु, सिंगटी, खानी खोला, थापा खोला केही उदाहरण मात्रै हुन् । प्रसारण प्रणालीमा हुने प्राविधिक चुहावटले प्राधिकरणकै विद्युतगृहको विद्युत पनि खेर गइरहेको छ । यसले प्राधिकरणको आन्दानीमा असर पारेको छ ।

प्रतिवेदनका अनुसार प्राधिकरणका सेती, मर्स्याङ्दी, चतारा, मध्यमर्स्याङ्दी, खुलेखानी दोस्रो लगायत विद्युतगृहका वार्षिक ३० हजार ८ सय ६२ मेगावाट घन्टा विद्युत चुहावट भई खेर जाने गरेको छ । विद्युत खेर जाँदा वार्षिक करिब १ अर्ब रूपैयाँ बढीको आम्दानी गुम्ने गरेको प्रतिवेदनले उल्लेख गरेको छ ।

समयमा प्रसारण लाइन नबनेकै कारण धेरै निर्माणाधीन आयोजनाको विद्युत उत्पादन तालिका पटक-पटक प्रभावित भएको छ । यो समस्या ४ सय ५६ मेगावाटको माथिल्लो तामाकोसीले पनि भोग्दैछ । पछिल्लो तालिका अनुसार तामाकोसीको पहिलो युनिट आगामी कात्तिकदेखि सञ्चालन गर्ने लक्ष्य छ ।

तर, प्राधिकरणले २२० केभी खिम्ती-ढल्केबर प्रसारण लाइनको दोस्रो सर्किट सम्पन्न भएको छैन । प्रसारण लाइनकै कारण होङ्सी शिवम् सिमेन्टले आजसम्म राष्ट्रिय प्रणालीको विद्युत पाएको छैन । ५० मेगावाट विद्युत खपत गर्ने उद्योगले २० किलोमिटर लामो १३२ केभी बर्दघाट-दुम्कीबास प्रसारण लाइन तयार नहुँदा डिजेल प्लान्टबाट उद्योग सञ्चालन गरिरहेको छ । यसको असर उद्योगले गर्ने उत्पादन लागतमा परेको छ ।

डिजेल प्लान्ट चलाएर गरिने उत्पादनको लागत विद्युत्भन्दा महँगो पर्छ भने डिजेल आयातलाई बढावा दिँदा देशको व्यापार घाटा बढेको छ । उद्योगले १ अर्ब ३२ करोड रूपैयाँ खर्च गरेर डिजेल प्लान्ट राखेको छ । यसले गर्ने प्रतियुनिट उत्पादन लागत ३० रूपैयाँ पर्न जान्छ ।

कतै बजेट अभाव त कतै ठेकदारको लापरबाही, कहीँ स्थानीय विवाद त कहीँ वन क्षेत्रमा हुने अवरोधले प्रसारण लाइन निर्माण दशकौंदेखि प्रभावित छन् । नीति नियम पनि प्रसारण लाइनको हकमा बाधक छन् ।

यसको प्रत्यक्ष असर देशको अर्थतन्त्रमा परिरहेको छ । प्रसारण लाइन समस्याले सञ्चालनमा आइसकेका आयोजनाको विद्युत खेर जाँदा बर्खामा समेत भारतबाट अर्बौंको विद्युत आयात गरेर माग र आपूर्ति व्यवस्थापन गर्नुपरेको छ । यसले देशको व्यापार घाटालाई अझै बढाएको छ ।

आर्थिक वर्ष २०७६/७७ को ११ महिनामा १२ अर्ब रूपैयाँको विद्युत् आयात भइसकेको छ । अघिल्लो आव ९२०७५/७६० मा आयात घटे पनि उत्पादन सुरू भइसकेका आयोजनाको विद्युत खेर नगएको भए यो परिमाणलाई अझै घटाउन सकिने थियो ।

प्रसारण लाइन समस्याले ठूलो लगानीमा निर्माण गरेका आयोजनाको विद्युत जोड्न नपाउँदा आर्थिक क्षति हुने लामिछाने बताउँछन् । 'सम्पन्न भइसकेको आयोजनाबाट विद्युत उत्पादन नहुँदा विद्युत् बिक्रीबाट हुने आम्दानी त गुम्छ नै बैंक ब्याजको भारसमेत थपिँदै जान्छ,' उनी भन्छन्, 'प्रवर्द्धकले 'पे ब्याक' तालिकाभित्र बैंकको ऋण तिर्न सक्दैनन् ।

निर्माण सम्पन्न भइरहेका आयोजनाको विद्युत खेर जाँदा विद्युत बिक्रीबाट उठ्ने रोयल्टी पनि आउँदैन । यस्तो रोयल्टी सम्बन्धित आयोजना भएको जिल्लासम्म नपुग्दा स्थानीय क्षेत्रको विकासमा पनि प्रत्यक्ष असर पर्छ ।

विद्युत जोड्न नपाउँदा लक्ष्यअनुसार आम्दानी नहुने तथा मुनाफा दिन नसक्दा लाखौं सर्वसाधारणको लगानी समेत जोखिममा परेको डाँगी बताउँछन् । प्रसारण लाइन समस्याले अर्बौं रूपैयाँको विद्युत आयात भइरहेकोमा सरोकारवालाहरू जानकार रहे पनि समाधान प्रयास हुन सकेको छैन ।

जलविद्युतले फेरिएका दुर्गम गाउँहरूको कथा

धना ढकाल

पेम्बा छिरिङ सेर्पा'मिजार'दोलखा, लामाबगरका स्थायी बासिन्दा हुन् ।लामाबगरमा उनको किराना पसल छ ।निर्माणाधीन ४सय ५६मेगावाटको माथिल्लो तामाकोसी जलविद्युत आयोजनामा कार्यरत कर्मचारी, कामदार सबै उनको पसलका नियमित ग्राहक हुन् ।

लामाबगर फर्किएर पसल सुरू गर्नुअघि उनी परिवारसहित काठमाडौंमा व्यापार व्यावसाय गरेर बसेका थिए । आफ्नो घर दैलोमा तामाकोसी आयोजना निर्माण हुने भएपछि राजधानीमा हुँदा छँदाको व्यापार छाडेर उनी गाउँ फर्किए । र त्यहींपसल खोलेर व्यापार व्यावसाय सुरू गरे ।

तामाकोसी आउने पक्का भएपछि लामाबगर फर्किएको दिन उनी आज पनि सम्झन्छन् । 'पहिला सडकनहुन्जेल यो गाउँमा धेरै दुखः थियो । जता जाँदा पनि पैदलै हिड्नुपर्ने बाध्यता थियो,' उनी भन्छन्,'सरकारको मुख ताकेको भए अहिलेसम्म पनि बाटो पुग्ने थिएन । तामाकोसी आयोजनाले सडकको पहुँच पुर्याइदियो । गाउँको मुहारै फेरियो ।'

तामाकोसीले सडक पुर्याएपछि धेरै स्थानीय गाउँ फर्किएर आफ्नो क्षमताअनुसारको काम गरिरहेकोछिरिङ बताउँछन् ।प्रभावित क्षेत्रका धेरै स्थानीयले आयोजनामा नै रोजगारी पाएका छन् । हिजोसम्म बाँदर लड्ने भीरमा आज तामाकोसी आयोजना आएकै कारण आर्थिक गतिविधि बढेको छ । यसलेस्थानीयको आर्थिक हैसियत फेरिदिएको उनी स्वीकार्छन् ।

तामाकोसीले सडकसँगै उत्तरी भेगका जनता लाभान्वित हुने गरीएम्बुलेन्स सेवा उपलब्ध गराएको छ । गाउँमै एम्बुलेन्स सेवा पुगेपछि बिरामीलाई समयमा अस्पताल पुर्याउन सहज भएको अनुभव उनले सुनाए ।

आयोजनाले गाउँमै स्वास्थ्य चौकी निर्माण गरिदिएको छ । सामान्य बिरामी हुँदा अन्यत्रै धाउनु पर्ने बाध्यता छैन । ' गाउँमा जलविद्युत आयोजना बन्दा बिजुली मात्रै होइन विकास पनि आउने रहेछ । आयोजनाले शिक्षा, स्वास्थ्य, सडक, खानेपानी सबै क्षेत्रको विकासमा काम गरेको छ' उनले खुशी व्यक्त गरे ।

तामाकोसीले सामाजिक उत्तरदायित्व अन्तर्गत अहिलेसम्म करिब ३२ करोड रूपैयाँ स्थानीय क्षेत्रको विकासमा खर्च गरिसकेको छ । प्रभावित क्षेत्रमा शिक्षा, स्वास्थ्य, सडक, खानेपानी लगाएत विकास निर्माणका काममा यो रकम खर्च भएको आयोजनाका प्रवक्ता गणेश न्यौपाने बताउँछन् ।

आयोजनाले स्वास्थ्य चौकी निर्माण, एम्बुलेन्स वितरणका साथै ४० वटाभन्दा बढी विद्यालयमा आर्थिक एवं प्राविधिक सहयोग गरेको छ । लामाबगरमा गौरीशंकर माविको भवन निर्माण, ठाउँ-ठाउँमा पदमार्ग निर्माण तथा विस्तार, खानेपानीविकासमा समेत काम गरिरहेको न्यौपानेले बताए ।

यसैगरी, नुवाकोटको किस्पाङ गाउँपालिका-५ का नेत्रप्रसाद भट्टको जीवन जलविद्युतले नै फेरिदिएको छ ।नेपाल विद्युत प्राधिकरणले निर्माण गरेको ६० मेगावाटको माथिल्लो त्रिशूली-३ 'ए' प्रभावित क्षेत्रका बासिन्दा उनी जलविद्युतले गाउँमा ल्याएको विकास देखेर दंग छन् ।

आयोजनाप्रभावित सामाजिक उत्तरदायित्वका कार्यक्रममा

प्रत्यक्ष सहभागी हुन पाउँदा आर्थिक लाभ लिन सकेको उनी बताउँछन् । 'त्रिशूली-३ 'ए' आउनुअघिहाम्रो गाउँ विकासबाट पछि परेको कुहिनेटो जस्तो थियो,'उनी भन्छन्,'आयोजना आउनु नै हाम्रा लागि विकास भयो ।'

आयोजनाले प्रभावित गाउँपालिकामा शिक्षा, स्वास्थ्य, खानेपानी, सडक पुर्वाधार विकास लगायतको क्षेत्रमा ठूलो लगानी गरेको छ । 'गाउँ-ठाउँमा जलविद्युत आयोजना पुग्नु भनेको विकास र रोजगारीको अवसर पनि पुग्नेहो' भन्छन् उनी । यसमा स्थानीयले बिरोध गर्न नहुने उनको बुझाई छ ।

८४ वर्षिय केतनाथ भट्ट पनि आयोजनाले ठूलो लगानी गरेर भूकम्पले क्षतिग्रस्त विद्यालय पुनर्निर्माण गरिदिएकोमा खुशी व्यक्त गर्छन । 'भूकम्पले विद्यालय भवन भत्काउँदा गाउँका छोरा छोरी, नाति नातिनालाई पढ्न समस्या थियो,'उनी सुनाउँछन्,' अबपक्की भवन बनेको छ । बालबालिकाले राम्रो पढ्न पाएका छन् ।' त्रिशूली ३ ए र त्रिशूली-काठमाडौं प्रसारण लाइनको रूट पर्ने ४ नगरपालिका तथा५ गाउँपालिकाका २१ वडा प्रभावित क्षेत्रमा पर्छन् । प्रभावित वडाले लाभ पाउने गरीसामाजिक उत्तरदायित्व अन्तर्ग पुर्वाधार विकासमा ठूलो लगानी गरेको आयोजनाले जनाएको छ । आयोजनाका अनुसार यसमा१६ करोड ७५ लाख रूपैयाँ आयोजनाले खर्च भएको छ ।

प्रभावित वडामा ८ वटा नयाँ विद्यालय भवन बनेका छन् । आयोजनाले सञ्चालनमा रहेका १८ वटा विद्यालयका लागि पूर्वाधार निर्माणमा सहयोग गरेको छ। ७ वटा सामुदायिक भवन निर्माण भई सञ्चालनमा आएका छन् । ८४ स्थानमा सडक निर्माण तथा सुधार, सिँचाइ कुलो मर्मत, मन्दिर क्षेत्र सुधार, गोरेटो बाटो, खानेपानी योजना, खेलकुद मैदान, पार्क तथा वडा कार्यालयनिर्माणमा पनि आयोजनाले आर्थिक सहयोग गरेको छ।

तुप्चे सडकको पहिलो प्याकेजमा ४ करोड ६२ लाख रूपैयाँ र दोस्रो प्याकेजमा करिब १६ करोड रूपैयाँ खर्च गरी १० किलोमिटर सडक पिच गरिएको छ । सामाजिक उत्तरदायित्व अन्तर्गत आयोजनाले गरेको लगानीको प्रत्यक्ष लाभ प्रभावित स्थानीयले पाएकाले उनीहरूको आयोजनाप्रतिको अपनत्व बढेको छ।

उता सोलुखुम्बु दूधकुण्ड नगरपालिकाबासी केदारभक्त कार्की ८२ मेगावाटको तल्लो सोलु जलविद्युत आयोजना प्रभावित क्षेत्रका बासिन्दा हुन् ।आयोजनाले सुरू गरेको'जीविकोपार्जन उत्थान तथा विकास' कार्यक्रमको संयोगक भएर प्रभावित क्षेत्रमा उनले काम गरिरहेका छन् ।

'निर्माण सुरू भएदेखि नै आयोजनाले प्रभावितलाई लक्षित गरेर धेरै योजनामा काम गरिरहेको छ,' उनी भन्छन्,'हाम्रो नगरपालिकामा ८६ मेगावाटको सोलु दूधकोसी निर्माण भइरहेकाले दुवै आयोजनाले विकासका काममा लगानी गरेका छन् ।'

'जीविकोपार्जन उत्थान तथा विकास' अन्तर्गत बंगुर पालन, बाख्रा पालन, किबी तथा तरकारी खेती कार्यक्रम सञ्चालनमा छन् । यसबाट आफुले प्रत्यक्ष लाभ लिएको कार्की बताउँछन् । निकट भविश्यमै डेरी फार्म, टेलरिङ, माछा पालनलगायत कार्यक्रम सुरू गर्ने योजना रहेको उनले सुनाए ।

बाख्रा पालन कार्यक्रम अन्तर्गत २५ घरधुरीलाई २ वटा जमुनपारी जातको बाख्रा दिएर सुरूवात गरिएको थियो । पहिलो चरणमा बाख्रा अनुदानमा पाएका कृषकले उत्पादन लिइसकेको कार्की बताउँछन् । बंगुर पाल्ने किसानले पनि उत्पादन लिन सुरू गरिसकेका छन् । २० घरधुरीले किबी खेती गरेका छन् । किबी खेतीबाट प्रतिफल लिने दिन नजिकिँदै गएको काकी सुनाउँछन् ।

यस्तै, स्थानीयको क्षमता अभिबृद्धि गरी आत्मनिर्भर बनाउने उद्देश्यले १ सय ५० जना युवालाई ५ विधामा तालिम दिइएको छ । तालिम लिएका धेरै युवाले यहीं काम गरिरकेका छन् । केहीले नजिकै बनिरहेका अन्य आयोजनामा काम गरिरहेका छन् । केही भने तालिमको प्रमाणपत्र लिएर वैदेशिक रोजगारीमा गएका छन् ।

विश्व बैंकको वातावरण तथा सामाजिक कार्यक्रम अन्तर्गत लगानी गर्नुपर्ने नियमका कारण पनि आयोजनाले स्थानीय क्षेत्रमा ठूलो लगानी गरेको प्रवर्द्धक सोलु हाइड्रो पावर लिमिटेडका कार्यकारी निर्देशक आशिष गर्गले बताए । यो बाहेक वातावरण अध्ययन प्रतिवेदनको व्यवस्थाअनुसार गर्नुपर्ने लगानी प्रभावित क्षेत्रमा भइरहेको छ ।

आयोजनाको स्थानीय कार्यालयम महिला सुरक्षाकर्मीलाई मात्रै रोजगारी दिइएको छ । कूल १२ सय कामदार कार्यरत रहेकामा २ सय जना स्थानीय छन् । तल्लो सोलु 'सुपर सिक्स' आयोजना भएकाले अन्यको तुलनामा बढी रोयल्टी तिर्नुपर्ने प्रावधान छ । ३० वर्षमा आयोजनाले रोयल्टी मात्रै ११ अर्ब रूपैयाँ बुझाउने गर्गले बताए ।

तामाकोसी, तल्लो सोलु, त्रिशूली-३ 'ए' त केही नमुना मात्र हुन् । यी र यस्तै आयोजनाले ग्रामीण क्षेत्रको विकासमा आमूल परिवर्तन ल्याएको देख्न सकिन्छ । प्राधिकरण, स्वदेशी वा निजी क्षेत्र र वैदेशिक लगानीका आयोजनाले मापदण्ड अनुसार प्रभावित क्षेत्रमा पर्याप्त लगानी गरेका छन् । एउटा आयोजना निर्माण हुँदा एकसाथ प्रभावित क्षेत्रको आर्थिक तथा सामाजिक उन्नती पनि भइरहेको हुन्छ ।

हिजो बेरोजगार भएर डुल्ने व्यक्तिले आज हजार होइन वर्षमा लाखौं रूपैयाँ कमाउने भएका छन् । ग्रामीण क्षेत्रका बासिन्दा यसको श्रेय पूर्णरूपमा जलविद्युत आयोजनालाई नै दिन्छन् । जसले जटिल दैनिकीलाई सरल बनाइदिएको छ ।

सार्वजनिक निजी साझेदारी (पपिपि) मोडल अनुसार लगानी भएका आयोजनाले प्रभावित र जिल्लाबासीलाई सेयर दिएका छन् । सेयर पाउँदा आयोजनाप्रति स्थानीयले अपनत्व महसुस गरेका छन् । सीप, क्षमता र दक्षता अनुसार रोजगारी पाउँदा दुर्गम ग्रामीण भेगको अर्थतन्त्र चलामान भएको छ । यसले राष्ट्रिय अर्थतन्त्र उकास्नसमेत महत्त्वपूर्ण भूमिका खेलेको छ ।

बढ्दो स्वदेशी लगानी र स्वदेशी लगानीमा सरकारी अवरोध

उमेश पौडेल

काठमाडौं, साउन ५ । जलविद्युत विकास नीति, २०५८ जारी भएलगत्तै नयाँ विद्युत ऐन ल्याउने प्रक्रिया सुरू भएको हो । राजनीतिक पार्टी पिच्छेका सरकारले अनुकूलका विषय थप्ने र हटाउने विवादले वर्षौंदेखि ऐन अलपत्र थियो । तत्कालीन राजा ज्ञानेन्द्र शाहकै कार्यकालमा ऐन जारी गर्ने तयारी थियो ।

२०६२र६३ को जनआन्दोलनपछि गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा गठन भएको लोकतान्त्रिक गणतन्त्रको मर्म अनुसार ऐन तयार गर्नुपर्ने भन्दै राजाको पालाको मस्यौदा संशोधन गर्न थाल्यो । तत्कालीन एकीकृत माओवादी र एमाले समेत सम्मिलित कोइराला सरकारले संसदको ढोकासम्म पुगेको विधेयक राजाको पालाको भन्दै फर्कायो ।

त्यसविचमा धेरै थरी पार्टीका धेरैजना संसद भए, उर्जामन्त्री भए र प्रधानमन्त्री भनि भए, तर हालसम्म कुनैपनि सरकार र मन्त्रीले नेपालको नीजि क्षेत्रले चाहेजस्तो ऐन, नियम र कानुन ल्याउन सकेका छैनन् । यसलाइ नेपालका लगानीकर्ताका अनुसार नीजि लगानीमा सरकार विदेशी कम्पनीका अगाडी कठोर भएको मान्न सकिन्छ ।

स्वतन्त्र उर्जा उत्पादकहरूको संस्था, नेपाल इप्पानका अध्यक्ष शैलेन्द्र गुरागाइभने यसलाइ परिवारका सदस्यलाइ मारेर छिमेकी पोसेको आरोप लगाउँछन् ।

२०६३ यता धेरै राजनीतिक उथलपुथल भयो । दर्जन प्रधानमन्त्री र त्यति नै ऊर्जा तथा जलस्रोत मन्त्री भए । ऐनको मस्यौदा राजनीतिक स्वार्थ अनुसार कहिले चर्चामा आउने र कहिले सेलाउने भयो । पहिलो संविधानसभा चुनावपछि लामो समयसम्म संसदको प्राकृतिक स्रोत तथा साधन समितिमा छलफल भयो । काँग्रेस, एमाले र माओवादीका सभासदले १ सय ४२ वटा बुँदामा संशोधन पेश गरे ।

देश संघीयतामा गएको बेला आइएलओ-१६९ अनुसार पानी र बिजुलीमाथिको अधिकार कसरी सुनिश्चित गर्ने भन्ने विवाद र द्विविधा थियो । २०४९ सालमा बनेको विद्युत ऐन, जलविद्युत विकास नीति र २०५० सालको नियमावलीमा जलविद्युत आयोजना निर्माण गर्ने फरक-फरक विधि र प्रक्रिया छन् ।

ऐनमा अनुमतिपत्र फस्ट कम फस्ट ९पहिला निवेदन दिनेले पाउने० आधार र करारमा दिने उल्लेख छ । नीति र अनुमतिपत्र सम्बन्धी कार्ययोजनाले प्रतिस्पर्धालाई प्राथमिकता दिएको छ । आयोजना निर्माण गर्न दिएबापत सरकारले पाउने रोउल्टी, लगानी सुनिश्चितता, वैदेशिक लगानी आकर्षण,

डलरमा गरिने विद्युत खरिद सम्झौता ९पिपिए० र स्थानीय अधिकारका विषयमा ऐन, नीति र नियमावली बाझिन्छ ।

यी सबै विषयमा एकरूपता कायम गर्दै विद्युतको आधुनिक तथा गुणस्तरीय विकास गर्ने उद्देश्यले नयाँ ऐनको परिकल्पना गरिएको हो । साथै, निजी क्षेत्रलाई सहजीकरण व्यवस्थित गर्ने योजना पनि थियो । २०७१ साल असोजमा विधेयक मन्त्रिपरिषद्बाट पारित गरेर संसद लैजाने तयारी भएको थियो । तर, एकाएक रोकियो ।

स्थानीय, प्रदेश र संघीय तहको निर्वाचनपछि पुनः ऐन संशोधन, छलफल र परामर्श सुरू भयो । र, झन्डै १८ वर्षपछि संघीय ढाँचाको विधेयक तयार भयो भनियो । यही विधेयक ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले मन्त्रिपरिषद् पेश गयी । त्यहाँबाट पास गरी चैत ८ गते संसद पठाइएको छ । तर यो अहिलेसम्म संसदमा अलपत्र परेर बसेको छ ।

यसवाट नै के प्रष्ट हुन्छ भने सरकार २०४६ सालदेखी हालसम्म नेपालका नीजिक्षेत्रका प्रवर्दककोभन्दा कमिसन कता र कसले दिन्छ भन्ने ध्याउन्न र लिप्त रहेको देखिन्छ ।

संसद पुगेको विधेयक मोटो रूपमा विश्लेषण गर्दा यसमा अनुमतिपत्र नियन्त्रण गर्ने र निजी क्षेत्रलाई अठ्याउँने बाहेक अग्रगामी प्रावधान बढी छैनन् । निजी क्षेत्रलाई जलविद्युतमा आह्वान गरेको २७-२८ वर्षमा उसले यो क्षेत्रलाई सास्ती दिन काम बढी गयी । वन, वातावरण, भूमिसुधार तथा तिनका भगिनी संस्था नै जलविद्युतका बाधक छन् । बेला-बेला अख्तियारको आगो पनि झोसिन्छ ।

जलविद्युतमा आजसम्म निजी क्षेत्रले १ सय २० अर्ब रूपैयाँभन्दा बढी लगानी गरिसकेको छ । अहिले नै ६ खर्ब रूपैयाँ खोलामा हालिरहेको छ । हजारौंले रोजगारी पाएका छन् । अकी ४-५ वर्षमा थप ६-७ खर्ब रूपैयाँ आउने देखिन्छ । तर यसलाई संरक्षण गर्न र नेपालका नीजि क्षेत्रलाई प्रोत्साहन गर्नुको सट्टा उल्टो बाटोमा सरकार गएको भान हुन्छ ।

यावत सरकारी अवरोधका बावजुत निजी क्षेत्रले काम गर्दै आएको छ । सरकारले १ सय ८ वर्षमा हासिल गरेको उपलब्धि निजी क्षेत्रले २७ वर्षमै देखायो ।

आज सरकार र निजी क्षेत्रको विद्युत उत्पादन बराबरी छ । यसले विद्युत संकट अन्त्य गर्न खेलेको भूमिका, राज्यको ढुकुटीमा थपेको रोयल्टी, कर तथा रोजगारी सिर्जनाको योगदान प्रशंसनीय छ । यो पक्षलाई सरकारले महत्त्व दिएको पाइएन ।

आर्थिक विकासको तुलोमा सबै उद्योग एकातिर र ऊर्जा तथा जलविद्युत अकौंतिर राखेर जोख्दा पनि जलविद्युतको भार बढी देखिन्छ । यस्तो परिस्थितिमा सानो-सानो पुँजी जोडेर विद्युत उत्पादनमा मरिमेटिरहेका प्रवर्द्धकको लगानी सुरक्षित गर्नु राज्यको दायित्व हुनुपर्छ ।

यही प्रगतिको आधारमा सरकार निजी क्षेत्रप्रति लचिलो र कल्याणकारी हुन जरूरी छ । तर, विधेयकले यस्तो संकेत देखाएन । अझ नियमअनुसार काम नगरे, ढिलो गरे वा समस्या सिर्जना भएर प्रवर्द्धक असक्षम ठहरिए आयोजनाको व्यवस्थापन नियन्त्रणमा लिने विषय प्राथमिकतामा परेको छ । जुन काम वित्तीय संस्था अनुगमनमा नेपाल राष्ट्र बैंकले गर्दै आएको छ ।

निजी क्षेत्रले उत्पादन गरेका करिब साढे ६ सय मेगावाटमध्ये २ सय मेगावाटमा मात्र प्रत्यक्ष विदेशी लगानी देखिन्छ । त्यसमा पनि १० देखि २० प्रतिशत स्वदेशीकै पुँजी छ । साढे ४ सय मेगावाटभन्दा बढी विद्युत उत्पादन गर्ने आफ्ना प्रवर्द्धकलाई निचोरेर त्यसको रस विदेशीलाई चुसाउने सरकारको कस्तो नीति ?

झन्डै दुई दशक लगाएर तयार गरेको विधेयक कम्तीमा सय वर्षको योजना, दृष्टिकोण र लक्ष्यसँग तादम्यता मिल्ने हुनुपर्थ्यो । ऊर्जा तथा जलविद्युत क्षेत्रका विद्यमान जटिलताको गाँठो फुकाउँदै समृद्ध मुलुकको परिकल्पना गरिनुपर्थ्यो । सरकार र निजी क्षेत्रबीच कसिलो सहकार्य हुनु जरूरी थियो । मुलुक आत्मनिर्भर हुन स्वदेशी पुँजी निर्माण, परिचालन र रोजगारी सिर्जनाका आधार तय गरिनुपर्थ्यो । तर, विधेयकले यसमा आँखा चिम्लेको देखिन्छ ।

दशकौंसम्म जलविद्युत निर्माणमा वन, वातावरण र जग्गाका समस्या उही छन् । प्रसारण लाइन निर्माणमा जग्गा अधिग्रहणको पाटो अझ पेचिलो हुँदैछ । स्वदेशी र विदेशी कम्पनीबीच विद्युत खरिद प्रक्रिया र मूल्य विभेदकारी छ । विधेयकले यी पक्षलाई सम्बोधन गरेको भए नीति निर्माणमा सरकार एक कदम अघि बढेको महसुस हुन्थ्यो ।

'वातावरण र वनका जटिलताका गाँठा कसरी फुकाउने' उल्लेख छैन । आयोजनाका लागि जग्गा अधिग्रहणको हदबन्दी हटाइयो । 'तर, अधिग्रहणमा देखिने स्थानीय समस्या कसरी हटाउने' लेखिएन । प्रसारण लाइनको 'राइट अफ वे' को अप्ठ्यारो सहजीकरण गर्ने उपाय सुझाइएन ।

निर्माणाधीन र निर्माण चरणमा रहेका आयोजनालाई कसरी विद्युत उत्पादनको अवस्थासम्म पुर्याउने भन्ने उपाय छैन । यसरी विधेयक लेख्ने कलमको मसीमा पक्कै विदेशी आइएनजिओको गुलियो झोल परेको हुनुपर्छ । नत्र यस्तो पक्षपाती वाक्य पर्ने थिएनन् । फगत, सरकार निजी क्षेत्रलाई चिढ्याएर १० वर्षमा १५ हजार मेगावाट विद्युत उत्पादनको सपना कोरलिरहेछ । निजी क्षेत्रबिना अर्थतन्त्रले खुट्टा टेक्न नसक्ने आधार हुँदा-हुँदै सरकार किन उसलाई यो वा त्यो नाममा बाँधिरहेछ ?

जलविद्युत उद्योगसँग जोडिएका हरेक व्यक्ति, संस्था निकाय, ठेकेदार, परामर्शदाता वा विज्ञ एक ढिक्का नहुँदासम्म सरकारले निजी क्षेत्रको आवाज सुन्दैन ।

सबैभन्दा मूख्यकुरा भनेको सरकारले नीजिक्षेत्रका यावत कुराहरूलाई बुझेर ऐन कानुनमा सच्चाएर होस् वा प्रक्रिया सरलीकरण गरेर हुन्छ सरकारले नीजि क्षेत्रको आवाज सुन्नुको विकल्प छैन ।

विद्युत् विद्येयक प्रति निजी क्षेत्र असन्तुष्ट

गोपालचन्द्र सुवेदी

काठमाडौं, साउन १३ गते । सरकारले विद्युत्को उत्पादन प्रसारण तथा वितरणलाई थप प्रतिस्पर्धी बनाउन निजी क्षेत्रलाई समेत सहभागिताको अवसर सृजना गर्ने गरी ल्याइएको भनिएको विद्युत् विद्येयक प्रति निजी क्षेत्र भने त्यति सकारात्मक देखिएको छैन । विना प्रतिस्पर्धा योग्य प्रवर्दकले आयोजना नपाउने, आयोजनाको पहिचान, क्षमता निर्धारण वित्तीय व्यवस्थापन हुन नसक्ने र सक्षम प्रवर्दक अवसरबाट वञ्चित हुनु पर्ने विगतका समस्याको समाधानका रूपमा २०४९ सालको विद्युत् ऐन हटाउँदै नयाँ कानुनी व्यवस्था गर्ने सरकारको जिकिर छ ।

ऊर्जा जलश्रोत तथा सिँचाई मन्त्रालयले तयार गरी संसदमा पुराएको यो ऐनको मुल उदेश्य नै प्रतिस्पर्धाका आधारमा आयोजना विकास गर्ने, आन्तरिक तथा अन्तरदेशीय विद्युत व्यापारलाई व्यवस्थित गर्ने र राष्ट्रिय प्रसारण, ग्रिड तथा वितरण प्रणालीमा खुला पहुँच र विद्युत् व्यापार प्रवर्दन गर्ने देखिन्छ । प्रस्तावित विधेयकको दफा ६ विद्युत् अयोजना विकास तथा सञ्चालन प्रतिस्पर्धाका आधारमा गर्नु पर्ने उल्लेख छ । यद्धपि सरकारको आधाभन्दा धेरै स्वामित्व रहेका संस्थाले विकास गर्ने भनी तोकिएका, तीन तहका सरकारले विकास तथा सञ्चालन गर्ने भनी निश्चित आयोजनालाई भने प्रतिस्पर्धा वाहिर राखिएको छ । त्यस्तै दफा ५५ले ठूलो लगानी, विदेशी सिप प्रविधि जनशक्ति आवस्यक पर्ने र अर्थतन्त्रमै ठूलो प्रभाव पार्ने खालका ठूला आयोजना पनि संभौताका आधारमा विकास गर्न सकिने प्रावधान राखिएको छ ।

विधेयक मस्यौदा निर्माणमा मुख्य जिम्मवारीमा रहनुभएका मन्त्रालयका कानुन तथा फैसला कार्यान्वयन महासाखा प्रमुख सहसचिव तोयानाथ अधिकारी विधेयकका प्रस्तावले विद्युत् उत्पादन वितरणमा निजी क्षेत्रले नयाँ अवसर पाउन लागेको र त्यसलाई क्षमता युक्त ढंगले प्रयोग गरे विद्युत क्षेत्रमा ठूलो फड्को मार्ने अवस्था आउने बताउनु हुन्छ । "अव आर्थिक र प्राविधिक रूपले सक्षम प्रवर्दकलाई जलविद्युत्मा लगानी र लाभको ठूलो अवसर छ," उहाँ भन्नुहुन्छ,"हठात र पर्याप्त जानकारी विना अनुमतिपत्र लिईहाल्ने, अनि काम नगर्ने अवस्था चाहिँ हामीले अन्त्य गर्न चाहेको हौ ।"

तर विद्युत् उत्पादनमा सकृय निजी क्षेत्र भने यसमाअसन्तुस्ट छ । ऊर्जा उद्यमी सुर्य अधिकारी प्रतिस्पर्धाका नाममा स्वदेशी नीजि क्षेत्रलाई साघुरो घेरामा बाँधिएको बताउनु हुन्छ । "आकर्षक आयोजना सरकार, उसका कम्पनी र विदेशीलाई अनि बाँकी रहेकामा मात्र हामीलाई प्रतिस्पर्धा गर भन्न खोजिँदै छ,"उहाँ भन्नुहुन्छ, " नाफामा आँखा लगाइएको छ, रोयल्टीका बारे छुट्टै परिच्छेद राखिन्छ तर खोइ त आयोजना विकासका लागि आवश्यक पूर्वाधार जुटाउने पक्ष?"

तर सबै कुरा एउटै ऐनबाट पुरा नहुने सहसचिव अधिकारी बताउनुहुन्छ । "सवै कुरा यहि ऐनमा आउने कुरा त हुँदैननी, अन्य कानुन, यसैको नियमावली, बजेटरी व्यवस्था आदिले सम्बोधन हुने कुरा पनि हुन्छन्," उहाँको भनाई छ,सरकारले वास्तविक र क्षमतायुक्त लगानीकर्तालाई विभिन्न अवसर दिने र त्यसको लाभ जनतालेसमेत पाउने गरी ऐन ल्याउन लागेको हो ।"

विधेयकमा विद्युत उत्पादन, प्रसारण र वितरणको अनुमति अव एकै संस्थाले नपाउने व्यवस्थाराखिएको छ । यसको लाभ पनि निजी क्षेत्रले लिन सक्ने देखिन्छ । खास गरी नेपाल विद्युत् प्राधिकरणको मात्र एकाधिकार रहेको अवस्थामा निजी क्षेत्रले प्रवेश नपाएको प्रसारण र वितरणको क्षेत्र पनि खुला गर्न खोजिएको छ ।दफा १३मा प्रस्तावित यो व्यवस्थाले नीजि क्षेत्रले अव आफूले चाहेको क्षेत्रमा विद्युत् वितरणको जिम्मेवारी लिन सक्ने अवस्था सृजना गर्न खोजेको छ । विद्युत् उत्पादन व्यापार वा ग्राहक सेवाको अनुमित पाएको संस्थाले राष्ट्रिय प्रसारण ग्रिड प्रसारणलाईन वितरण प्रणाली र सो सम्बन्धी संरचना विना भेदभाव प्रयोग गर्न पाउने गरी खुला पहुँच स्थापित गर्न खोजेको छ । विधेयकका मस्यौदाकार अधिकारी भन्नुहुन्छ, "अहिले इन्टरनेट सेवा प्रदायकले जस्तै गरी भोलिका दिनमा निश्चित मापदण्ड पुरा गरेर विद्युत् सेवा प्रदायकआउने बाटो खुलेको छ ।"

दफा १४मा उल्लेख भए अनुसार विद्युत् प्रसारण वितरण तथा व्यापार सेवाका लागि २५ वर्षसम्म र ग्राहक सेवाका लागि पाँचवर्षसम्मका लागि अनुमति पाउने र यस्तो अनुमति पत्र नविकरणसमेत हुने व्यवस्थाले नीजि क्षेत्रलाई यी सेवामा पनि आकृषित गर्न खोजेको देखिन्छ ।यद्धपी विद्युत् उत्पादनमा सकृयउद्यमी सूर्य अधिकारी भने यसलाई खासै महत्व दिनुहुन्न । भन्नुहुन्छ, "विद्युत् उत्पादनमै उद्यमीहरू हतोत्साही भएकोअवस्थामा त्यता जाने अवस्था म देख्दिन ।"

प्रस्तावित विधेयकमा क्याप्टिभ उत्पादनका लागि पनि

सहज व्यवस्था गरिएको छ । दफा १८अनुसार कुनै सस्था उद्योग फर्म वा कम्पनीले आफ्नो प्रयोजनका लागि वा आफूले उत्पादन गरेको विद्युत्को कम्तिमा ५१ प्रतिशत आफैले उपयोग गर्ने गरी विद्युत उत्पादन तथा सह उत्पादन गर्न अनुमति लिनै नपर्ने व्यवस्था छ । अझ यसबाट बाँकी भएको विजुली वितरण वा व्यापार अनुमति प्राप्त संस्थालाई विक्रीसमेत गर्न पाउने व्यवस्था छ ।

प्रस्तावित मस्यौदा प्रति ऊर्जा क्षेत्रका पूर्व प्रसासक पनि खासै उत्साहित देखिदैनन । पूर्वा ऊर्जा सचिव अनुपकुमार उपाध्यायका अनुसार विगतमै भएका व्यवस्था र अभ्यास समेटेर केहि फरक स्वरूपमा मात्र विधेयक आएको छ । "प्रतिस्पर्धा सम्बन्धी व्यवस्था हेर्दा सरकार तथा नियामक थप नियन्त्रणमूखि बन्ने देखिन्छ," उहाँभन्नुहुन्छ, "२०४९ सालको ऐनले सिप र पुँजी भएका लगानीकर्तालाई आयोजना छान, लगानी गर, विद्युत् उत्पादन गर, बजारको पनि आफै व्यवस्था गर भन्ने हिसावले हेरेको थियो । तर अहिले बिजुली चाहिने भयो भने हामी आयोजना बनाउन टेण्डर माग्छौ भन्ने खालको कसिलो व्यवस्था गर्न खोजियो ।" यस्तो व्यवस्था गर्ने हो भने उत्पादित बिजुलीको बजार र मूल्य पनि नियामकले व्यवस्था गरिदिनुपर्ने जिकीर उहाँको छ ।

वितरणमा निजीक्षेत्रलाई सहभागी गराउने पक्ष विगतमा पनि अभ्यासमा थियो । बुटवल पावर कम्पनीले पाल्पा प्युठान लगायतका जिल्लामा यस्तो अभ्यास गरिसकेको हो । उपाध्ययको विश्लेषणमा बितरणमा निजी क्षेत्र आउने कुरा त्यति आकृषक न हुन सक्छ । सहरी क्षेत्रमा विद्युतीकरण भइसकेको छ, ग्रामीण क्षेत्रमा वितरणको जिम्मा लिनु नाफा मूलक हुँदैन। "ग्रामिण क्षेत्रमा विजुली पुराउनु सरकारी कम्पनीलाई नै नाफा मूलक छैन भने निजी क्षेत्र किन जाला र ?" उहाँको प्रस्न छ ।

ऊर्जा उद्यमी ज्ञानेन्द्रलाल प्रधान ऊर्जाका क्षेत्रमा सरकार उदार बन्न नसकेको धारणा राख्नुहुन्छ । नेपाल भित्र ऊर्जाको खपत कति बढाउन सकिन्छ भन्नेमै सरकार अन्योलमा रहेको देखिन्छ," उहाँले भन्नुभयो, "एलपीग्यास, दाउरा, पेट्रोल डिजल यथासम्भव विस्थापन गर्ने र स्वदेशी ऊर्जा खपत गरेर अर्थतन्त्रको उत्तोलकका रूपमा स्वदेशी विजुलीले काम गर्छ भन्ने सोचमै सरकार चुकेर यो प्रस्ताव ल्याएको देख्छु । यसमा गन्तब्य नै देखिएन ।"

सरकारले आफ्ना कम्पनीलाई र विदेशी लगानीकर्तालाई जलाशय युक्त र ठूला अयोजनामा केन्द्रित गर्ने र जलप्रवाहमा आधारित १ सय मेगावाटसम्मका आयोजना स्वदेशी निजी क्षेत्रलाई जिम्मा दिने निती अख्तियार गर्न उपयुक्त हुने सुझाव उहाँको छ । "जलविदुत्को अपार बजार देश भित्र नै बाँकी नै छ भन्ने बुझाई ग्रहण नभएको देखियो" उहाँले भन्नुभयो, यसआधारमा जसले सक्छ उसलाई बनाउन दिन अहिले नै कडि कडाउन किन ? साना आयोजना महंगो लागतमा बनाउन सरकारी पैसा किन खर्च गर्ने दिनुस नीजि क्षेत्रलाई ।"

Status of Arun III and Upper Karnli hydropower projects

Umesh Poudel

Kathmandu, July 21 . Aims to sell Nepal's surplus energy to neighbor's countries, including India and Bangladesh, the government has pushed up its strength for negotiations and claimed to make a favorable environment for the foreign companies and foreign direct investment companies to invest in the great potential of country's hydropower sector.

Among all, the much talked 900 megawatt capacity Arun III project is already started to construction and 900 MW capacity Upper Karnali is yet to Finalise power purchase agreement and financial agreement with the government. However, rest of other process has been completed by the Upper Karnali Hydropower Development Company.

Due to the global pandemic of coronavirus, most of the ongoing construction of hydropower projects are expected to delay and will postponed for several months to complete the project.

With almost 30 per cent of construction work of the India-backed 900-megawatt SJVN Arun-III completed so far, the developer company inked the financial closure of the hydroelectric project with seven banks in February this year.

Officials of five Indian banks, two Nepali banks and SJVN Arun-III Power Development Company penned an agreement to invest a total of Rs 101.28 billion in the project. The company will chip in an additional Rs 27 billion as equity investment.

According to the pact, among the Indian lenders, State Bank of India will invest Rs 35.52 billion, Punjab National Bank Rs 15.29 billion, Canara Bank Rs 15.28 billion, EXIM Bank of India Rs 12.25 billion and Union Bank of India will invest Rs 7.63 billion. Among Nepali lenders, Everest Bank will invest Rs 10.22 billion and Nabil Bank will provide Rs 5.13 billion for the project.

Arun-III is an export-based project, which will bring the largest-ever government-to-government level foreign direct investment from India worth nearly $1.2 billion.

The Investment Board Nepal had granted Arun-III project permission to ink financial closure with the aforesaid banks.

Nand Lal Sharma, chairman-cum-managing director of Satluj Jal Vidyut Nigam Ltd, India — which has been tasked with building the project — said the project was scheduled to be completed by 2023. "But we plan to complete it before schedule." He added that the company had faced hurdles at the project site, including lack of proper road access to transport equipment on time.

"Nevertheless, we have received tremendous support from the Nepal government to cross the hurdles in a timely manner," he said. Sharma added that the project had so far achieved almost 30 per cent progress in physical work and 12 per cent in financial work till date. "At present, we are executing construction work through our equity investment worth Rs 27 billion," he said.

The project has accelerated the civil, hydromechanical and electro-mechanical works, simultaneously.

The company had awarded the aforementioned works to an Indian firm — JP Construction — which has already started executing construction work. SJVN stated that it would start construction of a 400-kVA high-voltage cross-border transmission line from March. IBN and SJVN had inked a pact in November 2014 for the project development agreement of ArunIII hydropower project. The project was supposed to start generating energy by 2020 as per the earlier agreement. However, IBN and SJVN reached an agreement later to complete the construction of the project by 2023.

Apart from shares being allocated to locals and free energy to the affected areas, the government will get Rs 330 billion as royalty in a period of 20

years and the project will also provide 21.9 per cent of the generated energy free of cost.

The project will generate 400 million units of power every year. As per the agreement with IBN, the developer will hand over the ownership of the project to the government of Nepal after 20 years of commercial operation.

Meanwhile,to gear up to construction of the Upper Karnali Hydropower Project (UKHP), the Bangladeshi government has finalised the power purchase agreement with GMR, developer of the 900-megawatt Upper Karnali Hydro Electric Project, paving the way for the financial closure of the project.

On December 18, 2019, the Bangladeshi Cabinet Committee on Public Purchase (CCPP) approved the power purchase agreement rate to purchase 500 megawatts of energy generated by the project.

As per the decision of CCPP, Bangladesh will import the electricity through Indian firm GMR at a tariff rate of 7.72 cents (equivalent to Rs 8.80) per unit for a period of 25 years.

KK Sharma, project head of UKHEP, said the Bangladeshi government will soon sign the letter of intent with GMR and finalise other necessary legal issues to materialise the agreement. He added that GMR is accelerating the pace to complete the necessary work for energy trade and working towards the project's financial closure by 2020.

"We have finalised the PPA with the Bangladeshi government and the process of LoI and financial closure will soon start," said Sharma.

On November 21, Bangladeshi State Minister for Power, Energy and Mineral Resources Nasrul Hamid, speaking at the inaugural ceremony of the seventh Power Summit in Kathmandu, had hinted that they would get the PPA rate endorsed from their Cabinet at the earliest.

If the project will timely complete as per the stipulated, UKHEP will be the first private Nepal-based company to export hydropower to Bangladesh via India as per a trilateral agreement. "It will also open the door for Nepal's energy export to India and other neighbouring countries."

The project cost of UKHEP is estimated to hover around $1.1 billion. As per GMR, the company plans to collect 15 per cent of investment through Nepali banks and financial institutions and the initial agreement has been made with them. Nabil Bank and Nepal Investment Bank have shown interest to lead the debt consortium for the 15 per cent financing.

"We are also in negotiations with Indian Exim Bank, Chinese Exim Bank, Asian Development Bank, World Bank and Netherlands Development Finance Company and other multilateral lenders for the remaining project financing," Sharma added.

According to GMR, the project will be built as per engineering; procurement and construction model and the contract will be awarded to the selected firms by March if everything goes as planned.

GMR has selected three companies for civil, hydromechanical and other infrastructure works and seven companies for electromechanical works through open bidding.

The Bangladeshi government has already inked an agreement with GMR and the Nepal government to purchase 500 megawatts of power from the project.

GMR added that it had signed an MoU with NTPC Vidyut Vyapar Nigam Ltd of India for sale of surplus electricity generated by the project. It is also trying to sign an off-take agreement with Bangladesh Power Development Board.

Nepal will get 108 megawatts (12 per cent) of power and 27 per cent equity from the Upper Karnali project free of cost. The reservoir project has been modelled to run in full capacity for only three months in a year. It is being constructed under the build-own-operate-transfer model. As per the project development pact, the project will be handed over to the government after 30 years.

However, the land acquisition process is yet to be finalised as the landownership certificates were destroyed in an arson attack during the Maoist insurgency. "We have to first sort out the land ownership issue before we can start providing compensation to the rightful owners," said Sharma.

समग्र अध्ययन

सहकारीमार्फत डिजिटल बैंकिङ् : समस्या, चुनौती र सम्भावना

अध्ययन प्रतिवेदन-२०७७

अध्ययनकर्ता

१. यादव हुमागाई - कारोबार दैनिक

२. काजी श्रेष्ठ - सहकारी खबर डटकम

३. सोभित थपलिया - क्लिकमाण्डु डटकम

विषय प्रवेश (Background of the Study) :

नेपालको संविधान-२०७२ ले सहकारीलाई अर्थतन्त्रको एक आधारस्तम्भ मानेको छ । त्यसै अनुसार राज्यका नीति तथा कार्यक्रम र बजेटहरुमा सहकारीलाई प्राथमिकता पनि दिइएको छ । यसैगरी सहकारीप्रति आम सर्वसाधारणको आकर्षण पनि बढिरहेको छ । किसानलाई मल, विउ र पुँजी पुऱ्याउन सुरु गरिएको सहकारिताको प्रयोग हाल बचत तथा ऋणका कारोबारका साथै कृषि, उपभोक्ता, स्वास्थ्य शिक्षा, संचारलगायतका व्यवसायमा संचालनमा भइरहेको छ ।

विश्व इतिहासमा वेलायतबाट सन् १८४४ मा सहकारी सुरु भएपनि नेपालमा २०१३ सालमा चितवनको बखानपुर ऋण समितिबाट सुरु भएको हो । परापूर्व कालदेखि नै पर्व, गुठी, ढिकुटी आदीका रुपमा गाउँघर, समाजमा सहकारीताको प्रयोग गर्दै आएको नेपाली त्यसपछि संगठित रुपमा सहकारीमा आवद्ध हुन थालेका हुन् । २०४६ सालअघिसम्म 'साझा सहकारी' को रुपमा राज्य नियन्त्रित रुपमा चलेको सहकारी अभियान 'सहकारी ऐन-२०४८' र 'नियमावली-२०४९' सगै स्वतस्फूर्त रुपमा अगाडी बढ्ने मौका पायो । फलस्वरुप २०४८ सालअघि ८ सय ३० वटा मात्र मात्र रहेका सहकारी संघसंस्था रहेकोमा आर्थिक वर्ष २०७६/०७७ सम्ममा बढेर ३५ हजार ७३७ पुगेको छ । सहकारी संस्थाहरुमा ६५ लाख सर्वसाधारण आवद्ध छन् । औपचारिक अध्ययन नभए पनि कुल ग्राहस्थ उत्पादनमा करिब तीन प्रतिशत र वित्तीय पहुँचमा १५ प्रतिशत हिस्सा सहकारीले ओगटेको अनौपचारिक तथ्यांक (**सहकारी विभाग वार्षिक प्रतिवेदन २०७७**) छ । छरिएर रहेको पुँजी संकलन, ग्रामीण क्षेत्रमा वित्तीय पहुँच पुर्‍याउनका साथै कृषिलगायतका काममा सहकारीको भूमिका प्रभावकारी छ । ठूला बैंक तथा वित्तीय संस्थाले वेवास्ता गरेका वर्गलाई वित्तीय पहुँच पुर्‍याउनुका साथै स्वरोजगार सिर्जना र गरिवी निवारणमा समेत सहकारीको भूमिका उल्लेखनिय छ ।



तालिका नं १ : सहकारीको वृद्धिदर (प्रतिशतमा) (स्रोत सहकारी विभाग)

नेपालको सहकारी अभियानमा वित्तीय कारोबार नै अग्रस्थानमा छ । क्षेत्रमा वित्तिय कारोबार गर्ने बचत तथा ऋण सहकारी संस्थाको संख्या १३,९१७ रहेको छ । यो संख्या सहकारी अभियानमा संलग्न ३४,७३७ सहकारी संघ संस्थाको ४० प्रतिशत हुन आँउछ । सहकारी क्षेत्रले ७६ अर्ब ६४ करोड शेयर पूँजी तथा ३४५ अर्ब बचत संकलन गरि ३३२ अर्ब बराबरको कर्जा प्रवाह गरेको छ (आर्थिक सर्वेक्षण २०७७) । नेपालको वित्तिय परिचालनमा सहकारी क्षेत्रले वाणिज्य बैंक भन्दा पछाडि

रहि योगदान गरेको छ । बचत तथा ऋण सहकारीका अलावा बहुउद्देश्यीयलगायत अन्य विषयगत सहकारीहरुले पनि वित्तीय कारोबार गर्दै आएका छन् ।



	2012/13	2013/14	2014/15	2015/16	2016/17	2017/18	2018/19*
शेयर पूंजी	28823060	61186201	63059914	71357882	73178715	76094623	76640000
बचत	147069663	172529350	202420535	295727802	302164513	311228940	345590000
कर्जा लगानी	137084873	154631604	188078439	289825041	273710439	276447079	332710000

*Up to Mid-March of FY 2018/19, Value in round figure

तालिका नं २ : सहकारीको कारोबारको अवस्था । (स्रोत सहकारी विभाग)

अहिलेसम्म सहकारीको कारोबारलाई नेपाल राष्ट्र बैंकले वित्तीय सेवाको परिभाषाभित्र समेटेको छैन । सहकारीको कारोबारको प्रभावकारी अनुगमन समेत भइरहेको छैन । जसका कारण एकातिर सहकारीमा राखेको सर्वसाधारणको रकम जोखिममा पर्ने गरेको छ भने अर्कोतिर वित्तीय क्षेत्रमा प्रयोगमा आएका आधुनिक प्रविधिमा आधारित सेवा सहकारी संस्थाले उपलब्ध गराउन सकेका छैनन् । बैंकिङ बजारमा एटिएम, मोवाईल बैंकिङ, इन्टरनेट बैंकिङ, वालेट, क्युआर कोडजस्ता आधुनिक सेवाहरु लोकप्रिय भइरहँदा सहकारीमा भने यी सेवा सुरु गर्न कानुनी, प्राविधिक र व्यवहारीक झण्झट रहेका छन् । प्रतिस्पर्धी बजारमा टिक्न र सदस्यलाई सेवा दिनकै लागि सहकारीहरुले बैंक र विभिन्न कम्पनीहरुसँग मिलेर एटिएम, मोवाईल बैंकिङ, क्युआरकोड पेमेन्टजस्ता सेवा सुरु गर्न थालेका छन् । तर, अहिलेसम्म अपष्ट कानुनी व्यवस्था, कमजोर नियमनका कारण सहकारीमा आधुनिक सेवाहरुको विस्तार राम्रोसँग हुन सकेको छैन । कोभिड-१९ को महामारीका कारण संक्रमण फैलिन नदिन सरकार र बैंक तथा वित्तीय संस्थाहरुले डिजिटल कारोबारलाई प्रोत्साहन गरिरहदा सहकारीमा कारोबार गर्ने सदस्यहरु भने यसबाट बञ्चित हुनुपर्ने अवस्था छ ।

समस्याको वयान र अध्ययनको प्रश्न (Statement of Problem and Research Question) :

नेपालको सहकारी क्षेत्रमा वित्तीय कारोबार गर्ने बचत तथा ऋण सहकारीकै बाहुल्यता छ । ३५ हजार सहकारीमध्ये ४० प्रतिशत बचत तथा ऋण छन् भने बहुउद्देश्यीय लगायत अन्य

सहकारीहरुले पनि बैंकिङ सेवा प्रदान गर्छन । बाणिज्य बैंकहरुपछि ठूलो वित्तीय कारोबार सहकारी संस्थाहरुबाट हुन्छ ।

कोरोनाको संक्रमण र रोकथामका लागि लकडाउन गरिएसँगै डिजिटल बैंकिङ कारोबारलाई बैंक तथा वित्तीय संस्थाहरुले प्राथमिकता दिए । बैंकका ग्राहकहरुले यी सेवा उपभोग गर्ने तर सहकारी क्षेत्रले यस्तो सेवा दिन नसक्दा सदस्यहरु सेवाबाट बञ्चित हुनुपर्‍यो । न्यून सहकारी संस्थाहरुसँग मात्र एटिएम, एसएमएस बैंकिङ, मोवाईल बैंकिङ, इन्टरनेट बैंकिङ, क्युआर कोडलगायतका विद्युतिय सेवा छ । विश्वभर ह्युमनलेश, क्यासलेसको बहस भइरहेका बेला नेपालमा अझै पनि ठूलो कारोबार नगदमै हुन्छ । सरकारले नगद कारोबारलाई घटाउदै लैजाने त भनेको छ तर अहिलेसम्म सहकारीको कारोबारलाई भने नजरअन्दाज गर्दै आएको छ । विद्युतिय कारोबारलाई बढाउन सहकारीको सेवालाई पनि डिजिटलाइज्ड गर्नु आवश्यक छ । डिजिटल बैंकिङ सेवा प्रदान गर्नका लागि सहकारी क्षेत्रको क्षमता, समस्या र कानुनी जटिलतालाई यस अध्ययन प्रतिवेदनमा उजागर गरिएको छ ।

अध्ययनका उद्देश्यहरु (Research Objectives)

यस अध्ययनको उद्देश्य नेपालको सहकारी क्षेत्रमा भइरहेको विद्युतिय वित्तीय कारोबारलाई विश्लेषण गर्नु रहेको छ । विषेशत यस अध्ययनले निम्न उद्देश्य राखेको छ ।

क) सरकारले नगद कारोबारलाई कम गर्ने नीति लिइरहेका बेला कोभिड १९ को संक्रमणले झनै विद्युतिय कारोबार गर्नुपर्ने बाध्यता सिर्जना गर्‍यो । नेपाल राष्ट्र बैंकले पनि विद्युतिय कारोबारलाई प्रोत्साहन गरिरहेका बेला सहकारीमा यसको सम्भावना खोतल्नु ।

ख) सहकारी संघसंस्थाहरुले सुरु गरेको विद्युतिय वित्तीय कारोबारको कानुनी, नियामकीय र प्राविधिक जोखिमको अध्ययन गर्नु ।

अनुसन्धान पद्धति (Research Methodology)

यस अध्ययन वर्णनात्मक (Descriptive) प्रकृतिको रहेको छ । यसमा तथ्यांक संकलन/अन्तरवार्ता, विश्लेषण, अन्त्यमा निश्कर्ष र सुझावसँगै समाप्त भएको छ । विभिन्न वेवसाईटका साथै गुगल प्लेस्टोरबाट समेत तथ्यांक संकलन गरिएको छ । नेपाल राष्ट्र बैंक, सहकारी विभाग, भुक्तानी प्रणाली संचालक, भुक्तानी सेवा प्रदायक संस्थाबाट तथ्यांक संकलन तथा अन्तवार्ता गरी यो अध्ययन प्रतिवेदन तयार पारिएको छ । यसैगरी विद्युतिय भुक्तानी प्रणाली सम्बन्धी नीति, कानुन, सहकारी नीति र कानुनका साथै नेपाल राष्ट बैंक, सहकारी विभागले जारी गरेका निर्देशनहरुपनि अध्ययन गरिएको छ ।

साहित्यको अध्ययन (Literature Review)

नेपालमा सहकारीलाई एटिएम वा दुरसंचार र इन्टरनेटमा आधारित सेवा प्रदान गर्न नियामक निकायले अनुमति दिएको छैन । त्यसैले 'क' वर्गको बाणिज्य बैंक र एटिएम नेटवर्क सेवा प्रदायक संस्था र सहकारी संस्थाले त्रिपक्षिय सम्झौता गरी एटिएम सेवा संचालन गरिरहेका छन् । यसैगरी भुक्तानी प्रणाली संचालक/ भुक्तानी सेवा प्रदायक, बैंक र सहकारी संस्थाको त्रिपक्षिय संम्झौतामा मोवाईल/वालेट कारोबार भइरहेको छ । यी सेवाहरु नियामक निकाय प्रत्यक्ष अनुगमन दायरामा नभएकाले जोखिमपूर्ण रुपमा कारोबार भइरहेको छ । ***(अर्थटुडे डटकमको समाचार–२०७७ जेठ १)***। सेवा प्रदान गर्नका लागि सहकारी संस्थाहरुले नेपाल राष्ट्र बैंक वा सहकारी विभागबाट अनुमति लिएका छैनन् । सहकारीलाई यो सेवा दिनका लागि भुक्तानी प्रणाली संचालक, सेवा प्रदायक पनि राष्ट्र बैंकबाट अनुमति पाएका छैनन् । संस्थाहरुले आफ्नै जोखिममा यस्तो कारोबार गरिरहेका छन् ।

प्रविधिमा आधारित सेवा सधै जोखिमपूर्ण हुन्छ । पछिल्लो समय २०७६ साल भदौ १५ गते चिनियाँ ह्याकरले नबिल बैंक दरबारमार्गबाट एटिएमबाट रकम चोरी गरेको थियो । (**क्लिकमाण्डु डटकम २०७६ भदौ १५**) चिनियाँ ह्याकरहरुले नेपाल इलेक्ट्रोनिक पेमेन्ट सिस्टम (नेप्स) को सिस्टम ह्याक गरी विभिन्न बैंकको नक्कली भिसा कार्ड प्रयोग चोरी गरेका थिए । ह्याकरको साथबाट प्रहरीले १ करोड २६ लाख २९ हजार नेपाली रुपैयाँ, ९ हजार १ सय अमेरिकी डलर, ११ सय ९१ चिनियाँ यान, २५० यूरो, ५ हजार कम्बोडियन र हङकङ डलर ८० बरामद गरेको थियो । तर पछि प्रहरीको अनुसन्धानले नेपालबाट १ करोड ७६ लाख र भारतबाट १ करोड ५ लाख भारु निकालेको देखायो । १३२ नक्कली भिषा कार्यसँगै १७ थान सक्कली भिषा कार्ड, १ थान कार्ड प्रिन्टर मेसिन, ६ थान मोबाइल, १ थान ल्यापटप र १ थान डाटा कार्ड रहेको प्रहरीको भनाइ छ । यता राष्ट्र बैंकको भुक्तानी प्रणाली विभागका कार्यकारी निर्देशक बमबहादुर मिश्रका अनुसार १ करोड ६८ लाख ५४ हजार ७२० रुपैयाँ निकालिएको थियो । ह्याकरको साथबाट प्रहरीले १३२ थान नक्कली भिषा कार्ड प्रयोग गरी विभिन्न बैंकको डाटा ह्याक गरेर एटिएमबाट पैसा निकाल्ने गरेको प्रहरीको भनाइ छ ।

भिषा कार्डका नेपालमा चार वटा स्वीचहरु छन् । जसमध्ये नविल बैंक, एनआईबिएल, हिमालयन र एनईपीएस स्वीच छन् । चार वटा स्वीचमध्ये नविल र एनईपीएस स्वीचबाट बढी कारोबार भएका देखिन्छ । चिनियाँ ह्याकरहरुले एटिएम ह्याक गर्न नेपालका ९ वाणिज्य बैंकलाई निशाना बनाएको नेपाल राष्ट्र बैंक र प्रहरीको प्रारम्भिक अनुसन्धानले देखाएको थियो । ह्याकरहरुले एटिएमबाट रकम निकाल्न ३ वटा बैंकको एटिएम मेसिन प्रयोग गरेका थिए भने ६ वटा बैंकहरुको एटिएम कार्ड प्रयोग गरेका थिए । ह्याकरहरुले नेपालमा ७०० पटक र भारतमा १००० पटक भिसा कार्ड घोटेको पाइयो । २०७४ मा पनि एटिएम ह्याकिङ भएको थियो । त्यो समयमा नेपाली बैंकका एटिएम कार्ड प्रयोग गरेर र**कम चोर्ने बुल्गे**रियन नागरिक २०७४ कार्तिक २७ गते पक्राउ परेका थिए । एटिएम ठगीको अभियोगमा ४ रोमानियाली, ४ टर्कीस, ४ बुल्गेरियन, ४ मोल्दोभियन र २ भारतीयलाई पक्राउ पनि त्यही घटनामा संलग्न रहेको भन्दै पक्राउ गरेको थियो । प्रहरीले उनीहरुबाट नेपाली

८८ लाख ६८ हजार ८५० रुपैयाँ, अमेरिकी डलर ७३ हजार ५ सय ८०, युरो ६४ हजार १ सय ७५ र विभिन्न बैंकका एटिएम कार्ड १ हजार ३२६ थान बरामद गरेको थियो ।

विभिन्न घटनाहरुले डिजिटल बैंकिङ सेवा जोखिमपूर्ण रहेको र यसको सुरक्षाका लागि सधै चनाखो रहनुपर्ने देखिन्छ । तर, सहकारी संस्थाहरुले कानुनी व्यवस्था नगरी, नियामकको स्विकृती नलिइ जथाभावी ढंगले निजी बैंक तथा भुक्तानी सेवा प्रदायक कम्पनीसँग सम्झौता गरी सेवा दिनु अझै जोखिमपूर्ण देखिन्छ ।

अध्ययनका सीमाहरु (Limitation of Study)

यस अध्ययनमा निम्न सिमाहरु कायम गरिएको छ ।

१. यस अध्ययनमा सहकारीको विद्युतिय कारोबारको कानुनी र नियामकीय समस्यालाई समेटिएको छ ।

२. यस अध्ययनमा सम्बन्धीत निकायले अन्तरवार्ता क्रममा बोलेका विचार र उनीहरुले नै प्रदान गरेका तथ्यांकका आधारमा विश्लेषण गरिएको छ ।

सहकारीको विद्युतिय वित्तीय कारोबारमा कानुनी जटिलता र जोखिम

नेपालमा भुक्तानी प्रणालीलाई व्यवस्थित गर्नका लागि सरकारले भुक्तानी तथा फस्यौट ऐन जारी गरेको छ । यहि ऐन अर्न्तगत रहि भुक्तानी र फस्यौटलाई नेपाल राष्ट बैंकले नियमन गर्दै आएको छ । यहि ऐनले विद्युतिय भुक्तानीलाई पनि नियमन गरिरहेको छ ।

भुक्तानी फस्यौट ऐन अनुसार भुक्तानी प्रणाली वा भुक्तानी सेवा प्रदायकको काम गर्नका लागि कम्पनी दर्ता गर्नुपर्ने व्यवस्था छ । ऐनको दफा ६ मा कानुन बमोजिम भुक्तानी प्रणाली संचालक वा भुक्तानी सेवा प्रदायकको अनुमतिपत्रका लागि कम्पनी दर्ता गर्नुपर्ने व्यवस्था छ । यसमा सहकारी संस्थाहरुले लाइसेन्स पाउने व्यवस्था उल्लेख छैन । यहि प्रावधानका कारण सहकारी संस्थाहरुले सिधै लाइसेन्स लिएका छैनन ।

सहकारी ऐन-२०४८ को दफा २६ (१) मा संस्था वा संघले आफ्ना सदस्यहरुबाट बचत निक्षेप स्विकार गरी आफ्ना सदस्यलाई कर्जा दिनसक्ने उल्लेख छ । यस्तै दफा २६ (२) मा उपदफा १ मा उल्लखित कारोबार बाहेक आफ्न सदस्हरुभित्र मात्र सीमीत रहने गरी निक्षेप स्विकार गर्न, कर्जा दिनलगायतका बैंकिङ कारोबार गर्न नेपाल राष्ट्र बैंकको पूर्व स्विकृती लिनुपर्छ भन्ने उल्लेख छ ।

यो ऐन कायम रहुन्जेल सहकारीहरुले एटिएम सेवा सुरु गर्न सकेनन् । काठमाडौंका केहि सहकारीहरु एटिएम चलाउन राष्ट्र बैंक पुगेपनि अनुमति पाएनन् ।

सहकारी ऐन २०४८ खारेज भई सहकारी ऐन २०७४ जारी भएपनि पुरानो व्यवस्था खारेज भयो । नयाँ सहकारी ऐनको दफा ५० मा 'सहकारी संस्गाले सदस्यहरुको बचत स्वीकार गर्ने र सो परिचालन गर्न सदस्यलाई मात्र ऋण प्रदान गर्ने सक्नेछन्' उल्लेख भयो । राष्ट्र बैंकको अनुमति लिनुपर्ने पुरानो प्रावधान हटेपछि सहकारीहरुलाई सजिलो भयो ।

त्यसपछि सहकारीलाई सिधै राष्ट्र बैंकले अनुमति नदिए पनि भुक्तानी सेवा प्रदायक कम्पनीमार्फत विद्युतिय कारोबार सुरु भइसकेको छ ।

अहिले सहकारी संस्थाले त्रिपक्षिय सम्झौता गरी एटिएम र मोवाईल बैंकिङ सेवा दिन्छन् । एटिएमका लागि सहकारी संस्था, एससिटी नेटर्वक र हिमालयन बैंक बीच सम्झौता रहेको हुन्छ । एटिएम सुरु गर्ने संस्थाले हिमालय बैंकमा एक खाता खोल्नु पर्दछ । सहकारी संस्थाले चलाएको सफ्टवेर एससिटी नेटर्वक सँग लिंक गरिएको हुन्छ । लिंक भएपछि सहकारीका सदस्यले आफ्नो खातामा रहेको पैसा जुनसुकै एससिटी नेवर्टकबाट पैसा निकाल्न पाउँछ । एससिटी नेटर्वक आफैले सेटलमेन्ट गर्न नपाउने हुँदा एक बैंक आवश्यक पर्दछ । सोही अनुसार एटिएम चल्दछ । यसमा कानुनी सम्झौता भन्ने कुनै हुँदैन । तीन संस्थाबीच हुने कारोबार सम्झौता मात्र रहेको हुन्छ ।

हाल प्रति संस्था कम्तिमा १० लाख रुपैयाँ हिमालयन बैंकको खातामा राखेको हुन्छ । सहकारीको एटिएम कार्ड प्रयोग गरेर जुनसुकै एटिएम बुथबाट पैसा निकाल्दा सो सम्बन्धी सम्पुर्ण कारोबारको हिसाब मिलाउने काम हिमालयन बैंकले गरेको हुन्छ । एटिएमबाट निकालेको पैसा हिमालय बैंकमा रहेको खाताबाट काटिन्छ । संस्थाको पैसा जति छ त्यति मात्र ग्राहकले निकाल्न पाउँछ । यदी सहकारी संस्थाको पैसा सकिएको अवस्थामा सिस्टमले पैसा दिदैन । सहकारीले पुनः उक्त खातामा पैसा जम्मा गरेपछि मात्र सिस्टमले पैसा दिन्छ ।

एससिटी नेटर्वकको सेटलमेन्ट बैंक हिमालयन बैंक रहेको छ । एससिटी नेटर्वकबाट हुने सम्पूर्ण कारोबार हिमालयन बैंकले हेर्ने गर्दछ । सहकारीको हकमा पनि हिमालय बैंकले हेर्ने गर्दछ ।

मोवाईल बैंकिङका लागि राष्ट्र बैंकबाट अनुमति लिएका भुक्तानी प्रणाली संचालक/सेवा प्रदायक, सहकारी संस्था र बैंकबिच त्रिपक्षिय सम्झौता भई कारोबार हुदै आएको छ । 'क' वर्गको बाणिज्य बैंकले सेटलमेन्ट बैंकका रुपमा काम गर्नेगर्छ । यसका लागि संस्थाले निश्चित रकम उक्त बैंकको खातामा राखेको हुन्छ र त्यहि रकम बराबरसम्म सहकारी संस्थाका सदस्यलाई कारोबार गर्न दिइएको हुन्छ ।

हाल इसेवा, खल्ती, आइएमई पे र प्रभु पे ले सहकारीसँग मोवाईल बैंकिङ सेवा दिएका छन् । यसका लागि कुमारी, राष्टिय बाणिज्य बैंक र नविल बैंकले सेलटमेन्ट बैंकका रुपमा ग्लारेन्टी बसेका छन् ।

जोखिम पक्ष

प्रविधिमार्फत हुने कारोबारमा जोखिम छदैछ । बैंकिङ प्रणाली नै ह्याक गरेर पैसा निकालेको घटना यसअघि पनि बारम्बार घटिरहेको छ । ठूलो लगानी भएका बैंकहरुले ह्याकरबाट सुरक्षा गर्न

नसकेको अवस्थामा सानो पुँजी भएका संस्था, उनीहरुले प्रयोग गरेको सफ्टवेयर सुरक्षित छ भन्ने आधार छैन । बैंकहरुले विद्युतिय कारोबारलाई व्यवस्थित र सुरक्षित गर्नका लागि उच्च प्राविधिक जनशक्ति सहितको विभाग राखेपनि सहकारीहरुले त्यतातिर ध्यान दिएको पाइएन । सहकारी संस्थाहरुले बजारको प्रेसरको कारण आवश्यक सुरक्षा नअपनाई हतारमा सेवा संचालनमा ल्याइएको पाइन्छ ।

सेटलमेन्ट बैंकको खातामा भएको रकम सिमासम्म कारोबार गर्न पाउने गरी केहि हदसम्म सुरक्षा गर्न त खोजिएको छ । यसबाट सहकारीको पैसा ह्याक भएर लैजान सक्ने सम्भावना कम रहन्छ । तर पनि स–सानो पुँजी भएका सहकारी संस्थाहरुको सानै रकम पनि हिनामिना भएको अवस्थामासंस्था नै समस्यामा पर्नसक्ने जोखिम छ ।

सहकारीको विद्युतिय कारोबारबारे नेपाल राष्ट्र बैंक वा सहकारी विभागले नियमन नगरेकाले यसको जोखिमको पाटो खुल्न सकेको छैन ।

एटिएम सञ्चालन गर्ने सहकारी संस्थाहरु

१) आरती बहुउद्देश्यीय सहकारी संस्था

२) आर्जन बचत तथा ऋण सहकारी संस्था

३) अम्बे बचत तथा ऋण सहकारी संस्था

४) भक्तपुर बचत तथा ऋण सहकारी संस्था

५) बिहानी बचत तथा ऋण सहकारी संस्था

६) विन्धवासिनी बचत तथा ऋण सहकारी संस्था

७) चण्डेश्वरी बचत तथा ऋण सहकारी संस्था

८) सिटी एक्सप्रेस बचत तथा ऋण सहकारी संस्था

९) सिवाईसी बचत तथा ऋण सहकारी संस्था

१०) डेभिडफल्स बचत तथा ऋण सहकारी संस्था

११) फेन्सी बचत तथा ऋण सहकारी संस्थाण

१२) गैरीगाँउ बचत तथा ऋण सहकारी संस्था

१३) आईडियल सहकारी संस्था

१४) आईएमई सहकारी संस्था

१५) इम्पेरियल बचत तथा ऋण सहकारी संस्था

१६) जय आजिमा बचत तथा ऋण सहकारी संस्था

१७) जय लक्ष्मी कृषि सहकारी संस्था

१८) झरना बचत तथा ऋण सहकारी संस्था

१९) कल्याणकारी बचत तथा ऋण सहकारी संस्था

२०) कामना बचत तथा ऋण सहकारी संस्था

२१) किसान बहुउद्देश्यीय सहकारी संस्था

२२) किसान बचत तथा ऋण सहकारी संस्था

२३) कोटदेवी बचत तथा ऋण सहकारी संस्था

२४) कुमारी बचत तथा ऋण सहकारी संस्था

२५) लेखनाथ बचत तथा ऋण सहकारी संस्था

२६) लोहकिल्थाली माता बचत तथा ऋण सहकारी संस्था

२७) मेगा ड्रिम बहुउद्देश्यीय सहकारी संस्था

२८) मिलिजुली बचत तथा ऋण सहकारी संस्था

२९) मुकुल बचत तथा ऋण सहकारी संस्था

३०) नमस्ते बचत तथा ऋण सहकारी संस्था

३१) नेचुरल बचत तथा ऋण सहकारी संस्था

३२) नवजिवन सहकारी संस्था

३३) नव आर्थिक विकास बहुउद्देश्यीय सहकारी संस्था

३४) नवकान्तिपुर बचत तथा ऋण सहकारी संस्था

३५) नव प्रयास बचत तथा ऋण सहकारी संस्था

३६) नयाँपाटी बचत तथा ऋण सहकारी संस्था

३७) ओम बहुउद्देश्यीय सहकारी संस्था

३८) पालुङ बहुउद्देश्यीय सहकारी संस्था

३९) पञ्चशिल बहुउद्देश्यीय सहकारी संस्था

४०) पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था

४१) प्राईम हुउद्देश्यीय सहकारी संस्था

४२) रुपा बहुउद्देश्यीय सहकारी संस्था

४३) सगुन बचत तथा ऋण सहकारी संस्था

४४) सहयात्री बचत तथा ऋण सहकारी संस्था

४५) सामुदायिक बचत तथा ऋण सहकारी संस्था

४६) सामुदायिक विकास बचत तथा ऋण सहकारी संस्था

४७) साना वित्त विकास बहुउद्देश्यीय सहकारी संस्था

४८) संकल्प बचत तथा ऋण सहकारी संस्था

४९) सर्वरी बचत तथा ऋण सहकारी संस्था

५०) सयपत्री बचत तथा ऋण सहकारी संस्था

५१) श्री बाराही बचत तथा ऋण सहकारी संस्था

५२) श्री गणेशजल बहुउद्देश्यीय सहकारी संस्था

५३) श्री गौरीशंकर बचत तथा ऋण सहकारी संस्था

५४) श्री लालीगुराँस बहुउद्देश्यीय सहकारी संस्था

५५) सिद्धिगणेश बचत तथा ऋण सहकारी संस्था

५६) सितापाईला बहुउद्देश्यीय सहकारी संस्था

५७) सुभप्रवाह बचत तथा ऋण सहकारी संस्था

५८) युनाईटेड बहुउद्देश्यीय सहकारी संस्था

५९) उपकार बचत तथा ऋण सहकारी संस्था

६०) विकू बचत तथा ऋण सहकारी संस्था

६१) युवा विकास बहुउद्देश्यीय सहकारी संस्था

ईसेवाबाट सहकारी र सहकारीबाट ईसेवामा रकम ट्रान्सफर सेवा लिने सहकारीहरु

१) सरोकार बचत तथा ऋण सहकारी संस्था लि., सुनसरी

२) सिभिल प्रोटेक्सन बचत तथा ऋण सहकारी संस्था, पर्सा

३) गृहलक्ष्मी बचत तथा ऋण सहकारी संस्था, पर्सा

४) सगुन बचत तथा ऋण सहकारी संस्था, सर्लाही

५) सुर्यदया बचत तथा ऋण सहकारी संस्था, सर्लाही

६) बर्दिबास बचत तथा ऋण सहकारी संस्था, महोत्तरी

७) सञ्चित बचत तथा ऋण सहकारी संस्था. भक्तपुर

८) फेन्सी बचत तथा ऋण सहकारी संस्था, चितवन

९) मार्गदर्शन बचत तथा ऋण सहकारी संस्था, चितवन

१०) आर्जन बचत तथा ऋण सहकारी संस्था, ललितपुर

११) जनसचेतन बचत तथा ऋण सहकारी संस्था, दोलखा

१२) चाईना ट्रेड बहुउद्देश्यीय सहकारी संस्था, काठमाडौं

१३) नेचुरल बचत तथा ऋण सहकारी संस्था, काठमाडौं

१४) मेगा ड्रिम बहुउद्देश्यीय सहकारी संस्था, काठमाडौं

१५) मुकुल बचत तथा ऋण सहकारी संस्था, काठमाडौं

१६) पञ्चकन्य बचत तथा ऋण सहकारी संस्था, काठमाडौं

१७) शुक्रपथ बहुउद्देश्यीय सहकारी संस्था, न्युरोड

१८) जेष्ट बचत तथा ऋण सहकारी संस्था, काठमाडौं

१९) शुभप्रवाह बचत तथा ऋण सहकारी संस्था, काठमाडौं

२०) उपकार बचत तथा ऋण सहकारी संस्था, स्याङ्जा

२१) दोह पोखरी बचत तथा ऋण सहकारी संस्था, कास्की

२२) सरल नमुना बचत तथा ऋण सहकारी संस्था, कास्की

२३) कहुन देउराली बहुउद्देश्यीय सहकारी संस्था, कास्की

२४) श्री बिहानी बचत तथा ऋण सहकारी संस्था, कास्की

२५) श्री सिलिङ्गे कृषि उपभोक्ता सहकारी संस्था, कास्की

२६) शुभम् बचत तथा ऋण सहकारी संस्था, कास्की

२७) सिवाईसी बचत तथा ऋण सहकारी संस्था, बागलुङ

२८) सामुदायिक विकास बचत तथा ऋण सहकारी संस्था, रपन्देही

२९) श्री गणेशजल बहुउद्देश्यीय सहकारी संस्था, सुर्खेत

३०) नमस्ते बचत तथा ऋण सहकारी संस्था, कैलाली

३१) नागरिक बचत तथा ऋण सहकारी संस्था, कञ्चनपुर

३२) सृजनशिल बचत तथा ऋण सहकारी संस्था, कञ्चनपुर

मोबाईल बैंकिङ सञ्चालन गर्ने सहकारीहरु

पुर्वाञ्चल बचत तथा ऋण सहकारी संस्था, इटहरी

कुमारी बचत तथा ऋण सहकारी संस्था, काठमाडौं

द एभरेष्ठ बचत तथा ऋण सहकारी संस्था, झापा

शुभलाभ बहुउद्देश्यीय सहकारी संस्था

किसान बचत तथा ऋण सहकारी संस्था, गैंडाकोट

श्री लालीगुराँस बहुउद्देश्यीय सहकारी संस्था, ललितपुर

चाईना ट्रेड बहुउद्देश्यीय सहकारी संस्था लि, न्युरोड

संकटा बचत तथा ऋण सहकारी संस्था लि., न्युरोड

शुक्रपथ बहुउद्देश्यीय सहकारी संस्था, न्युरोड

नवकान्तिपुर बचत तथा ऋण सहकारी संस्था, बत्तिसपुतली

नेचुरल बचत तथा ऋण सहकारी संस्था, काठमाडौं

मेगा ड्रिम बहुउद्देश्यीय सहकारी संस्था, काठमाडौं

जेष्ट बचत तथा ऋण सहकारी संस्था, काठमाडौं

जेष्ट आईडियोलोजी बचत तथा ऋण सहकारी संस्था, काठमाडौं

स्टार बचत तथा ऋण सहकारी संस्था, ललितपुर

सरोकार बचत तथा ऋण सहकारी संस्था, सुनसरी

सञ्चय बहुउद्देश्यीय सहकारी संस्था, कास्की

विकू बचत तथा ऋण सहकारी संस्था, नवलपरासी

भुक्तानी सेवा प्रदान गर्ने कम्पनी, बैंक र सहकारीबिच सम्झौता भएर कारोबार भएकाले कति संस्थाहरुले कुन कुन सेवा दिइरहेका छन् भन्ने सम्बन्धमा आधिकारीक जानकारी कुनै नियामक निकायलाई छैन । सम्बन्धीत संस्थाहरुले यसबारे अनुमति नलिएको नियामकले बताएका छन् । तर सेवा प्रदायकमध्ये हिमालयन बैंकले भने अनुमति लिएरै काम गरेको बताएको छ । तर राष्ट्र बैंकले तेस्रो पक्षसँग सम्झौता गर्नेगरी कसैलाई अनुमति नदिएको बताएको छ ।

जोखिमपूर्ण कारोबार गरिरहेकाले संस्थाहरु यसबारे खुलेर कुरा गर्न चाहेनन् । उनीहरुले सेवा प्रदान गरेका संस्थाहरु र सहकारीबाट सेवा लिने सदस्यको संख्याबारेमा यथार्थ विवरण पनि प्राप्त हुन सकेन ।

सहकारीमार्फत भइरहेको विद्युतिय कारोबारबारे सरोकारवाला निकायका जिम्मेवार व्यक्तिहरुको विचार यस्तो छ :

अन्तवार्ता नं १

भुवन कडेँल,

कार्यकारी निर्देशक भुक्तानी प्रणाली विभाग, नेपाल राष्ट्र बैंक

सहकारीले एटिएम तथा विद्युतीय भुक्तानी सेवा प्रयोग गरिरहेका छन्, त्यसको लागि नेपाल राष्ट्र बैंकसँग अनुमती लिएका छन की छैनन् ?

अहिलेसम्म कुनै पनि सहकारी संस्थाहरुले राष्ट्र बैंकसँग यस्तो सेवा प्रदान गर्न अनुमती लिएका छैनन् । हामीले यस्तो सेवा दिनको लागि अनुमति दिएको सूचिमा सहकारी संस्थाहरु छैनन् । हामीले दिएको भनेको बैंक तथा वित्तीय संस्थालाई मात्रै हो ।

अनुमति नलिइ भुक्तानी सम्बन्धी काम भइरहेको छ नी ?

हामीले राष्ट्र बैंकको अनुमती नलिइ भुक्तानी सम्बन्धी कार्य नगर्नु/ नगराउनु भनेर भनिरहेका छौं । यो व्यवस्था ऐनमा पनि रहेको छ । ऐनमा यति प्रष्ट व्यवस्था भएपनि थप केही कुरा भन्न आवश्यक नै छैन ।

अहिले जति सहकारी संस्थाहरुले एटिएम लगायत विद्युतिय भुक्तानी गरिरहेका छन, यसमा भोली कुनै समस्या आयो भने त्यसको जोखिम कसले व्यवहोर्ने ?

राष्ट्र बैंकले उक्त काम गर्नको लागि बैंकहरुलाई मात्रै अनुमती दिएको छ । बैंकहरुले त्यस अन्तर्गत रहेर आफूले गरेका कामको जोखिम व्यवस्थापन बैंकहरुले नै गर्ने हो । यसमा भोली कुनै समस्या आयो भने त्यसको जिम्मेवार बैंकहरु नै रहेका छन् । अहिले बैंकहरुले सहकारीलाई दिने सेवा कसरी दिइरहेका छन भन्ने कुरामा आफ्नो जोखिम व्यवस्थापन आफै गरिरहनु भएको होला ।

यसमा राष्ट्र बैंकले नियमनको पाटोलाई कसरी हेरेको छ ?

बैंक तथा वित्तीय संस्थालाई आफूले गरेको कामको जोखिम व्यवस्थापन गर्न आवश्यक नीति, नियम, आवश्यक निर्देशन रहेका छन् । त्यो नभएको खण्डमा हुने कारबाहीको कुराहरु पनि रहेका छन् । यस विषयमा बैंक तथा वित्तीय संस्थाहरु जानकार हुनुहुन्छ ।

बैंकहरुले प्रदान गरेको एटिएस सेवा, विद्युतिय भुक्तानी सेवा कानुन संगत छ की छैन ?

त्यस्तो काम कसैले पनि गर्नु हुँदैन । त्यो कानुन संगत छैन । बैंक तथा वित्तीय संस्थाले गरेको काममा उनीहरु नै जिम्मेवार छन् । त्यो काम कसरी गरेको छ ? भनेर हेर्ने काम राष्ट्र बैंकको हो । कुनै पनि बैंक तथा वित्तीय संस्थाले त्यो गरेको छ भने सबै जोखिमलाई व्यवस्थापन गरेर गर्नु भएको होला र त्यसको जिम्मेवार उहाँहरु नै हुने हो । कुनै समस्या पर्‍यो भने त्यसको पूर्ण जिम्मेवार बैंक नै हुने हो ।

सहकारीमा डिजिटल कारोबार, आरटिजीएस, मोबाइल वालेट, एटिएमको कारोबार उत्साहप्रद देखिन थालेको छ भन्ने पनि रहेको छ । त्यसको लागि पहिला राष्ट्र बैंकबाट अनुमति लिनुपर्छ । तर राष्ट्र बैंकबाट त्यो भएको छैन । बैंकहरुले पनि जोखिम व्यवस्थापनमा यो यो गर्न सक्छौ भनेर राष्ट्र बैंकसँग स्वीकृत लिन आवश्यक छ । त्यो नभइ वैधानिक हुँदैन । सुरक्षाको तयारी, कानूनी प्रावधान पुरा नगरी यस्ता कारोबारलाई वैधानिकता दिने पक्षमा राष्ट्र बैंक छैन ।

अन्तवार्ता नं २

डा. टोकराज पाण्डे

रजिष्टार, सहकारी विभाग

नेपालमा सहकारी संस्थाहरुले एटिएम, मोवाइल बैंकिङलगायत विद्युतिय कारोबार सेवा उपलब्ध गराइरहेकाबारे यहाँहरुलाई के जानकारी छ ?

अहिलेसम्म विभागको औपचारिक जानकारीमा सहकारी संस्थाहरुले यी सेवा उपलब्ध गराएका छैनन् ।

सेवा सुरु गरेका संस्थाहरुलाई विभागबाट अनुमति लिएका छैनन त ?

संघिय सहकारी विभागले कुनै पनि संस्थालाई यसमम्बन्धी अनुमति दिएको छैन ।

कानुनी रुपमा मिल्छ कि मिल्दैन त ?

यसबारे सहकारी ऐन स्पष्ट व्यवस्था छैन ।

यो विषयलाई कसरी व्यवस्थापन गर्नुहुन्छ ?

सहकारीको विद्युतिय कारोबारमा केहि कानुनी जटिलता छन् । यसका लागि सम्बन्धीत नियामक निकाय बसेर मिलाउनुपर्छ । विद्युयित कारोबार आजको आवश्यक्ता भएकाले यसलाई व्यवस्थित गर्नुपर्छ । रोक्ने भन्ने हुदैन ।

अन्तवार्ता नं ३

अशोक शमसेर जबरा, सिइओ, हिमालयन बैंक,

सहकारी संस्थाहरुले प्रयोगमा ल्याएका एटिएम कार्यको प्रभावकारीता कस्तो देखिएको छ ?

यो कुरा पहिला एससिटीबाट आयो । धेरै मानिसको सहकारी संस्थामा खाता रहेको छ । अब त्यहाँ डेबिट कार्य कसरी प्रयोग गर्न सकिन्छ भनेर छलफल भयो । त्यसपछि बैंक, सहकारी संस्था र एससिटीबीच तीन पक्षिय सम्झौता भयो । सम्झौता पछि हामीले कार्य दिन थालेको हो । त्यसले अहिले नगद रहितको कारोबारमा निकै सहयोग भएको छ । यो समय सान्दर्भिक रहेको छ । आजको समयमा नगद रहित कारोबारमा जान आवश्यक पनि छ । यो काम आवश्यक पनि छ र अहिले यसको प्रभावकारीता पनि देखिएको छ ।

पछिल्लो समयमा डिजिटल भुक्तानीमा चुनौती पनि त्यतिकै छ, यसलाई कसरी व्यवस्थापन गरिरहनु भएको छ ?

अहिलेसम्मको अवस्था हेर्दा नेपालबाट एटिएम ह्याक भएको छैन । ह्याक भयो भनिएका एटिएम प्राय विदेशबाट नै भएको हो । विदेशबाटै नेपालीको कार्डलाई ह्याक गरेर नक्कली कार्ड बनाएर पैसा पैसा निकालिएको छ । त्यसले नेपाली बैंकलाई नोक्सान भएको छैन । विदेशी जुन बैंकको नक्कली कार्य बनाएका छन त्यो बैंकलाई नोक्सान भएको छ । अहिले समातिएका विदेशीमा विदेशको बैंकको कार्य नक्कली बनाएर नेपालमा आएर पैसा निकालिएको हो । त्यसैले भिषामा माग दाबी गरियो भने त्यो पैसा फिर्ता आउने छ । जुन बैंकको कार्ड ह्याक भएको हो त्यो बैंकलाई नोक्सान पर्ने छ । त्यसैले नेपाली डराउनु पर्ने अवस्था छैन ।

हिमालयन बैंकले स्वामित्व लिने गरि जारी भएको कार्डमा चाँही कत्तिको चुनौती देख्नु भएको छ ?

हामीले कार्य दिँदा नै सुरक्षाका विभिन्न मापदण्ड हुन्छन त्यो पुरा गरेका छौं । हामीलाई राष्ट्र बैंकले पनि अब सबै पेमेन्ट कार्य इन्ड्रस्टि सेक्युरिटी स्टयान्र्डड (पीसीआईबीएसएस)मा भएको मापदण्ड अनुसार जाने भनिरहेको छ । अहिले हामीले पूर्ण सुरक्षित रुपमा काम गरिरहेका छौं । कुनै एक व्यक्तिको कार्ड अर्कोले दुरुपयोग गरेको खण्डमा तपाइको खाताबाट यति कारोबार भयो भनेर तत्कालै म्यासेज आउँछ । आफूले कारोबार गरेको होइन भने तत्काल नै बैंकमा फोन गरेर उक्त कारोबार रोक्न सकिन्छ ।

यसको लागि हिमालयन बैंकले राष्ट्र बैंकसँग अनुमति लिएको छ की छैन ?

हामीले अनुमित नै लिएर नै यो काम गरेको हो । बिना अनुमति काम गरिएको छैन ।

राष्ट्र बैंकले छैन भनेको छ नि ?

हैन, अनुमति लिएका छौं ।

अन्तवार्ता नं-४

हरिप्रसाद पाण्डे, शाखा प्रबन्धक

नवकान्तिपुर बचत तथा ऋण सहकारी संस्था, बत्तिसपुतली काठमाडौं

सहकारीले कसरी एटिएम र मोबाईल बैंकिङको भुक्तानी सेवाको दिइरहेको छ ?

विगत लामो समयदेखि हामीले सदस्यहरुलाई एटिएम, मोबाईल बैंकिङ सेवा प्रदान गरिरहेका छौं । हाम्रो संस्थाले एटिएम सेवा प्रवाहको लागि एससिटी नेटर्वकसँग सम्झौता गरेका छौं भने मोबाईल बैंकिङको लागि एफ वान सफ्टसँग सम्झौता गरेका छौं । संस्थाले उक्त सेवा सञ्चालन गर्न कुनै एक बैंकमा खाता खोली तोकिएको रकम जम्मा गरेका हुन्छौं । हाम्रो सिस्टमसँग उनीहरुको सिस्टम लिंकअप हुन्छ । सोही अनुसार सदस्यहरुले गरेको कारोबारको सेटलमेन्ट कुनै एक बैंकले गर्दै आएको हुन्छ ।

यी सेवाको प्राविधिक र कानुनी पाटोका जोखिम के छन् ?

डिजिटल कारोबार विल्कुलै प्राविधिक पाटो हो । संस्था आफैले यस्तो सेवा प्रवाह गर्न सक्दैन । जसको लागि कुनै सेवाप्रदान कम्पनीसँग सहकार्य आवश्यक छ । एटिएमको हकमा कुनै एक बैंक, एसटिसी नेटर्वक र सहकारी संस्था बीचको सहकार्य हो । त्यस्तै मोबाईल बैंकिङको हकमा पनि पिओएस कम्पनी, बैंक र सहकारी सहकार्य आवश्यक छ ।

प्रविधिमार्फत हुने कारोबार आफैमा जोखिम हो । समेसम्म जोखिम कम गर्ने हो । जोखिम कम गर्नेमा हामी सचेत छौं । हामीले सहकार्य गरेका कम्पनीहरुको सिस्टम बलियो छ भन्ने विश्वास हामीलाई दिलाउनु भएको छ । त्यही विश्वासको आधारमा काम गरिरेका छौं ।

संस्थागत त्रुटी कम हुन्छ । कतिपय कुराहरु सदस्यबाटै त्रुटी पनि हुन्छ । मोबाईल बैंकिङ गर्दा अन्यत्र जाने पनि हुन्छ । यो चाँही मानवीय त्रुटी हो यसमा सदस्य आफै जिम्मेवार रहन्छ । सिस्टमको कुरामा केही जोखिम हुन सक्छ । संस्थाले रिक्स लिएर यो सेवा सुरु गरेको हो । सहकारी क्षेत्रमा डिजिटल कारोबारको कानुनी पाटो नै छैन । कानुन यसबारेमा प्रष्ट छैन । जोखिम कसरी बहन गर्ने भन्ने सम्ममा पनि स्पष्ट छैन । हामी कानुन भन्दा धेरै अघि बढिसकेका छौं ।

यसलाई व्यवस्थित र प्रभावकारी बनाउन आगामी दिनमा के गर्नुपर्ला ?

डिजिटल कारोबार विनाको वित्तीय कारोबार असम्भव छ । प्रविधि धेरै अघि बढिसकेको छ । सहकारीको हकमा पनि यसको विकल्प छैन । तर, स्पष्ट कानुन सहकारी क्षेत्रमा छैन । कानुन नहुँदा नै धेरै सहकारीहरु यसतर्फ आर्कषित भैसकेका छन् । जोखिमलाई कम गर्न कानुन मुख्य पाटो हो । यस्ता कारोबारको लागि निजी कम्पनीकै भर पर्नु पर्ने अवस्था छ । बैंकहरुले पनि निजी कम्पनीकै भर परेको अवस्था छ । लिमिटेडमार्फत यस्तो काम हुनुपर्दछ । जसले गर्दा जोखिम कम हुने सम्भावना पनि रहन्छ । विश्वासको कारोबार हुने हुँदा लिमिटेड संस्थाबाट हुनुपर्दछ । कारोबारमा केही समस्या आयो भने सबै जोखिम संस्थाले लिनुपर्ने अवस्था अहिले छ ।

निश्कर्ष तथा सुझाव (Conclusion & suggestion)

सरकारले विद्युतिय कारोबारलाई प्रोत्साहन गर्दै लगेको अवस्था छ । सरकारको वित्तीय क्षेत्र रणनीतिमा समेत विद्युतिय कारोबारलाई प्रोत्साहन गर्ने उल्लेख गरिएको छ । यसैगरी नेपाल राष्ट्र बैंकले पनि विद्युतिय कारोबारलाई प्रोत्साहन गर्दै लगेको अवस्था छ । बैंक तथा वित्तीय संस्थाहरुले पनि विद्युतिय कारोबारलाई नै प्रोत्साहन गरिरहेका छन् । सर्वसाधारणहरु पनि विद्युतिय कारोबारमा आकर्षित भइरहेका छन् ।

विद्युतिय कारोबारमा आकर्षण बढिरहेका बेला ठूलो संख्यामा सर्वसाधारण आवद्ध रहेको सहकारी क्षेत्रलाई यसबाट अलग राख्न मिल्दैन । सहकारी क्षेत्रलाई यसमा संलग्न नगराई राज्यले लिएको रणनीति समेत पुरा हुन सक्दैन । सहकारीमा आवद्ध सदस्यहरुलाई पनि विद्युतिय कारोबारमा अभ्यस्त बनाउनका लागि सहकारी संस्थालाई पनि यो प्रणालीमा जोड्न आवश्यक छ ।

अहिलेसम्म भुक्तानी तथा फर्स्यौट ऐन तथा नियमावलीमा भएको कम्पनीले मात्र लाईसेन्स पाउने भन्ने व्यवस्थाले सहकारीहरु सिधै विद्युतिय भुक्तानीको **प्रणालीमा** छिर्न सकेका छैनन् । तेस्रो पक्षसँग सम्झौताद्धारा केहि सहकारी संस्थाहरुले सेवा प्रवाह गरिरहेका छन् ।

सहकारीलाई विद्युयित कारोबारको प्रणालीमा जोड्नका लागि विद्युयित भुक्तानी तथा फर्स्यौट ऐन संसोधन गरी त्यसमा सहकारीले पनि लाइसेन्स लिन पाउने व्यवस्था राख्न आवश्यक छ । यसका लागि सहकारी क्षेत्रको अनुगमनको दायरा पनि बलियो बनाउनुपर्छ ।

यसैगरी सहकारी ऐनलाई पनि भुक्तानी फर्स्यौट ऐनसँग मिल्नेगरी संसोधन गर्न आवश्यक छ । सहकारी ऐनले वित्तीय बजारमा नविन रुपमा विकास भएका भुक्तानी प्रणालीलाई चिन्दैन । ऐनमा विद्युतिय भुक्तानी सेवा संचालन र यसका मापदण्डहरु निर्धारण गर्न आवश्यक छ ।

संख्यात्मक रुपमा सहकारी संस्थाको संख्या धेरै भएकाले सबै संस्थाहरुले एटिएम, मोवाईल बैंकिङ जस्ता आधुनिक सेवा दिदा लागत उच्च हुन्छ । धेरै संस्थाहरुले लाइसेन्स पाउँदा नियमनका लागि समेत समस्या हुनसक्छ । यसका लागि निश्चित पुँजी भएका संस्थाहरुलाई मात्र लाइसेन्स दिने नीति पनि अख्तियार गर्न सकिन्छ । स–साना सहकारी संस्थाहरुलाई एकिकरण गरी यसका लागि सक्षम बनाउन सकिन्छ ।

बैंक तथा वित्तीय संस्थाको पहुँच नभएका ठाउमा सहकारीले सेवा पुऱ्याएका छन् । सहकारीकै कारण गाउँघरमा साहु महाजनबाट ऋण लिने प्रचलन हटेको छ । सर्वसाधारणलाई वित्तीय पहुँचमा ल्याउन, बचत गर्न सिकाउन र अर्थतन्त्रलाई औपचारिक बनाउन सहकारी जग बसाएका छन् । यी संस्थाहरुलाई अब विद्युतिय भुक्तानी च्यानलमा जोड्न सके विद्युतिय कारोबार बढाउनका लागि समेत महत्वपूर्ण भूमिका खेल्न सकिन्छ ।

कोभिड-१९ को महामारीले गर्दा विद्युतिय कारोबार गर्नुपर्ने दवाव सिर्जना भएको छ । एकातर्फ सामाजिक दुरी कामय गर्नुपर्ने अर्कोतर्फ नगद कारोबार गर्दा कोभिड संक्रमण फैलने जोखिम, यसका लागि विद्युतिय कारोबार भरपर्दो विकल्प हो । सरकार, राष्ट्र बैंक र बैंक तथा वित्तीय संस्थाले पनि विद्युतिय कारोबारलाई प्रोत्साहन दिइरहेका छन् । राष्ट्र बैंकले अन्तर बैंक एटिएम निशुल्क गर्न निर्देशन दिएको छ । लकडाउनको अवधिमा बैंकहरुले मोवाईल बैंकिङ सेवा पनि निशुल्क प्रदान गरे । विद्युतिय कारोबारको माहोल बनिरहेका बेला अब सहकारीहरुको सेवालाई पनि प्रविधितर्फ जोड्न सके सेवा प्रभावकारी हुन्छ ।

सहकारीमा विद्युतिय भुक्तानी प्रणाली प्रभावकारी बनाउन एउटा मात्र नियामकको पहलले सम्भव हुदैन । यसका लागि नेपाल राष्ट्र बैंकका साथै सहकारीका नियामक निकायले पहलकदमी लिनुपर्ने आवश्यक्ता देखिन्छ । संघिय व्यवस्थामा स्थानिय तहसम्म सहकारीको नियमन पुगेकाले सबै नियामक निकायहरु यसका लागि लाग्नुपर्ने देखिन्छ ।

सरकारले चालु आर्थिक वर्षको बजेटमा सहकारीलाई विद्युतिय कारोबारमा प्रोत्साहन गर्ने घोषणा गरेकाले छ । यसलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि सहकारी संस्थाहरुलाई विद्युतिय कारोबारमा प्रोत्साहन हुन र उनीहरुलाई सहजिकरण गर्ने नीति नियम तथा कानुनका तर्जुमा गर्न आवश्यक छ । यसका लागि सहकारीलाई पर्ने व्यवहारिक समस्यामा समेत सहजिकरण गर्न आवश्यक छ ।

oooo

२०७७/साउन

कोभिड-१९ संक्रमणका कारण होटल तथा उड्ययन क्षेत्रमा भ्रमण वर्ष लक्षित लगानी प्रभाव अध्ययन २०७७

पृष्ठभूमि :

मुलुकको अर्थतन्त्रमा तीन प्रतिशत बढी योगदान रहेको पर्यटन क्षेत्र कोभिड-१९ संक्रमणका कारण पाँच महिनादेखि ठप्प छ । पर्यटकको नेपाल भ्रमण बापत गत आर्थिक वर्षमा ८० अर्ब रुपैयाँ नजिकको आम्दानी गरेको नेपालले आव २०७६/७७ मा यहि संक्रमणका कारण निकै ठूलो क्षति व्यहोर्नुपर्‍यो । छ दशकको व्यावसायिक पर्यटनको इतिहासमा नेपालले सामना गरेको यो सबैभन्दा कठिन परिस्थिति पनि हो ।

संक्रमण नियन्त्रणस्वरुप २०७६ चैत ११ देखि जारी लकडाउनका कारण त्यसपछिका चार महिनामा करिब ४० अर्ब रुपैयाँको क्षति पर्यटन क्षेत्रले व्यहोरिसकेको यस क्षेत्रको सर्वोच्च निकाय संस्कृति, पर्यटन तथा नागरिक उड्ययन मन्त्रालयको अनुमान छ । संक्रमण नियन्त्रणको कुनै संकेत नदेखिँदा भविष्यमा पर्यटनमा हुने क्षति हालको अनुमानभन्दा पनि बढी हुने देखिन्छ । विश्वभर नै पर्यटनको ढाँचा बदलिने अनुमान भइरहँदा नेपालमा विदेशी पर्यटकको प्रतिक्षाको समय अझ लम्बिने निश्चित छ ।

कोभिड-१९ संक्रमण नेपालको पर्यटनका लागि २०७२ को विनासकारी भूकम्प तथा १० वर्षे माओवादी सशस्त्र युद्धभन्दा खराब सावित बन्ने देखिन्छ । भूकम्पपछि पर्यटन क्षेत्रले व्यहोरेको क्षति पूर्ति गर्न नेपालले गरेको प्रयासले विगत पाँच वर्षमा एक किसिमको नतिजा नेपालले प्राप्त गर्‍यो । सन् २०१५ को भूकम्पपछि भएका प्रयासकै कारण यसबीचमा अहिलेसम्मकै सबैभन्दा धेरै वार्षिक १२ लाख हाराहारीमा पर्यटक भित्र्याउन नेपाल सफल

बन्यो । पर्यटक आगमनमा प्राप्त त्यहिं सफलताकै कारण सन् २०१८ बाट सन् २०२० मा सारिएको भ्रमण वर्षमा २० लाख पर्यटक भित्र्याउने अभियानका साथ सरकारले स्वदेश र विदेशमा प्रचार प्रसार व्यापक बनाएको थियो । औपचारिक रुपमा सन् २०२० जनवरी १ मा काठमाडौंको दशरथ रंगशालाबाट यो अभियानको सुरुवात भएपनि डेढ वर्षअघि नै भ्रमण वर्ष सचिवालय मार्फत सरकारको तयारी सुरु भइसकेको थियो ।

सरकारको यो अभियानमा निजी क्षेत्र थप अगाडि बढेर भ्रमण वर्षलाई लक्षित गर्दै लगानी थप्ने र सेवा विस्तारमा जुटिसकेका थिए । पाँच तारेसहित विभिन्न तारे र पर्यटकस्तरीय होटलहरुको निर्माणदेखि, नयाँ किसिमका साहसिक गतिविधिमा लगानी थपिएको थियो । हौसिएको निजी क्षेत्र यतिबेला कोभिड-१९ संक्रमणका कारण लकडाउन घोषणा भएपछि निकै त्रसित र चिन्तित छ । लगानीका लागि लिएको कर्जा, त्यसबापतको ब्याज र अनिश्चितताका कारण भविष्यको आर्थिक जोखिम त छँदैछ, सञ्चालन नै नहुँदा कर्मचारी र मजदुरलाई तत्काल पारिश्रमिक दिनुपर्ने बाध्यताले वर्तमानमै ठूलो संकट छ । पर्यटन क्षेत्रमा खासगरी भ्रमण वर्ष लक्षित लगानीको जोखिम र त्यसको समाधानको लागि पर्याप्त तथ्याङ्कको अभावमा समग्र क्षतिको अनुमान गरिए पनि वर्गीकरण गरेर वास्तविक अवस्था भने पहिचान भएको छैन ।

पर्यटनको समग्र स्थिति :

भूकम्पयताका चार वर्ष नेपालको पर्यटन क्षेत्रका लागि सुखद रह्यो । भूकम्पका कारण नेपालको पर्यटन क्षेत्र ध्वस्त भएको गलत सन्देशलाई चिर्दै नेपालले विदेशी पर्यटक आकर्षित गर्न सफल रह्यो । सरकारले सार्वजनिक गर्ने आर्थिक सर्वेक्षणका अनुसार विगत चार वर्षको अवधिमा नेपाल भित्रने पर्यटक दोब्बर मात्र भएका छैनन यसबाट हुने आम्दानी ३० अर्ब रुपैयाँले पनि बढेको छ । पर्यटन क्षेत्रमा बढ्दो उत्साह कायम राख्न सरकारले घोषणा गरेको भ्रमण वर्षका लागि यही वृद्धिदर बलियो आधार बन्यो । पर्यटन उद्यमीका लागि निरन्तरको यो वृद्धि लगानीको अर्को आधार बन्यो । तसर्थ भूकम्पपश्चात नै घोषणा गरिएको भ्रमण वर्षलाई लक्षित गर्दै लगानी थप्ने क्रम बढ्दै गयो ।

वर्ष	पर्यटक आगमन संख्या	बसाई अवधि	पर्यटक स्तरका होटल संख्या	आर्जित विदेशी मुद्रा
२०७२/७३	५३८९७०	१२.८	१०७३	४१ अर्ब ७६ करोड
२०७३/७४	७५३००२	१३.४	१०६२	५८ अर्ब ५२ करोड
२०७४/७५	९४०२१८	१२.६	११०१	६८ अर्ब ५२ करोड
२०७५/७६	११७३०७२	१२.४	१२५४	७५ अर्ब ३७ करोड
२०७६/७७	११९७१९१	१३.०	१२८९	५७ अर्ब ८५ करोड*

*तथ्यांक स्रोत : आर्थिक सर्वेक्षण (*११ महिनासम्मको)*

पर्यटन क्षेत्रमा समग्र लगानी अवस्था :

पर्यटन उद्योगमा मात्रै ४ खर्बभन्दा बढीको बैंक तथा वित्तीय क्षेत्रको लगानी रहेको प्रारम्भिक अनुमान छ । विगत पाँच वर्षमा मात्रै नेपालको पर्यटन क्षेत्रमा करिब १ खर्ब लगानी भएको छ । भूकम्प लगत्तै नेपालको पर्यटनमा लगानी आकर्षित भएको देखिएको हो । भूकम्प अघि नै नेपाल भ्रमण वर्ष मनाउने घोषणा गरिएको र विदेशी मुद्रा आर्जनको मुख्य स्रोत नै पर्यटनलाई बनाउने सरकारको घोषणाबाट आकर्षित भएका व्यवसायीहरुले यो क्षेत्रमा लगानी बढाउँदै गएको देखिन्छ । पर्यटनको सम्भावना राम्रै भएपनि लामो राजनीतिक संक्रमणका कारण व्यवसायीहरुको लगानी आकर्षित हुन देखिएको थिएन। तर २०७० सालपछि नेपालमा व्यापक लगानी थप भएको छ ।

पछिल्लो १ वर्षमा सञ्चालनमा आए काठमाडौं बाहिरका चार र काठमाडौंका २ ओटा पाँच तारे होटलहरु २०७० साल पछिकै परियोजना हुन् । नेपालमा पर्यटनको सम्भावना बलियो छ भन्ने गरिएपनि होटल,रिसोर्ट जस्ता पूर्वाधारमा लगानी भएको थिएन । वर्षौं पुराना सिमित होटलमात्र रहेको बजारमा एकाएक ठूलो लगानीमा धमाधम विदेशी चेन होटल पनि यही बीचमा थपिएका छन् । २०७२ सालमा नेपाली बैंक तथा वित्तीय संस्थाबाट पर्यटन क्षेत्रमा १० अर्ब ऋण प्रवाह भएको थियो । त्यसको पछिल्लो वर्षमात्र बढेर २५ अर्ब पुगेको छ ।

सरकारले भ्रमण वर्ष मनाउने घोषणा गरेको सन्दर्भमा यस्तो लगानी बढ्दै गएको पाईन्छ । भ्रमणवर्ष सफल भएमा विदेशी पर्यटक आउने आशमा रहेका व्यवसायीले लगानी बढाउँदै गएका थिए । वर्तमान सरकार गठन भएपछि सन् २०१९ मा मनाउने भनिएको भएपनि एक वर्ष सारेर सन् २०२० तोकिएको थियो । भ्रमण वर्ष तोकिएकाले व्यवसायीहरुले विभिन्न क्षेत्रमा लगानी बढाएका थिए । सामान्य होटलदेखि तारे होटल,हेलिकप्टरदेखि अन्य सेवामा यस्तो लगानी बढेको थियो ।

वित्तीय लगानी अवस्था

पर्यटन क्षेत्रमा लगानी विस्तारका लागि राष्ट्र बैंकले पनि विभिन्न सुविधा दिएको छ। अघिल्लो आवसम्म वाणिज्य बैंकहरूले कुल लगानीको न्यूनतम १० प्रतिशत कृषिमा र पर्यटन तथा ऊर्जामा न्यूनतम १५ प्रतिशत लगानी गर्नुपर्ने निर्देशन थियो। सोही वर्ष राष्ट्र बैंकले सो निर्देशन परिमार्जन गरी पर्यटन, ऊर्जालगायत अन्य क्षेत्रमा कुल लगानीको न्यूनतम १५ प्रतिशत लगानी गर्नुपर्ने व्यवस्था गरेको थियो। पर्यटन क्षेत्रमा प्रवाह भएको लगानीबापत राष्ट्र बैंकले पुनर्कर्जा सुविधा दिएको छ। बैंकहरूले पर्यटन क्षेत्रमा लगानी गरेबापत राष्ट्र बैंकबाट ३ प्रतिशत ब्याजदरमा पुनर्कर्जा पाउँछन्। यो सुविधाअन्तर्गतको कर्जा बैंकले ६ प्रतिशतमा लगानी गर्नुपर्छ। पर्यटकीय सम्भावना रहेका तर तुलनात्मक रूपमा विकास हुन नसकेका पर्यटकीय गन्तव्य पाथिभरा, माईपोखरी, भीमेश्वर, कालिञ्चोक,

हलेसी, लाङटाङ, स्वर्गद्वारी, माथिल्लो मुस्ताङ, गढीमाई, जनकपुरधाम, रारा तथा खप्तड क्षेत्रमा सुविधा सम्पन्न स्तरीय होटल स्थापनाका लागि ऋण प्रवाह गर्ने बैंक तथा वित्तीय संस्थाले वार्षिक ३ प्रतिशतमा पुनर्कर्जा पाउँछन्।



वैदेशिक लगानीको अवस्था

नेपाल भ्रमण वर्षको प्रारम्भिक तयारीसँगै मुलुकको पर्यटन क्षेत्रमा विदेशी लगानी पनि उत्साहजनक देखिन्छ। वैदेशिक लगानीको मुख्य द्वार मानिएको उद्योग विभागको तथ्यांक अनुसार आर्थिक वर्ष २०७२/७३ मा देशको पर्यटन क्षेत्रमा कुल १ अर्ब ९४ करोड ८३ लाख २९ हजार ९८० रुपैयाँको प्रतिबद्धता आएको देखिन्छ। सबैभन्दा बढी लगानी गर्ने मुलुकमा रहेको चिनियाँ लगानीको प्रतिबद्धता मात्रै १ अर्ब ८ करोड रुपैयाँ छ। जुन कुल लगानीको

५५.४३ प्रतिशत हो । आर्थिक वर्ष २०७३/७४ मा कुल विदेशी लगानीको प्रतिबद्धता ५ अर्ब ९८ करोड ८४ लाख ८७ हजार ४०० रुपैयाँ रहेको छ । आव २०७४/७५ मा पर्यटन क्षेत्रमा कुल ४ अर्ब १५ करोड ८३ लाख ७६ हजार ९४० रुपैयाँ र आर्थिक वर्ष २०७५/७६ मा कुल लगानी प्रतिबद्धता १० अर्ब ५३ करोड ८० लाख रहेको छ । यस्तै, आर्थिक वर्ष २०७६/७७ मा विदेशी लगानी प्रतिबद्धता ११ अर्ब ६ करोड ६९ लाख रहेको देखिन्छ ।

कोभिड-१९ प्रभाव :

विश्वमै महामारीको रुपमा देखापरेको कोभिड- १९ संक्रमणका कारण विश्व नै ठप्प रह्यो । यस्तोमा विश्व पर्यटनले सबैभन्दा छिटो र धेरै नकारात्मक परिस्थितिको सामना गर्नुपर्यो । उडान बन्दा हुँदा अन्तर्राष्ट्रिय पर्यटकको आवागमन रद्द भयो, सार्वजनिक यातायातमाथीको निषेधले आन्तरिक पर्यटनको आवतजावत रोकियो । पर्यटन आगमन वृद्धिदरमा विश्वमै माथिल्लो तहमा रहेको नेपालका लागि यो परिस्थिति झन् खराब साबित बन्यो । सन् २०१९ को अन्त्यतिर देखिएको कोभिड संक्रमणले २० लाख पर्यटक भित्र्याउने लक्ष्यसहित सन् २०२० देखि नेपालमा सुरु हुन लागेको भ्रमण वर्ष नै स्थगित गर्नुपऱ्यो । विगत दुई वर्षमा भ्रमण वर्षका लागि गरिएको खर्च र प्रयास निरर्थक रह्यो ।

संस्कृति, पर्यटन तथा नागरिक उड्ययन मन्त्रालयका अनुसार चैत ११ गतेदेखि जारी बन्दाबन्दीका कारण साउन पहिलो हप्तासम्म नेपालको समग्र पर्यटन क्षेत्रले करिब ३४ अर्ब रुपियाँ नोक्सानी व्यहोर्नुपर्यो । होटल तथा उड्ययन क्षेत्र यसको मुख्य हिस्सा हुन् । होटल सञ्चालन ठप्प मात्र भएन यसबाट रोजगारी पाइरहेका सबैभन्दा धेरै प्रभावित बने । उड्ययन क्षेत्रले करिब १० अर्ब रुपियाँको नोक्सानी व्यहोर्नुपर्यो । मन्त्रालयको अनौपचारिक अनुमान अनुसार पर्यटनमा आश्रित करिब १० लाख व्यक्ति प्रभावित बने । कोभिड १९ को प्रभाव यही तहमा बढे भविष्यमा पनि पर्यटन क्षेत्र सबैभन्दा धेरै गुमाउने क्षेत्र बन्न सक्ने आँकलन गरिएको छ । यस्तोमा भ्रमण वर्षलाई मुख्य लक्षित गरेर सञ्चालनमा आउन

लागेका होटल र थप गरिएका फिक्स्ड विङबाट सिर्जना हुने व्यवसाय मात्र गुमेन, चर्को ब्याजदरमा लिइएको ऋणको भार पर्यटन उद्यमीमाथी परेको छ ।

समीक्षा :

कोभिड १९ संक्रमण विस्तारको भविष्य आकलन हुन सकेको छैन । यसको प्रभाव समयकै आधारमा महत्वपूर्ण आर्थिक गतिविधि पून :सञ्चालन हुन सक्ने अनुमान गर्न सकिन्छ । तर त्यो तत्काल सम्भव देखिदैंन । यद्यपि सुरक्षात्मक उपाय अपनाएर नयाँ किसिमको सामान्य परिस्थिति निर्माण गर्न सकिने चर्चा भने भइरहेका छन् । यस्तोमा नेपालको पर्यटन क्षेत्र त्यही तरिकाबाट सञ्चालन गर्न प्रोटोकल निर्माण पनि भइसकेको छ । यद्यपि भ्रमण वर्ष लक्षित ठूलो लगानी त्यसरी सञ्चालनमा आएको पर्यटन क्षेत्रबाट लाभ लिन सकिने विषयमा भने शंका नै छ । नेपालको पर्यटन क्षेत्र यतिबेला ठूलो वित्तीय संकटमा पनि परेको छ । नेपालको पर्यटन भविष्य र भ्रमण वर्ष लक्षित लगानीको जोखिमका सन्दर्भमा विज्ञको धारणा यहाँ प्रस्तुत गरिएको छ ।

भुवन दाहाल
अध्यक्ष, नेपाल बैंकर्स संघ

१. पर्यटन क्षेत्रमा बैंक तथा वित्तीय संस्थाको लगानीको कति छ ?
-अहिले त खासै लगानी छैन पर्यटन क्षेत्रमा। पहिले भिजिट नेपाल २०२० भनेर बैंकहरुले धेरै लगानी गरेका थिए। अहिले कोभिड पछि त खासै हुने पनि भएन। अब सर्भाइव लागि बैंकहरुले लगानी गर्लान्। नयाँ थप परियोजना आउने सम्भावना छैन ।

२.वित्तीय संस्थाको पर्यटनमा लगानीको प्रवृत्तिचाहिँ कस्तो क्रममा छ ?
-पछिल्लो समय लगानी बढीरहेको थियो। भिजिट नेपालको घोषणा भएदेखि त्यसले गति लिएको थियो।

३. भिजिट नेपाल घोषणा भएपछि कर्जाका लागि आउने क्रम कस्तो रह्यो ?
-जरुर बढेको थियो। डेटा हेर्दा पनि त्यो देखिन्छ।

४.कोरोनाले पर्यटन क्षेत्र ठप्प छ । बैंकको कर्जाको जोखिम कत्तिको छ ?
-जोखिम यसै पनि बढिसक्यो। चैतदेखि पाँच महिना भयो। जोखिम बढीरहेको छ। यसलाई राज्यले पनि राष्ट्र बैंक र हामीले पनि पुर्नतालिकीकरण गर्ने भन्ने कुरा न हो। अहिले त्यही लाइनमा छौ । यो कति समय जान्छ, लकडाउन खुलेरमात्र भएन। एयरलाइन्सहरु खुल्नु पर्‍यो। ट्राभल खुल्नुपर्छ । अर्को कुरा नेपापलीहरुमात्र घुम्ने तथा बस्ने ठाउँमा पनि लगानी गरेका छौ। नेपालीहरु घुम्न निस्किन थालेपछि अलिकति कभर होला त्यो। विदेशी आउन भने समय लाग्ने होला। विदेशीमा आधारित व्यवसायमा अलि चिन्ता गर्नुपर्ने अवस्था छ।

५.पर्यटन क्षेत्रमा पुगेको क्षतिको अनुपातमा मौद्रिक नीतिको सहुलियतले पर्यटन क्षेत्रको वित्तीय संकट टार्नसक्ने अवस्था छ कि छैन ?
-कुनै चिज छुटेको छ भने बैंकहरुले पनि हेर्नसक्ने कुरा भइहाल्छ। मौद्रिक नीतिमा एकैपटक सबै आउने पनि होइन । यो ३/३ महिनामा समिक्षा पनि हुन्छ। बीचमै पनि राष्ट्र बैंकले सम्बोधन गर्नसक्छ । अहिलेलाई ठिकै छ।

६.पर्यटन क्षेत्रमध्ये होटल, एयरलाइन्सलगायत कुन क्षेत्रमा बढी कर्जा गएको छ ? यसको क्षेत्रगत तथ्यांक छ कि ?
-बैंकको कूल कर्जाको ४ प्रतिशतसम्म पर्यटन क्षेत्रमा छ । त्यसमा पनि होटल र एयरलाइन्स नै मुख्य क्षेत्र हुन्।

७.भ्रमण वर्षलक्षित कतिपय होटल अझै निर्माणकै चरणमा छन् । उनीहरुलाई थप कर्जा दिनुहुन्छ कि दिनुहुँदैन ?
-ऋण भनेको भोलि उठ्ने हिसाबले दिने हो। संसार नै सकियो भन्ने हो भने अर्कै कुरा हो। मान्छेको उत्पत्तिदेखि नै घुमफिर गर्ने हो। पर्यटन च्याप्टर क्लोज भयो भन्ने होइन।

८.अन्य क्षेत्रको तुलनामा पर्यटन क्षेत्रमा प्रवाह भएको कर्जा कत्तिको बढी जोखिमपूर्ण हो ?
-स्वभाविक रुपमा यो क्षेत्र सबैभन्दा जोखिमपूर्ण हो। विश्वव्यापी रुपमा यसको ट्रेन्ड देखिएको छ।

९.पर्यटन क्षेत्र चाँडै रिकभर भएन भने यो कर्जाको अवस्था के हुन्छ ?
-धेरै चाँडो रिकभर हुन्न भनेर विभिन्न नीतिहरु फर्मेशन भएका छन् अहिले पनि। भयावह अवस्थाको कल्पना नगरौ। नआओस भनेर अहिले हामीले कामना गरौ।

१०.वित्तीय संस्थाले कृषि र जलस्रोतमा जस्तै पर्यटन क्षेत्रमा निश्चित प्रतिशत कर्जा प्रवाह गर्नुपर्ने व्यवस्था गरियो भने के हुन्छ ?
पर्यटनमा बढाउनहुन्न होला। भिजिट नेपालको कारणले यसै पनि धेरै लगानी भएको छ। आवश्यकताअनुसार हामी यसै पनि लगानी बढाइ हाल्छौ।

दिपकराज जोशी
पूर्व सीईओ, नेपाल पर्यटन बोर्ड

पर्यटन क्षेत्रमा पछिल्लो चार महिनामा देखिएको संकट कत्तिको भयावहपूर्ण हो ?

अहिलेको यो संकट नेपालका लागि मात्र नभएर विश्वकै लागि दशकौंपछि आएको स्वास्थ्य र त्यसबाट सिर्जित आर्थिक समस्या हो । पर्यटन आफैमा एक व्यक्ति अर्को ठाउँमा जाँदा हुने आर्थिक गतिविधिबाट चल्ने क्षेत्र भएकोले संसारभर नै लकडाउन भएको बेलामा त्यसको पहिलो 'हिट' यहिं क्षेत्रलाई भएको छ । त्यसभित्र पनि होटल, उड्ययन अझ बढी प्रभावित देखिन्छ । नेपालको सन्दर्भमा स्थिरता, आर्थिक एजेन्डा, भ्रमण वर्षले सिर्जना गरेको आशा र पर्यटन नै हाम्रो मुख्य आधार बन्न सक्छ भन्ने बुझाई, यी चार कारणले पर्यटनमा लगानी बढीरहेको अवस्था थियो । यस हिसाबले लकडाउनका कारण यसमा भएको लगानी र रोजगारी संकटमा परेको देखिन्छ ।

यो संकटले पर्यटन क्षेत्र थलिएकै हो अथवा पर्यटनमा वित्तीय संकट देखिएको हो ?

सन् २०२१ सम्म पर्यटन 'रिभाइभ' हुन सक्दैन भन्ने पूर्वानुमानलाई छाडेर एउटा आशाको अवस्था देखिन थालेको छ । भ्याक्सिन नआएपनि अर्थतन्त्र अगाडि जानुपर्छ भन्ने मान्यताले पनि पनि लकडाउन खुला भएको छ ।

अहिलेसम्म हाम्रो पर्यटन क्षेत्रले भोगेको वित्तीय संकटमात्र हो । जम्माजम्मी 'पज'को अवस्थामात्र हो अहिले । परिस्थिति सामान्य हुन थाल्नासाथ मान्छे घुमघाममा निस्कन्छन् । नेपालको राम्रो पक्ष के हो भने हामी ठूलो पर्यटकको समुह परिचालन गर्ने देश होइनौं । त्यसले गर्दा पनि हामीलाई ठूलो असर पर्छ जस्तो लाग्दैन । मात्र के हो भने सुरक्षा सतर्कता अपनाउँदा त्यसले बढाउने खर्च भने बढी हुन सक्छ । यस्तोमा सरकारले अनुदान अथवा भिसा शूल्क निःशूल्क गरिदिंदा पर्यटक यसअघि आइरहेकै खर्चमा नेपाल आउन सक्छन् । यसो गर्यौं भने नोभेम्बर अक्टोबरमा विस्तारै र सन् २०२१ को सुरुवातबाटै पर्यटक आउन सुरु गर्छन् ।

भ्रमण वर्ष घोषणापछि वार्षिक २० लाख पर्यटक आउने जुन प्रक्षेपण गरिएको थियो, यो यथार्थमा आधारित थियो ?

लुम्बिनीको विमानस्थल निर्माण पुरा हुन्छ र काठमाडौं विमानस्थलको सुधारको काम पनि पुरा हुन्छ भन्ने आधारमा २० लाखको अनुमान भएको हो । तर निर्माणको काम भनेकै समयमा सकिएन । नसकिएको अवस्थामा त्यो त्यति यथार्थपरक थिएन ।

२० लाख पर्यटकका लागि साविकका पूर्वाधारले पुग्दैनन् भनिन्थ्यो । थप लगानीको आधार सोही संख्या हो ?

सबैभन्दा ठूलो आशा भनेकै पूर्वाधार बढीरहेको छ भन्ने नै थियो । पछिल्लो समय पर्यटकीय पूर्वाधारमा भएको सुधारले पनि लगानी बढेको हो ।

विशेषगरी होटल क्षेत्रमा नयाँ र अनुभवहीन लगानीकर्ता पनि धेरै आए । उनीहरुले मार्केट सर्भे गरेनन्, सम्भावित जोखिमको मूल्यांकन पनि गर्न सकेनन् भनिन्छ नी ?

नेपालमा लगानी अझै पनि 'बम्पर' उपहार संस्कृति जस्तो छ । एउटाले खोल्यो भने सबैले खोल्ने चलन छ । कुनै विश्लेषण र अध्ययन विना नै लगानी गर्ने चलन छ । त्यति हुँदाहुँदै पनि पर्यटन क्षेत्रमा सम्भावना देखेर नै लगानी भएको हो । । भूकम्पपछि हाम्रो नियमित वृद्धिदर २५ प्रतिशत भइरहेको थियो, त्यसले पनि लगानीमा आश जगाएको हुन सक्छ ।

पर्यटन क्षेत्रको पूर्वाधारमा आएको लगानी जोगाइराख्न के गर्नुपर्छ ?

पहिले हामीले एक किसिमले बुझाई बनाउनु पर्छ । त्यो के हो भने, पर्यटन क्षेत्र बाँच्यो भने समग्र अर्थतन्त्रलाई अगाडि बढाउँछ । किनकी यो 'मल्टि-डाइमेन्स्नल' क्षेत्र हो । यसको अरु क्षेत्रसँग पनि घनीभूत सम्बन्ध हुन्छ । यसलाई बचाउन 'सर्भाइभल'को अवस्थामा राज्यले छुट्याएको ५० अर्ब रुपियाँ तुरुन्त र छिटो प्रभावित व्यक्ति तथा संस्थासम्म पुर्याउनुपर्छ ।

आन्तरिक पर्यटन प्रवर्द्धनका माध्यमले यस क्षेत्रलाई चलायमान बनाइरहन सम्भव छ ?

आन्तरिक पर्यटन प्रवर्द्धन ढिलो भइसक्यो । लकडाउन खुलिसक्यो, मान्छेहरु आवतजावत सुरु गरिसके तर कहाँ घुमघामका लागि अवस्था कस्तो छ भन्ने जानकारी नै बाहिर आएको छैन । पोखरा तयार छ कि छैन भन्ने काठमाडौंलाई थाहा छैन । मान्छेहरु जान तयार छन् तर तयारी र सूचनाकै कमी छ । आन्तरिक पर्यटन प्रवर्द्धन आजै सुरु गर्नुपर्ने हो ।

कोरोनाका कारणले भोलिका दिनमा यस क्षेत्रमा लगानी गर्नेले सधैं असुरक्षित महशुस गर्ने भयो नी ?

लगानी असुरक्षित हुन सक्छ भन्ने डर व्यवसायीमा एकदमै छ । त्यसैले पनि राज्यका निकाय एकदमै चनाखो हुनुपर्छ । यत्रो ठूलो लगानी डुब्नु भनेको राज्यको उत्पादकत्व पनि घट्नु हो । त्यसैले यो लगानी डुब्नु हुँदैन । आज हामीले यसको संरक्षण गर्यौं भने भोली यसैले नै अर्थतन्त्रलाई जोगाइराख्ने हो । हाम्रोमा अझै पनि 'फ्ल्याट पोलिसी' ल्याउने चलन छ, जसले हाम्रोमा काम गर्दैन । त्यसैले लगानी सुरक्षाको प्रत्याभूत गराउन एउटै क्षेत्र भित्रका समस्या पहिचान र समाधानका लागि टास्कफोर्स बनाउन जरुरी छ ।

निष्कर्ष :

भूकम्पपछि नेपालको पर्यटनको छवि कायम राख्न सरकारले आन्तरिक पर्यटनका लागि घुमफिर वर्ष र अन्तर्राष्ट्रिय पर्यटकका लागि सन् २०१८ लाई भ्रमण वर्ष घोषणा गऱ्यो । आन्तरिक पर्यटनमा बढ्दो उत्साहले पर्यटन उद्यमीलाई यस क्षेत्रमा लगानीको आधार तयार गर्यो । विस्तारै नेपालको पर्यटन क्षेत्रमा खासगरी होटल र उड्ययनमा लगानी बढ्न थाल्यो । पर्यटन क्षेत्रमा लगानीको लागि सहयोगी बने बैंक तथा वित्तीय संस्था । तर पर्याप्त तयारी नपुगेको भन्दै सरकारले सन् २०१८ मा भ्रमण वर्ष स्थगित गरी यसलाई सन् २०२० मा सुरु गर्ने निर्णय गर्यो । सरकारको उक्त निर्णयपछि पर्यटन उद्यमीलाई नयाँ संरचना तयार गर्ने थप समय मिल्यो जसले यस क्षेत्रमा लगानी समेत बढायो । यस अवधिको एक वर्षमा बैंक तथा वित्तीय क्षेत्रको लगानी २३ अर्ब रुपियाँ समेत नाघेको छ ।

विगत पाँच वर्षको पर्यटन क्षेत्रका मुख्य आयाममा भएको लगानी हेर्दा वार्षिक औषत २० अर्ब लगानी भएको देखिन्छ । प्रत्येक महिना डेढ अर्ब रुपैयाँभन्दा बढी । भूकम्पयताका प्रायः सबै लगानी भ्रमण वर्ष केन्द्रित लगानी नै हुन् । यद्यपि कोरोना संक्रमणका कारण चैतदेखि लकडाउन सुरु भएपनि त्यसअघि फागुनबाट नै अन्तर्राष्ट्रिय पर्यटक आगमन प्रभावित बन्यो । त्यसयता साउनसम्म करिब ६ महिना नेपालको पर्यटन ठप्प्प जस्तै रह्यो । यस हिसाबले पर्यटन क्षेत्रमा निजी क्षेत्रको १० अर्ब रुपियाँभन्दा बढी लगानी प्रभावित भएको सोझो हिसाब देखिन्छ ।

भ्रमण वर्षको सुरुवातलाई लक्षित गरेर अघि बढाइएका संरचनामा अन्तिम समयतिर झन् धेरै लगानी भएको देखिन्छ । यसबाहेक सरकारले भ्रमण वर्ष लक्षित गरेर नै सञ्चालनमा ल्याउने तयारी गरेको गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालन पनि कोभिड १९ संक्रमणका कारण प्रभावित बन्यो । यसले बढाएको सञ्चालन खर्च मात्र हैन तत्काल सञ्चालनमा ल्याएर आम्दानी गर्न सक्ने आधार पनि गुमेको देखिन्छ । भ्रमण वर्ष लक्षित देशभरका एक सय पर्यटकीय स्थलमा सरकारले गरेको ५०/५० लाख रुपैयाँ लगानी पनि महामारीकै कारण प्रभावित बन्यो । ठूला होटलमा भएको लगानी र सञ्चालनमा आउने अनिश्चितताकाबीच लगानी जोखिम कायमै छ । यस हिसाबले सरकार र निजी क्षेत्रको भ्रमण वर्ष लक्षित करिब २० अर्ब रुपियाँभन्दा बढी लगानी प्रभावित भएको देखिन्छ । कोभिड १९ को अनिश्चितताका बीच लगानीको यो जोखिम थप बढेर जाने निश्चित छ ।

विषय विज्ञहरुको सल्लाह तथा अन्तर्राष्ट्रिय अनुभवका आधारमा पर्यटन क्षेत्रलाई बचाइराख्न तत्कालका लागि आन्तरिक पर्यटन प्रवर्द्धन कार्यक्रम नै उचित हुने देखिन्छ । वाह्य पर्यटक आगमनको तत्काल सम्भावना नरहेकाले स्वदेशी पर्यटकमार्फत पर्यटन प्रवर्द्धन गर्दै पर्यटन बजारलाई टिकाइराख्न सम्भव देखिन्छ । यसले एकातर्फ मुलुकभित्रको पर्यटन बजारको दिगो विकास हुने तथा अर्कोतर्फ आन्तरिक आर्थिक गतिविधि पनि फराकिलो बन्दै जाने देखिन्छ । तर, यसका लागि सरकारले नीतिगत व्यवस्थामा भने जोड दिनु आवश्यक छ । खासगरी बिदा पर्यटन (Leave Tourism) का लागि निजामति कर्मचारी, संस्थान र सेना प्रहरीलाई

परिवारसहित घुम्न जान बिदाको व्यवस्था गर्ने र बिलका आधारमा निश्चित रकम भुक्तानी गर्ने व्यवस्था आवश्यक देखिन्छ । यस्तै, निजी क्षेत्रका कर्मचारीलाई पनि घुमफिरमा पठाउने र आयकर प्रयोजनका लागि त्यसको खर्च लेखाउन पाउने तथा थप प्रोत्साहन सुविधा राज्यले उपलब्ध गराउनुपर्ने देखिन्छ । होटल, ट्राभल, ट्रेकिङजस्ता व्यवसायका लागि हालको अवस्थामा नाफाभन्दा सञ्चालन खर्चमात्र धान्नसक्ने व्यवसाय सिर्जनाका लागि राज्यले सहयोग गर्नुपर्ने देखिन्छ ।

पर्यटन उद्योगमा मात्रै ४ खर्बभन्दा बढी बैंक तथा वित्तीय क्षेत्रको लगानी रहेको र विगत पाँच वर्षमा मात्रै नेपालको पर्यटन क्षेत्रमा करिब १ खर्ब लगानी भएको तथ्यांकका आधारमा वित्तीय संस्थाहरुले करिब ६६ अर्ब ६६ करोड रुपैयाँ नेपाल भ्रमण वर्षलक्षित पर्यटकीय पूर्वाधारमा लगानी गरेको देखिन्छ । सामान्यतया ३३.३३ प्रतिशत इक्विटी र ६६.६६ प्रतिशत वित्तीय लगानीको प्रवृत्तिका आधारमा यस क्षेत्रमा भ्रमण वर्षका लागि गरिएको यो लगानी जोखिममा परेको देखिन्छ । यसअघिको लगानीबाट प्रतिफलसमेत प्राप्त भइसकेको अवस्था रहे पनि भ्रमण वर्षका लागि गरिएको लगानीबाट तत्काल प्रतिफल सम्भव छैन । भ्रमण वर्ष र त्यसपछिका वर्षहरुका पनि बुकिङ रद्द भइसकेको र बाँकी पनि अन्योलमा रहेको तर कर्मचारी र अन्य सञ्चालन खर्च यथावत रहने अवस्थामा यस क्षेत्रलाई थप वित्तीय सहयोगको खाँचो देखिन्छ । पर्यटन क्षेत्र पुरानै लयमा फर्कन केही वर्ष लाग्ने भएकाले यस क्षेत्रलाई बचाइराख्न राज्यले नीतिगत र वित्तीय सहयोग नगर्ने हो भने धेरै पर्यटन व्यवसायी

नै बैंकको कालोसूचीमा पर्ने अवस्था आउनेछ भने बैंक तथा वित्तीय संस्थाले यो क्षेत्रमा गरिएको करिब ६७ अर्ब लगानीलाई खराब कर्जाका रुपमा राख्नुपर्ने अवस्था आउनसक्ने देखिन्छ ।

नेपाल आर्थिक पत्रकार समाज
Society of Economic Journalists-Nepal
अनामनगर, काठमाडौं, नेपाल
फोन नं. ०१-४१०२९७४